काकली

हरिराज भट्टराई

काकली

Kaakali

काकली

(उपन्यास)

हरिराज भट्टराई

असीम सौरभ प्रकाशन माला
२०७९/२०२२

कृतज्ञता यहाँहरूप्रति

गणेश लावती, लन्डन
रूद्र अधिकारी, लन्डन
मणि वाङदेल, न्यूयोर्क
तथा
नसिब पौडेल, मेरील्यान्ड

प्रकाशक	:	असीम सौरभ प्रकाशन माला-८ साँगु, मैवाखोला, ताप्लेजुङ, मेची, नेपाल
संस्करण	:	दोस्रो
सर्वाधिकार	:	लेखकमा
आवरण/लेआउट	:	आनन्द राउत
प्रकाशन	:	नागपञ्चमी २०७९/२०२२
मूल्य	:	रू. २५०/-
मुद्रण	:	बंगलामुखी अफसेट प्रेस कोपुण्डोल, ललितपुर
ISBN	:	978-9937-1-2893-3

Kaakali (Novel)
by ***Hariraj Bhattarai***

विशेष *: भाषिक-सांस्कृतिक उन्नयनका लागि हरेक व्यक्तिले यस उपन्यासका अंश यथेच्छ उपयोग गर्न सक्नेछ ।*

समर्पण

महारानी एलिजावेथ (द्वितीय),
ब्रिटिश-गोर्खा सैनिक परिवार,
भूटानबाट निकालिएका
तथा
संसारभरि फैलिएका नेपाली जातिप्रति

गव्य

कल्पित कथा हो - काकली ।

अभिधा अर्थ छोडेको प्रतीत हुनेछ - काकलीले । अर्को अर्थ प्रतिपादन गर्न खोज्यो भने समीचीन नहोला र ! काव्यशास्त्रको स्वादु चास्नीमा डुबाएर साहित्यमा ध्वनित गराउने नागबेली यत्न पनि त हो - काकली ।

यथार्थबाट मात्र बोध हुँदैन साहित्य । यो विशिष्ट अभिव्यक्ति हो, त्यसैले सरल भएर पनि उन्नत ! 'घाम अस्ताए' भन्ने वाक्य सरल छ तर यसबाट खुल्ने अर्थहरू धेरै छन् । समय, व्यक्ति र चर्याले गन्तव्य निर्देशित गर्दछ ।

पाषाणले कला पाएपछि प्रतिमा बन्छ । प्रतिमाले भावना पाएपछि देवत्व लिन्छ । खास क्षणमा अवसन हुनु यथार्थ होला अन्यथा अवगुण्ठन नै रूचिकर होला कि ! साँच्चै यथार्थकामीले गाढा ढिपी गऱ्यो भने कुनै दिन अवसन रहेरै यात्रा गरौंला नि ! जब रोक्न पुग्लान् अनि भनौंला- यथार्थको पोषण गरेको हो, अवरोध किन ? यथार्थबाट कला खोज्ने कि कलाबाट यथार्थ ! यसबारे घोरिनै पर्छ । वृक्ष-वनस्पति कुटिल, वंकिम नै देखियून् किन्तु तिनका उत्पादन- फूल, पात, फल कलापूर्ण नै रहन्छन् । आकार-प्रकारमा विचलन आउँदैन क्षति नपुऱ्याएसम्म ।

आज, कुनैवेला घाम नअस्ताउने देशकी महारानी र पछिल्लो समयका सर्वशक्तिमान् राष्ट्रका राष्ट्रपतिसँग संवाद गर्ने रहर भो र काकलीले अवतार लियो । यसको कथा-तन्तु यिनकै छाताभित्र र वरपर घुम्ने स्थिति बन्दै गयो । त्यसैले आधाजस्तो कथा संयुक्त राज्य अमेरिकाको धरतीमा घुम्छ, शायद जग निर्माण हुनु थियो । आधा कथा छाया संसारका मुलुकहरूमा (द्वीपहरूमा) घुम्छ । सन्दर्भ र सादृश्यमा दक्षिण एशियाकै आकाश र वरपरका मुलुकको आभास अलंकारकै रूपमा गृहीत हुनुपर्छ !

देश बाहिर रहेर गरिएको अक्षर-उपासना हो यो । राजनीतिले टक्टक्याएर नतर्छाएको भए परदेश स्वदेश हुने थिएन कि ? शान्ति र सुरक्षाको खोजीमा धरापबाट छलिएर निस्केका लाखौं जवानहरू आज मेरै वरिपरि छन् । देश साँगुरो कहिले हुन्थ्यो र ? आमाको काखमा को अटाएनन् र ! अपवादमा मात्र

लखेटिए त नेपालीहरू ? दूषित राजनीति यसैमा गर्व गर्दैरह्यो । फेरि पनि सगरमाथालाई शिर मानेरै बसेका छन् जहाँ बसे पनि ! बुद्धसँगै बसेका छन्-शान्तिको कामना गरेर, संघ-चेतना समेटेर जहाँ पुगे पनि ।

आफ्नो सांस्कृतिक परिवेशबाट टाढा भएपछि भाषा हराउन खोज्दोरहेछ । त्रुटि फेरि सुधारौंला । भाइ आनन्द राउतलाई शतशः धन्यवाद !

अन्तर्राष्ट्रिय राजनीतिका पृष्ठ र विधि पढाउने मित्र भाइ डा. किशोर उप्रेतीप्रति आभार व्यक्त गर्दछु ।

आचार्य शरच्चन्द्र वस्तीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

विद्रोही हरि

शंकराचार्य जयन्ती-२०७९ *bhattarais1@gmail.com*

काकलीको दोस्रो संस्करण हो यो । पहिलो संस्करण (२०७९) का लागि साझा प्रकाशनलाई शतशः साधुवाद । प्रमाद भनौं वा उप बुज्रुक्याइँवश उक्त संस्करणमा थोपरिएका भाषिक र अन्य विचलनलाई यस संस्करणमा स्थान दिइएको छैन, पुस्तकको मूल रूपलाई नै स्थापित गरिएको छ । भाषा, खासगरी वर्ण विन्यासमा विस्थापित मान्यतालाई पछ्याउने यत्न गरिएको छ, शब्दको अंगभंग गरिएको छैन । समर्पण पृष्ठ आफ्नो मूल रूपमा आएको छ । खाँदिएको सामग्रीलाई खुकुलो बनाउँदा पृष्ठ थपिएका हुन् । परिवर्जन र परिवर्द्धन गरिएको छैन । तर मौकाको प्रतीक्षा रहनेछ ।

विद्रोही हरि

bhattarais1@gmail.com

नागपञ्चमी, २०७९

१

राष्ट्रपति निवासको मुख्य बार खुल्यो । जे. क्लिन्टन (तृतीय) भित्र पसे । पस्ता-पस्तै उनको दृष्टि पिँजरामा पऱ्यो । पश्चिमपट्टिको बरन्डातर्फ पिँजरा झुन्डिएको थियो पल्लोपट्टि ।

आज उनी प्रसन्न मुद्रामा थिए । अवकाश थियो चिन्तनमा । त्यसैले होला यति मात्र सोचे- 'यी चराहरूको विषयमा मेरो ध्यान पुगेन ।' उनले आफ्नो तर्फबाट कतै च्युति भएको ठाने ।

अनौपचारिक पोशाकमा उनी आफ्नो अध्ययन कक्षमा पुगे जहाँ बसेर गृहकार्य सम्पादन गर्ने गर्थे । वेलावेला पेय लिन्थे अनि आँखा चिम्लेर चिन्तन गरेजस्तो गर्थे । किन्तु कुनै गम्भीर चिन्तनले आज उनलाई पिरोलेको थिएन । मानौं क्षणभरका लागि भए पनि उनी मुक्त देखिएका हुन् । हो, चिन्तनका किरणले उनलाई छुन सकिरहेको थिएन यस वेला ।

अक्टुबर महिनाको पूर्वसन्ध्यामा वाशिङ्गटन महानगरले मस्त स्नान गऱ्यो । फेरि आकाश खुल्यो, फेरि धरती चम्चमायो । घामका तेर्छा किरणहरू राष्ट्रपतिको अध्ययन कक्षसम्म पुगेका थिए ।

एउटा तन्नेरी ब्रिटिश जोडी पिँजराको छेउमा पुग्यो ।

'तिमीहरू जान लागेका ?' मैनाले सोधे ।

'हजुर, अब हामी फर्कन्छौं । त्यसैले विदा हुन आएका ।'

'महामहिमसँग विदा भयौ त ?'

'यहाँ हुनुहुन्छ र !'

'आइपुग्नु भयो । आफ्नो विशेष कक्षमा हुनुहुन्छ, ऊ हेर न ।'

त्यो ब्रिटिश युवा जोडी त्यहाँबाट सऱ्यो ।

चराले मंगल वाचन गरे- 'शुभास्ते पन्थानः ।'

ब्रिटिश मेमको छरितो, फुर्तिलो हिँडाइ र जुत्ताको आकर्षक ध्वनि टक्-टक् जे. क्लिन्टनको निकट पुग्यो । उनी सतर्क भए, उत्सुकताले उठे अनि प्रश्नभावले त्यो ब्रिटिश युवा जोडीलाई हेरे ।

अपरान्हको नमन अभिवादनको शिष्टाचारपछि युवतीले भनी- 'अब हामी महामहिमबाट पनि विदा चाहन्छौं ।'

'पनि'लाई टिपेर उनले गुने 'शायद चरासँग विदा मागिसकेर मकहाँ आएका हुन् ।' अनि प्रकटमा सोधे- 'अब मैनाहरूको हेर-विचार... !'

यस पटक युवक बोल्यो- 'दुई जनालाई तालिम दियौं । उनीहरू सिपालु भइसकेका छन् ।'

युवतीले मनमनै गुनी 'केही पऱ्यो भने मैनाहरू आफैं भन्ने छन् ।' फेरि प्रकटमा भनी- 'महामहिम, आवश्यक निर्देशन पनि पिंजरामा संलग्न छ । अब कुनै असजिलो नहोला ।'

'मलाई भ्रम भएको होइन भने तपाईंहरू चरासँग कुरा गर्दै हुनुहुन्थ्यो ?'

'हजुर कुरा गर्दै थियौं । सत्य हो ।' युवतीले सरल उत्तर दिई ।

अनि भुइँतिर हेरी । सूर्यका किरणले पिंजराको छाया सारेर त्यहीं ल्याइसकेको थियो । त्यसमा छाया पक्षीहरू चलायमान देखिन्थे । दुवै पक्षले त्यो दृश्य हेरे ।

तर ब्रिटिश युवतीको उत्तरमाथि क्लिन्टनले अर्थ खोजे 'चरा बोलेको होइन, साना केटाकेटीसँग एकालाप गरेजस्तो, घरेलु जन्तुसँग स्नेहभाव प्रकट गरेजस्तो एकपक्षीय स्वलाप होला चरासँग यिनीहरूको पनि ।' उनले व्यावहारिक कसीमा यथार्थको छेउबाट आत्मकथन गरे ।

त्यो ब्रिटिश जोडी क्लिन्टनबाट विदा भयो र फेरि चराको छेउमा पुग्यो ।

'महारानीको सदिच्छा पूरा हुने योग आएको छ । यो कुरा अनुरोध गरिदिनू ।' एउटा मैना बोल्यो ।

'तर महारानीको यात्राबाटै योगहरू सम्पूर्णतः फलित हुनेछन् । संकेत गरिदिनू ।' अर्को मैनाले थप्यो ।

फेरि दुवै मैनाले मुखामुख गरे, अनि एउटाले भन्यो- 'सब्बं मंगलं भवतु ।'

अर्काले भन्यो- 'निर्विघ्नाः सन्तु पन्थानः ।'

चराहरूको आशीर्मय कवच सबैका लागि स्वीकार गरेर त्यो ब्रिटिश जोडी लन्डनका लागि हिड्यो ।

क्लिन्टन दम्पतीले 'गुडलक' भने ।

o o

चराको माध्यमले अब क्लिन्टनको स्मृति जुलाई चारको त्यो अपूर्व घटनातर्फ प्रक्षेपित भयो ।

त्यस दिनको लीलामय परिदृश्य साँच्चै नाटकीय थियो । यथार्थ भएर पनि स्वप्नमय थियो । यसको प्रकृति झन्नै लोककथाको छेउबाट हिंड्थ्यो । त्यसैले असंगतमा संगत र संगतमा असंगतको सन्तुलन-समन्वयको एउटा दृष्टान्त हुनपुगेको थियो संयुक्त राज्य अमेरिकाको त्यो जुलाई चार !

त्यसै दिन महामहिम ब्रिटिश राजदूतले उनलाई यी चरा हस्तान्तरण गरेका थिए । त्यसपछि चराका विषयमा न केही भन्न भ्याएका थिए न गर्न ! सुन्ने योग जुर्न सकेको थिएन कि ! हो, व्यस्तता पनि होइन, अरूचि पनि होइन र उपेक्षा पनि थिएन तैपनि त्यसतर्फ उनको ध्यान पुगेन । यही कुरा अहिले कसो-कसो खिन्नताको विषय हुन थालेको थियो उनका लागि ।

पूर्व-पश्चिम लमतन्न, अमेरिकाको नेशनल मल अर्थात् वाशिङ्टनको टुँडिखेलमा पूर्वाह्नको मध्यतिर जुलाई चारको राजकीय कार्यक्रम पूर्ण यौवनतर्फ लम्कँदै थियो । पङ्क्तिबद्ध थियो, लयबद्ध थियो, अनुशासित थियो । कुनै भय र आशंका थिएन । थियो त आनन्द थियो, उत्सुकता थियो र कार्यक्रमलाई पूर्णता दिने सोच थियो । वर्ष दिनमा घुमेर आउने यो दिन, यसको प्रतीक्षा अनि यसमा जुटाइने सहभागिता र खुशी अरू वर्षहरूभन्दा विशेष जस्तै थियो अनि सामाजिक राजनीतिक दृष्टिले पनि बढी मूल्यवान ।

सभ्य समाजका महानगरहरू जंगलभित्र देखिने गर्छन् । यस्तो देखिनु सांस्कृतिक परिचय भइसकेको छ । प्रायोजित वन्य संपदा औपचारिक वा कृत्रिम जस्तो लागे पनि संरक्षण, संगठन र परिष्कारले सधैं-सधैं उस्तै लागिरहने हुनाले होला यिनमा प्रकृत स्थितिको दर्शन मिल्न थाल्दछ । अझ स-साना उपवनहरू ऋतुमूलक पुष्प-संपदाले प्रफुल्ल, वयस्क र सुवासित रहेर आगन्तुकहरूको स्वागतका लागि मस्किरहेका हुन्छन् । वाशिङ्टन महानगर यस्तै कतिपय कारणले अजर वा वयस्क देखिने गर्छ । लाग्छ स्वच्छता र संरक्षणले कुनै पनि कुरा नित्य नवीन र यौवनस्थ देखिन सक्छ ।

सन्तुलन छ- एक छेउमा संसद भवनको गरिमा र अर्को छेउमा मनुमेन्टको उँचाइ र हेराइको सन्तुलन छ । दुवैलाई एक-अर्काको सामुन्ने उभ्याएर गौरवको अनुभव गर्छ- यो टुँडिखेल वाशिङ्गटनको मुटुमा यो 'नेशनल मल' ।

टुँडिखेल सर्न पाउँदैन, सडकको घेराले बाँधिएको छ । सडक घट्न पाउँदैन, संग्रहालयका भवनले स्थिर गरिएको छ । जीवन, युग, इतिहास र संस्कृतिका अनमोल वस्तु-तत्वले गुरू-गम्भीर यी संग्रहालय देवकोटा र कोइरालालाई स्वागत गर्न खोज्दै छन् भने आज यस वेला, जुलाई चारको यो दिन स्वतन्त्रता दिवसको

विजयोत्सव मनाउन उपस्थित यत्रो जनभेला, यस ठाउँमा कति गौरवको अनुभव गर्दो हो अनि कति स्वाभिमान लिंदो हो ! अनुमानसम्म गर्न सकिन्छ ।

अकस्मात् आकाश मार्गबाट हवाइ ध्वनि संचारित भयो । गौरव र स्वाभिमानको मदले अलस त्यत्रो जनभेला ब्युँझेजस्तो गरेर ध्वनिको अनुसरण गर्न थाल्यो । अग्ला भवन र वृक्षहरूको टुप्पाबाट हेलिकोप्टर देखा पऱ्यो । सबैका आँखा त्यतै पुगे ।

बनेली रंगको हेलिकोप्टर त्यसको तल्लो भागमा अंकित झण्डाले, ब्रिटिशको हो भन्ने परिचय दिन्थ्यो । त्यसैले द्विविधा, अनुमान र आशंकालाई त्यहाँ ठाउँ थिएन । त्यहाँ उत्सुकता थियो, केवल उत्सुकता अनि आनन्द !

हेलिकोप्टर बिस्तारै मनुमेन्टको वेदीमा पुगेर ओर्लियो । हेलिकोप्टरको अवतरणपछि त्यो अध्याय त्यहीं टुंगिन्छ भन्ने लागेको थियो, होइन रहेछ ।

पिंजरा बोकेर त्यहाँबाट एउटा शिकारी चरा बाज (हक) उड्यो । खचाखच भरिएको नेशनल मलको कार्यक्रम स्थललाई आकाशबाटै एक फन्का मारेर त्यसले विहङ्गावलोकन गऱ्यो अनि बिस्तारै अवतरण लियो र ब्रिटिश राजदूतका अगाडि पिंजरा बिसायो ।

राजदूतले क्षण मात्र त्यसमा लक्ष्य गरे र तत्क्षण उनी संशयमुक्त देखिए किनभने पिंजरा पनि ब्रिटेनको झण्डाले अंकित थियो र चराको खुट्टा पनि । द्विविधा र प्रश्नले मनमा ठाउँ लिनै सकेन । उनमा उत्सुकता र जाँगर भरिएर आयो । अब उनी चलायमान र उत्साहित देखिए ।

शिकारी चराले पिंजराको एक छेउबाट खामबन्द चिठी चुच्चाले च्यापेर झिक्यो र राजदूतका कुममा गएर सर्लक्क बस्यो ।

त्यसै पंक्तिमा अनुशासित भएर बसेका अरू राजदूतहरू उदेक मानेर विस्फारित दृष्टिले हेर्दै रहे । त्यस्तै अनेक आमन्त्रित, आगन्तुक महानुभावहरू यस्तो अपूर्व दृश्य देखेर आत्मविस्मृत जस्तै देखिए । सर्वसाधारणका लागि नयाँ परिदृश्य वा कार्यक्रम भित्रको एउटा अर्को विशेष अध्याय थपिएजस्तो थियो । समग्रमा यो घटना-दृश्य यसरी मूर्तरूपले न सार्वजनिक हुन सक्थ्यो, न यस ठाउँमा, यस क्षणमा, निर्वाध ढंगले जुलाई चारको राष्ट्रिय महोत्सवको विशेष वा अतिरिक्त अंग बन्न सक्थ्यो ।

राष्ट्रनायक क्लिन्टन (तृतीय) निर्निमेष यो दृश्य हेरिरहेका थिए ।

पत्रको संकेत अनुसार होला- ब्रिटिश राजदूतले पिंजरा टिपे, त्यसभित्र रहेका मैना चरालाई सम्मानको भावले हेरे अनि नमनको शैलीले दृष्टि झुकाए ।

अब ब्रिटिश राजदूत पिंजरा बोकेर राष्ट्रपति समक्ष प्रस्तुत भए । अनि 'ग्रेट ब्रिटेनको सरकार, महारानी अजरा र जनताका तर्फबाट महामहिम राष्ट्रपतिमा उपहारस्वरूप यी चराहरू ससम्मान अर्पण गर्दछु' भनेर उनले त्यत्रो विशाल आयोजना बीच चराको पिंजरा सार्वजनिक रूपले राष्ट्रपतिलाई हस्तान्तरण गरे ।

ताली बजे ।

राष्ट्रपति क्लिन्टनले 'मैना उपहार' स्वीकार गरे, श्रद्धाभावले दुवैलाई हेरे अनि सम्मान दिएर अलिकति शिर निहुराए ।

तोप पड्क्यो । सलामी धुन बज्यो ।

'महामहिम राष्ट्रपतिलाई हाम्रो नमन-अभिवादन' एकै स्वरमा दुवै मैना बोले । तर वाद्यधुनले चराको वाणी छोप्यो । उनले चराको अभिवादन सुन्न पाए या पाएनन् भन्न सकिन्न ।

जुलाई चारको त्यो तिलस्मी लीला-श्रृंखला सम्झेर क्लिन्टन एक्लै मुसुमुसु हाँसे ।

o o

क्लिन्टन रात्रि विश्राममा थिए ।

परैबाट मैना लक्ष्य गरिरहेको थियो । उचित असर सम्झेर बोल्यो- 'महामहिम आज बढी प्रफुल्ल देखिनु हुन्छ । प्रशस्त उत्साह र जाँगर प्रस्फुटित भएको देख्छु ।'

चराको वाणी सुनेर क्लिन्टन आश्चर्यमा परे । यी चरा यसरी बोल्छन् भन्ने उनले सोचेका पनि थिएनन् । 'कतै स्वप्न-लोक या जादू-नगरीको कुरा त होइन ?' उनले आत्मालाप गर्न खोजे । अनि बिस्तारै उनी मैनाको छेउमा पुगे ।

मैनाले थप्यो- 'यो प्रसन्नता महामहिमले मात्र होइन, अमेरिकाका जनताले मात्र पनि होइन, संसारभरकै मानवले पाउनुपर्छ ।'

अर्को मैना बोल्यो- 'त्यति मात्र होइन । तिनले स्वतन्त्रता र मानवअधिकारको अनुभव र भोग गर्न पनि पाउनुपर्छ भन्ने हाम्रो प्रस्ताव हो । के महामहिम यस पक्षबाट नेतृत्व दिन सक्नुहोला ?'

पहिलो मैनाले फेरि थप्यो- 'आफ्नो र आफ्नाहरूको मात्र भन्ने धारणाको सीमाबाट माथि उठेर अमेरिकाको दृष्टिकोण अब साँच्चै नै फराकिलो, न्यानो, निश्छल र ऊर्जावान देखिनुपर्छ कि ?'

दोस्रो मैना बोल्यो- 'महामहिम, यस्ता कुरा कुनै दीर्घकालीन कार्यक्रमभित्र राख्न सकिन्छ कि ?'

क्लिन्टन (तृतीय) मौन रहे, उनलाई ताजुप लाग्यो । अब उनी एकातिर मैनाको वाणी र विचारले गम्भीर रहस्यमा डुबे भने अर्कातिर नियमित रूपले राष्ट्र सञ्चालन गर्न गरिने गृहकार्य बाहेक अर्को कुनै दीर्घकालीन तथा सर्वमान्य र उपयोगी योजना आफूभित्र आविष्कार हुन नसकेको आत्मानुभवले आहतजस्तै देखिए ।

'महामहिम, राष्ट्रपतिको कार्यकाल लामो भए पनि छोटै हुन्छ र गर्नुपर्ने कुरा धेरै हुन्छन्, धेरै कुरा बाँकी नै रहेर थन्किन्छन् । समय पर्खेर बस्तैन, अवसर दोहोरिएर आउँदैन ।' मैना उपसंहारतर्फ लाग्यो । उसका वाणीमा उद्बोधन, उत्प्रेषण र संकेत थियो ।

'हो, केही त गर्नैपर्छ, नयाँ गर्नुपर्छ ।' क्लिन्टनको अन्तरात्मा बोल्यो ।

अमेरिकाका राष्ट्रपतिहरू आफ्नो कार्यकालभित्र केही महत्त्वपूर्ण काम गरेर देखाउँछन् । यो अघोषित तर अनिवार्य परंपरा भइसकेको छ । अग्रज राष्ट्रपतिहरूले संयुक्त राज्य अमेरिकाका जनताको हित र सुव्यवस्थाका लागि न्यायिक, प्रशासनिक तथा वित्तीय र सुरक्षाका क्षेत्रमा महत्त्वपूर्ण कार्य संपादन गरेको अभिलेख इतिहासबद्ध भइसकेको छ । पछिपछि आएका राष्ट्रपतिहरू विदेशतर्फ वा विदेशको भूमिमा केही गरेर छोड्ने अठोटका साथ अग्रसर हुँदै आएका छन् । यो कुरा इतिहासले क्लिन्टन तृतीयलाई पनि पढाइसकेको थियो । उनले कति बुझे, कति लिए त्यो अर्कै कुरा हो ।

द्वितीय विश्वयुद्धपछि पनि युद्धलाई नियमित कर्म वा अनुष्ठान ठानेर युद्ध संपादन गर्दै रहने मुलुकहरूमा हिन्दुस्तान, पाकिस्तान, इजरायल, अफगानिस्तान, रूस जस्तै अमेरिका पनि चिनिन थालेको थियो यता केही दशकदेखि । राष्ट्रपति क्लिन्टन तृतीयका अगाडि यस्तै युद्धका अनेक शीर्षकहरू अरू पनि धेरै थिए ।

'हो, अबको कदम मानक र अपूर्व हुनैपर्छ, केही गरेर देखाउनैपर्छ ।' फेरि उनको अन्तरात्मा बोल्यो ।

'महामहिम, जे गर्ने संकल्प लिनुभयो त्यो महत्त्वपूर्ण कुरा हो ।' मैना बोल्यो ।

क्लिन्टन मैनाका कुरा सुनेर गंभीर भए । एकछिन अन्तर्मुखी भए । तर कुनै निकास देखेनन् । त्यसैले केही क्षण त्यहाँको परिवेश नीरव देखियो । त्यो निस्सार नीरवतालाई भंग गर्दै मैना बोल्यो- 'अल्मलिनु पर्ने स्थिति नै छैन । भन्छन् शिक्षालय, देवालय, देशाटन र सत्संगबाट प्रेरणा पाइन्छ, ज्ञानका मार्ग

खुल्छन् । चेतनाको वृद्धि हुन्छ । महामहिमले त्यस्तो अनुभव गर्नुभएन कि ?' मैनाले निकट अतीतको संदर्भतर्फ संकेत गऱ्यो ।

अझै पनि क्लिन्टनको चिन्तनले कुनै झिल्का टिप्न सकेन । उनी मौन, गंभीर देखिए ।

'महामहिम, बल हुँदैमा हिमालयको शिखरमा पुगिन्छ भन्नु पूर्ण सत्य होइन । शिखरमा पुग्न वा सफल आरोहण गर्न उपाय र बाटो पारदर्शी हुनैपर्छ । त्यसपछि लक्ष्य सिद्ध नहुने कुरै आउँदैन ।' मैनाले थप्यो ।

निकास दिने हेतुले अर्को मैना बोल्यो- 'महामहिम, आज विश्वविद्यालयको दीक्षान्त समारोहमा उपस्थित भएर आउनुभएको होइन कि ?'

महामहिम, यहाँसँग अहिले समस्या नै छैन, अनि वास्तविक समस्या देख्नुभएकै छैन । उतै फर्कनुहोस् महामहिम, यहाँलाई महान श्रेय मिल्नेछ ।'

उनी झस्किए । थाह पाए, संझे, कस्तो विपनाजस्तो सपना !

त्यत्रो चेतना र ज्ञानको विराट् प्रदर्शनीको प्रतियोगितात्मक दौडमा जितेर-चुनिएर आएको राष्ट्रपतिलाई उनकै निवासमा बन्दी भएर रहेका चराको संवादले सपनामा पनि निर्देशन गर्न खोजेको थियो । त्यसैले होला मन र मस्तिष्क दुवै थाकेको अनुभव गरेर उनले अरू केही समय विश्रामकक्षमा नै बिताउने विचार लिए ।

❖❖

२

मेरील्यान्ड विश्वविद्यालयको कमकास्ट भवन, यहीं थियो दीक्षान्त समारोह स्थल । यसको भव्यतालाई, यसको निर्माण कला वा इन्जिनियरिङ्लाई आर्किटेक्टको अन्यतम आविष्कार भन्नुपर्थ्यो । भित्र पस्ता आत्मगौरवको अनुभव हुन्थ्यो । यसको स्वरूप र कलाले मानव चेतनाको नयाँ मार्ग खोज्ने र चमत्कारपूर्ण ढंगले आफ्नो सिर्जना-संयोजनलाई मूर्तरूप दिने क्षमताको पूर्ण परिचय दिन्थ्यो ।

क्लिन्टन विश्वविद्यालयको दीक्षान्त समारोहको डकुमेन्ट्री हेर्दै गए-

वर्तुलाकार दर्शक दीर्घामा एक पटक क्यामेरा घुम्यो र स्नातक जनशक्ति वाञ्छित पोशाकमा सजिएर बसेको ठाउँमा केन्द्रित भयो । लाग्थ्यो, आमन्त्रित जन समुदाय पोखरीको डीलमा बसेको हो र पोखरीको बीचको समस्थलमा प्रतीक्षारत छन् विभिन्न तहका प्रबुद्ध उम्मेदवारहरू । हो न हो लामो समयको लगानीपछि प्रतिफल उठाउन तम्तयार भएका हुन्- श्रमिक लगानीकर्ताहरू । प्रसन्नता लिन र बाँड्न उत्सुक छन् अभिभावक, मित्र र परिवारका सदस्यहरू !

क्यामेरा घुम्दै गयो । विश्वविद्यालयका पदाधिकारी र विशिष्ट अतिथिजनसँग आफ्नो उपस्थिति देखेपछि उनले दृश्य काटे ।

उपाधि ग्रहण गरेपछि स्नातक वर्गले ह्याटको फुर्को दायाँबाट बायाँ फर्काए । फेरि दृश्य फेरियो ।

जलपान कार्यक्रममा उनको दृष्टि केन्द्रित भयो । विश्वविद्यालयका उच्च पदाधिकारी डीन, डाइरेक्टर तथा विभागीय प्रमुख र प्रोफेसरहरूबीच क्लिन्टन स्वयं परिचय आदान-प्रदानमा घेरिएका थिए ।

विश्वविद्यालयका प्रेसिडेन्टले आफ्नो छेउमा उभिएकी विद्यार्थी प्रतिनिधिको परिचय गराउँदै भने- 'महामहिम यी हाम्रो विश्वविद्यालयकी विद्यार्थी प्रतिनिधि हुन्- एम्बेसडर केका । यिनै हुन् रानी मौरी । अब आफ्नो पढाइ पूरा गरेर कर्मक्षेत्रमा प्रवेश गर्दैछिन् । हामीबाट टाढा जाँदैछिन् । छोरीसँग टाढा भएको वेदना बोकेर हामी यहीं बस्नेछौं ।'

राष्ट्रपतिले विद्यार्थी प्रतिनिधिसँग हात मिलाए । उसले जलपानका लागि स्थान ग्रहण गर्न अनुरोध गरी । गोल टेबिलको वरिपरि पदाधिकारी र प्रोफेसरहरूबीच प्रेसिडेन्टले केकालाई पनि सँगै बसाए । उनी केकाप्रति विशेष वत्सलभाव राख्तथे । र यसको आधार उसकै जेहेन अर्थात् बौद्धिक उँचाइ थियो ।

दृश्य सर्दै गयो । प्रेसिडेन्टले भने 'यस विश्वविद्यालयको इतिहासमा यस्तो अब्बल दर्जाको विद्यार्थी प्रतिभा न अघि थियो न पछि होला !' यो वाक्य क्लिन्टनले दोहोऱ्याएर सुने, हेरे ।

ऊ अलिकति लजाई र एक पटक आँखा लुकाई ।

अन्तर्राष्ट्रिय मामिला तथा युद्धनीति संकायका डीनले समर्थनमा थपे- 'हो, प्रेसिडेन्टको मूल्यांकन सही छ । वास्तवमा मैले पनि केकाजस्तो ट्यालेन्टेड स्टुडेन्ट अर्को भेटेको छैन ।'

संचार विकास संकायका डीनले थपे- 'अन्तर्राष्ट्रिय राजनीतिमाथि केकाको दृष्टिकोण अत्यन्त संतुलित र तथ्यपरक छ । मलाई उनको दृष्टिकोण मनपर्छ ।'

'धन्यवाद, धन्यवाद' भन्दै ऊ त्यहाँबाट उठ्ने दाउमा थिई ।

एशिया अध्ययन केन्द्रका निर्देशकले भने- 'केकाको कलमसँग म पनि परिचित छु । अहिले यति नै भनौं : दक्षिण एशियाको राजनीतिक विश्लेषण र भविष्यबोधप्रति उसलाई उछिन्न सक्ने कलम अहिले अर्को छैन । झन् छाया संसारमाथि उसको मीमांसा बिल्कुल मौलिक छ ।'

क्लिन्टनले यो कथन दोहोऱ्याएर सुने ।

दृश्य सऱ्यो । अर्को वक्ता देखा पऱ्यो- 'तपाईंहरूलाई थाह होला, युद्ध के हो र युद्धनीति कस्तो हुनुपर्छ भन्ने पक्षमा उसको विचार सर्वथा भिन्न छ र नौलो पनि ।' एकछिन रोकिएर फेरि थप्यो- 'एक पटक त मैले यस विषयमा बोल्न आफ्नो क्लास नै दिएँ उसलाई । उसले पूरा नब्बे मिनेट बोली । उसले बोलेका कुरा बयानब्बे प्रतिशत यथार्थ छन्, उपयोगी छन् ।' वक्ता समरभूमि निर्माण तथा युद्ध सामग्री वितरण-व्यवस्थापन केन्द्रका निर्देशक थिए ।

'धन्यवाद, सरहरूले मेरो विचार बुझिदिनु भो । तर मैले आफ्ना धारणा बदलें ।' केकाले स्पष्ट भनी ।

'किन ?'

'अब म रक्तपात चाहन्नँ ।'

'अकस्मात् यत्रो परिवर्तन ! के अब युद्ध हुँदैन त ? युद्ध चाहिदैन ?'

'युद्ध हुन्छ पनि, चाहिन्छ पनि ।' उसले क्लिन्टनतिर सामान्य दृष्टिपात गरेर थपी- 'अबको युद्ध रक्तपात विना पनि हुन सक्छ ।'

यस पटक यो वाक्य टुंगिनासाथ क्लिन्टन र केकाका आँखा जुधे । त्यसपछि क्लिन्टन मुस्कुराए अनि सकारात्मक भावले शिर हल्लाए ।

उसले थपी- 'यो कुरा समरभूमिको भौगोलिक स्थिति र युद्धकामीको उद्देश्यमा निर्भर छ ।'... कट् ।

'मलाई यो विचार मनपऱ्यो, यसले मलाई छोयो ।' क्लिन्टनले आत्मसंवाद गरे र फेरि यो संवाद दोहोऱ्याएर सुने ।

फेरि क्लिक चल्यो । सांस्कृतिक कार्यक्रमको आयोजना देखिएपछि क्लिन्टन सचेष्ट रहे । दृश्य सऱ्यो... स्वागतम्, वेलकम !

'म यहाँहरूकै विद्यार्थी र साथी केका, यहाँहरूको स्वागतका लागि हाजिर छु ।' उसले दृष्टि केन्द्रित गरेर भनी- 'महामहिम क्लिन्टन यहाँ अहिले हाम्रा बीच उपस्थित हुनुभएको छ दर्शक दीर्घामा । विश्वविद्यालय परिवारका तर्फबाट र सास्कृतिक कार्यक्रम टोलीका तर्फबाट महामहिमको हार्दिक स्वागत अभिवादन ! उहाँको उपस्थितिले हामी उत्साहित भएका छौं ।'

'दर्शक दीर्घामा रहनुभएका हाम्रा प्रेसिडेन्ट तथा पदाधिकारी, गुरूजन एवं आमन्त्रित अन्य अतिथिगण र दीक्षित अनुज, अग्रज तथा पत्रकार...', अनि फेरि एक पटक सबैतिर दृष्टि पुऱ्याएर थपी- 'आदरणीय मेरा प्रोफेसर तथा दिदी बहिनी ! यस सांस्कृतिक कार्यक्रममा म यहाँहरूको स्वागत गर्दछु । र यहाँहरूमा समर्पित छ यो दक्षिणपूर्वको सांस्कृतिक उपहार ।'

म यस अवसरमा दुई कुरा उल्लेख गर्न चाहन्छु । पहिलो : अमेरिकाको राज्य-व्यवस्था, स्वतन्त्रता, मानव अधिकार र शिक्षाले हामीलाई ऊर्जावान बनाउनुका साथै आत्मविश्वास र दूरदृष्टि पनि दिएको छ । कृतज्ञ छौं । यसका लागि महामहिम र गुरूजनप्रति धन्यवाद । अब हामी कर्मक्षेत्रमा प्रवेश गर्न चाहन्छौं, गन्तव्य चाहन्छौं, निर्देशन र संकेत चाहन्छौं । यो ऊर्जा सकारात्मक तथा युगीन आवश्यकताका लागि प्रतिफलित हुन सकोस्, सार्थक हुन सकोस् भन्ने कामना गर्दछौं ।'

'र दोस्रो : उसले क्षणभर विश्राम लिएजस्तो गरेर फेरि थपी- 'छाया संसारका विद्यार्थीहरूका तर्फबाट अनुरोध छ- हाम्रो क्षेत्रमा हुने गरेका अराजक राज्य पद्धति, हिंसात्मक राजनीति, असमान सन्धि, आन्तरिक मामिलामा हस्तक्षेप,

चर्चित व्यक्तिहरूको हत्या अब रोकिनुपर्छ र रोकिनुपर्छ- सीमा अतिक्रमण र बल प्रयोग गरी निर्लज्ज ढंगले अर्को देशको गाउँबस्तीमा कब्जा । सबै फिर्ता पाउनुपर्छ त्यसरी लुटिएको भूभाग । र थपमा भनौं, औपनिवेशिक शक्तिले लिएर भोगेको भूभाग फिर्ता हुनुपर्छ । संयुक्त राज्य अमेरिका जस्तो सुप्रीम शक्तिका अगाडि हामी हाम्रा पीडा उगेल्दै छौं । महामहिम राष्ट्रपति हामीबीच हुनुभएकोले यो अवसर पाएका हौं । यसतर्फ संयुक्त राज्य अमेरिकामार्फत राष्ट्रसंघमा पहल होस् भन्ने माग राख्तछौं । धन्यवाद ।'

'सन्दर्भतिर लागौं ।' उसले आफ्नो मन्तव्यलाई अर्को अनुच्छेद दिएर भनी- 'हाम्रा अतिथि, गुरूजन तथा अभिभावक र विद्यार्थी साथी समक्ष हामी यी सांस्कृतिक उपहारहरू उपस्थित गर्दछौं ।'

पहिलो उपहार हुनेछ : हिमाली क्षेत्रमा बस्ने शेर्पा जातिको नृत्य-गीत । शेर्पा आजको विश्वमा चर्चित नेपाली जाति हो । नेपाललाई अब्बल दर्जामा पुऱ्याउन शेर्पा जातिको अग्रणी भूमिका रहेको छ । प्रसिद्ध लामा, असल गुरू, महान सिद्ध र ठूला व्यापारीहरू, विज्ञ र समाजसेवीहरू भेटिन्छन् शेर्पा-कुलमा । प्रस्तुत छ शेर्पा युवक र युवतीको यो सामूहिक नृत्य-गीत । हामीले यो उपहार नेपाल भन्ने मुलुकबाट साभार गरेका छौं ।

दोस्रो हुनेछ : धाननाच । याक्थुम्बा जातिमा प्रचलित यो नृत्य-गीत विशेषतः वयस्क तथा प्रौढ सहभागीद्वारा सम्पादन गरिन्छ । आफ्नो सांस्कृतिक भेषभूषामा अलंकृत रहेर उहाँहरूले यो उपहार स्वरूप प्रस्तुत गर्नुहुनेछ । यो नृत्य हामीले स्थानीय किरात जातिको सहयोगबाट संयोजन-प्रदर्शन गरेका छौं ।

उसले अलिकति थपी- 'ब्रिटेनले विश्वास र वीरताको क्षेत्रमा चुनेका नेपाली जातिभित्र पनि प्रमुख मानिएको किरात वर्ग, उसले चाह्यो भने लथालिङ्ग हुँदै गएको र पराधीन हुने बाटोमा लाग्दै गएको आफ्नो देशको बागडोर अवश्य लिनसक्छ । उसलाई उसको आफ्नो इतिहासले यो शक्ति र अधिकार दिएको छ । पृष्ठभूमि दिएको छ । बस्, आँखा खोल्न वा ब्युँझन बाँकी छ । र त्यो समय पनि आइसकेको छ । किरात जातिले बुझेकै हुनुपर्छ- ऊ अघि सऱ्यो भने ऊसँग सीङ जोर्न कोही आउने छैन ।'... कट् ।

दृश्य काटे, रोके अनि क्लिन्टनले गुने- 'हो, यो जाति त भिक्टोरिया क्रसबाट सम्मानित हुने वर्गभित्रकै हो । त्यसैले त ब्रिटेनमा यस जातिलाई बडो आदरले हेरिन्छ । गोर्खाका चार भाइ- राई, लिम्बू, गुरूङ, मगर युकेका

लागि किल्ला खम्बा, दलिन र धुरी देखिएका छन् । हो, सत्य हो ।' वीरताको इतिहास सम्झेजस्तो गरेर उनले केलाए ।

'विनायो वादन, यो वाद्य धुन तेस्रो उपहार हुनेछ । नेपालको पूर्वी पहाडी क्षेत्रमा बजाइने यो बाजा बजाउन यसै विश्वविद्यालयका दुइटी बहिनी आउँदै हुनुहुन्छ, सुम्निमा चामलिङ् र कीर्तिलता थुलुङ् ।' ...कट् ।

'नेपाल र भारतमा चलेको प्रसिद्ध भोजपुरी नृत्य-गीत चौथो उपहार प्रस्तुत छ । यसलाई युवा प्रेमी र प्रेमिकाको रूपमा रहेर निर्वाह गर्न आउँदै हुनुहुन्छ-बहिनी मनस्विनी मिश्र र भाइ चन्द्रभूषण चौधरी । वास्तवमा उहाँहरू मैथिली संस्कृतिका उपज भए तापनि भोजपुरी लोक नृत्यका कुशल प्रस्तोता रहनुभएको छ । उहाँहरू पनि हाम्रै विश्वविद्यालयका विद्यार्थी हुनुहुन्छ । प्रस्तुत छ यो पाँचौं उपहार भोजपुरी नृत्यगीत ।' ...कट् ।

'कैलाली क्षेत्रका राना थारू जातिका युवा कन्याहरू आफ्नो सांस्कृतिक परिधान तथा आभूषण-प्रसाधनबाट अलंकृत रहेर सौन्दर्य प्रदर्शन गर्नेछन् । यो हाम्रा तर्फबाट पाँचौं उपहार हुनेछ । प्रस्तुत छ थारू नव कन्याहरूको प्रसाधन, सौन्दर्य र गरिमामय उपस्थिति ।' ...कट् ।

प्रत्येक दृश्यको आरम्भमा केका परिचयात्मक उद्घोषण गर्दै रही । क्लिन्टन धैर्यपूर्वक त्यो सुन्दै रहे । वेला-वेला कार्यक्रमका दृश्यहरूको केही अंश हेर्दै पनि रहे ।

अर्को दृश्य देखा पऱ्यो । क्लिन्टन हेर्दै गए । समूह-समूहमा वर्गीकृत युवा सुन्दरीहरू आ-आफ्ना सांस्कृतिक आभूषण, प्रसाधन र परिधानले सुशोभित देखिन्थे । यो मार्च-पास यस्तो लाग्थ्यो मानौं विश्वसुन्दरी प्रतियोगितामा यिनले भाग लिएका हुन् । विशिष्ट शैली र सज्जाका साथ प्रस्तुत हुने सुन्दरीहरूको प्रदर्शनकारी मार्च-पास असामान्य र अत्यन्त कुतूहलवर्द्धक थियो ।

दर्शक दीर्घा आनन्द र उत्सुकताले आत्मविस्मृत जस्तै थियो । किनभने यस दृश्यको परिचय अहिलेसम्म दिइएको थिएन । उद्घोषण मौन थियो । त्यसैले पनि युवतीहरूको वर्गीकृत मार्च-पासबारे केही जानकारी पाउन दर्शक दीर्घा लालायित थियो, अधीर थियो । यो कुरा केका बुझ्दै थिई । कट्... ।

दृश्यमा छिन मात्र शून्य समय छिऱ्यो । क्लिन्टनका कानमा चराको बोली पऱ्यो । उनको ध्यान त्यता गयो । फेरि पनि मार्च-पास गर्ने युवतीहरूको जानकारी लिएर उठ्ने विचारले उनी स्थिर भए ।

वेला-वेला चराको बोली चर्केजस्तो लाग्थ्यो ।

दृश्यमा केका देखा परी । क्लिन्टन उत्सुकताका साथ सजग देखिए ।

मार्च पास गरिसकेर नेपथ्यमा जम्मा भएका कलाकार आफ्नो परिचय दिन फेरि मञ्चमा उपस्थित हुँदै गए । केका यिनको परिचय दिँदै थिई ।

दर्शक दीर्घा अगाडि मञ्चमा, दायाँदेखि बायाँसम्म लस्करै उभिएर अतिथिहरूको अगाडि नमन-अभिवादनको शैलीमा देखिने कलाकारको परिचय दिँदै केकाले भनीः 'कैलालीका राना थारू/चौधरी समुदायका कुमारी छोरीहरूको यो टोली, यहाँ आफ्नै कला र सजावटमा हाजिर छ ।' तालीले दर्शक दीर्घा भरियो ।

क्यामेरा घुम्दै गए । फोटोग्राफी चल्दै रह्यो ।

फेरि संगीतको संकेत आयो । अब उनीहरू पङ्क्तिबद्ध भएर उभिए किंचित् छड्के लहरमा । दर्शक दीर्घाबाट हेर्दा, चलायमान मूर्तिजस्तो लाग्ने कलाकार हरूको प्रत्येक समूह मौलिकता र भिन्नताका साथ पृथक् गरिमा राख्तथ्यो ।

मोरङका धिमाल कन्याहरूको टोली त्यसैगरी मञ्चमा आयो र अतिथि दर्शक महानुभावहरूलाई अभिवादन गरेर उभियो । आफ्नो कला-कौशलको उत्पादनबाट विभूषित यी धिमाल युवतीहरू अनलंकृत रहेर पनि अलंकृत देखिनु अपूर्व कुरा हो । धिमाल कन्याहरूको सुगन्ध-गरिमा आफैंमा गौरवपूर्ण रहेको जानकारी केकाले दोहो-याएर दिई ।

त्यसैगरी नेवार जातिको कृषक (महर्जन) वर्गका कुमारी तथा मैथिल संस्कृतिभित्र प्रवर्धित वयस्क सुन्दरीहरूको सांस्कृतिक उपस्थितिलाई दर्शक दीर्घाले हृदयतः अनुमोदन गऱ्यो ।

यसरी दृश्यहरू सर्दै गए । केका उद्घोषण गर्दै रही ।

उता पिंजराका चरा बोल्दै रहे । यता सारङ्गीमा गाइने तार कस्तै थियो ।

'आज हामीले यहाँहरूसमक्ष प्रस्तुत गरेको सांस्कृतिक उपहारहरूको मूल स्रोत नेपाल भूमि हो । हामीले केवल संचयन, संयोजन मात्र गरेका हौं । र उपहार प्रदर्शन गर्ने हाम्रा विद्यार्थी भाइ-बहिनीहरू नै त्यस क्षेत्रका प्रतिनिधि भइदिनु भएको छ । यसका लागि उहाँहरूलाई हार्दिक धन्यवाद !'

'यसपछि फोटो लिने कार्यक्रम छ । कलाकारहरूको सम्मानमा चमेनाको आयोजना छ । र पत्रकार मित्रहरूसँगको भेटघाट-संवादसँगै यो औपचारिक कार्यक्रम टुंगिन्छ ।'

'यहाँ उपस्थित भएर कार्यक्रम सफल पारिदिनुभएकोमा महामहिम राष्ट्रपति, मेरील्यान्ड विश्वविद्यालयका प्रेसिडेन्ट तथा समस्त विश्वविद्यालय परिवार र अन्य अतिथिजनप्रति आभार व्यक्त गर्दछौं ।'

'र आयोजक टोलीका तर्फबाट र विद्यार्थी प्रतिनिधिको हैसियतले म केका सुरा पनि यहाँहरूबाट विदा चाहन्छु । धन्यवाद !'

फेरि पनि क्यामेरा घुम्दै रहे । परिचय, भेटघाट, संवादका दृश्यहरू आउँदै रहे...

मैनाहरूको संवाद रोकिएन ।

'सखी, टेलिभिजनको पर्दामा हाम्री आली बोलेजस्तो लाग्छ नि !'

'मलाई पनि उसकै स्वरजस्तो लाग्छ ।'

'खै, यहाँबाट बोली मात्र सुनिन्छ, छेउमा लगिदिए त हेर्नुहुन्थ्यो नि ! वा साँच्चै हाम्री आली हो कि ?'

'कि बोलाऊँ न कसैलाई, तिम्रो के विचार छ ?'

'खै, बोलाउनु पनि कसलाई ? बरू दुवै मिलेर एकैचोटि कराउन थालौं । केही त भइजाला !'

दुवैले त्यसै गरे । प्रकृत स्वरमा मुक्त कण्ठले मैनाहरू कराउन थाले ।

'हो न हो मैनाहरू कुनै आपत्तिमा परेका छन् ।' सुन्नेले यस्तै अर्थ लगाए ।

मैनाको आपत्तिजनक क्रन्दन झन्झन् चर्कियो ।

क्लिन्टन श्रव्य-दृश्य सामग्री हेर्न अझै एकाग्र थिए । तर मैनाको चिच्याहटले उनलाई विचलित तुल्यायो । उनी मैनाको छेउमा पुगे । उनलाई चराले 'हामी पनि टेलिभिजनको दृश्य हेर्छौं' भनेजस्तो लाग्यो । फेरि परिवेशतिर ध्यान दिएर आत्मकथन गरे- 'यो एकान्त निःशान्त परिवेशले यिनलाई अत्यास लागेजस्तो छ । चिसो पनि भयो होला, तापक्रम पनि घटेको छ' भन्दै पिंजरा लगेर टेलिभिजनको छेउमा पुऱ्याए र हेर्न सजिलो हुने गरी डेस्कमाथि राखिदिए ।

चराहरू रमाएर उफ्रिए ।

सांस्कृतिक कार्यक्रमको थालनीदेखिकै दृश्य चालु गरिदिएर क्लिन्टन त्यहाँबाट सरे । उनी फर्कंदा गाइने सारङ्गीमा गीत भर्दै थियो । चरालाई व्यवधान नहोस् भनेर उनी ढोकाको आडमा उभिए र त्यहींबाट गीत सुने ।

टेलिभिजनका दृश्यमाथि चराहरूले समीक्षा गरे :

'उद्घोषण गर्ने त्यो बालिका किन-किन मलाई त हाम्रै आली हो भन्ने लाग्छ ।'

'हो, मलाई पनि त्यस्तै लाग्छ । तर हाम्री आली कसरी केका भई ? प्रश्न यहाँ छ ।'

'यहाँ त नाम फेर्न पनि पाइन्छ नि ! फेरी होला !'

'हैन-हैन, मान्छेको नाम आली हुँदैन' साथीको अर्थमा आलीको प्रयोग हुन्छ । त्यसैले उसको वास्तविक नाम केका नै होला ।'

'तर मेरो मन मान्दैन, किनभने अनुहार, नाक नक्सा, दाँत, बोली र संवाद-कला बिल्कुल उही छ । फरक बिल्कुल छैन । फरक यति मात्र हो - ऊ ठूली भइछ । ठूली मात्र के, युवती नै भइछ ।'

'तिम्रो अनुमान पनि ठीक हो । ऊ हाम्रै आली हुन सक्छे । कुनै दिन मौका पऱ्यो भने, चिनाजानी होला नि ! के को चिन्ता ! बरू गाइनेले सारङ्गीमा गाएको गीत संझ न । घतलाग्दो थिएन ?'

'त्यसको त तुलना हुन सक्तैन । थोरै शब्दमा उसले महाकाव्य नै सुनायो ।'

'आजका महाकाव्यमाथि तिमीले कटाक्ष गऱ्यौ नि ! ध्वनि मिठो छ । मलाई स्वाद लाग्यो ।'

यस पटक दुवै मैना हाँसे । उनीहरूका बीच निकैबेर विनोद चल्यो ।

❖❖

३

'इन्द्रावती, आज महामहिम देखा पर्नुभएन नि !...'

'मैले त हिजैदेखि देखेको छैन । कतै व्यस्त हुनुभयो होला ।'

'हो, मलाई पनि त्यस्तै लाग्छ ।'

'केही विशेष कुरा फुऱ्यो कि इन्द्रावती तिमीलाई ?'

'त्यस्तो खास त होइन तर अंग्रेजी साम्राज्यको विगत र वर्तमान बारे उहाँलाई हाम्रो दृष्टिकोणबारे जानकारी होस् भन्ने सोच राखें, त्यसैले ।'

'त्यो त उत्तम कुरा हो, महापुरूषहरू पूजा आराधनाभन्दा आलोचना र टिप्पणी मन पराउँछन्, किनभने त्यसबाट दृष्टि, ऊर्जा र संकल्प तीनै तत्वलाई पोषण मिल्छ ।'

'गजब कुरा गऱ्यौ पद्मावती ।'

'गजबै त हो नि ! नपत्याउनु पनि कसरी, नभन्नु पनि कसरी ? अनि इतिहासको कुरा हो, नमान्नु पनि कसरी !'

'न रोक न रोक, म सुन्दै छु, अहिले तिमीमा प्रतिभा स्फुरण भएको देख्दै छु । भन धाराप्रवाह भन । बारम्बार यस्तो तीव्रता आउँदैन ।'

अलिकति तुजुकले छोएजस्तो, अलिकति आवेगले डोऱ्याएजस्तो अनुभव गऱ्यो पद्मावतीले । केही संयम लिएर अनि बिस्तारै भन्यो- 'ब्रिटिशको राज्यमा घाम अस्ताउँदैन भन्ने सूत्र-वाक्य तिमीले सुनेकी थियौ ? यसले हिजोको ब्रिटिश शक्तिको व्याप्ति र संप्रभुतालाई झल्काउँछ नि !'

'सत्य हो । यो इतिहाससम्मत कुरा हो ।'

एकछिन रोकिएर पद्मावतीले एक पटक लामो सास लियो, अनि आफ्नो अभिव्यक्तिलाई निरन्तरता दिँदै भन्यो- 'ब्रिटिशको व्यापार नीति, युद्धनीति, कूटनीति र दूरदृष्टिलाई सकारात्मक रूपले पनि पठन गर्नु आवश्यक छ । मलाई यस्तै लाग्छ, किनभने अँध्यारा पक्ष ता छँदैछन्, म पनि स्वीकार गर्छु तर निष्पक्ष रहेर पठन गर्ने हो भने अँध्यारो वा आलोचनाको पक्ष अत्यन्त क्षीण, अत्यन्त दुर्बल देखिने छ । भनौ, यस कुराको मूल्यांकन परिवेशको आधारमा हुनुपर्ने छ ।'

'हो, त्यसरी हेर्दा त ब्रिटिश शक्ति र संप्रभुताको अधिमूल्यन नै देखा पर्नेछ किनभने मानक त समय हो नि ?' इन्द्रावतीले अर्थान्तरन्यासमा बोल्यो । अनि थप्यो- 'ब्रिटिशको शासनबाट मुक्त भएका देशले जनतालाई कस्तो दशामा पुऱ्याएका छन्, जनताले कसरी नेतृत्व शक्तिको बुहार्तन सहेका छन् अनि त्यहाँ मानवता, मानव अधिकार, स्वतन्त्रता र न्याय प्रणालीलाई शक्तिमा रहेकाहरूले कसरी धज्जी उडाएर लँगौटी तुल्याएका छन्, कसरी भन्ने ? अदृश्य के कुरा रहन सक्छन् र अब ।'

'अँ, अर्को पक्ष पनि छ ।' पद्मावतीले आफ्नो संदर्भ जोडेर भन्यो- 'हो, विजेताले केही कुरा लान्छ, हीरा-जवाहरात जस्ता बहुमूल्य कुरा लान्छ जुन स्थानान्तरण गरेर लान सकिन्छ । महत्त्वपूर्ण अभिलेख र सांस्कृतिक संपदा लिएर जान्छ जसबाट उसको ज्ञान र प्रकाशनको फाँटमा चार चाँद लाग्न सक्छ । अनि सक्छ पनि गर्छ पनि । जतन गर्छ, संग्रह गर्छ, परख गर्छ, महत्त्व पनि दिन्छ र प्रचार पनि गर्छ । अनि अधिमूल्यन हुन्छ । इतिहास साक्षी छ यद्यपि यो उपनिवेशको युग थियो । त्यसकै विस्तारमा प्रतिस्पर्धा थियो । अनि संग्रह पनि थियो र योग पनि ।'

'आफैं अपराधबोध हुनु राम्रो लक्षण हो । यसको प्रतिफल राम्रै होला ।' पद्मावतीले बीचमा बोल्यो ।

इन्द्रावतीले संदर्भ बुझ्न सकेन ।

पद्मावतीले भन्यो- 'त्यत्रो शक्तिशाली साम्राज्यको स्वामी, ऊसँग के थिएन ? आफ्नो संप्रभुता रहेको क्षेत्रमा जे थिए र जे छन् तिनको तथ्याङ्क र सारतत्व संगृहीत गरेकै हो । बुद्धि र नीतिको लगानीबाट आजसम्म बाँचेकै छ । गतिलो खजानाको अक्षय भण्डार संचित-सुरक्षित होला नै ।' श्वास गतिमा परिवर्तन गरेर फेरि थप्यो- 'अनि यति त भन्नैपर्छ- अंग्रेज जाति अलिकति विवेकी पनि हो, उदार पनि हो र युगचेत भएको पनि हो । कतिपय दृष्टिले युरोपका अरू जातिसँग अंग्रेजले भिन्नता पनि राख्छ । तुलना गरिहाल्न मिल्दैन किनभने हरेक जाति वा मुलुक आफ्नै विशेषता र गुणवत्ताले चिनिएका हुन्छन् । जर्मनी, फ्रान्स, पोर्चुगल र ग्रीक आ-आफ्नै महिमाले मण्डित छन् । चीन र सोभियत रूस अर्कै दिशाका नक्षत्र हुन् । त्यो सन्दर्भ यहाँ नजोडौं । तर अपसोच !'

'किन ?' जिज्ञासा राखेर इन्द्रावती चुप भयो ।

'अपसोच, बेलायतको राजनगरी आज अँध्यारो छ । दरबार आत्मकम्पित छ । महारानी अजरा...'

'सुन्दैछु पद्मावती, भन न । नरोकिई भन । महारानी के... ?'

'अँ ! कसैले हाम्रो कुरा सुनेजस्तो छ ।'

'सुनेर पनि केही फरक पर्दैन । हामी त इतिहासको पठन र मीमांसा गरेर वर्तमानलाई हेर्दै छौं, थोडै न डोऱ्याउँदै छौं वर्तमानलाई ! भन, आफ्नो अभिव्यक्ति नरोक ।' उसले बल दिएर भन्यो 'यो राष्ट्रपति निवास हो, राष्ट्रपतिले सुन्न योग्य संवाद नै हामी गर्दैछौं । तिमी ढुक्क हौ पद्मावती । हामी अपराध गर्दै छैनौं । अँ, त्यस्तै छ भने एक पटक गुरूदेवको स्मरण गर र संवादलाई निरन्तरता देऊ ! साँझ परेछ । म पनि गुरूदेवको स्मरण गर्छु ।... तस्मै श्रीगुरवे नमः ।'

o o

पद्मावतीले आफ्नो कथनलाई निरन्तरता दिँदै भन्यो- 'त्यस्तो सुन्दर, त्यस्तो आलोकपूर्ण नगरी, त्यस्तो ब्रिटिश दरबार आज निस्तेज देखिन्छ- दीप्तिहीन । तिमीले ख्याल गरेनौ ? सूर्य लागेर पनि चिसो छ । चन्द्रमा लागेर पनि संतप्त छ । भित्र-भित्रै पीडा र चिन्ताको ज्वाला मडारिदै छ । कसैको चिन्तनले काम गरेको छैन, निकासको खोजी अवश्य छ । मेरो कुरा बुझ्दै छौ इन्द्रावती ?'

'बुझ्दै छु, प्रसंग छुने खालको छ ।' इन्द्रावती धेरै बोलेन ।

पद्मावतीले आफ्नो भनाइलाई निरन्तरता दिँदै थप्यो- 'यतिखेर ब्रिटेन जवानी सकिएकी युवतीजस्तो देखिएको छ । अपराधबोध गरेको कैदीजस्तो, भाग्न नसक्ने डाकाजस्तो, रोगी घोडाको तवेलाजस्तो, शोक भरिएको घरजस्तो, बाली नासिएको कृषकजस्तो, अझ भनौं वियोगिनीको कोठाजस्तो देखिएको छ ।' पद्मावतीको शैली माला अलंकारले विभूषित थियो ।

'इन्द्रावती, दुःस्वप्न बोकेर बाँचेको छ ब्रिटेन । यसबाट मुक्ति चाहन्छ । प्रायश्चित्त गर्ने सोचमा छ । हिजोका कतिपय विकर्मबाट आत्मपीडित छ, आघात पालेर बसेको छ । निकास नपाएर छट्पटीमा छ अहिले । लाञ्छना धुने र प्रायश्चित्त गर्ने यत्नमा छ । बुझ्यौ ?' लामो सास तानेर पद्मावती रोकियो ।

'बुझें, यस अर्थमा महारानीलाई बिसन्चोले छोएको छ । उनी रूग्ण छन् । त्यसैले दरबार अँध्यारो छ । राजनगरी मलिन छ । ब्रिटिश जाति चिन्तित छ र समग्र ब्रिटेन मानसिक तूफानले डोलायमान छ ।' इन्द्रावतीले सूत्रमा भन्यो ।

'तिमीलाई त राम्रै थाह छ नि इन्द्रावती, यो स्वप्न पीडाको संदर्भ हो ।' पद्मावतीले पुरानो कुरा औल्याउने विचारले भन्यो- 'हिजो ब्रिटिशले आफ्नो शासनकालमा अन्याय पनि गऱ्यो, अविवेक पनि गऱ्यो, भूल पनि गऱ्यो र उपेक्षा पनि गऱ्यो ।' पद्मावतीले संवाद रोक्यो ।

'सुन्दै छु, किन रोकियौ ?'

'अँ, तिनै कुरा स्वप्न-सन्दर्भबाट ब्युँझिएर आएका छन् र महारानीलाई तिनले सन्त्रास दिएका छन् । उनको बिसन्चोको कारण- स्वप्नपीडा हो । यो यथार्थमा आधारित छ । र यो अस्तित्वको पीडा पनि हो जुन अतीतदेखि संचित छ ।'

'बुझें ।' इन्द्रावतीले सारमा भन्यो- 'पुर्खाले गरेका त्रुटि स्वीकार गरेर उनी रोगी भएकी हुन् । सूत्र लामो छ । उनी बाँधिएकी हुन् । त्यसैले उनलाई बिसन्चो भो । किन्तु भूल-सुधार र प्रायश्चित्त गर्ने मार्ग खुला छ नि । उनी चाँडै रोगमुक्त हुन सक्छिन् । यत्न आवश्यक छ ।'

ताली बजाउँदै क्लिन्टन देखापरे ।

पद्मावती र इन्द्रावती आश्चर्य र भयको मिश्रित भावले एकैपटक आकुल भए । अनि संयमको आवरणमा रहेर पद्मावतीले भन्यो- 'महामहिम, तपाईं ?'

'हजुर, मैले सबै कुरा सुनें ।'

'लुकेर सुन्नु अपराध मानिन्छ ।'

'म अपराध स्वीकार गर्छु र सफाइ दिने अवसर चाहन्छु ।'

पावन पद्मावती र सगुन इन्द्रावतीले परस्पर मुखामुख गरे ।

क्लिन्टनले सफाइ पेश गर्दै भने- 'एक त म थाकेको थिएँ, त्यहीं थचक्क बसेको थिएँ, निदाएँ छु ।' एकछिन रोकिएर फेरि भने- 'ब्युँझिएपछि तिमीहरूकै सम्मुख आउने मानसिक यत्न पनि गरें । द्विविधा भो, तिमीहरूको संवादमा वाधा पर्ला कि भन्ने ठानेर आफैंलाई रोकें ।'

पद्मावती र इन्द्रावती क्लिन्टनको निश्छल प्रकृति देखेर प्रभावित भए ।

क्लिन्टनले सफाइ दिने प्रक्रियालाई निरन्तरता दिंदै भने- 'सुन्नुपर्ने जति कुरा मैले सुनें, धेरै कुरा मलाई थाह रहेनछ । फेरि, अप्रत्यक्ष शैलीमा मलाई सुनाउन सुनियोजित संवादको क्षण तिमीहरूले नै जुराएका हौ कि भन्ने पनि ठानें । जब महारानीलाई सन्चो छैन भन्ने सुनें अनि म रोकिन सकिनँ । म हाजिर भएँ । मेरो अपराध यही हो । क्षमा पाऊँ ।' क्लिन्टनले दुवै हात जोरेर क्षमा प्रार्थना गरे ।

'इन्द्रावती, तिमी के भन्छौ, क्षमा दिने ?'

'तिमी के भन्छौ पद्मावती ? महामहिम क्षमायोग्य छन् ?'

'ल, यो अपराध क्षमा भो ।' दुवैले एक स्वरले भने ।

'महारानीको बिसन्चो कस्तो प्रकृतिको हो ? म जान्न उत्सुक छु ।' क्लिन्टन स्वाभाविक अनुभूतिमा प्रकट भए ।

'अलिकति मानसिक हो । इतिहास र प्रतिष्ठासँग संबन्धित छ । शासन र वंशसँग जोरिएको छ । यो स्वप्न-पीडा हो ।'

'उपचार ?'

'महारानीको विचार र महामहिमको कर्तव्यलाई साकार रूप दिने निर्णय वा प्रतिबद्धताबाट उपचार स्वतः पूर्ण हुन्छ ।'

क्लिन्टन चराका कुरा सुनेर छक्क परे । अनि एकछिन पछि आफूमा आएको गम्भीरतालाई हलुका पार्दै उनले जिज्ञासा राखेर भने- 'त्यो स्वप्न-पीडा भनेको के हो, मैले संकेत बुझिनँ ।' भित्ते घडीमा आँखा पुऱ्याएर उनले थपे- 'मसँग अलिकति समय छ । छोटकरीमा सुन्न मिल्छ भने म पर्खन्छु ।'

'महामहिम, आज बढी थाक्नु भएजस्तो छ । फेरि, वेला थोरै छ भन्नुहुन्छ । अर्को पटक यी कुरा गरौंला नि ! हतार किन गर्नु ?' पद्मावतीले भन्यो ।

'महामहिम, महारानी बिसन्चो हुनुको कारण जान्न उनको निकै लामो जन्मपत्रिका खोलेर हेर्नुपर्छ । इतिहासका घटनाको निथार हो- स्वप्न-पीडा । मैले यस्तै बुझेको छु ।' एकछिन सास तानेर पद्मावतीले थप्यो- 'महारानीलाई यो सपना बारम्बार दोहोरिएर आउँथ्यो र हामीलाई पनि बारम्बार सुनाउनु हुन्थ्यो । तर हामी महामहिमलाई एक पटक मात्र सुनाउँछौं । अर्को दिन ।'

'ओके, मंजुर छ ।' क्लिन्टन आफ्नो कक्षमा गए ।

❖❖

४

संयुक्त राष्ट्रसंघको महाधिवेशनको पूर्वसन्ध्यामा 'न्यू वाशिङ्गटन मल' डेलीले 'परिष्कारतर्फ' शीर्षकमा सम्पादकीय लेख्यो : विद्यार्थीद्वारा संयुक्त राष्ट्रसंघमा विरोध र ज्ञापन-पत्र ।

एशियाका मुलुकहरूमा वेला-वेला विकराल विप्लव आउँदै रह्यो । परिणाम स्वरूप कतै नयाँ देश जन्मन्थे, कैयौं देश अर्को देशको गर्भमा पस्थे । कैयौं भूखण्ड उपनिवेशबाट मुक्त हुन्थे अनि कैयौं देश अघोषित उपनिवेश वा प्रच्छन्न पत्नीको व्यवहार पाउँथे । कतै एउटा देशबाट नागरिकहरूलाई उखेल्ने र अर्को देशमा हठात् भित्र्याइदिने खालका अकर्म हुन्थे भने कतै शरणार्थी समस्या जन्माएर मानव समाजको सकेसम्म अपमान र अवमूल्यन गराउने अकर्म हुन्थे ।

त्यस्तै कतै अन्तर्राष्ट्रिय सीमा अतिक्रमण गरेर एउटा देशले अर्को देशको भूभाग मिच्ने, स्थानीय बासिन्दालाई तिनका गाउँ-बस्तीबाट लघारेर कैयौं भूभाग हत्याउने दुष्कर्मले बेरोक निरन्तरता पाउँदै रह्यो । के छिमेकी, के मित्रता, के सद्भाव, के संस्कृति, यसको कुनै अर्थ थिएन । मात्र निर्लज्जता, मात्र हठ, मात्र दादागिरी । बस्, जसको सीङ उसैकी जोई भन्ने पशुसंस्कार नै संस्कृति हुन पुगेको क्षेत्रमा कुनै पनि उपचार प्रभावहीन लाग्दथ्यो ।

धर्म र जातिका नाममा भइरहने सीमा युद्धहरू, सहयोगको नाममा अर्को देशमा सैन्य शक्ति हुल्ने र दमनपूर्वक त्रासदी फैलाएर प्रभुत्व जमाउन हठ गर्ने, राजनीतिका सरदारलाई किनबेच गर्ने, त्रास र धम्की दिने, तरूनी नारी ओसार्ने र कलकारखाना बन्द गर्ने, विदेशीलाई नागरिकता दिलाउने र स्थायी कम्पन दिन खोज्ने तुच्छ राजनीतिक चलखेल र प्रभाव अपारदर्शी रहेनन् । त्यसैले पनि साना मुलुकहरू ठूला मुलुकको असंस्कारजन्य जंगली व्यवहारबाट उत्पीडन भोग्दै रहे । अशक्तहरूको घाउमा नून-चूक छर्नु यिनको प्रवृत्ति थियो र यी यसैमा गौरव ठान्दथे । कत्रो विडम्बना ! हिजोसम्मको गाथा यही हो र विद्यार्थी शक्ति यसै विकर्मको प्रतिरोधमा ज्ञापनपत्र बुझाउँदै थियो आज ।

'मित्रता : सीमा र शर्त' शीर्षकमित्र सम्पादकीयले दोस्रो कित्ता अघि सार्‍योः 'जागते रहो ।'

मित्रता गाँस्न जति सजिलो छ निर्वाह गर्न उत्तिकै कठिन छ । यो पाठ मननीय देखिन्छ । आउनु-जानु चल्छ, आदानप्रदान हुन्छ, सहयोग-सद्भाव बढ्छ । यो स्वागतयोग्य कुरा हो । किन्तु संक्रामक रोग यहाँ छिरोस्, यो कुरा अमेरिकाका जनता र सरकारलाई सहन हुनेछैन । हत्या, बलात्कार, डकैती, चोरी, ठगी, वेश्यावृत्ति अनि धोखा, यी भयङ्कर तथा घातक सरूवा रोग हुन् । यसैगरी, आतङ्ककारी यी सबैको संगम हो । यिनको आयात नहोस् । मित्रता र सहयोगको माध्यमले यी भित्रिने संभावना छ । सतर्कता अँगालेर पहिले नै नाका बन्द गर्नु उचित हुन्छ कि ! सावधान ! जागते रहो ।

o o

राष्ट्रसंघ भवनको प्रांगणमा विधिवत् विद्यार्थीहरूको भीड पस्यो । अधिवेशन आरम्भ हुनै लागेको थियो, रोकियो । भित्र असामान्य ढंगले चहल-पहल भयो । सहभागीहरू प्रांगणतर्फ निस्कँदै गए ।

विद्यार्थीहरूको विरोध प्रदर्शन अत्यन्त शान्त र शालीन थियो । केवल विरोध ज्ञापन गर्नु थियो । यद्यपि यो आयोजना दक्षिण एशियाका विद्यार्थीहरूको नेतृत्वमा भएको थियो, फेरि पनि मध्य र पूर्व एशिया, साउथ अफ्रिका, साउथ अमेरिका, सेन्ट्रल अमेरिका र उत्तर अमेरिकाका विद्यार्थीहरूको समेत समर्थन र सहभागिता थियो । युरोपतिरका विद्यार्थीहरूको उपस्थिति सानै थियो किन्तु विद्यार्थी एकताबाट निस्केको स्वर र शक्ति असामान्य उद्देश्य लिएर बढेको हुनाले यसको अर्न्तदृष्टि बुझ्न र लक्ष्य-दर्शन गर्न त्यति सजिलो थिएन ।

विरोध प्रदर्शनको प्रक्रिया र शैली बिल्कुल नौलो थियो । सन्तुलनमा रहेर शान्त र स्वाभाविक ढंगले विरोध प्रदर्शन हुन्छ भन्ने कुरा कल्पना बाहिरको सत्य हो भन्ने लाग्छ, स्वप्न-सत्य ! कार्डबोर्डका नारा र विचार-सूत्रहरू नै मनीषीहरूको चिन्तनका लागि अब्बल कोटिका भिल्का थिए । पर्याप्त थिए ।

एउटा उल्लेख्य कुरा के थियो भने कार्डबोर्डमा लेखिएका सूत्रहरू दुई भाषामा थिए : त्यो कार्डबोर्ड बोक्नेको राष्ट्रभाषामा र अन्तर्राष्ट्रिय भाषा अंग्रेजीमा ।

विरोध प्रदर्शन त छँदै थियो । सुन्दरीहरूको सौन्दर्यको सह-प्रदर्शन पनि हो कि भन्ने भान हुन्थ्यो । किनभने खास गरेर छात्राहरू आफ्नो जातीय वा राष्ट्रिय परिधानले सुसज्जित देखिन्थे र स्वतन्त्र रूपले अलंकृत पनि । केश-विन्यास वा वेणी-बन्धन, नख-श्रृंगार, परेली-प्रसाधन तथा स्मिति र सुवासको

समवेत प्रक्षेपण र दृष्टि प्रहारले मिडिया जगत लोभिएको थियो । त्यसैले यो भेला बहुरंगी फूल फुलेको फूलबारी जस्तो पनि देखिन्थ्यो । किन्तु एकरूपता थियो- उद्देश्यमा र नारा अंकित टी-शर्टहरूमा । अनि दृढता थियो संकल्पमा र त्यसको प्रतिफलमा ।

पुलिसका भ्यानहरू वरिपरि झल्झलाकार बत्तीमा तैनाथ थिए ।

थोरै भाषण चल्यो । केही विद्यार्थी प्रतिनिधिहरूले हिजोको गलत कदमको विरोध गरे र निर्णय बदलेर कार्यान्वयन गर्न माग राख्दै गए । नारा पनि लागे । ताली पनि बजे । परिवेश आकर्षक नै थियो ।

'लन्डन स्कूल अफ हिमालयन स्टडीज'का छात्र प्रतिनिधि तथा शोध-प्रज्ञ (Resecher Scholor) एम. गोलेको संबोधनले अधिवेशनमा भाग लिन आएका विभिन्न देशका राष्ट्र प्रमुख र सरकार प्रमुखलाई संबोधनस्थलतर्फ आउन उत्सुक गरायो । यद्यपि विरोध-ज्ञापन र माग-पत्र हात-हातमा पुऱ्याउने र वेबसाइटबाट संचार गर्ने व्यवस्था पहिले नै भइसकेको थियो तापनि श्रोताहरूको उपस्थिति बढ्दै गयो ।

विरोध-ज्ञापन र माग-पत्र बुझाउने कार्यक्रमको उद्घोषण हुनासाथ संयुक्त राष्ट्रसंघका महासचिव विद्यार्थीहरूका बीच स्वयं उपस्थित भए र विरोध-ज्ञापन र माग-पत्र बुझे ।

उनी आउँदा पनि ताली बजे, जाँदा पनि ताली बजे र पत्रहरू बुझ्दा पनि ताली बजे ।

जाँदा-जाँदै माइकबाट उनले भने- 'संयुक्त राष्ट्रसंघले अवश्य पहल गर्नेछ, र आवश्यकता परे शक्तिको साथ पेश हुनेछ : उपनिवेशपछि कुनै देशले आफ्नो भूभाग फिर्ता पाएको छैन, वा अरू कसैले भोग गर्दैछ, वा कुनै तेस्रो मुलुकलाई जिम्मा लगाएर फर्किएको छ भने अब त्यसतर्फ राष्ट्रसंघ कदम चाल्नेछ । एउटाको उपनिवेशबाट फेरि अर्काको उपनिवेशमा ? उपनिवेशभित्रको उपनिवेश ? हुनसक्ने कुरा हो र ? चोरको हातबाट फेरि चण्डालको हातमा ? यस्ता प्रश्नको समाधान यसै बैठकले गर्नेछ । र हाम्रो मान्यता छ, एउटाको माटो अर्कोले भोग्न र रोक्न पाउने छैन । संयुक्त राष्ट्रसंघका तर्फबाट यो मेरो वचन हो । सदस्य राष्ट्रहरूले पनि यस कार्यमा सघाउ पुऱ्याउनुहुनेछ । यो नीतिगत कुरा कार्यान्वयन गर्न सहमति जनाउनुहुनेछ भन्ने विश्वास लिएको छु ।' एकपटक लामो सास तानेर उनले थपे- 'कुन देशको क्षेत्रफल कति थियो र कति हुनुपर्ने हो, त्यसैबाट प्रारम्भिक अध्ययन र नाप-तौल हुनेछ । जेनेभालाई पनि अवगत गराउने छौं ।'

महासचिवले मन्तव्य दिएर फर्किएपछि विद्यार्थीहरू पनि गन्तव्यतर्फ लागे ।

'मैले यतिखेर प्रोफेसर शंकरदेव पन्तको कथा संझें ।'

'मैले केदारभक्त माथेमालाई संझें ।'

अनुभवीहरू आफ्ना अनुभव भन्दै हिँडे ।

अर्को दिनको संयुक्त राष्ट्रसंघ विशेष संस्करणमा 'न्यू वाशिङ्गटन मल'ले रिसर्च स्कलर मिस्टर गोलेको भनाइ टिप्दै समाचार लेख्यो- ब्रिटिश सरकारले अर्काको भूमि पूराको पूरा फिर्ता गर्नुपर्छ । गोलेले भन्यो- 'जुन देशबाट भूभाग लिएर भोग गरेको हो त्यो भूभाग आफैले फिर्ता दिनुपर्छ ।' आफ्नो भाषणमा गोलेले विशेष जोड दिँदै भन्यो- 'अर्काको भूभाग आफूले भोग गर्ने र आफू फर्कंदा कुनै तेस्रो तत्वलाई भोग गर्न दिने असंगत निर्णय अब संशोधन गर्नुपर्छ ।' गोलेको भाषणमा अग्नि मुखर थियो । उसले थप्यो- 'अर्काको भूमि बेवारिसे पार्ने, अर्कैको अधीनमा पुऱ्याइदिने र जसको हो उसलाई फिर्ते नदिई हिंड्ने ब्रिटिशको नीति अत्यन्त घातक र लज्जाजनक हो ।' गोलेले औंला ठड्याएर भन्यो- 'जसको भूभाग तिमीले लिएका थियौ त्यो भूभाग उसले फिर्ता पाउनुपर्छ । आफ्नो भूभाग पाउने अधिकारबाट उसलाई वंचित गर्न मिल्दैन ।' उपसंहार गर्दै उसले भन्यो- 'ब्रिटिश सरकारले छोडेपछि त्यो भूभाग चाहे जहाँ होस् वा जोसुकैको अधीनमा रहेको होस् अब इमान्दारीपूर्वक त्यो फिर्ता जानुपर्छ, पाउनुपर्छ, फिर्ता दिलाउनुपर्छ । अझ बहुमूल्य संपत्ति, सांस्कृतिक धरोहर र अभिलेखको कुरा फेरि गरौंला । अहिले गर्दैनौं । म संझन्छु, अहिले ब्रिटिश सरकारको काँधमा भूमि फिर्ता दिने दायित्व आएको छ । यो पन्साउन मिल्दैन । यदि ब्रिटिश सरकार दबाब नै चाहन्छ भने हामी त्यसतर्फ पनि जानेछौं ।'

o o

संयुक्त राष्ट्रसंघमा विद्यार्थीहरूको उपस्थिति र तिनका मागलाई हृदयंगम गरेर चीनले मीमांसा गऱ्यो :

छाया संसार पनि सार्क मुलुकका रोगबाट मुक्त हुनसक्ने स्थिति छैन । लिंगद्वीप हुबहु इंडियाको सिको गरेर छिमेकी मुलुकमा आतंक फैलाउन र अस्थिरता जन्माउन पछि परेन । तर निकट भविष्यमा त्यसको प्रतिफल कसरी भोग्नुपर्छ त्यो कुरा ऊ जान्दैन । न ऊ अब आफ्नो स्वरूपमा स्थिर रहन सक्छ न विप्लवलाई नियंत्रण गर्न सक्छ । अपांगता उसको नियति भएको छ । गल्ती गऱ्यो- अर्कोमाथि हस्तक्षेप गरेर आत्मघात गर्दैछ ।

नेपालप्रति विशेष सहानुभूति राखेर चीनले सोच्यो- किन पहल गर्दैन नेपाल आफ्नो भूमि फिर्ता लिन ? किन आवाज उठाउँदैन आफैं ? के यति कामका लागि पनि अर्कैले आवाज उठाइदिनु पर्ने राष्ट्रसंघमा पनि ? जेनेभाबाटै थाले हुँदैन त्यो अभियान ?

प्रयास गर, भैजाला । सहयोग मागोस् न मुख खोलेर, हवाइ-मार्गबाट प्रक्षेपण गरेर विशाल नेपालको भू-क्षेत्रमा सीमा स्तंभ उभ्याइ दिने छौं । चीनका लागि अब त्यो कुनै दुष्कर हुनेछैन । माओका नामबाट आतंककारी गतिविधि गरेर नेपाललाई चोट पुऱ्याउने बदनियत हामी बुझ्दैछैनौं र ? माओको नामसँग आतंक जोडेर के गर्न खोज्दैछ इंडिया ? यो कुटिल चालको परिणाम भोग्न तयार छ त इंडिया ?

ग्रीष्मकालीन राजधानी र शिक्षाका लागि उत्तर-पूर्वको पर्वतीय इलाका समेत नेपालले ब्रिटिशको सहयोगका लागि उपलब्ध गराएको थियो । त्यो धरती पनि ब्रिटिशले इंडियाबाट फिर्ता पठाउनु पर्छ । आधार चाहिन्छ भने शताब्दी अगिका नक्सा हेर्न सकिन्छ । के सिल्करोड क्ष्क को उद्देश्य निस्सार होला त ?

यार्लुङ् जाङ्बो जियानको सम्पूर्ण पानीढलो भू-भाग मेरो महान चीनको सांस्कृतिक क्षेत्र हो । त्यहाँको उर्वर भूमि, समृद्ध भू-गर्भ, अक्षत-हरित वन्य प्रदेश, बहुविध जीवनशैली र सांस्कृतिक भण्डार मेरै हो । त्यो मैले अखण्ड भोग्नुपर्छ । मेरो राजनीतिक सीमा र शक्तिभित्रको दक्षिण तिब्बत अर्काको कसरी हुन सक्छ ?

भूटानको दक्षिण भाग पनि ब्रिटिशले इंडियामा गाभेको थियो, त्यो पनि फिर्ता हुनु छ । भूटानले माग राख्नुपर्छ, भूमि विस्तार हुन्छ ।

ड्राद्वीप बिल्कुल मौन थियो । छाया संसारभित्र उसको प्रभुत्व थियो । छाया संसारका मुलुकहरूमा शक्ति सन्तुलन कायम गर्नु नै उसको ध्येय थियो । राष्ट्र वा कुनै व्यक्ति विदेशी शक्तिको हातमा बिकोस् र उसले यहाँ खलल मचाउने यत्न गरोस् त्यो कुरा ड्राद्वीपलाई सहन हुने थिएन ।

हो, किन्तु ड्राद्वीप आफ्नै लागि मात्र सोच्तैनथ्यो । ऊ छाया संसारको नेतृत्व लिन्थ्यो र सुमेरूद्वीपलाई विशेष सद्भावले हेर्दथ्यो । ऊ चाहन्थ्यो लिंगद्वीपका विषाक्त कीटाणु/भाइरस छाया संसारका कुनै मुलुकमा नपसून् ।

तर अपसोच ! आफ्नै नेताका कारण शान्त सुमेरूद्वीप विगलनतर्फ उन्मुख हुँदै थियो । कस्तूरी आफ्नो गुण र गरिमाले आफैं दुःख पाउँछ भने जस्तै अवस्था थियो । चेतना र विवेक नहुँदा निरन्तर संतुलन बिगार्दै थियो ।

तरूणीको सौन्दर्य कहिलेकाहीं उसकै शत्रु भइदिन्छ । हो पनि, भौगोलिक-प्राकृतिक संरचना र विविध सांस्कृतिक समृद्धि र भू-गर्भले मूल्यवान देखिनु पनि यसको अस्थिरताको कारण थियो भन्न नसकिने स्थिति थिएन !

फेरि देशका उच्च नागरिक, ज्ञानीजन, नेतागण, विभिन्न निकायका उच्च पदाधिकारीहरू, व्यापारी र समाजसेवीहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सामाजिक संस्थाहरू नै भित्रीरूपबाट लागेर कुनै पनि हालतमा राज्यविप्लव ल्याइछोड्ने संकल्पमा प्रतिबद्ध भएपछि सुमेरूद्वीप पनि नेपालको स्थितिमा नपुग्ला भन्न सकिन्न । सही अर्थमा भन्ने हो भने जुन शैलीले नेपालमा राजनीतिक कर्मीहरूले अप्ठ्यारो स्थिति निम्त्याएर आफ्नो देशलाई धरापमा पारे त्यो स्थिति सुमेरूद्वीपमा पनि नआउला भन्न सकिन्न ।

तर सुमेरूद्वीपको सोच नेपालको भन्दा फरक थियो । नेपालको राजनीतिले नागरिकलाई मान्छे नै ठानेन । दोहन गर्ने गाई र जोत्ने गोरूभन्दा माथि राखेन । जहाँ जनतालाई दबाइन्छ र तिनको अवहेलना गरिन्छ त्यसको तुलना नेपालसँगै हुन सक्छ अरू देशसँग हुन सक्तैन, गर्न मिल्दैन । ज्ञानीजन भन्छन् यो अनन्वयबाट नेपाल देशको स्थिति बुझ्न सकिन्छ । तर पृथक् छ सुमेरूको शैली ! निकै पृथक् छ । कारण - यसको आत्मबल कमजोर छैन ।

यत्तिको आत्मबल, युगीन चेतना र इतिहासबोध हुँदाहुँदै पनि सुमेरूद्वीप लिंगद्वीपसँग सतर्क थियो र निश्चित दूरी राख्तथ्यो । ऊ चाहन्थ्यो- लिंगद्वीपको ठगी र वेश्यावृत्तिको आगो आफ्नो देशमा नफैलोस् । चोरी, डकैती र हत्याजस्ता भयानक रोगलाई यता छिर्ने मौका नपरोस् । अनि बलात्कार, भ्रूणहत्या, बालहत्या र नारीहत्याजस्ता अकर्म र असंस्कार यता नसरोस् । किनेको र गुप्त मार्गबाट लिएको नागरिकताले स्वदेशीलाई यातना दिने र मार्ने अकर्म सुमेरूद्वीपमा हुन नपाओस् । मैले रोक्नै पर्छ ।

निष्कर्षमा पुगेर ड्राद्वीपले भन्यो- 'लिंगद्वीपको उत्पीडनबाट मैले मित्रराष्ट्रहरूलाई जोगाउनै पर्छ । अर्को मुलुकमा हस्तक्षेप गरेर लिंगद्वीपले आफूलाई सुरक्षित र अखण्ड राख्न सक्तैन ।' वस्तुतः ड्राद्वीप बालद्वीप, पानद्वीप, भूद्वीप र श्रीलद्वीपलाई लिंगद्वीपको त्राटन र हस्तक्षेपबाट जोगाउने संकल्प लियो । र सुमेरूद्वीपलाई सुरक्षित राख्ने कदम चाल्यो ।

❖❖

५

संयुक्त राष्ट्रसंघको बैठक त बस्यो तर सन्तुलनमा थिएन । कतै केही अपुगजस्तो, कतै केही बढी भएजस्तो आभास हुँदै थियो । मन नलागेजस्तो, कसैको अमंगल छाया परेजस्तो गरेर बैठक घस्रेर चल्दै थियो ।

अकस्मात् लिंगद्वीपको प्रमुख उत्तेजनामा आएर बर्बरायो- 'आज पनि मेरो भू-भाग ड्राद्वीपभित्र छ । मैले त्यो फिर्ता पाउनुपर्छ ।'

मौका छोपेर इंडियाको प्रतिनिधिले आत्मकथन गऱ्यो- 'मेरो देशको भू-भाग पनि चीनभित्र पसेको छ । मैले पनि फिर्ता पाउनुपर्छ । कैलाश मानसरोवर पनि मेरै सांस्कृतिक धरती हो । सन्दर्भ राम्रै हो ।'

अनि फेरि थप्यो- 'ब्रिटिशले भोगेर छोडेको नेपालको त्यत्रो भूभाग- दार्जिलिङतर्फको पनि र सुगौली सन्धिबाट आएको विराट भूभाग पनि शायद मैले फिर्ता दिनुपर्ने हुन्छ । आज पनि त्यो भूमिले राजनीतिक समाधान खोज्दै छ । यदि नेपालले चीनतर्फ ढल्केर त्यो धरती माग्न थाल्यो भने शायद गोआ मिसाल बन्न सक्छ । लिपुलेक, कालापानी, सुस्ता र भर्खरै मिचेका गाउँ-बस्ती पनि जाने भए क्यार ! सुगौली सन्धिको सीमा नस्वीकारे विशाल नेपालको साँध-सीमा मान्न मैले विवश हुनुपर्ने छ ।'

असान्दर्भिक ढंगले लिंगप्रमुखको आवेगपूर्ण प्रलाप सुनेर सभासदहरू विचलित भए । लिंगप्रमुख असामान्य मनोदशाको मानव रहेछ, एक्लै बर्बराउन थाल्यो भन्ने सार निकाले ।

'हैन, यो त गोलेको भाषणको असर हो ।'

'हो, ऊ त ब्रिटिश नागरिक हो, आफ्ना नागरिकले भनेको कुरो त उसको सरकारले गहिरोसँग लिन्छ है ।'

'सत्य र नीतिगत कुरा छ भने सरकारमा दबाब सिर्जना गर्न सकिन्छ नि ।'

'कुरा सीधा छ । हामी उपनिवेश मुक्त भइसकेका छौं । र सत्य पनि हो- जुन-जुन देशको धरती या भू-भाग औपनिवेशिक शक्तिले भोगेको हो त्यो भू-भाग ती देशले फिर्ता पाउनैपर्छ ।'

'निश्चय नै यो स्वाभाविक र न्यायसंगत पनि हो अनि शान्तिपूर्ण निकास पनि यही हो ।'

'मित्र हो, ज-जसको धरती ब्रिटिशले लिएर भोग गरेको थियो त्यो धरती फिर्ता दिन थाल्यो भने त त्यत्रो इंडिया बाँकी नै कहाँ रहन्छ र ! आजको इंडिया त ब्रिटिशको रचना हो नि !'

ड्राद्वीपको प्रतिनिधिले गुन्यो- 'लिंगद्वीप भित्रको नवद्वीप त मेरै हो । त्यो भू-भाग मैले लिएकै हुनुपर्छ, पाएकै हुनुपर्छ ।'

'हो, छिमेकीसँग मिलेर बसेकाहरू असाध्य बलिया छन् । नमिल्नेहरू शरीरले ठूला देखिए पनि कमजोर छन् । उदाहरण इंडिया नै हुन सक्छ नि !'

'न्याय त हुनैपर्छ । ब्रिटिश फर्किएपछि प्रत्येक भूभाग फिर्ता हुनुपर्छ । र जनमत पनि यसै भन्छ । इंडियालाई मार पर्ने भो ।'

'इंडियाको कुरा छोड, लिंगप्रमुखको कुरा सुनाऊ ।'

निभ्ने वेलाको बत्ती उज्यालो भएझैं लिंगद्वीपको प्रमुख फेरि एक पटक असामान्य ढंगले प्रलाप गर्न थाल्यो 'फिर्ता हुने भए... यो सारा धरती मेरो हो, मैले नै पाउनुपर्छ । यी सारा देवता मेरा हुन् यिनले मेरै हित गर्नुपर्छ....।' भन्दाभन्दै ऊ लर्खरायो, अझ उत्तेजित भएर उठ्यो अनि एक पटक सबैतिर आँखा घुमायो र जिउ छाडेर थ्याच्च आफ्नो कुर्सीमा बस्यो ।

उसको हेराइ र संवाद शैली असामान्य र असंस्कृत हुँदै गएको अनुमान हुन्थ्यो । त्यसैले कर्ण-संवाद, सांकेतिक संवाद र टेलिसंवादहरू पनि हुँदैगए ।

यस पटक उसले डरलाग्दो हेराइले सभासदहरूलाई हेऱ्यो र अन्जानमै आफ्नो देशको झण्डा समाएर कच्याक्कुचुक पाऱ्यो र टेबिलमुनि फ्याँक्यो ।

नेपालको सरकार प्रमुख आफैंभित्र भन्दै थियो- 'खै के भनौं, नेपालभन्दा ठूलो भूभाग त इंडियामै हुलेको छ नि ब्रिटिशले ! यदि यो राम्रो लक्षण हो भने फिर्ता त हुनैपर्छ !'

'हो, के थाहा ! इंडिया फेरि पुरानै राज्य खण्डमा परिणत होस् र विशाल नेपाल आफ्ना साँध-सीमाहरूमा विस्तारित हुन पुगोस् ! असंभव के छ र !'

'हो, शक्तिशाली दुर्बल हुने र दुर्बल शक्तिशाली हुने योग बन्दैन र !'

पीडित र दुर्बलहरू यसरी आत्म-व्यायाम गर्दै रहे ।

घटना त्यति अप्रत्याशित त थिएन । सुरक्षा घेरा राम्रै थियो । स्वास्थ्यकर्मीहरू सभा दीर्घामा प्रवेश गरे । लिंगप्रमुखलाई उपचारका लागि एम्बुलेन्समा चढाए ।

मेडिकल रिपोर्ट अनुसार उहाँलाई देश टुक्रिने डर छ, डरकै कारण उहाँ बिमारी हुनुभएको हो भन्ने निष्कर्ष थियो । 'उहाँ हाल असामान्य मनोदशाको उपचारमा हुनुहुन्छ ।' यति कुरा जानकारी पाएर पत्रकारहरू फर्के ।

बैठक केहीबेरका लागि स्थगित थियो र फेरि शुरू भयो ।

o o

संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन गएका प्रतिनिधिहरू औपचारिक कार्यक्रमपछि अपरान्हको जलपानमा सहभागी हुँदै गए । विचार मिल्ने र समूह मिल्नेहरू आफ्नो अनुकूल हेरेर गोल टेबिलमा भरिदै गए । सुमेरूद्वीपको प्रतिनिधि पनि यही हुनुपर्थ्यो, थिएन । लिंगद्वीपको प्रतिनिधि त्यहाँ हुने कुरै भएन ।

संयुक्त राष्ट्रसंघमा विद्यार्थीले बुझाएको ज्ञापन-पत्र सुमेरूद्वीप र नेपालजस्तै परपीडित देशहरूको भूमिवृद्धि अर्थात् त्यसको प्राप्तिका लागि पनि थियो । यो प्रसन्नताकै विषय थियो तर अहिले यो मुक्त संवादको परिवेशमा न सुमेरूद्वीपको उपस्थिति रह्यो न नेपालको, न लिंगद्वीपको रह्यो... न इंडियाको ।

त्यसैले टिप्पणी चल्यो- सुमेरूद्वीप र नेपाल हीनताबोधका कारण यहाँ हामीसँग मिसिएर बस्न चाहेनन् भने लिंगद्वीप र इंडिया चाहिं छिमेकीप्रति हेपाहा र बदनियत राख्ने मुलुक भनेर चिनिएका हुनाले समूहमा उपस्थित भएर खुला संवाद नगर्न छलिएका हुन् । हीनताबोधभित्र प्रदर्शनकारी उच्चताबोधको संकेत हो यो । यति मात्र पनि होइन, यिनले छिमेकीप्रति गरेको दुर्व्यवहार र घातक कदमले गर्दा कसैले यसबारे प्रश्न गर्ने मौका नपाओस् भनेर नै यी जलपानमा देखा नपरेका हुन् । अन्यथा अमेरिकाजस्तो भूमिमा टेकेपछि लुक्नुपर्ने, काम्नुपर्ने, छलिनुपर्ने र डराउनुपर्ने कारण के होला र अर्को ? त्यसैले प्रदर्शनकारी उच्चताबोधभित्रै हीनताबोधको उत्पीडन खपेर यी प्रतिनिधिहरू यो परिवेशबाट पन्सिएका हुन् ।

मुक्त संवाद चल्दैरह्यो :

'कतै बजार गर्न गए होला । नागरिक गरीब भए पनि नेता धनी छन् । यिनको शपिङ ठूलै हुन्छ । यो सुमेरूद्वीपका जनप्रतिनिधिहरूमा भेटिने आम सोख हो, आम रोग । कुनै पथ्यबाट सुधार आउनेवाला छैन र नेपाल पनि अछुतो छैन ।' एउटाले परिहासमा यथार्थ खोल्यो ।

'हो, यिनीहरू त न्वारान, पास्नी, पाँच ग्रेडका बच्चाको पेंटिङ ग्राजुएशन, वनभोज र विवाह भोजमा देखिन, नमस्ते खान, फोटा खिचाउन र माइक समाउन पुग्छन्- मूलबाटो छाडेर ।'

अर्काले इतिहासका भिल्का टिपेर थप्यो- 'राष्ट्र, पद र दायित्व सजिलै बिर्सिदिन्छन् । फेरि राजदूतको भन् के कुरा गर्ने !'

'तपाईंले त दूतकर्मप्रति व्यङ्ग्य गर्नुभयो नि !' दुर्मुख बोल्यो ।

'अहिले सुमेरूद्वीपको प्रतिनिधि यहाँ भएको भए यस्तो भन्न सकिने थिएन । मौका मिल्यो ।'

'भन्नै नसकिने र सुन्नै नमिल्ने कुरा त अझ के छ भने यिनले आफ्नै मातृभूमिमाथि गरेकोजस्तो बलात्कार र नग्न व्यवहार अरू देशमा देखिंदैन । यिनले देशमाथि गरेका अकर्महरूका दृश्य र घटनाहरू ऐतिहासिक ढंगले श्रृंखलाबद्ध भैसकेका छन् । यस्ता कुरामा त सुमेरूद्वीपलाई नेपालले मात्र उछिन्न सक्छ । किनकि अपराध र अकर्ममा आज नेपालकै नाम अगाडि छ ।'

'हो नि, आफ्नो देश आफैंले भत्काएर, आफ्नो देश आफैंले लुटेर, अनि आफ्नो देशमा आफैंले विदेशी शक्तिको हस्तक्षेप निम्त्याएर राज्यविप्लवको स्थिति ल्याउन राजनीतिक उद्योग चलाउने प्राणी कि त सुमेरूद्वीपमा छन् कि नेपालमा । प्राकृतिक स्रोत बेच्न त नेपालबाटै सिकेको हो सुमेरूले ।'

'अवश्य, यसमा शंकै छैन । यहाँसम्म कि राष्ट्रको संपत्ति लुट्न र नागरिकलाई ढाँट्न पनि सुमेरूले त्यतैबाट सिकेको हो ।'

'म एउटा कुरा भनौ है ! न्याय, सुरक्षा, शान्ति र शिक्षालाई महत्त्व दिने राज्य-शासन भयो भने उन्नति गर्न खासै समय लाग्दैन । किन्तु अनुशासन र दायित्वका साथ यथार्थमा टेकेर अघि बढ्न सक्नुपर्छ । परामर्श संसदले निर्देशन पनि दिनसक्छ र सुनियोजित गर्न पनि । बस्, राजनीतिक पात्रमा दृष्टि, विवेक वा चरित्र रहनुपर्छ कि भन्ने लाग्छ ।'

'म पनि यसैमा अलिकति थपौं है ।' अर्काले जोड्यो- 'राजनीतिले ल्याएका अप्ट्याराहरू यदि माटो र जीवनसम्म पुगे भने तिनको निवारण त्यति सजिलै हुन सक्तैन । जस्तो नेपालकै संदर्भबाट हेरौं : दलहरूले बदलाको भावनाले सत्ता भोग गरेर साझेदारी पनि जनाए । अनि गरे के ? बस् आफू, आफ्ना र दललाई कुबेर बनाए । व्यवस्था र देश भन्नु त कमाई खाने माध्यम मात्र हुन् । अनि परिणाम के भो ? उद्योग/कल कारखाना बेचिए । युवाशक्ति विदेशिए, राम्रा युवती युवागृहमा पुऱ्याइए, कृषि उत्पादनमा ह्रास आयो । विदेशी नागरिक भित्र्याएर वैधता प्रदान गरियो । शिक्षामा भाँडभैलो आयो । स्वास्थ्यमा छल र व्यापार चल्यो । सरकारभन्दा डाका बलियो भयो । न्यायालय शक्तिहीन

पारियो । सुरक्षा निकाय विकलांग हुनपुग्यो । दस्युको पूजा भो र सज्जनको दुर्दशा ।'

'सत्य भन्नु भो ! म पनि देख्दै छु, राजनीतिक मुखिया विदेशीको हातमा नबिकेको भए देश धरापमा पर्ने थिएन । यहाँसम्म कि न संस्कृतिको सुरक्षा गर्न सके न जीवनको । प्रतिदिन देशको सीमाना मिचिएको छ, नेता बोल्दैन । सीमानाभित्र पसेर विदेशी सेनाले आफ्ना नागरिक मारेको मा-यै छ, राजनीतिक प्राणी मुख खोल्दैन ।' अर्काले थप्यो ।

'मेरो चाहिं फरक भनाइ छ- सुमेरू र नेपाल नाम मात्रका देश हुन् । के भाषा र झण्डा हुँदैमा देश भएको ठहर्छ ? संविधान संशोधन पो हुन्छ, कामै नलाग्ने हुन्छ ? जलाउन मिल्छ ? मान्दिनँ भन्न सकिन्छ ?'

'म चाहिं के भन्छु भने आफ्नो स्वाभिमान र स्वतन्त्र अस्तित्व कायम गरेर बाँच्नुपर्छ । यसका लागि राजनीतिले अर्काको गुलामी गरिरहनु पर्दैन । त्यसैले सन्तुलन, समन्वय, परस्पर सद्भाव र आत्मविश्वासले अघि बढ्नुपर्छ । छिमेकीसँग छिमेकीकै भावले व्यवहार गर्नुपर्छ । बिरालो सानु भए पनि कमजोर छैन है । आत्मरक्षा गर्नसक्छ ।'

'अँ अब एउटै वाक्य, त्यसैले राज्यविप्लव निम्त्याउन झण्डा, संविधान र भाषाजस्ता मूर्त कुराले रोक्तैन । यी त देखिने दाँत मात्र हुन् । भित्री दाँतले धेरै कुरा खाइसकेको छ ।'

'त्यसो भए इंडियालाई डर छैन त ?'

'सर्वशक्तिमान सिंह पनि डराउँछ, इंडिया के हो ? लिंगद्वीप के हो ? नाथु !' इंडियाले नेपालको तराईमा आगो लगाउँछ भने नेपालले पनि सेवेन सिस्टर चीनको हो- दक्षिण तिब्बत भनेर उकासे भैगो नि ! बस् बराबर !'

अर्थात् ?

'पख पख, यसको उत्तर म दिन्छु र एउटै वाक्य बोल्छु र एकैपटक बोल्छु ।'

एकछिन उत्सुकता र रहस्य फैलियो र त्यसले शून्यता जन्मायो । अनि शून्यतालाई भर्दै वक्ताले भन्यो- 'बाज धेरै बढी भो भने त्यसको शिर पनि किचिन्छ र पखेटा पनि काटिन्छ ।'

'ल, उहाँ आउनुभयो- हाम्रो मित्र सुमेरूद्वीपको प्रतिनिधि !'

'आउनुहोस् । बस्नुहोस् । हामी तपाईंहरूकै कुरा गर्दै थियौं ।'

'तपाईं पनि आउनुभयो, हाम्रो बसाइ पनि सकियो !'

'साथीहरू, उठौं ।'

चमेना बैठक उठ्यो- गोल टेबिलबाट ।

o o

बिहानको भ्रमणमा एउटा ज्ञानवृद्ध-अनुभववृद्ध सदस्यले सुमेरूको प्रतिनिधिलाई सांकेतिक भावमा सदाशय राख्दै भने- 'मित्र, कुतुबमिनारदेखि सिंहदरबारसम्म इंडियाले नेपालको प्रधानमन्त्री हिंडेर जाने राजमार्ग बनाउँछ रातो तुल ओछ्याएर । तपाईंलाई थाहै छ एउटा रेखाङ्कन मात्र गरिएको हुन्छ, अर्को निर्माणाधीन हुन्छ, अर्को तुल ओछ्याइसकेर प्रधानमन्त्रीको स्वागतमा पर्खंदै हुन्छ । र प्रधानमन्त्री पदासीन भइसकेपछि त्यो भत्कन्छ । अर्को पटकको लागि पनि रेखाङ्कन, निर्माणाधीन र पूर्ण मार्गको आयोजना हुन्छ । जति पनि प्रधानमन्त्री नेपालमा हुन्छन् ती बोका हुन्छन् र बलि दिइन्छ । त्यसैले पूजा गरिन्छ । यही स्थिति लिंगद्वीपले सुमेरूद्वीपमा ल्याउँदैछ । अब कसरी जोगिनुपर्छ, चिन्तन गर है !'

'प्रधानमन्त्री आफ्नो ओहदाको प्रमाण-पत्र बुझाउन किन दिल्ली जान्छ ? किन आफ्नो संविधान अर्काका स्वीकृतिमा परख गर्छ र नेपालभैं बिस्तारै अस्तित्वविहीन किन हुँदैछ । राजनीतिक व्यक्तिको मतिभ्रम भएपछि राष्ट्र रहन्छ र ! नेपालको पतनबाट सुमेरूद्वीपले पनि पाठ सिक्नुपर्छ कि भन्छु !'

उसले मनमा भन्यो- 'नेपालीले चाहेको संविधान त्यो होइन क्यार !'

मलाई लागेको कुरा भनौं है- 'म त नेपाल संयुक्त भारतमा पर्छ कि पस्छ कि भन्ने दुःस्वप्न देख्न थालेको छु । तर तिम्रो देशको लागि त्यस्तो दुःस्वप्न कसैले देख्न नपरोस् है ।'

ज्ञानवृद्ध, अनुभववृद्ध मित्रका कुरा सुनेर पनि सुमेरूद्वीपको प्रतिनिधि भिजेको बिरालोभन्दा भिन्न थिएन । मानौं सम्पूर्ण तेज र उत्साह कतै फ्याँकेर आएको हो- नीरस, उद्विग्न । साँच्चै लामो पराजय भोगेर थन्किएको प्रतिपक्षको कथित मुखिया जस्तो ।

ज्ञानवृद्ध वक्ता भन्दै थिए- 'विद्यार्थीहरूको माग-प्रस्तावले हाम्रा लागि राम्रै परिणाम ल्याउला, आशा गरौं । तर म सुमेरूद्वीपको भलाइका लागि तिमीलाई प्रस्तावको भावले भन्छु : अपराधीलाई जनप्रतिनिधि हुन नदेऊ, रोक । जनप्रतिनिधिले घातक कर्म गऱ्यो भने उसलाई प्रत्याह्वान गर्ने कानून ल्याऊ । देशको मुखिया एक पटक मात्र हुन पाउने विधान बनाऊ । योग्यताको आधारमा प्रतिस्पर्धाको प्रणाली विकास गर । आरक्षण हटाऊ र क्षमता

वृद्धिको मौका देऊ । दण्ड र पुरस्कारको व्यवस्था गर । विदेशी शक्तिलाई न निम्त्याऊ । समाजसेवाका निकायमाथि निगरानी राख । देश जनताको हो, डाकाहरूले बहानाबाजी गरेर लुटिखाने भाँडो होइन । अब ब्युँझने वेला भो, उठ । ट्वाइलेट पेपरको युगमा पस ।...'

सुमेरूद्वीपको प्रतिनिधि सपनाबाट ब्युँझ्यो र गुन्यो- 'बूढाले मेरा आँखा खोलिदियो । सीधा कुरा भन्न नसकेर सपनामा भन्यो । म ऋणी छु । कत्रो सद्भाव छ सुमेरूद्वीपप्रति, वाह !'

❖❖

६

हो, गोलेको वक्तव्यले विश्व राजनीतिक संसदमा आगो सल्कायो र संचारले हावा दियो । परिणाम के भयो भने ब्रिटेन अप्ठ्यारोमा पऱ्यो । चीन चनाखो देखियो । भारत काम्न थाल्यो । श्रीलंका गम्भीर देखियो । पाकिस्तान रोमाञ्चित भयो । भूटान र नेपाल आशावादी देखिए । अरू धेरैले कान ठाडा पारे । जर्मनी र सोभियत रूसले आँखीभौं उचाले । फ्रान्स मुस्कुरायो । तर छायाँ संसारमा कतै आशंका फैलियो र कतै भय, अनि कतै उत्साह ।

यता, संयुक्त राष्ट्रसंघको अधिवेशनमा मूल विषय चर्चामा आउनै सकेन । अपितु अधिवेशनभित्र ब्रिटेनको नागरिकले बोलेको कुरालाई इतिहास, संस्कृति, नीति अनि भूगोल र समयको कसीमा राखेर विशुद्ध मन्थन शुरू भयो । फलतः यस पटक अधिवेशन साँच्चै नै केन्द्रीय विषयबाट विरत भयो र अवान्तर प्रसंगलाई मूल विषय बनाएर मीमांसा गर्न पुग्यो ।

यस बीच भन्नै एक महिना विश्व राजनीतिक मञ्चमा संचार माध्यमको दबदबा रह्यो । अमेरिकाको राष्ट्रपति चुनावको अभ्यासलाई यस घटनाले वेलावेला स्मरण गराउँथ्यो भन्ने निष्कर्ष टिप्पणीकारहरूको थियो ।

एम. गोले ब्रिटेनमा निकै अग्लो भएर आयो । ब्रिटेनको संचार माध्यममा मात्र होइन विश्व संचार माध्यममै गोले नायक देखिंदै गयो । त्यसै पनि ब्रिटिश संचार माध्यम र प्रकाशनको आधिकारिक पक्षलाई अरूले उछिन्न सकेनन् । त्यसैले होला गोलेको संदर्भले पाठकको संख्या धेरै प्रतिशत बढेको थियो ।

समसामयिक गतिविधिले पनि महारानीको बिमारी बढाउँदै थियो ।

गोलेको भनाइलाई लिएर ब्रिटेनको संसद गम्भीर भयो । विभिन्न शीर्षक र प्रश्नोत्तरका माध्यमबाट पनि विशद मन्थन भयो । वस्तुतः गोलेले उठाएको सन्दर्भले ब्रिटेनको संसदको महँगो समय पूरा एक साता खाइदियो । संयुक्त अधिराज्यले यसलाई अपूरणीय क्षति भएको ठहर गऱ्यो ।

एकसाताव्यापी मन्थनपछि संसदले महारानीको स्वास्थ्यबारे जानकारी लिंदा उनी सधैंजसो दोहोरिएर आउने सपनाका दृश्य र घटना सुनाएर भावुक बनाउँथिन् र बयान दिइसकेपछि स्वयं विचलित अवस्थामा पुगेर शिथिल हुन्थिन् । श्रोतावर्ग चकित हुन्थ्यो ।

महारानी अस्वस्थ भएको कारणले पनि संसदमा अस्थिरता र अकर्मण्यता पसिसकेको थियो । अब सचेत नागरिक अतीततर्फ हेरेर आश्चर्य मान्न थाल्यो ।

आफैंले हुर्काएको हीनताबोध र आफैंले ग्रहण गरेको पश्चात्तापले महारानी अशक्त भएकी हुन् भन्ने जानकारी भएपछि मनोचिकित्सकहरूले उनका कामना पूरा गरिदिएर उनलाई निरोगी गराउने सल्लाह अघि सारे ।

किन्तु पत्रकार र संसदको धारणा थोरै फरक थियो । महारानीको सुस्वास्थ्यका लागि राजनीतिक चिकित्सकहरूले नै युद्धस्तरमा राजनीतिक गतिविधि देखाउनुपर्ने विचारको दबाबपूर्ण संप्रेषण दिन पछि परेनन् । अझ वैज्ञानिक ढंगले समाधान खोज्नुपर्ने निर्देशनमूलक प्रस्ताव उपस्थित गरे ।

समयमा तत्परता देखाउन नसकेको खण्डमा महारानीको मनोसन्तुलन समाप्त हुने संभावना टार्न नसकिने कुराको संकेत दिएर भने- 'त्यस्तो स्थिति आउनुअघि रोगको कारण र त्यसको उपचारको उपाय स्वयं महारानीबाटै निर्दिष्ट हुन सक्छ ।'

पछि मनोचिकित्सा विभागले नै महारानी स्वप्न-पीडाबाट पीडित हुनुभएको र आफैंले पालेको रोग भएको हुनाले मनबाट भय र कातरता समेत हटाउनुपर्ने कुरामा जोड दियो । हरेक पक्षबाट उनको मनोदशा अध्ययन गर्ने र मनोविचलनको हेतु पत्ता लगाउने काम पनि उपचारसँगै शुरू भयो । नभन्दै स्वप्न-पीडा र यसको पृष्ठभूमिको जानकारीका लागि विशेष तत्परता लिने व्यवस्था हुने भयो ।

एउटा झिनु प्रश्न र कमजोर तर्क एउटा वृद्ध परिचारकले आफैंभित्र गऱ्यो- 'महारानीको रूचि अनुसार राखेका, सजाएका सबै वस्तु यथास्थानमा त्यत्तिकै छन् । कतै कुनै न्यूनता आएको छैन । अँ, केवल मैनाको पिंजरा छैन । त्यो बिमारीको कारण हुन सक्तैन । किनभने मैना पहिले पनि थिएनन् र अहिले पनि छैनन् । बीचमा केही समय यहाँ थिए ।' उसले सामान्य ढंगले निष्कर्ष निकाल्यो- 'दरबारका लागि, महारानीका लागि पिंजराका चराको कुनै

अर्थ छैन ।' अनि उपसंहार गऱ्यो- 'गाउँले केटाकेटीले भेट-उपहार गरेको मैना ! बस् त्यत्ति न हो ।'

महारानीको उपचार गर्ने क्रममा, बैठकको दराजभित्र सजाएको एउटै फ्रेमभित्रका चारवटा फोटामा चिकित्सक टोलीको दृष्टि पऱ्यो । एउटामा चराको पिंजरा बोकेका दुइटी बालिका सांस्कृतिक परिधानमा सुशोभित देखिन्थे ।

महारानीको उपचारको क्रममा फोटाको स्रोत र संदर्भमाथि पनि प्रश्न उठ्तै गए । अनुमान गर्ने आधार थियो फोटो-श्रृंखला । त्यसैले फोटो र त्यसका दृश्यहरूमा केन्द्रित रहेर खोज अनुसन्धान आरम्भ भयो ।

❖❖

७

जुन दिन संयुक्त राष्ट्रसंघमा विद्यार्थीहरूले उपनिवेशकालमा गरिएका गलत काम र अविवेकपूर्ण व्यवहारप्रति आलोचनात्मक टिप्पणी गर्दै सुधार गर्न र क्षतिपूर्ति दिन दबाब दिएर गए, त्यस दिनदेखि राजनीतिक बजारमा मन्थन र कम्पन शुरू भयो । उपनिवेशका मुखियाहरू चिन्तित भए ।

आजसम्म असंगत र बर्बरतापूर्ण ढंगले गरेका घातक निर्णय थाम्दै र स्वीकार गर्दै आएको राजनीतिक चरित्रमाथि असल शब्दमा कठोर प्रहार र तीव्र भर्त्सनाले देश देशान्तरसम्म महत्त्व पाएपछि यसै सन्दर्भलाई आकलन गरेर 'सत्ता बजार' ले माइकल गोर्खाको एउटा लेख प्रकाशित गऱ्यो । यसले अन्तर्राष्ट्रिय राजनीतिमा अर्को लहर थप्यो ।

माइकल गोर्खाका लेख पढेपछि उनका पाठक बौद्धिक तथा मानसिक दुवै तहबाट परितृप्त, परिपुष्ट हुने गर्थे ।

माइकल गोर्खा अक्सफोर्ड विश्वविद्यालयका रिटायर/अवकाशप्राप्त प्रोफेसर हुन् । उनको जन्म धरानको घोपा क्याम्पमा भएको हो, बुद्धको देशमा । भन्छन्, विद्वानहरू देश र कालको परिधिभन्दा माथि हुन्छन् । यी राष्ट्रका दीप हुन्छन्, जातिका स्वाभिमान हुन्छन्, नयाँ युगका प्रवर्तक हुन्छन् । समाजका गहना हुन्छन् । मानवीय तत्वका प्रवक्ता हुन्छन् । स्वस्थ सपना देख्छन्, तेस्रो दृष्टि खोल्छन्, दूरदर्शी हुन्छन् र भविष्यबोध गर्छन् ।

प्रोफेसर गोर्खा वाणिज्य, कानून र परराष्ट्र मामिलामा अतिरिक्त दक्षता राख्तछन् । उनका लेख, संभाषण (टक), अन्तर्वार्ता भनेपछि ज्ञानपिपासु र दृष्टिकामीहरू खोजेर, मागेर, पुगेर, किनेर, प्रतिलिपि गरेर वा स्थानान्तरण गरेर हेर्थे, पढ्थे, सुन्थे र सिक्थे । प्रोफेसर गोर्खाको विचार एउटा नसिलो पदार्थ सरह थियो- लिपि र ध्वनिबाट ग्रहण गरिने । रोगी टिप्पणी गर्नेहरू भन्लान् रोगी संसारको पृथक् जन्तु हो- प्रोफेसर गोर्खाको अनुयायी । जान्दैन, कोही जान्दैन, प्रोफेसर गोर्खामा शायद विवेकानन्द प्रकट हुन्थे अथवा आचार्य रजनीश या भनौं- चाणक्य । अथवा कालजयी बुद्ध, पृथ्वीनारायण शाह,

भीमसेन थापा वा गान्धी, विश्वेश्वर र योगी नरहरिनाथको अनुमानसम्म गर्न सकिन्छ- पुनर्जन्मको स्वीकृत व्यवस्था र व्याख्याबाट !

हो, ज्ञानमार्गीहरू उनीप्रति गुरूभाव वा आचार्यभाव राखेर उनका विचार सुन्थे, गुन्थे, ग्रहण गर्थे र व्यवहारमा लैजान्थे । बौद्धिक-राजनीतिक चिन्तन बोक्ने टाउकोमा उनका विचारले एउटा न एउटा गम्भीर तत्व-चिन्तन प्रक्षेपण गर्दथ्यो । यो अनुभवजन्य वस्तुगत तथ्य थियो ।

केका प्रोफेसर गोर्खाको व्यक्तित्व र कलमसँग राम्रै परिचित थिई । परिचित मात्र होइन प्रभावित पनि थिई । आफ्नो बौद्धिक ऊर्जा प्रोफेसर गोर्खाका विचारहरूबाट पोषित भएको तथ्य ऊ स्वीकार गर्थी । हो पनि, अग्रज विद्वान र तिनका कृतिहरू गुरूपदमा रहेर सधैं जीवन्त र सार्वभौम विचार बाँडिरहेका हुन्छन् भन्ने धारणा ऊ राख्तथी ।

'सत्ता बजार' मा प्रकाशित प्रोफेसर गोर्खाको 'ब्रिटिश उपनिवेश : जोड-घटाउ' शीर्षकको लेखभित्र ऊ विशेष शब्दावली रेखाङ्कित/हाइलाइट गर्दै थिई पुस्तकालयको विशेष अध्ययन कक्षमा बसेर ।

'ब्रिटिशले शासन गरेका मुलुकहरू अँध्यारोबाट उज्यालोमा आए । अशक्तबाट सशक्त भए, हीनताबाट समृद्धिमा पुगे । असभ्यबाट सभ्य भए अनि अज्ञानताबाट विज्ञतामा पुगे ।'

'ब्रिटिशले चेतना बाँड्यो, दृष्टि दियो, अनि आत्म-विश्वासको बुटी बाँधिदियो ।'

'ब्रिटिशले धेरै कुरा लियो भन्छन्, दोहन गऱ्यो भन्छन् त्यो आंशिक सत्य अवश्य हो, पूर्ण सत्य होइन, किनभने यदि आज पनि पुनर्मूल्यांकन गर्ने हो भने ब्रिटिशले लिएकोभन्दा कैयौं गुना बढी दिएको देखिनेछ । र ब्रिटिशले जुन कुरा दियो त्यो गुणात्मक स्तरले निरन्तर वृद्धि हुँदैछ र निरन्तर ऊर्ध्वगामी रहेको छ । सत्य कुरा छोपिँदैन र छोप्नु पनि हुँदैन ।'

उदाहरण कतैबाट पनि दिन सकिन्छ । संसारका अधिकांश देशमा ब्रिटिशको संप्रभुता रहेको थियो । फेरि पनि म अहिले, यस लेखमा एशियाको कुनै एउटा मुलुकलाई उदाहरणको रूपमा लिन्छु, किनभने, लामो समयदेखि यो संदर्भ त्यतै केन्द्रित रहेको देखेको छु ।जस्तो इंडियाकै कुरा गरौं र थोरै शब्दमा भनौंः

'भारत ब्रिटिशको ऋणी छ, भारतले ब्रिटिशबाट त्यत्रो इंडिया पायो । यो उपकार वा ऋणबाट इंडिया उऋण हुन सक्तैन ।'

'शब्दका किला ठोकेर र तर्कको तार तन्काएर इंडिया भारतवर्षको सीमातीत विस्तार देखाउँछ, सांस्कृतिक सीमासँगै राजनीतिक सीमा तोक्न

खोज्ने असंस्कृत चिन्तनमा अझै सुधार आउन सकेको छैन । कसरी सुसंस्कृत ठान्नु असंस्कार ग्रस्त जीवन शैलीलाई ?'

'अनेकौं राजा र राज्यविधिमा बाँडिएका अनि पृथक्-पृथक् पहिचान राख्ने देशहरूलाई जोडेर एउटै इंडियाको स्वरूप बनाएको ब्रिटिशले नै होइन र ! त्यत्रो विशाल इंडिया क्रिएट गरेर इंडियनको हातमा सुम्पन सक्ने ब्रिटिशलाई फेरि लाज्छना किन ?'

'इंडियासँग स्थायी रूपले रहेको अज्ञान, अभाव, अविवेक तथा असहिष्णु, बर्बर-जंगली र अदूरदर्शी जीवन पद्धतिकै कारण ब्रिटिश त्यहाँ पुगेको होइन र ! त्यस्तो जीवनस्तरलाई उजिल्याउन र समृद्धितिर लैजान के चाहि गरेन ब्रिटिशले ? त्यसको गणित गर्न फुर्सत कहाँ छ इंडियालाई !'

'ब्रिटिश आज पनि, इंडियाका सन्दर्भमा, हामीले नै इंडियाको भौतिक स्वरूप निश्चित गऱ्यौं र हामीले नै शिक्षाको दीयो बालेर अन्धकारबाट बाहिर निस्कने बाटो देखायौं भन्न संकोच मान्दैन । आजको युगमा दुनियाँसँग कुम जोरेर हिड्ने र बोल्ने चेतनाको विकास युगीन शिक्षाकै कारण संभव भएको होइन र ! इंडिया कसरी मेट्न खोज्दै छ यो ऐतिहासिक तथ्य ?'

'यसका लागि ब्रिटिशले प्राथमिक तहदेखि उच्च, उच्चतर-उच्चतम अर्थात् अनुसन्धान तथा विद्यावारिधि र महाविद्यावारिधिसम्मको पढाइ र उपाधिको आधिकारिक व्यवस्था गरेको हो । यसै धारामा अन्तर्राष्ट्रियस्तरमा गनिने उद्भट विद्वानहरूको श्रृंखला निर्माण भयो जसको आधिकारिक ज्ञान र दृष्टिकोणमाथि कुनै द्विविधा रहेन, छैन ।'

'युगीन परिप्रेक्ष्यमा भौतिक वैज्ञानिक तथा प्राविधिक क्षेत्रको शिक्षामा सकेसम्म विशिष्टता दिएर पूर्ण गराइन्थ्यो । फलतः चिकित्सा शिक्षा र यससँग सम्बन्धित अन्य शैक्षिक उत्पादन र प्रायोगिक विधि-प्रविधितर्फ पनि हाम्रो जागरूकता युगीन रहेयो ।'

ऊ अझै रेखाङ्कित गर्दै गई :

'त्यस्तै संचार व्यवस्था र यातायातको क्षेत्रमा, शहर विकास र औद्योगिकीकरणको क्षेत्रमा, मुद्रण र प्रकाशनको क्षेत्रमा, कानून-व्यवस्था र सैनिक प्रशासनको क्षेत्रमा, राज्य-शासन र कूटनीतिको क्षेत्रमा ब्रिटिशले जुन लगानी गऱ्यो त्यसको हिसाब इंडियाले गर्नैपर्छ ।'

'अझ अंग्रेजी भाषा र ईसाई धर्मको विकासमा ब्रिटिशले गरेको योगदानलाई हेर्दा ब्रिटिश जहिले पनि अग्रगण्य र सर्वोपरि देखिने छ ।'

'कदाचित् ब्रिटिशले कपी-राइट वा लगानीको न्यूनतम सुविधा अर्थात् आयको केही प्रतिशत माग गऱ्यो भने अनुचित के होला र ! ब्रिटिश कुनै पनि वेला इंडियासँग यस्ता कुरामा अधिकार प्रयोग गर्न सक्छ ।'

'इंडिया जान्दछ- ब्रिटिशले चाह्यो भने, ब्रिटिश इंडियाले लिएको नेपालको भूमि सजिलै फर्काइदिन सक्छ । इंडियाले नैतिक दृष्टिले फिर्ता गर्न सकेन भने भौतिक अभ्यास मार्फत फिर्ता गराइदिनु पर्छ । त्यो कर्म ब्रिटिशको नैतिक दायित्वभित्रै पर्छ । त्यो अधिकार ब्रिटेनसँग सुरक्षित छ ।'

'छिमेकमा चीन र पाकिस्तान पनि छन् । इंडिया यो बिर्सन्छ ।'

'संयुक्त राष्ट्रसंघमा विद्यार्थीहरूले जुन माग गरे, म त्यसको विरोधमा छैन । युग धेरै अगाडि बढिसक्यो । गल्ती सुधार्नैपर्छ ।'

'फर्कने वेलामा ब्रिटिशले सानो त्रुटि गरेको हो, शायद विवेक पुगेन । ब्रिटिशले लिएको नेपालको भू-भाग (मैदानी भाग पनि र दार्जिलिङ क्षेत्रको उच्च-भूभाग पनि) नेपाललाई फिर्ता दिएर आउनु पर्ने थियो । शायद विद्यार्थीहरूको मागले यसैतर्फ पनि इंगित गर्ला !'

'र लिंगद्वीपबाट पनि सुमेरूद्वीपले आफ्नो भूभाग फिर्ता पाउनुपर्छ । ब्रिटिशले अर्काको भूभाग लिएर कुनै तेस्रो तत्वलाई दिन सक्तैन । यो अधिकार ब्रिटिशसँग छैन । एउटाको उपनिवेशलाई अर्काको उपनिवेशमा पारेर ब्रिटिशले गलत गऱ्यो । त्यो तुरुन्त सच्याउनु पर्छ ।'

'पाकिस्तान र इंडियाबीच जुन द्वन्द्व चल्छ त्यसको कारण शायद ब्रिटिश हो एक अर्थमा । किनभने धरतीको असमान विभाजन नै द्वन्द्वको मुख्य हेतु हो भन्ने मैले ठानेको छु । यद्यपि त्यस द्वन्द्वले पश्चिमी मुलुकको व्यापार र भोजन पनि जुट्ने गर्छ र विचार-व्यवहारको मूल्य पनि मिल्ने गर्छ । किन्तु यो रक्तपातको परंपरा त्यहाँ अब टुँग्याउनुपर्छ ।'

'म देख्दैछु, इंडिया जस्तै लिंगद्वीप पनि आफ्ना छिमेकीको रक्षक भएर बस्न चाहँदैन, केवल उत्पीडन दिन र भक्षक बन्न खोज्छ भने ऊ अवश्य पराजित हुनेछ, खण्डित पनि । त्यो योग पनि आउँदैछ किनभने राजनीतिक पञ्चाङ्ग यही सत्य देखाउँदै छ ।'

'हो, सिंहनाद सुनेर मूर्च्छित हुनपुग्ने लोमडियाले आफूभन्दा सानालाई हेप्न, अप्ठेरो पार्न वा तेजोबद्ध गर्न खोज्छ भने उसले आफूमाथि हुने प्रहार पनि मौनतासाथ स्वीकार गर्नैपर्छ ।'

'त्यसैले इंडिया कुशल र अखण्ड रहन चाहन्छ भने उसले अर्काको आन्तरिक मामलामा हस्तक्षेप गर्न घोडालाई दाना दिन छोड्ने मात्र होइन

परपीडनबाट आत्मरति गर्न पनि छोड्नुपर्छ । अब यति मात्र अनुरोध गर्न मिल्छः इंडिया उपनिषद्का यी पङ्क्ति मनन गरोस्ः मा विद्विषावहै । प्राणियों में सद्भावना हो, विश्व का कल्याण हो ।'

'सत्ता बजार' पत्रिकामा प्रकाशित लेखका यी अंश रेखाङ्कित गरेर केकाले लामो सास तानी र आँखा चिम्ली । एकछिन सुस्ताई र मनमन गुनी 'चीनले सेभेन सिस्टर्स चाँडै फिर्ता लिंदैछ, यस कुराको संकेत यत्रो लेखमा किन भएन । त्यो त चीनको सांस्कृतिक क्षेत्र हो नि ! जनता पनि चीनकै पक्षमा छन् । आखिर चर्चा किन भएन ? जति इंडियाले नेपालमा चलखेल गर्छ उति नै चीनले असजिलो थपिदिन्छ । तर इंडिया मदान्ध छ । आँखा खोल्दैन । खण्डित भएपछि होश लेला ।'

❖❖

८

यो साता र गएको साताका पत्रपत्रिकाहरू केकाका अगाडि अस्तव्यस्त थिए । चाहेका र पाएका सबैजसो प्रकाशनमा उसले सर्सर दृष्टि घुमाई । विशेषतः राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका समाचार शीर्षकहरू ऊ छुटाउँदिन थिई । यो रूचि उसको दिनचर्या जस्तै भइसकेको थियो । यथार्थतः उसको विद्यार्थी जीवन एक प्रकारले, औपचारिक रूपमा टुँगिइसकेको थियो फेरि पनि पुस्तकालय र पत्रपत्रिकासँग हुने अटूट सम्बन्ध र आकर्षणले उसलाई पछ्याउन छोडेको थिएन । त्यसैले होला ऊ आज पनि कलेजको पुस्तकालयमा नै थिई ।

विद्यार्थी जीवनमा एम्बेसडर हुँदा उसले जे जति सद्भाव र सहयोग पाएकी थिई, जति संपर्क बनाएकी थिई र जति मित्रता गाँसेकी थिई ती फाँटहरू उसका लागि आत्मबल बढाउने ऊर्जा-केन्द्र र मानस-चौतारी भएका थिए । त्यसैले विश्वविद्यालयको परिवेश उसका निमित्त शरद र वसन्त नै भएर रह्यो ।

फेरि ऊ जुन संसारबाट त्यहाँ पुगेकी थिई, त्यस संसारकी ऊ आधिकारिक प्रवक्ता र विशेषज्ञ नै भएर देखा परेकी थिई । अन्तर्राष्ट्रियस्तरमा उसको हेराइ, बुझाइ अनि समस्याबोध र समाधानको सोच बिल्कुल नौलो र युक्तिसंगत मानिन्थ्यो । यसै कारण, उसको क्षमता देखेर बुद्धिजीवी मित्रहरू ऊसँग हार्दिक सद्भाव राख्थे र घनिष्ठता देखाउँथे अनि उसको बौद्धिक उच्चता र युगीन चिन्तनको प्रशंसा गर्दथे । प्रोफेसरहरू उसको विलक्षण प्रतिभाको कदर गर्थे अनि यस्ता जेहेन्दार विद्यार्थीहरूको गुरू हुन पाएकोमा गर्व र गौरवको अनुभव गर्थे ।

तर अमेरिकाको संसार अलिक पृथक् थियो । जानेरै मात्र केही नहुने, लेखेरै मात्र पनि नपुग्ने र बोलेरै मात्र पनि पर्याप्त नहुने हुनाले केही गर्नैपर्ने बाध्यता हुन्थ्यो । खास गरी नव-प्रवेशीहरूका लागि कर्मक्षेत्रको चयन त्यति सजिलो पनि थिएन ।

काममा संलग्न हुनासाथ धेरै कुरामा परिवर्तन आउँछ । स्थानमा, बसाइमा, मित्रतामा पनि घटबढ हुन्छ । फेरि पनि अमेरिका अनन्त संभावना र अविराम दौडको मुलुक भएको हुनाले हजारौं विकल्प र अनन्त पथ देखिने ठाउँमा ऊ उभिएकी थिई । त्यसैले पनि ऊ सानातिना समस्या र अप्ठ्याराहरूबाट आत्तिन्न थिई । बस् ऊ कर्ममा विश्वास गर्थी ।

उसले आँखा थाकेको अनुभव गरी र पत्रपत्रिकाबाट आँखा फर्काएर बिस्तारै नेत्रपट बन्द गरी ।

अब उसको चेतन आकासिंदै घुम्न थाल्यो । दुई साताभरि गोलेको भाषणले संचारको धेरै भाग ढाकेको हुनाले उसले आफ्नो चिन्तन त्यसैमा केन्द्रित गरी । केलाई- गोलेको संबोधन भाषणले बाजलाई तीर लागेको लक्ष्य गरी । हो नि, नत्र लिंगद्वीपको प्रमुख मर्यादा नाघेर त्यसरी किन चिच्याउँथ्यो ? मानसिक रोगीजस्तो एक्लै प्रलाप किन गर्थ्यो ? के विष नखाए पनि लाग्छ र ? हो खाइरहनु पर्दैन क्यार सुनेर पनि लाग्छ, सुँघेर पनि लाग्छ र घाउमा पनि लाग्छ । उसले आफैं प्रश्न गरी र आफैं उत्तर खोजी ।

उसका अगाडि पत्र-पत्रिका कोलाजशैलीमा छरपस्ट थिए ।

'गुड मर्निङ केका !' मेरील्यान्ड विश्वविद्यालयका प्रेसिडेन्ट एकजना अतिथिलाई साथ लिएर रिसर्च जोनमा देखिए र बिस्तारै केकाको छेउमा पुगे ।

'गुड मर्निङ सर ।' मर्यादाको निर्वाह गर्दै केका कुर्सीबाट उठी र विनयभावले अभिवादन गरी । 'मलाई बोलाउनुभएको भए म आफैं उपस्थित हुन्थें नि । सरले यहाँसम्म आउनै पर्ने थिएन ।' आफ्नो संस्कृति अनुसार उसले भनी ।

'मलाई पुस्तकालय पनि हेर्न मन लाग्यो । तिमीलाई भेट्ने रहर पनि पूरा हुने भयो नि, हैन र !' उनले थपे- 'जब म पुस्तकालयमा पस्छु, लाग्छ म जवान छु ।' एक पटक लामो सास तानेर भने- 'मैले पनि जवानीका धेरै महँगा दिनहरू पुस्तकालयमा नै बिताएको थिएँ, जसरी आज-भोलि तिमी बिताउँदै छ्यौ ।' वाक्य टुंग्याएर प्रेसिडेन्ट आफैं हाँसे र उनीहरूलाई पनि हँसाए ।

अब शान्त भावले औपचारिक शैलीमा आफूसँगै आएका व्यक्तिको परिचय गराउँदै उनले भने- 'उहाँ ब्रिटिश दूतावासको प्रथम सचिव हुनुहुन्छ, आज तिमीलाई भेट्न आउनुभएको हो ।'

'उनी अर्थात् केका, हाम्रो विश्वविद्यालयकी जेहेन्दार छात्रा ! उमेर धेरै नभए पनि उनको इतिहास अर्थात् जीवनवृत्त लामो छ । अनेक घटना र मोड छन् तर कर्मठ र हार नमान्ने युवती हुन् । बाँकी फेरि । तर नसर्कनु है केका !'

दुवैको औपचारिक परिचय गराएर प्रेसिडेन्टले हाँसोमा भने 'केका, शायद उहाँ तिम्रो पाठक हुनुहुन्छ क्यार । तिम्रा लेखले उहाँलाई प्रभाव पारेजस्तो छ ।' फेरि खुला हाँसोले परिवेशलाई चञ्चल र सजिलो पारेर उनी त्यहाँबाट निस्किए ।

केकाले प्रथम सचिवतिर फर्केर नम्रभावले भनी- 'हजुर, म के सेवा गरौं यहाँको ?' अनि विधि पुऱ्याउन थपी- 'यहीं कुरा गर्दा हुन्छ कि कतै... ?'

सचिवले भन्यो- 'यहीं ठीक छ । तपाईं पढ्दै हुनुहुन्छ, म धेरै समय लिन्नँ ।'

'हजुर !'

सचिवले सुरक्षित खाम दिएर भन्यो- 'मिस केका, तपाईं यी फोटाका बारेमा केही जान्नुहुन्छ कि भनेर म तपाईंसँग संवाद गर्न आएको ।'

फोटा हेरेर एकछिन गुनी, अनि आँखाभरि आँसु भरेर मौनता राखी । हर्ष र विस्मयको दोभानमा पुगेर ऊ गंभीर भई ।

सचिव केकाको मनोजगत र उसको अनुहारमा आएको परिवर्तन बुझ्दै थियो । त्यसैले पनि ऊ केकाको भावुकता र आर्द्रतालाई सहज भावले छचल्किन दिएर स्वाभाविक रूपले शान्त नभएसम्म संयम लिएर बस्यो । अनि यति मात्र भन्यो- 'सरी, मैले तपाईंलाई दुःखी बनाएँ क्यार !'

श्वास गतिमा परिवर्तन गरेर केकाले भनी- 'म जान्दछु । मलाई यी फोटाले मेरो अतीत, मेरो परिवेश र हाम्रो जीवनले भोगेको उत्पीडन र अवहेलनाको संस्मरण गराए । एकछिन त म निकै भावुक पनि भएँ । गहभरि आँसु र रूद्धकण्ठ हुनु भन्थे, एकछिन त म यस्तै भएँ ।'

'अनि यी चरा ब्रिटेनकी महारानीलाई उपहार भनेर महामहिम ब्रिटिश राजदूतज्यूका हातमा टक्र्याउँदा पनि मेरो र पीयूष दिदीको अवस्था यस्तै भएको थियो जुन म अहिले अनुभव गर्दैछु ।' एकछिन रोकिएर फेरि थपी- 'त्यसवेला त हामी प्रकटमा नै क्वाँक्वाँ रोएका थियौं, हामीसँग अरू पनि रोएका थिए ।' उसले उसवेलाको परिवेश उपस्थित गरी ।

'कैलालीका थारू कुमारीको पोशाक र ओलाङ्चुङ गोलाका शेर्पा कुमारीका पोशाकमा पिंजरा बोकेर उभिने म र पीयूष दिदी हौं ।' उसले एउटा फोटो हेरेर त्यसको व्याख्या गरी ।

सचिव मौन भावले सुन्दै रह्यो ।

'यो दोस्रो, हामीले नेपालका लागि महामहिम ब्रिटिश राजदूतज्यूलाई चराको पिंजरा हस्तान्तरण गरेको वेलाको फोटो हो ।' उसले अर्को फोटो बुझाई ।

'तेस्रो फोटो ब्रिटिश राजदूतावासबाट निरीक्षण भ्रमणमा आएका अर्थात् ब्रिटिश राजदूतले नेतृत्व गरेको ब्रिटेनको भ्रमण टोलीका साथमा सामूहिक रूपले लिएको हो र अर्को चाहिं हाम्रो दीन-हीन शरणार्थी गाउँको एक भागको नमूना फोटो हो भन्ने लाग्छ ।'

सचिवले केकाका कुरा एकाग्र भावले सुन्यो र मनमनै गुन्यो- 'केका निर्विवाद सत्य कुरा भन्दै छन् ।'

'यो त वस्तुगत कुरा हो । एउटा इतिहासको एक छिनको एउटा सानो र कृत्रिम मुद्रा यहाँ देखिन्छ र यो सर्वथा नाटकीय पनि हो । किनभने अतिथिहरूका लागि राम्रो गर्ने, राम्रो देखिने र राम्रो भनेर चिनिने एउटा यत्नपूर्वक गरिएको नाटक थियो- निश्चित उद्देश्यका लागि र निश्चित समयका लागि । त्यसपछि त्यो नाटक पनि सकियो र समय पनि फेरियो ! यसबारे तपाईंलाई धेरै कुरा उसवेलाका राजदूतले बताउन सक्नुहुन्छ, पहिलो चरणको कुरा । दोस्रो चरणको कुरा स्वयं महारानी भन्न सक्नुहुन्छ किनभने ती चरा उहाँकै साथमा हुनुपर्छ । तेस्रो चरणको कुरा अब म यहाँ छु, मैले पृष्ठभूमि यहाँलाई भनिसकें, र मेरो स्थिति बुझेरै यहाँ मलाई भेट्न आउनुभयो । अनि अब...?' केकाले प्रश्नभाव व्यक्त गरी ।

'अब म यी चराको विषयमा जान्न चाहन्छु ।'

'चरा त महारानीसँगै छन् नि ! चरासँगै साक्षात्कार गरे भैगो नि ! यसमा कुनै अप्ठयारो होला र !'

'अब ती चरा त्यहाँ छैनन् !'

'अनि ?'

'ती चरा त महारानी अजराले अमेरिकालाई उपहार दिई सक्नुभो । ती अहिले महामहिम राष्ट्रपति क्लिन्टन तृतीयको निवासमा हुनुपर्छ ।'

सचिवले सारमा समय र संदर्भसहित चराको हस्तान्तरणको इतिवृत्त संकेत गऱ्यो ।

'के ती तिनै चरा हुन् जुन शरणार्थी शिविरबाट महारानीका लागि उपहार भनेर दरबारमा ल्याइएका थिए ? के अरू चरा, त्यस्तै चरा महारानीले उपहार दिनसक्ने स्थिति रहन्न ? एउटै/उनै चरा बारम्बार उपहार बन्दै नेपालको जंगलदेखि गुरूदेवको गुरूकुल र ब्रिटिशको दरबार हुँदै अमेरिकाको राष्ट्रपति भवनसम्म पुगेका होलान् त ! उपहार घुम्नुको पछि पनि यत्रो रहस्य र इतिहास ! केही त छ, मान्नै पर्छ ।' केकाले आत्मकथन गरी ।

'यो विशेष संदर्भ हो, यसलाई केही गंभीरताले लिनुपर्ला ।' सचिवले आफ्नो विचार राख्यो ।

'यी सामान्य चरा होइनन् । विशेष दृष्टि, विशेष योग्यता र विशेष चेतना भएका चरा हुन् भन्ने लाग्छ ।' केकाले मनमन भनी अनि प्रकटमा बोली 'महाशय ! उपहारमा दिइसकेका चराको जानकारी अब किन चाहियो ? र महारानीलाई अथवा ब्रिटेनलाई किन खाँचो पऱ्यो । चरालाई कोहिनूर किन बनाउनु पर्छ ?'

'महारानीको बिरामीको पृष्ठभूमि, इतिहास र उपचारको विधि यिनै चरालाई थाह छ त्यसैले ।'

'अर्थात् महारानी बिरामी हुनुभयो भने यिनले उपचार गर्छन् या उपाय भन्छन् हैन त !' केकाले भनी । अनि प्रसंग फेरेर यति मात्रै थपी- 'त्यसो भए ती चरा कहिले उपहार भएर आए त्यो एक पटक वेभसाइटमा हेरौं । अथवा न्यूजपेपर पल्टाऊँ ।'

'जुलाई चारमा हो क्यार !' प्रथम सचिवले भन्यो ।

'त्यो दिन त हरेक साल आउँछ नि ! यो समाचार त पढेजस्तो लाग्दै छ मलाई पनि ।' केकाले मनमन भनी ।

जुलाई चारका दिन एक विशाल समारोहबीच ब्रिटिश राजदूतले अमेरिकाका महामहिम राष्ट्रपतिलाई संयुक्त अधिराज्य र महारानीका तर्फबाट चरा उपहार प्रदान गरेकै हो र राष्ट्रपतिले पनि स्वीकार गरेर उपहारका निमित्त धन्यवाद ज्ञापन गरेकै हो । यी बाहेक उपहार आदान-प्रदानको वेलाको चराको फोटो बाहेक अरू कुराको कुनै सूचना उनीहरूले पाउन सकेनन् ।

'त्यसैले अब प्रश्न यति मात्र हो, यदि राष्ट्रपति भवनमा चरा छन् भने ती उनै चरा होलान् जो बेलायतकी महारानीका तर्फबाट उपहारका रूपमा आएका हुन् !' केकाले सरल तर्क राखी ।

'हो, त्यो खोजको अर्को संदर्भ हुन सक्छ ।' सचिवले संदर्भ टुंग्याउने सोच राख्यो ।

पुस्तकालयको क्यान्टिनमा गएर चमेना गरिसकेपछि, छुट्ने वेलामा सचिवले केकालाई एकपटक संयुक्त अधिराज्य र महारानीका तर्फबाट लन्डन घुम्न अनुरोध गऱ्यो र महारानीले उसलाई पर्खिरहेको संकेत पनि गऱ्यो । अनि स्पष्ट शब्दमा भन्यो- 'एक पटक महारानीसँग तपाईंको भेटवार्ता होस् भन्ने हाम्रो कामना छ ।'

केका सचिवका कुरा सुन्न एकाग्रजस्तै थिई ।

उसले थप्यो- 'तपाईंको लन्डन यात्रा हाम्रा लागि ठूलो फलदायी र उद्देश्यमूलक हुनेछ भन्ने हाम्रो दृष्टिकोण छ ।'

उसले स्वभावतः विनयशील रहेर भनी 'महारानीले मलाई संझनु भयो । यही नै मेरा लागि ठूलो कुरा हो । फेरि यहाँ सरकारको प्रतिनिधित्व गर्नुहुन्छ । अवश्य, म चाँडै महारानीको सेवामा पुग्ने छु ।'

'त्यसो भए म लन्डन पुग्ने व्यवस्था मिलाउँछु ।' सचिवले आफ्नो निर्णय सुनायो ।

केकाले नकारात्मक भाव देखाइन । ऊ त्यस्तो प्रकृतिकी थिइन । किनभने आफ्नो जीवन-शैलीमा उसले ऋजुतालाई नै महत्त्व दिएकी थिई ।

लन्डन जानुपूर्व एक साँझ ब्रिटिश राजदूतको निमन्त्रणामा ऊ लंचमा पनि उपस्थित भई ।

❖❖

९

आफ्नो कक्षमा सधैं एक्लै हुन्थी केका । एक्लै हुँदाको व्यस्तता र त्यसमा खट्ताको मिठास र आनन्द अर्कै हुन्थ्यो, ऊ यतिखेर अनुभव गर्छे । अहिले सबै व्यस्तताहरू टुंगिएका थिए । त्यसैले उसलाई एक्लोपनले छोएको थियो । शायद हिजोसम्म उसले यस कुराको बोध गर्न भ्याएकी थिइन ।

हलुङ् छ आज उसको मन; गरूङ्गोपनको अनुभव लेश मात्र पनि हुनसकेको छैन । न मन कतै छ, न मस्तिष्कमा कुनै भार छ । उडेको छ कतै मन, शायद समाउने सूत्र छैन । थोरै, तोलाभरिको भार भए पनि गतिमा सन्तुलन आउँदो हो, सर्वथा भारमुक्त भए गति लर्बराउँछ कि ? बत्तिन्छ कि !

यस्तो हलुको क्षणमा हावा कुरा गर्ने रहर थियो उसलाई । सुषुप्त भनौं कि दमित ! यो इच्छा अहिले ब्युँझेर आएको थियो । सामान्य होइन, अलिक शक्तिशाली भएर प्रक्षेपित हुन खोज्दै थियो । हो, यस्तो क्षणमा साथी चाहिन्थ्यो- आत्मीय साथी, अन्तरङ्ग साथी, त्यो अहिले संभव थिएन ।

उसलाई आज तिघ्रा ठटाएर मुक्त शैलीमा कुरा गर्न मन थियो- हावा कुरा । शब्दकोशका सबै शब्द खर्च गर्नु थियो- भेद बिर्सेर ! छिनभर नीति र मर्यादा पनि बिर्सेजस्तो गर्नु थियो । एकैछिन भए पनि सबै रसमा प्रकट हुनु थियो अनि सबै भाव र संकेतमा मुखर हुनु थियो उसलाई, जसरी स्कूले जीवनमा आत्मीय साथीसँग खुल्ने, खेल्ने र रमाउने गर्थी ।

'मनै त हो, कहिलेकाहीं दीपक र अपह्नुतिको रंग घोलेर बतासिन मन लाग्छ, कहिलेकाहीं उत्प्रेक्षा र श्लेषमा पोखिन मन लाग्छ अनि कहिलेकाहीं प्रतीप र लुप्तोपमासँग खेल्न मन लाग्छ । के विभावनालाई अर्थान्तरन्यासको पगरी गुताएर उपसंहार दिन सकिन्छ ? सकिएला ! तर अनन्वय पारेर देखाउनु छ, भ्रान्ति कतै होइन । त्यसैले विषम अरूलाई दिएर संकर र उदात्तमा बोल्न लगाउनु छ- घुमाई-फिराई उत्प्रेक्षा र संभावना आफ्नै भागमा पारेर ।' उसको संवेग बोल्यो- 'अब सधैं मालामा बोलेर के गर्नु, औचित्य

प्रमाणित हुनैपर्छ । बिम्ब निजी स्वादका पोषक भएर टुंगिए पनि प्रतीक र मिथक त सार्वजनिक नै होलान् नि जातीय र देशीय भए पनि हैन र !' - ऊ एक्लै बोली आफैंभित्र ।

हावा कुराकै पखेटा लाएर उडेझैं उसको मन उड्यो । अकासियो । अव्यस्तताको निर्वाध लक्षण होला यो । सर्वसुलभ भौतिक-वैज्ञानिक उपकरणहरू आफ्नो कक्षमा यथेच्छ हुँदाहुँदै पनि ऊ व्यस्त छैन, आफूलाई साँच्चै व्यस्त पाउँदिन । यतिवेला ऊ यिनमा अल्झन चाहन्न । लाग्छ, अब रूचि र स्वादमा परिवर्तन भएको हो । शायद ऊ चाहन्न मनले कुनै स्वरूप र आकार लेओस्, खास गरी यो क्षणमा ।

अनियंत्रित रहेर निरूद्देश्य विचरण गर्ने मनको उडान पनि आवधिक नै हुन्छ क्यार ! कहीं त मनले बिसौनी लिनै थियो, कहीं त ठोकिनु थियो, हो कहीं पुग्नु थियो । स्वरूप र आकारमा आश्रित हुनु थियो- समयको किल्ला बाँधेर या समयको पर्खाल फोरेर । अब केन्द्रित भयो मन उसको- शरण-बस्तीमा, शरणार्थीहरूको भीडमा, त्यहाँको छवि र छायामा, त्यहाँका घटना र दृश्यहरूमा । ऊ जाग्रत देखिई ।

ऊ जहाँ थिई त्यहींबाट उसले आफ्नो अतीत हेरी, केही दृश्य धूमिल देखी; केही स्पष्ट ।

त्यो देश र परिवेश संझी । सुनेका कथा संझी, अलिकति आफ्नो योग्यता मिसाएर केलाई । शरण-बस्तीको निर्माण कसरी भएको थियो ? यसमा गंभीर मन्थन गरी, मत-मतान्तर जोडी र एउटा उपसंहार खोज्न बसी ।

एउटा देशले अर्काको कुरा सुनेर आफ्ना कर्मठ नागरिकलाई देशबाट बाहिर निकाल्दै सीमानामा पुऱ्यायो । फेरि अर्को देशले तिनलाई सीमानाबाटै टिपेर कुनै अर्कै अर्थात् तेस्रो देशको साँधमा पुऱ्याएर भित्र घचेटिदियो । यो एउटा बलशाली तर मतिभ्रष्ट देशको रोगी र घृणित योजना भित्रको अमंगलकर कदम थियो । परिणामतः देशसँगको संबन्ध काटियो, चुँडियो र त्यत्रो जनजीवन शरण-बस्तीभित्र खुंचिएर बस्न विवश थियो ।

शरण-बस्तीमा भोकको ज्वाला मडारिएको थियो, उसले आँखाभरि देखेकी थिई । नाङ्गोपन र विवशता नाचेको थियो, त्यो पनि उसले निर्निमेष हेरेकी थिई । रोग र मृत्युको भयानक ताण्डव देखेकी थिई अनि आँसु रित्तिउन्जेल ऊ आफैं रोएकी थिई । यस्तो जीवनको पछाडि मुख्य कारण एउटै थियो- अभाव । उसले संझी र केलाई ।

सभ्य भनाउँदा देशहरू पनि अतीतका घृणित घटनाहरू हुबहु दोहोऱ्याउँछन् । अर्काको सिको पनि गर्छन् । एकपटक इंडियाले भूटानका नागरिकलाई भूटानबाट देशनिकाला गराएर नेपालको सीमानामा पुऱ्याएर छोडेको थियो । कालान्तरमा त्यही सिको गरेर लिंगद्वीपले भूद्वीपका जनतालाई सुमेरूद्वीपको साँधमा लगेर थुपरिदियो र यो समस्या जन्म्यो भन्ने सार निकाल्न उसलाई बेर लागेन ।

यसरी उसले अतीतका यी धूमिल पृष्ठ पल्टाएर सिंहावलोकन गरी । कतिपय पीडाका संदर्भहरू बिर्सनै नसकिने भएर मनमा बसेका थिए- खरानीभित्रको आगो भएर ! यस्ता दृश्य संझेर तात्न लागेको आफ्नो शरीर र संवेगलाई आफैंले तत्काल नियंत्रण गर्नु आवश्यक ठानी । त्यसैले मनको गतिमा मोड ल्याएर ऊ धूमिल जगतबाट आलोकपूर्ण जगततर्फ लागी, ध्यानमा बसेर- विपश्यनाको संस्कृति ओढेर ।

त्यसतर्फका गगनचुम्बी पर्वत श्रृंखलाहरूमा देवाधिदेव महादेव वास गर्छन्- यस्तो विश्वास छ । बाबा भोलेको गाउँमा किन सन्तुलन हरायो ? बाबा, तिम्रो घरमा कुनै शक्तिशाली जन्तुले सानो र दुर्बल जन्तुप्रति आक्रमण नगर्ने व्रत भङ्ग गऱ्यो कि ? यो विश्वविख्यात संदर्भ हो- पार्वतीको बाघले शिवको साँढेमाथि आक्रमण गर्ने सोच राख्न सकेन । कुमारको मयूरले शिवको सर्प (गलेबन्द)लाई जिस्क्याउनसम्म सकेन । त्यस्तै शिवको सर्पले गणेशको मूसोमाथि कुदृष्टि राख्नै सकेन । अन्यथा तिनका मनमा दुर्भावनाले वास गरेको भए त्यहाँ एउटाले अर्काको जीवन समाप्त पार्न तीस सेकेन्डभन्दा बढी समय लिने थिएन । तर त्यस्तो भएन । हुँदैन । न ठूला शक्तिले सानो शक्तिमाथि आक्रमण गर्न सक्छ, न सानो शक्ति ठूलो शक्तिसँग डराएर बस्न विवश हुन्छ । हो, कसैले कसैको अहित चिताउँदैन । कत्रो ठूलो सन्तुलन छ । कत्रो स्थायी विश्वास छ, वाह !

यो मिथक किन अमल हुन सकेन ? के पशुपक्षीमा मात्र मर्यादाको पालना हुनुपर्छ ? देशमा, राजनीतिक खेलमा, छिमेकले मर्यादाको उल्लंघन र परिहास गरे मात्र अस्तित्वको बोध देखाउन सकिन्छ भन्ने सोच दुराग्रहपूर्ण हो भन्न सकिन्न र ! भोलेऽऽ, तिम्रो तेस्रो दृष्टि किन खुलेन, किन सन्तुलन हराउँदैछ यहाँ ?

उत्साहित भएर ऊ आफूतिर फर्की अनि मिथकको संदर्भ छोडेर वर्तमानमा ओर्ली । हाँसेका आँखाले उसले आफ्नो अतीतको उज्यालो अध्याय पल्टाएर हेरी ।

संचारका माध्यमले शरण-बस्तीका कथा र व्यथा संसारभर फैलाए । त्यसपछि शरण-बस्तीमा नयाँ आलोक र नौलो उत्साहको लहर आउन थाल्यो । संसारको दृष्टि त्यहाँ पुग्यो । सहयोग र समर्थनको वर्षा हुन थाल्यो ।

उन्नत, विकसित मुलुकका विशेष व्यक्ति, अधिकारी र सदस्यहरूका टोलीहरू शरण-बस्तीका लागि देवदूत जस्तै देखिए । अभाव र विवशताका बन्धनहरू खुकुलिंदै गए । एउटा समय यस्तो पनि आयो कि शरणार्थीहरू ज्वाइँ, भानिज, चेली र देवताझैं संमानित र पोषित हुँदैरहे ।

o o

एक पटक बेलायतको सरकारका तर्फबाट एउटा टोली आउँदाको दृश्य उसका आँखामा नाच्न थाल्यो । पर्यवेक्षकहरूको यस टोलीको नेतृत्व ब्रिटिश राजदूतले गरेका थिए । टोलीका सदस्यहरूले शरणार्थीहरूको बस्तीभित्र गल्ली-गल्ली भ्रमण गरे, कसैकसैसँग दुईचार कुरा बोले, केही बुझे, फोटाहरू पनि लिए ।

जब उनीहरू फर्कने वेला भयो निमेषभर शरण-बस्तीका बालिकाहरू तीनतिरबाट उनीहरूलाई घेरेर उभिए । फूलमाला, फूलका थुँगा, अबीर र खादाका साथ बिदाइ दिन तत्पर देखिए । अनि बिदाइको विधि पूरा गरे । सबै कार्य मर्यादित ढंगले निष्पन्न भयो । फेरि दर्शकहरूको घेरा आफ्नै ठाउँमा पुगेर पङ्क्तिबद्ध देखियो । कार्यक्रम योजनाबद्ध नै थियो ।

पङ्क्तिबद्ध बालिकाहरूको अर्द्धचन्द्राकार घेरा छिचोलेर नौवटी कन्याहरू आगन्तुक टोलीका अगाडि उपस्थित भए । उस्तै उमेरका र उस्तै उँचाइमा देखिने यी नौ कन्याहरू आ-आफ्नै जातीय र सांस्कृतिक वेश-भूषामा सुसज्जित थिए, अलंकृत थिए । यस्तो विविधता र विशिष्टताले संमोहित भए जस्तै देखिन्थ्यो यो पर्यटक टोली । कन्याहरूको टोलीले भिन्न-भिन्न रंग, स्वरूप र सुवासका फूलका सोली ब्रिटिश अतिथि टोलीलाई अर्पण गऱ्यो ।

फेरि त्यस टोलीबाट दुइटी कन्या अघि सरे । तिनका हातमा पिंजरा थियो । टोली नेतालाई लक्ष्य गरेर एउटीले भनी- 'महामहिम, बेलायतकी महारानीका लागि हाम्रा तर्फबाट यी चरा उपहार !'

अर्कीले थपी- 'महारानीले यो उपहार स्वीकार गरेको जानकारी हामीले पाउनुपर्छ । हामी पर्खेर बस्छौं ।' यति भनेर शेर्पा कुमारीको परिधानमा सुसज्जित बालिका एक पाइला पछि सरी ।

फेरि अर्की अघि सरेर भन्न थाली- 'यिनलाई चाहिने आहार र स्वास्थ्यको जानकारी खामबद्ध गरेर पिंजराको खल्तीमा संलग्न गरिएको छ । त्यो हेरेपछि सबैकुरा सजिलो हुन्छ ।' ऊ कैलालीका थारू कुमारीहरूको भेषभूषामा थिई ।

शेर्पा कुमारीले भनी- 'यी दुवै मैना उच्च गुरूकुलीय शिक्षा-स्नातक हुन् र विलक्षण छन् । विद्वान छन् । मर्यादित छन् । त्यसैले हामी पनि मर्यादित भएर यिनका सम्मुख पुग्छौं र संवादमा पनि मर्यादाको पालना गर्छौं ।'

थारू कुमारीले थपी- 'देश र परिवेश अनुसार यी अनुकूल हुँदै जानेछन्, यी ज्ञानी छन्, असजिलो नहोला ।'

'यी आपसमा असाध्य विनोद पनि गर्छन् । यिनको कति ज्ञान छ, कस्तो दृष्टिकोण छ, कति चेतना छ भन्ने कुरा यिनकै संवाद सुनेपछि थाह हुन्छ या यिनकै स्तरको ज्ञानवान व्यक्तिले थाह पाउन सक्छ ।' थारू कुमारीले भनाइमा अनुच्छेद पारेर थपी- 'त्यसै चाहिं यी मितभाषी नै छन् ।'

शेर्पा कुमारीले थपी- 'यी लहडी पनि छन् । मन लाग्यो भने गीत पनि गाउँछन्, सिलोक पनि भन्छन् ।'

संदर्भ टुंग्याउने सोच राखेर राजदूतले भने- 'सबै कुरा जानकारी भयो । यी चराका विषयमा केही सोध्नु बुझ्नु पऱ्यो भने हामी तिमीहरूलाई नै सोध्छौं है त !'

'हवस् ।'

'त्यसो भए मैले तिमीहरूको नाम थाह पाउनु पऱ्यो नि !'

'मेरो नाम पीयूष गंगा ।' ऊ शेर्पा कन्याको परिधानमा थिई ।

'म केका सुरा ।' ऊचाहिं थारू कन्याको भेषभूषामा थिई ।

'ल तिम्रो- दुवैको नाम त थाह पाएँ, अब तिम्रा चरा साथीको नाम पनि भन । नाम त दिएको होला नि !'

दुवै लजाए, अलिकति मस्किए । अनि परस्पर हेराहेर गरे ।

महामहिमले स्नेहभावले फेरि भने- 'नाम थाह भयो भने हामीलाई यिनीहरूसँग बोल्न सजिलो हुन्छ । हामी पनि हाम्रो नाम भनिदिन्छौं ।'

'महामहिम, एउटाको नाम पावन हो, पावन पद्मावती, अनि अर्को सगुन, सगुन इन्द्रावती ।' - पीयूषले संदर्भ टुंग्याई ।

अब फोटा खिच्ने काम शुरू भयो ! नव कन्याहरूको, चरासँग केका र पीयूषको, फेरि निरीक्षक टोलीसँग कन्या र चराहरूको, फेरि शरण-

बस्तीका सदस्यहरूसँग सबैको अनेक पटक अनेक मुद्रामा फोटाहरू लिने काम सकिएपछि कार्यक्रमको अन्त्य भयो ।

चरा परपर हुँदै गएको देखेर पीयूषले अर्कातिर फर्केर कसैले थाह नपाउने गरी आँसु झारी । चरासँग छुट्टिनुपर्दाको पीडा उर्लेर आएपछि केका पीयूषलाई अँगालो हालेर रून पुगी । सूर्यास्तसँगै बिदाइ पूरै टुंगियो । भेटघाटको प्रांगण खाली भयो । अबीर, फूल र मानिस सान्ध्य प्रकाशमा क्रमशः धूमिल हुँदै गए ।

केकाको स्मृति-चित्र पूर्णविराममा पुगेर रोकियो । उसको सोचमा गति फेरियो । ऊ रोकिई । 'उफ्, यत्रो सिनेमाजस्तो कथा नै आफ्नो स्मृतिमा पसेर घुमेको पत्तै पाइनँ छु मैले । यतिको समय बितेछ ।' ऊ अब वर्तमानमा फर्की- शरण-बस्तीको मनोपरिक्रमा गरेर ।

उसले राम्रै अनुभव गरी- उसका आँखामा आँसु छचल्किएका थिए । अनि मनमन भनी- 'यी पीडापछि प्रसन्नताका आँसु हुन्- बगून् एकछिन, निर्बाध बगून् । यिनै आँसु मनका चौतारी बनून्, यहाँ कसले देख्छ र यी कुन जातका आँसु हुन् भनेर कसले चिन्छ ?'

'त्यो पुरानो घटना र परिवेशसँग म कसरी एकाकार भएँ ?' सानै उमेरमा आफूले गरेका काम र फलीभूत योजना संझेर ऊ हृदयतः उत्फुल्ल भई । वस्तुतः बिर्सिएका कैयौं कुरा आज उसले संझी । यो उसका लागि अर्को प्रसन्नताको पक्ष थियो ।

'बेर भो, अब त निदाउनु पर्छ ।' अतीतको घटनाको लामो मनोपरिक्रमापछि सन्तोषको सास लिएर ऊ निदाई ।

o o

केका आज अलिक गंभीर थिई । शायद उसले जम्मा गरेका पुस्तकहरूको काम सक्नु थियो । ऊ यतिखेर पुस्तकको थाकभन्दा होची देखिन्थी ।

एकातिर युद्धको इतिहाससँग सम्बन्धित अनेक पुस्तक उसको टेबिलमा थिए भने अर्कातिर सचित्र-भूगोलका ठूला-ठूला एटलसका ठ्यासफूहरू ! अनि अर्को छेउमा उसको सानो आफ्नै ल्यापटप, घुम्ने गोल वर्तुल संसार/पृथ्वी । पुस्तकहरूको च्यापबाट हेर्नुपर्थ्यो उसलाई । उसको टेबिल वास्तवमा भरिएको थियो ।

'गुड मर्निङ् मेम !' अपरिचित व्यक्तिको अभिवादन थियो ।

'गुड मर्निङ् ।' केकाले पनि औपचारिकता पूरा गरी ।

'म यहाँ बसौं कि तपाईंलाई बाधा पर्दैन भने ?'

'एस प्लीज ! यो त मेरो लागि खुशीको कुरा हो ।'

युवक कुर्सीमा बस्यो । टेबिलको दुईतिर केका र युवक एक-अर्काका सामुन्ने भए । बीचमा पुस्तकका थाक ।

केका आफ्नो काममा लागी । युवक फेरि केही बोलेन ।

एकछिनपछि उसले भनी- 'महाशय, तपाईंले खोज्नुभएको पुस्तक यहाँ मेरो टेबिलमा भए तपाईं लिन सक्नुहुन्छ । म फेरि हेर्नेछु । अहिले मसँग हेर्ने सामग्री धेरै छन् ।'

'माफ गर्नुहोला, म म्याट हुँ । मेरो अनुमान सही छ भने यहाँ नै केका हुनुहुन्छ !'

'जी, मै हुँ । यहाँको अनुमान खेर जाँदैन । म के सहयोग गरौं यहाँको लागि ?'

'म परराष्ट्रबाट आएको हुँ । तपाईंसँग थोरै कुरा गर्नु छ, कत्तिको व्यस्त हुनुहुन्छ ?' उसले थोरै शब्द खर्च गऱ्यो ।

'तपाईं मलाई भेट्न आउनु भयो । यही नै मूल्यवान कुरा हो । समय जत्ति पनि छ । त्यसैले त यहाँ आउने गर्छु नि पढ्न ।' अनि थोरै सोचेर भनी- 'विशेष कक्षमा बसौं कि क्याफेटेरियामा ? अथवा... ?'

कफी गफमा दुवैबीच धेरै कुरा भए, केही औपचारिक केही अनौपचारिक । अनि खुला र आत्मीय कुरा भए ।

सहजभावले म्याटले ऊ पनि मेरील्यान्ड विश्वविद्यालयको विद्यार्थी रहेको जानकारी गराएपछि केका अझ आत्मीयभावले प्रकट भई ।

प्रसंग मिलाएर म्याटले भन्यो- 'सामान्यतया तपाईंको व्यक्तित्वका विविध आयामसँग हामी परिचित भइसकेका छौं । फेरि पनि एउटा नयाँ रेजुमे चाहिन्छ हामीलाई ।'

'म्याट', उसले किंचित् लज्जामिश्रित हाँसो मिसाएर भनी- 'मलाई त म्याथ भन्न सजिलो लाग्छ ।' अनि सहज भएर भनी- 'रेजुमे त तयार छ, फेरि पुस्तकालयमा पुग्नुपर्छ प्रिन्ट गर्न । कि उतै जाऊँ ।' उसको भनाइमा प्रस्ताव र अनुरोध मिसिएको थियो ।

रेजुमे हेरेर म्याटले भन्यो- 'तपाईंको जेहेन त यसमा देखिंदैन । यसमा वस्तुगत कुरा मात्र पर्छन् ।'

'ठीक भन्नु भो म्याट, जेहेन र क्षमता बायोडाटामा समेटिन सक्तैन । शायद अमूर्त भएर !' उसले स्मिति संचार गरेर कथनलाई अझ अलंकृत पारी ।

'यसमा अलिकति परिमार्जन या थप-घट गर्न म तपाईंलाई सहयोग गरौं कि ?' म्याटले प्रस्तावको भावले भन्यो अनि थप्यो- 'मेरो कारमा ल्यापटप पनि छ प्रिन्टर पनि छ । म एकै छिनमा तयार पार्छु अनि तपाईं रूजु गर्नुहोला नि !'

'ठीक भन्नुभो, भैहाल्छ !' केकाले छोटो बोली ।

हिड्ने वेलामा म्याटले संकेतको भावमा भन्यो- 'एउटा सानो 'टक' का लागि तपाईंसँग अनुरोध पनि गर्न सकिन्छ ।'

केका सुन्दै रही । तर उसका आँखामा कुतूहल र चंचलता थपियो ।

'शीर्षक हामी नै दिन्छौं, तयारीका लागि तपाईंसँग दुई साताको समय रहन्छ ।' केकाको अनुहारमा दृष्टि घुमाएर थप्यो- 'यो तपाईंलाई पूर्व संकेत हो । मानसिक रूपले तयार रहनुभए पुगिहाल्छ । तपाईंका लागि क्यै गाह्रो नहोला ।' अनि हाँसेर भन्यो- 'यो मेरो आत्मविश्वास हो ।'

केकाले म्याटलाई सहज प्रसन्नताको अवीर छरेर विदा गरी ।

❖❖

१०

'अभिवादन महामहिम !' एउटा मैना बोल्यो ।

'मेरो पनि अभिवादन महामहिमलाई !' अर्को मैना बोल्यो ।

क्लिन्टन अलिक परै थिए, अन्यमनस्क जस्तै देखिए । अब उनी चरातिर तानिए । अनि भने- 'अभिवादन मेरो पनि ! दुवैलाई हार्दिक अभिवादन !'

क्लिन्टन प्रसन्न मुद्रामा थिए । त्यो देखेर चराले मुखामुख गरे ।

'हामीबीच आज कुनै गूढ र विशेष संवाद हुन सक्छ भनेर मेरो आत्माले संकेत गर्दै छ । जान्दिनँ, किन यस्तो लाग्दै छ ।' उनले भने ।

'सज्जनहरूलाई अन्तरात्माले असल कुराको संकेत दिन्छ भन्छन् । महामहिमलाई आत्माले शुभसंकेत दिएको होला !' एउटा मैनाले अर्थान्तरन्यासमा सहमति जनायो ।

'खै, आजसम्म हाम्रो बीचमा दोहोरो संवाद हुन सकेन, भएन । केले दिएन वा के मिलेन त्यो पनि बुझ्न सक्तिनँ ।'

'महामहिम, सबै कुरा समयमा हुन्छ । आज महामहिम यहाँ आउनुभयो, त्यो समय आयो ।' एउटाले भन्यो ।

'सत्य हो, मलाई पनि मुहूर्त आयो भन्ने लाग्दैछ ।' अर्काले थप्यो ।

'ठीक छ, अब सही समय आएको ठानौला तर कस्तो संवाद र केको मुहूर्त ? मैले बुझ्न सकिनँ । र पहिले त म यहाँहरूलाई सम्यक् रूपले जान्न सक्तिनँ, हाम्रोबीच संवाद पनि भो, फेरि पनि म भौतिक रूपले मात्र जान्दछु । मेरो परिचय पाइसक्नुभएको छ भने अब मलाई आफ्नो परिचय दिने कृपा गरौं ! मलाई अनुगृहीत गरौं ! यथार्थमा यहाँहरू को हुनुहुन्छ ?' राष्ट्रपतिको मर्यादामा रहेर उनले सोधे ।

'म पद्मावती हुँ, ऊ इन्द्रावती हो ।' एउटा मैना बोल्यो ।

'हो, म इन्द्रावती हुँ, ऊ पद्मावती ।' अर्को बोल्यो ।

'धन्यवाद, मैले नाम त थाह पाएँ । तर म तपाईंहरूको पूर्ण परिचय, समग्र इतिहास थाह पाउन चाहन्छु । मेरा लागि पृष्ठभूमि आवश्यक छ ।'

'महामहिमलाई नै मेरो प्रश्न छ, आँखो चाहियो कि आँखो कहाँबाट आयो भन्ने त्यसको इतिहास चाहियो ?' एउटा बोल्यो ।

'यहाँलाई त सत्य देखाउने र लक्ष्यमा पुऱ्याउने आँखो चाहिन्छ, होइन र !' अर्काले थप्यो ।

'हो मलाई दृष्टि चाहिन्छ, म केही गर्न चाहन्छु । मलाई गति चाहिन्छ म कहीं पुग्न चाहन्छु । मलाई असल मित्र चाहिन्छ म कति कुरामा भर पर्न चाहन्छु । मलाई गुरू मिलोस् ताकि सही मन्त्रणा देओस् र रक्षा कवच मिलोस् ।'

'त्यो जिम्मा हाम्रो भो । अब हो महामहिमलाई दृष्टि पनि मिल्छ, शक्ति पनि मिल्छ, गन्तव्य पनि थाह हुन्छ र लक्ष्य प्राप्ति पनि हुन्छ । बस् यहाँले लक्ष्य केन्द्रित भएर रहनुपर्छ ।' एउटाले भन्यो ।

'ईश्वर भए जान्ला- हाम्रो भेट हुने तारतम्य पनि उसैले मिलाएको होला ।' अर्काले थप्यो ।

क्लिन्टनले मन हलुका भएको अनुभव गरे अनि चराको पिंजरा निर्मल टेबिलमा राखेर भने- 'तपाईंहरू पनि आफ्नो खानेकुरा खानुहोस्, मसँग संवाद गर्दा खान भ्याउनुभएन । म आउँछु ।' उनी त्यहाँबाट सरे ।

'आज गुरूदेवको तिथि, त्यसैले म उपवासमा छु । पद्मावतीले भन्यो ।

'म पनि उपवासमै छु ।' इन्द्रावतीले थप्यो ।

क्लिन्टन आएर पिंजराको नजिक बसे । फेरि संवादको संदर्भ हृदयंगम गरेर मैनाले भन्यो- 'महामहिमसँग हाम्रो एउटा प्रस्ताव छ, हाम्रा बीच भएका कुरा कानैमा रहून् । श्रव्य, पाठ्य र दृश्य रूपमा परिवर्तित नहून् ।'

क्लिन्टन नबुझे झैं गरेर अलमल्ल परे ।

'अर्थात् हाम्रा बीच भएको संवाद कतै रेकर्ड नहोस् ।'

'र यहाँले हिंडेका पदचिन्हहरू मूर्त नरहून् ।'

क्लिन्टनले स्वीकृतिमा शिर हल्लाए ।

'सबै कर्म कार्य रूपमा प्रतिबिम्बित हुनुपर्छ ।'

'अँ, हामी किन उपहार भएर यहाँ आइपुग्यौं ? कुन उद्देश्यले पठाइएका हौं । यसका पछाडि कति वजनदार, मार्मिक र तथ्य कुरा छन् यहाँलाई थाह नहोला पनि ।'

एकछिन पछि गम्भीर भएर अर्काले थप्यो- 'महामहिम, अझै यहाँको विजययात्रा खुलेकै छैन । अब खुल्नुपर्छ । वेला निकट छ ।'

'बुझें ।' क्लिन्टनले छोटो बोले, थपे- 'अँ बुझ्दैछु ।'

'महामहिम हाम्रो इतिवृत्त सुन्न पाउनुहुने छ, हामी अवश्य सुनाउने छौं तर त्यो भाग अहिले थाती राखौं ।' एउटा बोल्यो ।

'उपहार भएर हामी यहाँ आइपुग्यौं, ब्रिटेनकी महारानीले उपहार पठाउनुभयो । यहाँले स्वीकार गर्नुभयो । हामी उपहारका रूपमा आए पनि यस भवनमा सम्मानजनक स्थान दिनुभयो ।' अर्काले भन्यो ।

'हो, हामी पनि महामहिमप्रति कृतज्ञता जाहेर गर्छौं । हामीलाई पनि गौरव छ हामी राष्ट्रपतिको निवासमा छौं, यहाँकै संरक्षणमा छौं ।' पहिलोले थप्यो ।

'हो पनि, यस्तो सौभाग्य सबै खेचर, वनचरलाई मिल्न सक्तैन ।' फेरि दोस्रोले सम्पुट जोडेर भन्यो ।

'तर तपाईंहरू बन्दी हुनुहुन्छ । यो दुःखद पक्ष हो मेरा लागि ।' क्लिन्टनले भने ।

'हामी सत्पथ या कल्याण मार्गकै पक्षमा वकालत गर्ने ऊर्जा-अंश भएर यहाँ आएका छौं । त्यसैले, उद्देश्य सेवामुखी र मुक्तिकामी भएको हुनाले, हामी आफूलाई चाहिं बन्दी रहेको ठान्दैनौं । त्यस्तो मानसिकता हाम्रो छैन ।'

क्लिन्टन नबुझेजस्तो गरेर स्थिर भए । केवल प्रश्नभावले उनले हेरे ।

'हामीले चेतना ग्रहण गरेका दिनदेखि नै हामी बन्दी छौं । स्वतन्त्रता अर्काको देखेर खुशी हुन्छौं र अर्काको स्वतन्त्रता र सार्वभौमिकताको पक्षमा बोलेर तुष्ट सन्तुष्ट रहने गर्छौं । आज जुन अवस्थामा छौं यही नै हाम्रा लागि अमरापुरी छ । यथेष्ट छ ।'

'भनौं, हामी प्रायोजित छौं । पढाएको सिकाएको जति मात्र हामी बोल्छौं ।'

'हो हामीले पढेको र हामीलाई पढाएको पाठ बुझाउन हामी शायद यहाँ आइपुगेका हौं । यो पनि एउटा लीला नै हो र यसमा पनि कल्याण नै लुकेको होला ।' अर्काले थप्यो र आफ्नो साथीलाई लक्ष्य गरेर भन्यो- 'कि कसो पद्मावती ?'

'त्यसै हो इन्द्रावती !'

एकछिन विचार गरेर क्लिन्टनले भने- 'त्यसो भए तपाईंहरूको आफ्नो भनाइ केही छैन ?'

'छैन, अहिले यस संदर्भमा छैन । अरू संदर्भमा हाम्रा विचार छुट्टै छन् ।'

'अनि ?'

'जति भन्नुपर्ने छ, त्यो ब्रिटेनकी महारानी अजराको तर्फबाट भन्नु छ । उहाँको कामना महामहिमलाई सुनाउनु छ र अनुरोध पनि गर्नु छ । र महारानी पनि महामहिमप्रति आशावादी हुनुहुन्छ ।'

'ब्रिटेनकी महारानीको के संदेश छ मेरा लागि ? के आज्ञा छ महारानी अजराको ? यो त मेरा लागि सौभाग्य हो । प्रसन्नताको विषय हो ।' क्लिन्टन उत्साहित भए ।

पद्मावती र इन्द्रावतीले मुखामुख गरे ।

'भन, म सुन्न उत्सुक छु । हतारिएको छु । महारानीको लागि, उहाँको खुशीका लागि म समर्पित छु । अमेरिकाका जनता पनि महारानीको प्रसन्नतामा प्रसन्न रहने छौं ।'

'महामहिम, धन्यवाद । यहाँको यसै वाक्यले धेरैतिर उपचार पुग्ने छ भन्ने मलाई विश्वास छ ।' पद्मावती बोल्यो । अनि दुवैले भने- 'निश्चित समयमा हामी भन्ने छौं । मुहूर्त आउँदै छ ।'

क्लिन्टन विचारमग्न हुँदैगए र त्यहाँबाट सरे ।

❖❖

११

'अहिंसा परमो धर्मः'

'शतं जीवेम शरदः'

'मा विद्विषावहै ।'

'मंगलमस्तु ।'

'प्राणीप्रति सद्भाव र विश्वशान्तिको कामना राखेर म आफ्ना विचार प्रस्तुत गर्दछु ।' केकाले टक दिई :

आदरणीय उपस्थित महानुभावहरू, म युद्धविरोधी पनि होइन र पलायनवादी पनि रहिनँ । मानव आफैंसँगको युद्धमा जीवन हारिरहेछ । अनन्त इच्छाहरूले, असीमित कामनाहरूले उसलाई हराइरहेछन् । ऊ विवश छ । शरीरका आवश्यकता र तिर्सनाप्रति गर्ने युद्धमा मानव निरन्तर हारेको छ । पराजयबोधको चेतनाले उसलाई अझै ब्युँझाउन सकेको छैन । मलाई लाग्छ, विचार पुरानो भएर पनि यसमा रहने चिरनूतन संदेशले सबैलाई सधैं छुन्छ । हो, इन्द्रिय तथा मन, बुद्धि र अहंकारमाथिको विजय भनेको महाभारतको युद्ध जित्नु होइन र !

युद्ध अत्यन्त भयावह हुन्छ, निर्मम हुन्छ, विप्लवी हुन्छ, सकेसम्म टार्नुपर्छ, त्यो टरोस् ! कामना यस्तै हुनुपर्छ ।

जीवन रक्षाका लागि मानव प्रकृतिसँग निरन्तर युद्ध गर्दै आएको छ तैपनि सफल हुन सकेको छैन । मान्छेले मान्छे मार्ने संकल्प राख्छ भने त्यो श्रेयस्कर होइन । कामना गरौं- युद्ध कतै नहोस्, युद्धका आयोजनाहरू नहुन् ।

सुर-असुर युद्धदेखि केहीबेर अगिसम्म घटेका युद्धका मुद्रा र परिणाम हेर्दा मुटु काम्छ । संचार माध्यमबाट देखिने युद्धका विभीषिका, दूरगामी प्रभाव र परिणाम देख्दा त्यसै कहाली लाग्छ । युद्ध त बराबरीमा हुन्छ, तर आज न त्यो आदर्श छ न स्थिति ! कुनै कुरामा कतै बराबरी छैन । यदि छ भने तुजुकमा छ, रक्त पिपासामा छ । मलाई लाग्छ- युद्ध अहंको टक्कर हो, अभिमानको परिणाम हो ।

युद्ध खेल होइन । आजको युद्ध खेल हुने गर्दैन । आजको युद्धले राज्यको विलय हुन्छ, राज्य विखण्डित हुन्छ, राज्यविप्लव हुन्छ । राज्यको स्वरूपमा परिवर्तन आउँछ । नयाँ साँध-सन्धिभित्र पनि मन्द विषमय आक्रोश, पराधीनताबोध र हीनताचेतका लाखौं कीटाणु सल्बलाइरहन्छन् ।

त्यसैले युद्धको प्रतिस्पर्धामा आएर मानव-जीवनलाई युद्धाग्निको भट्टीमा पोल्ने सोच र संकल्प लिइन्छ भने त्यो अप्रिय घटना र दुःसह घात हुन सक्छ । साक्षी छन् इतिहासका पृष्ठहरू । आखिर तपाईंलाई नायक हुनु छ, युगनायक ! होइन र ? सधैंका लागि, सबैका लागि नायक किन नहुने ?

मानवजातिको अर्थात् मानव वंशको इतिहासमा बुद्धभन्दा अग्लो नायक देखेको छैन, ईसाभन्दा अर्को सुनेको छैन । पहिले आफैंसँगको युद्धमा यिनले जिते र पछि आफ्नो संसारका मानवको मन जिल्न सके । यी साना योद्धा हुन् र ! अनि यिनको विजय सानो हो र ! मलाई त बुद्धभन्दा अर्को वीर र ठूलो योद्धा होला भन्ने लाग्दैन ।

आदरणीय मित्रहरू,

विनिर्माणपछि फेरि निर्माण आवश्यक छ भने विनिर्माणतिर लाग्नु नै किन ? ढलेपछि उठ्नु छैन भने ढल्नुको औचित्य अवश्य सिद्ध हुन्छ । संदर्भ विचारणीय छ ।

चिकित्सा पद्धतिको वैज्ञानिक वा संगतिपूर्ण विकासका लागि मानव शरीरलाई प्रयोगशालामा अवश्य पुऱ्याइन्छ । तर युद्धका निमित्त मानवजाति/मानव समाज प्रयोगशाला बनाइनु हुँदैन ।

विना युद्ध पनि युद्धबाट लिइने सफलता हासिल हुन सक्छ । यो मेरो धारणा हो ।

म युद्धको पक्षमा अवश्य छु, तर रक्तपात विना युद्ध हुन सक्छ । म त्यसै पथकी यात्री हुँ र आज समस्याको निकास असजिलो हुँदैन ।

र म यहाँ दोहोऱ्याएर भन्दैछु : युद्ध फगत अहंको तुष्टि हो र यसका पछाडि व्यापारको ठूलो खेल चल्छ । पूँजी, प्रतिष्ठा र बल संचित गर्ने रोगी मार्ग हो युद्ध । त्यसैले युद्ध निवारण गरिनुपर्छ ।

युद्धकामी नेतृत्वको पक्षमा वा विपक्षमा रहेर समर्थन, सहयोग र सह-नेतृत्व दिने शक्ति/देशहरूको मूल्यांकनको घडी पनि हो युद्ध-चर्चा । यसै पृष्ठभूमिमा युद्धको औचित्य र सफलता निर्भर रहन्छ । तटस्थ हुने र रामराम भन्नेहरूको श्रृंखला फेरि अर्कै हुन्छ । त्यसैले युद्धको पक्षमा जति हुन्छन् त्योभन्दा बढी

युद्धको विपक्षमा हुन्छन् । किनभने विजेताले सधैं युद्ध हारेकै हुन्छ । जितेर पनि हारेको हुनुलाई जित कसरी भन्नु ?

युद्धमा मानवले मानवता हार्छ, जीवन हार्छ, आविष्कार हार्छ, सम्पत्ति हार्छ र भूमि हार्छ । अझ महत्त्वपूर्ण कुरा हार्छ अर्थात् संस्कृति हार्छ, स्वाधीनता हार्छ र संमान हार्छ ।

अब म यहाँहरूलाई युद्ध प्रत्यक्ष व्यापार हो भन्ने तथ्य उल्लेख गर्न चाहन्छु किनभने व्यापारकै लागि आज युद्धहरू हुने गर्छन् ।

आणविक वस्तुको माग, उत्पादन, वितरण र युद्धभूमिको निर्माण तथा भण्डार गरिएका आणविक तत्वको उपयोग अनि सैन्य शक्ति परिचालन, युद्धक उपकरणको प्रयोगलाई योद्धा, पर्यवेक्षक र पत्रकारहरूको तत्परताले व्यापारको उच्च लक्ष्य र सफलतातर्फ निर्देशित गर्दछ ।

अब युद्धमा आहत र दग्ध जीवनका लागि प्रदर्शनकारी सेवा र उपकारभित्र लुकेको व्यापारिक चरित्रलाई वर्गीकृत ढंगले पनि हेर्न सकिन्छ ।

यी तपसिलका कुरा पादटिप्पणीमा पर्छन् । जस्तो :

खाद्य र पेय वस्तुको, लुगा-कपडाको, अस्थायी वास र शौचालयको, अनि अन्य भौतिक सुविधा र फोहोर-मैला व्यवस्थापनको जाँगरिलो प्रदर्शनले पनि वाञ्छित लक्ष्यमा उच्च सघाउ पुऱ्याउँछ ।

चिकित्सक, नर्स, परिचारक, स्वयंसेवक तथा अन्य सहयोगी दलको परिचालन, कटेज, उपचार-उपकरण, औषधि वा मल्हम पट्टी, रक्त-कोशको व्यवस्थाले धनराशिको नापतौल गर्न भ्याउँदैन ।

मृतकहरूको बुझ-बुझारत, आदान-प्रदान, संस्कार प्रणाली र औचित्यपूर्ण सहयोगको मूल्य लगाउन मिल्छ र ! सबै कुरा सेवा-सहयोग भगवानले जुटाइदिएजस्तो लाग्दैन र ! देख्ने र भोग्नेलाई लाग्छ, यतिञ्जेल गरेको सुकर्मको फल यसै वेला जुटाइदिएका हुन् ईश्वरले... हो, ईश्वर दयालु छन् !

युद्धपछि पद र अधिकार, दण्ड र पुरस्कार अनि संधि र संझौता वा समझदारीमा अथाह वित्तराशिको व्यापार निर्दिष्ट हुन्छ- अल्पकालिक र चिरकालिक !

मूल्यांकन हुन पाउँदैन, युद्ध आवश्यक थियो कि थिएन । युद्ध आफैंले चाहेर निम्त्याएको हो या अर्काले चाहेर गराएको हो ! शायद मन्थन आवश्यक हुँदैन त्यतिवेला । आत्ममन्थन नै पर्याप्त हुन्छ किनभने त्यो छेउकाले सुन्दैन ।

ओछ्यानकै साथी शत्रु भइसकेको हुन्छ एक-अर्कासँग, आखिर परिवेशले निर्माण गरेको मनोदशा न हो !

फेरि व्यापारको उत्तरार्द्ध खण्ड शुरू हुन्छ : पुनर्निर्माण योजना, कार्य, परिणाम र प्रतिफल । भवन, सडक, बगैंचा, मार्केट, स्कूल, कलेज, अस्पताल, हुलाक, प्रशासकीय भवन र उपल्लो तहका कार्यालय-मन्त्रालय अनि पानी, बिजुली र सुविधायुक्त जीवनशैली र आधुनिक दृष्टि । अनि संचार माध्यम ।

त्यस्तै निर्माण सामग्री, उच्चस्तरीय उपकरण, विशिष्ट प्रविधिज्ञ, तिनका सहायक र कर्मी-जनशक्तिको परिश्रमिकको व्यवस्था !

हो, मिल्दैन गणित मिल्दैन, सोच या चिन्तनमा मिल्दैन, बस् हृदयले मिलाउनुपर्ने हुन्छ ।

कति युवती हराए, कति बालक बिलाए । आँखा र किडनीको व्यापार कता भयो । मूल्यवान गहना र हीरामोती कता पुगे । संचित धनराशि कता पऱ्यो । नचाहेरै पनि गाडधन पो हुनपुग्यो कि ?

आफन्तहरूको वियोग र सन्तान शोकको पीडा संझने अब थोरै होलान् कि ! अनि अपांग, बधिरको स्थिति ! यस्तो लाग्छ, सांसारिक मान्छे जीवन र संस्कृतिलाई माया गर्छ । देशलाई माया गर्ने र भाँड्ने त राजनेता नै हुन्छ । शायद त्यसैको प्रतिफल त होइन युद्ध ? जो नेताले निम्त्यायो !

शान्तं पापम् !

जसले आफ्नो भूमिमा युद्ध छेड्यो- आक्रमण गऱ्यो, उसैप्रति कृतज्ञ हुने ? उसैको ऋणी बन्ने ? वाह रे युद्धकामी !

र अन्त्यमा,

युद्धको प्रकृति, उद्देश्य र परिणामबारे धेरै कुरा भन्न सकिन्छ । र त्यो कुरा युद्ध थाल्ने र युद्ध भोग्ने राष्ट्रलाई हेरेर पनि भन्न सकिन्छ र युद्ध क्षेत्रको भू-प्रकृति राष्ट्रको इतिहासलाई हेरेर पनि भन्न सकिन्छ ।

र मानव शासित समाजमा पशुनीति हुनु हुँदैन । पशुमा पनि जातीय मर्यादाको निर्वाह हुन्छ, त्यो सर्वथा पारदर्शी छ । युद्ध नै अन्तिम निदान वा शक्ति हुन्छ भन्ने कुरा पूर्ण सत्य होइन, हुन सक्तैन । आघात रोकिनुपर्छ, संहारमूलक युद्ध नभएर संरक्षणमूलक युद्ध हुनुपर्छ, किन्तु युद्धको विरोधी चाहिं म होइन । युद्धनीति र प्रक्रियामा परिवर्तन ल्याउनुपर्छ र यही नै विजय हुनेछ । मेरो धारणा यही हो ।

अनुच्छेद पारेर उसले भनी- त्राटन, उच्चाटन, संमोहन र वशीकरण यी चार अस्त्रबाट सबैतिर विजय गर्न सकिन्छ । 'मारण' लाई परै राख्नुपर्छ ।

फेरि युद्धवन्दीको अध्याय अर्कै छ ।

युद्धमा तरूणी र बालकहरूको दुर्दशा हुन्छ । आमाहरू विकल हुन्छन् । जीवन अपाङ्ग र निष्क्रिय हुन्छ । निरोगी सन्तानको उत्पादन-प्रजनन रोकिन्छ । वंशविकार बढेर आउँछ । त्यसैले युद्ध टार्नुपर्छ ।

हिटलर र माओ पनि देवता भएनन्, खोमेनी र मुसोलिनी पनि पूज्य भएनन् । सद्दाम र गद्दाफी पनि अपूर्ण नै मानिए । रक्तकमल र शिवराम कुन प्रसंगबाट चिनिने हुन् ? प्रसंग मननीय छ, गंभीर पनि ।

केकाले तीव्र वेगले आफ्नो टक टुंग्याई । वातावरण अत्यन्त शान्त थियो । अब तालीको गडगडाहटसँगै कार्यक्रम टुंगियो ।

दर्शक दीर्घाका व्यक्तिले त सुने सुने, यसको प्रसारण स्थानीय संचार माध्यमका प्रत्येक च्यानलबाट भएको हुनाले धेरैले सुने ।

सहभागीहरू चियापानमा सम्मिलित हुँदै गए ।

केकाको युद्धप्रतिको दृष्टिकोणमाथि धेरैले समर्थन जनाए ।

❖❖

१२

राष्ट्रपति निवासमा जलपानको कार्यक्रम (ब्रेकफास्ट) मा क्लिन्टनका बालसखा अर्थात् मेरील्यान्ड विश्वविद्यालयका प्रेसिडेन्ट सपरिवार आमन्त्रित थिए । क्लिन्टन दम्पतीको आयोजनामा भएको यो कार्यक्रम सर्वथा अनौपचारिक, अत्यन्त सहज र आत्मीय थियो ।

केका पनि उपस्थित थिई । ऊ विश्वविद्यालयकी एम्बेसडर भएकी हुनाले वरिष्ठ, विशिष्ट व्यक्तिहरूको भेलामा, बैठकमा उसको उपस्थिति र अग्रसरता उल्लेखनीय मानिन्थ्यो । आखिर ऊ विद्यार्थी प्रतिनिधि नै भई र आजको यस कार्यक्रममा केकालाई स्वयं प्रेसिडेन्ट दम्पतीले सँगै लिएर आएका थिए ।

राष्ट्रपति निवासको जलपान कार्यक्रममा भाग लिन पाउनु सामान्य कुरा थिएन । शायद कल्पना बाहिरको कुरा हो । पारिवारिक बैठकजस्तो सौम्य, शालीन शैलीको यो भेटघाट श्रेय र प्रेयको भावले खँदिलो थियो । केकाले त्यहाँको प्रत्येक क्षण उदात्त र आलोकमय रहेको अनुभव गरी ।

जलपानमा म्याट उपस्थित थियो । किन्तु उसको उपस्थिति मिश्रित थियो- औपचारिक-अनौपचारिक । एकातिर ऊ परराष्ट्र मंत्रालयको प्रतिनिधित्व गर्थ्यो भने अर्कातिर केकाको बौद्धिक-कूटनीतिक यात्राको लागि मार्ग विस्तार गर्ने सहयोगी मित्र हुँदैथियो ।

जलपान कार्यक्रमको अन्त्य नहुँदै केकालाई लक्ष्य गरेर क्लिन्टनले भने- 'युद्धसम्बन्धी तिम्रा लेखहरू मैले पढ्न थालेको छु ।'

केका सजग भई । अरू केही सुन्ने विचारले ऊ उत्सुक देखिई । उसका दृष्टिमा प्रश्नभाव झल्कियो ।

'युद्धसम्बन्धी कुनै पनि शीर्षकमा उनको कलम माझिएको छ । प्रोफेसरहरू तारिफ गर्छन् ।' प्रेसिडेन्टले थप्यो ।

'यो त नारी जातिका लागि गौरवको कुरा हो ।' श्रीमती क्लिन्टनले निश्छल भावले भनिन् ।

'मेरी छोरी भएकी छन् केका, अब प्रशंसा के गर्नु ! फेरि पोक्किन बेर लाउँदिनन् क्या !' प्रेसिडेन्टकी श्रीमतीले वत्सलभावको सुवास छर्किन् ।

'तिम्रो 'युद्धभूमिको खोज' भन्ने लेख चाहिं सारै घत लाग्यो । तर्कपूर्ण विश्लेषणमा तिम्रो लेखन माथिल्लो दर्जाको छ । तिमीमा भएको आत्मविश्वास र सफलताका संकेतहरू प्रत्येक प्यारामा भेटेको छु । म प्रभावित छु । तिम्रो लेखनबारे एक दिन म आफ्ना साथीहरूसँग अवश्य चर्चा गर्नेछु ।' अर्को संदर्भको संकेत गरेर क्लिन्टनले थपे ।

श्रीमती क्लिन्टन केकाको मुखमण्डलमा लक्ष्य गरिरहेकी थिइन् । उनले निष्कर्ष निकालेर आत्मकथन गरिन्- 'यो केटीमा अभिमान र प्रशंसाप्रियता जस्ता अवगुण छैनन् क्यार ! यत्रो तारीफ सुनेर पनि अनुहारमा परिवर्तन आएको छैन । अझै ऊ यथावत् सौम्य, शान्त र शीतल देखिन्छे । यस्ता जवान बालिकामा नपाइने असाधारण गुण हो यो । शायद निन्दा र प्रशंसा तथा जय र पराजयबाट माथि उठिसकेकी छ क्यार !'

पर, अर्को छेउबाट चराहरू लक्ष्य गर्दै थिए । जलपानका सहभागीहरूको आत्मसंवादको शून्यतालाई चिर्दै एउटाले भन्यो- 'आत्मानं विद्धि ।'

अर्काले थप्यो- 'यानि अस्माकं सुचरितानि तानि त्वया उपास्यानि नो इतराणि ।'

'किन ? कोही अपथगामी हुँदै छ र ?' फेरि अर्कोले प्रश्न राख्यो ।

केकाले कान ठाडा पारी, ऊ सजग देखिई । उसका आँखामा चञ्चलता बढेर आयो ।

श्रीमती क्लिन्टनलाई केकाको सर्कताले अधीर बनायो । सबैतिर आँखा घुमाएर उनले प्रश्नभाव फैलाइन् ।

श्रीमती प्रेसिडेन्ट आफैंमा आत्मरति लिंदै थिइन् । कुन संदर्भ कता पुग्दैछ थाहै पाइनन् । तर म्याट कतै केही भएको छ भन्ने अनुमान गर्दै थियो । केकाले मैनाका कुरा बुझी, तर केही नजाने झैं गरेर ऊ मौनता साधेर बसी ।

'मा विद्विषावहै ।' सहउच्चारण गरेर दुवै चरा शान्त भए ।

परिवेशलाई सजिलो र प्राणवान बनाइराख्ने सोच बनाएर केकाले भनी- 'यी मैनाहरू मीठो बोल्दा रहेछन् ।'

'ए, अँ ।' केही संझेजस्तो गरेर क्लिन्टनले भने- 'आउनुहोस्, यहाँहरूलाई बोल्ने चराहरूसँग परिचय गराउँछु ।'

सबैजना त्यतै पुगे ।

दुवै चराले सँगै भने :

'हाम्रो नमन छ महामहिमज्यूलाई ।'

'नमन छ प्रेसिडेन्ट दम्पतीलाई ।'

'म्याटलाई नमन छ हाम्रो ।'

'आली, तिमीप्रति ममता र सद्भाव व्यक्त गर्छौं', र त्यसपछिको कथन मनमनै भने- 'तिम्रो लक्ष्य सुनिश्चित भइसकेको छ । सिद्धि बाँकी छ । त्यसका लागि हाम्रो शुभकामना छ ।'

'फडीर, जामुन, कुसुम, चिउरी, अम्बा, सरिफा, हरिया मकै र भुइँकटहर धेरै मनपर्छ हामीलाई ।' मैनाको सर्वश्राव्य संवाद रोकिएन ।

संवाद सुनेर केका निमेषभर आफैंभित्र कतै हराई ।

मैनाहरू अकस्मात् केकाको आँखामा देखिएको चञ्चलता र अनुहारमा आएको भाव परिवर्तनलाई लक्ष्य गरिरहेका थिए ।

अर्कातिर फर्केर उसले आँसु लुकाई ।

'यी चराका विषयमा मैले केही जान्न सकिनँ । यी सामान्य लाग्दैनन् ।' क्लिन्टनले आफ्ना धारणा राखे ।

'संस्कृत भाषाका ज्ञाता रहेछन् चराहरू । यिनको संवादको स्तरबाट यी कुनै स्वनामधन्य गुरूका शिष्य हुन् भन्ने झल्किन्छ ।' केकाले मैनाहरूको ज्ञान र श्रेष्ठतामाथि आलोक छरेर भनी । धेरै कुरा संकेत गरेर पनि नाटकीय ढंगले उसले रहस्यमय पर्दा गरी ।

मैनाले मुखामुख गरे । उफ्रेर प्रसन्नता व्यक्त गरे ।

'के ब्रिटिश सरकारले खोजेका चरा यिनै हुन् त ?' आफैंमा प्रश्न गरी ।

प्रेसिडेन्ट दम्पतीलाई विदा गर्न क्लिन्टन कारसम्म पुगे ।

केका दुई पाइला चरातिर सरी र फेरि रोकिई । अनि आफैंमा प्रश्न गरी- 'के यी उनै मैना हुन् त ? कि त्यस्तै अरू हुन् ? यतिको वर्ष भए, यी अजर-अमर नै हुन् त ?'

क्लिन्टन फर्केर केका भएको ठाउँमा पुगे । अनि भने- 'धन्यवाद केका, म धेरै खुशी छु तिमी आइदियौ ।'

आफ्ना तर्फबाट पनि आभार ज्ञापनको शैलीमा ऊ किञ्चित् झुकी र दुई पाइला पछि सरी ।

'केका, हामी फेरि भेटौंला ।' क्लिन्टनले हृदय खोलेर भने । 'यी चराको विषयमा जान्नु छ । केही बुझ्नु छ । तिमी सहयोग गर्न सक्छ्यौ कि ?' क्लिन्टनले प्रस्ताव गरे ।

'जी, अवश्य, म सहयोग गर्छु ।' उसले स्पष्ट भनी ।

संझे भैं गरेर क्लिन्टनले अर्को प्रसंग झिके- 'मैले तिम्रो टक सुनें । त्यसको सार टिपोट पनि पढें र समीक्षा पनि हेरें । फेरि त्यसमाथि थप तिम्रो दृष्टिकोण र संयुक्त राज्य अमेरिकाको दूरगामी नीति र लक्ष्य पनि मैले मनन गर्ने मौका पाएँ । तिम्रो विचार वैज्ञानिक पनि छ, युगीन पनि छ र माथिल्लो तहको छ । मलाई खुशी लाग्यो ।'

एकछिन रोकिएर फेरि थपे- 'उपनिवेश कालमा कुन भूमि कहाँ गयो र कसले भोग्यो अनि उपनिवेश युगको अन्त्यसँगै त्यस्तो भूमि कहाँ गयो ? त्यो कुन अवस्थामा छ र अब त्यहाँ कस्तो उपचारको खाँचो छ भन्ने प्रश्न उठाएर मूल्यवान कुराको संकेत गरिदिएकी छौ । शायद छाया संसार र सार्क मुलुकमा केन्द्रित रहेर तिमीले उपनिवेश युगको कालो अवशेषलाई लक्ष्य गरेकी हौ । उचित छ, अब सांदर्भिक छ । यसरी तेस्रो आँखा खोलिदिएकोमा तिमीप्रति संयुक्त राज्य अमेरिका आभार प्रकट गर्दछ । मैले आफ्नो तर्फबाट भन्नुपर्दा म भन्छु- तिम्रो टकबाट म सकारात्मक र ऊर्जावान भएको अनुभव गर्दैछु । युद्धभूमिमा आहत मान्छेको उद्धारका लागि जुन-जुन शीर्षकमा बजेट छुट्याएको छ त्यो अद्भुत छ । अनि युद्धपछिको पुनर्निर्माण सोच छ, चेतना छ त्यो आदरणीय छ । अनि म तिम्रो प्रत्युत्पन्न मतिको प्रशंसा गर्दछु ।' एकपटक लामो सास तानेर छाडे अनि सन्तुलनमा रहेर भने- 'तिम्रो भविष्य उज्यालो छ र युएसएको पनि । ओके गुडलक !'

फर्कंदा राष्ट्रपतिले उसको 'युद्ध एक, व्यापार अनेक' भन्ने टकका विषयमा सांकेतिक संवाद गरेको यथार्थ उसले केलाई । चराको प्रसंगबाट पनि ऊ गम्भीर भई । पानबारी, गुरूकुल, गुरूदेव र फलफूलको चर्चाले ऊ वेलावेला चकित पनि भई, उद्विग्न पनि भई र रोमांचित पनि । ऊ यस्तै मिश्रित अनुभव गर्दै रही ।

'के यी उनै चरा हुन् जसलाई पीयूषका हजुरबाले शिष्यभावले दीक्षित गराउनुभएको थियो ? त्यसो भए यी पीयूषलाई बढी जान्दछन्, मसँग चाहिं यिनको संपर्क त्यति लामो भएन । शायद मलाई त्यति राम्रो नचिन्लान् । यदि यी तिनै चरा हुन् भने यी सामान्य छैनन् । यी ऋषिकल्प छन् र उपनिषदमय छन् । तत्वदर्शी र स्वप्नद्रष्टा हुन् ।' ऊ आफैंमा गुन्दै रही :

'चरा पाल्ने र प्रशिक्षित गर्ने परंपरा लामो छ । आज पनि मानव समाज यस कार्यमा रूचि राख्तछ । भिन्न-भिन्न प्रकृति र स्वरूपका चराहरू गृहस्थका शोभा भएका छन्, कतै संस्कृतिका पोषक देखिएका छन् । चराको स्वरूप र रूचि अनि परिवेशका आधारमा दाना उत्पादनका केन्द्रहरू उभिएका छन् ।

त्यसैले पहिले भैं उति कठिन नहोला आजको पक्षी पालन । मानवको स्वास्थ्यमा जसरी ध्यान दिइन्छ, त्यसरी नै यिनका पक्षमा पनि ख्याल राखिन्छ । यो क्रिया उन्नत, सभ्य समाजकै प्रतिबिम्ब हुनुपर्छ ।

तर राष्ट्रपति क्लिन्टन तृतीयका निवासमा रहेका मैना त्यसै गरी पालिने र प्रशिक्षित हुने वर्गका हुन् भने यी अवश्य पनि खास क्षेत्र वा भूपरिधिका उत्पादन हुनुपर्छ, किनभने यिनमा जुन संस्कारको बीजारोपण भएको छ र जुन शिक्षा यिनलाई दिइएको छ, त्यो जतासुकै लिन सकिने होइन, हुन सक्तैन । यिनमा देखिने असामान्य चेतना र विशेष ज्ञान सामान्य स्तरका शिक्षा केन्द्रबाट उपलब्ध हुन सक्तैन ।

लामो मीमांसापछि उसले गहिरिएर सोची र एउटा भिल्का निष्कर्ष निकाली- 'शायद यी तिनै मैना हुन् जो पीयूषका घरमा हुर्काइएका थिए । यदि यो कुरा हो भने यिनका र मेरा बीचमा कनेक्शन हुन सक्छ । कनेक्शन सत्य रह्यो भने अब प्रच्छन्न रहन सक्तैन र सकारात्मक उद्देश्यका निमित्त त्यो पोषक भएर रहनुपर्छ । र अहिले मेरो अन्तरात्माले संकेत गर्दैछ- कुनै असल कार्यको मुहूर्त जन्मदै छ ।'

'तर चरामाथिका जिज्ञासाहरू, तर्क र प्रश्नहरूको समाधान एकै पटक त्यसवेला मिल्नेछ जुन वेला मैनासँग संवाद हुन्छ र यिनको नाम थाह हुन्छ । कुनै विशेष परिवेश र संस्कृतिको पीठिकामा यिनको व्यक्तित्व निर्माण भएको हुनाले यी सामान्य मैना हुन सक्तैनन् ।' उसले आफैं तर्क गरी र फेरि प्रश्न उभ्याई- 'राष्ट्रपतिले चाहँदा यस किसिमका अनेकौं मैना उनका निवासका लागि उपलब्ध गराइँदैनन् र ? लेश मात्र गुण र गरिमाको न्यूनाधिकताले अधिकतम समानतालाई नकार्न मिल्छ र ? एउटै स्वरूप र प्रकृतिको वस्तु धेरैतिर पाइनु वा भेटिनु आजको विकसित युगको प्रदान होइन र ? त्यसैले जबसम्म यी चराहरूको गुरूकुल र यहाँ राष्ट्रपति निवासमा यिनको आगमनको सूत्र-पथ थाह हुँदैन तबसम्म धेरै कुरा रहस्य नै भएर रहनेछ ।' एकपटक लामो सास तानेर उसले थकाइ मारी ।

के गुरूकुलमा एक पटक मात्र विद्यार्थी प्रशिक्षित हुन्छन् ? अन्य सत्रहरूमा विद्यार्थीहरू प्रवेश हुने गर्दैनन् ? पीयूषका हजुरबाबाट एकै पटक मात्र मैनाचरी प्रशिक्षित भएका हुन् त ? अरू चरा प्रशिक्षित हुनु संभव छैन ? अनि त्यहाँ जस्तै अन्तबाट पनि प्रशिक्षित चरा उत्पादन हुनसक्नु कति स्वाभाविक मान्न सकिन्छ ?' ऊ आत्मसंवाद गर्दै रही ।

❖❖

१३

'ऊऽऽ फ्ऽऽ' थकाइ र खिन्नताको भावमा क्लिन्टनले आफूले पढ्दै गरेको समाचार-पत्र टेबिलतिर हुत्याए । हेर्नेलाई लाग्थ्यो, कुनै अरूचिकर संदर्भले उनलाई अधीर बनाएको हो ।

पिंजराको मैनाले लक्ष्य गऱ्यो र मौका देखेर बोल्यो- 'महामहिम, कुनै चिन्ताको विषय ?'

'यूकेकी महारानी अस्वस्थ हुनुहुन्छ ।'

'अस्वस्थ हुनाको कारण थाह भयो कि ?'

'ब्रिटिश सरकारकै अविवेक र असन्तुलित व्यवहारका कारण उहाँ मानसिक रूपले व्यथित हुनुभएको हो भन्ने लाग्छ । अब के भन्ने ?'

'महामहिम, मैले संदर्भ बुझिनँ, अलिक बुझिने गरी सुनौं कि ?'

'यो पुरानो कुरा हो, इतिहास भइसक्यो ।'

'के त इतिहास महारानी अजराको बिमारीको कारण बन्न सक्छ ?'

'बिल्कुल ।'

'अनि त्यसको उपचार ?'

'राजनीतिक उपचार, बस् ।'

'वाह ! सत्य भन्नुभयो महामहिम । यहाँको सोच यथार्थको निकट छ । बिल्कुल निकट ! म यहाँको सोचको अनुमोदन गर्छु ।' अनि खुलेर चराले थप्यो- 'म यही कुरा सुन्न चाहन्थें ।'

क्लिन्टन अकस्मात् झस्किए । अनि 'के म यिनै चरासँग बोल्दै थिएँ ?' उनले आफैंसँग प्रश्न गरे । अनि चरातिर हेरेर भने- 'तिम्रो संवाद कलाबाट यस्तो लाग्छ, मानौं महारानीको अवस्थाबारे तिमीलाई बढी ज्ञान छ ।'

'महामहिम, त्यस्तो ज्ञान त होइन, किनभने जति पढायो त्यति नै जान्दछौं । ज्ञानका स्रोतहरू दरबार र महलसम्म पुग्दैनन् । जति सिक्यो, जति पढ्यो त्यसकै आधारमा चिन्तन गर्नुपर्ने स्थिति छ । बन्दी चराको ज्ञानको परिधि कति नै हुन्छ र !'

'ज्ञानयोगी हाम्रा गुरूदेव ऋषिकल्प हुनुहुन्थ्यो, उहाँलाई उपनिषद् पुरूष भन्छन् । उहाँको सान्निध्य र सद्भावले हामीले जे जति पायौं, जान्यौं त्यति नै हो । त्यसमा किंचित् वृद्धि र परिष्कार गर्न सकेनौं । चिन्तन गर्न सक्छौं, बस् ।'

'हो, प्रातः स्मरणीय गुरूदेव स्वयं श्रोत्रिय, ब्रह्मनिष्ठ, नैष्ठिक गृहस्थयोगी हुनुहुन्थ्यो र उहाँद्वारा निर्दिष्ट आचारसंहिताभित्र रहेर ज्ञान ग्रहण गर्न पनि त्यति सजिलो थिएन हामीजस्तो द्विज सत्वलाई । तैपनि उहाँको अनुकम्पा र आशीर्वादले जति आँखा खुले त्यसकै आधारमा थोरै वरपरसम्म देख्ने त हो ।' एउटाले भन्यो ।

'सत्य हो, उहाँकै ज्ञानामृत पिएर त्यसको चर्वणा गर्दै, त्यसैबाट ऊर्जा संचित गरेर देख्ने, सुन्ने र बोल्ने गर्छौं । यो गुरूदेवकै कृपा हो, आशीर्वाद हो ।' अर्काले थप्यो ।

'अनि त्यस ठाउँमा पुऱ्याउने र हाम्रा लागि उचित परिवेश दिने हाम्रा आलीहरूलाई पनि हामी बिर्सदैनौं !' यसपटक दुवै चराले एक स्वरले भने ।

'अँ, प्रसंग भन्नै छुटेछ, महारानीको अवस्था बारे जुन ज्ञान वा अनुभव हामीलाई छ, त्यो महारानीबाटै हामीले सुनेर भएको हो ।'

'हो, उहाँ सपना देख्नुहुन्थ्यो र हामीलाई सुनाउनुहुन्थ्यो । उहाँको सपना सुनिदिने हामी नै त हुन्थ्यौं नि !'

'कस्तो सपना ?' क्लिन्टनले चरालाई प्रश्न गरे ।

'यदि महामहिमलाई महारानीको सपना सुन्ने इच्छा भए, समय छ भने हामी सविस्तार सुनाउँछौं ।'

'हो, अक्षरशः सुनाउँछौं । सपना पनि बडो नाटकीय छ ।'

दुवै चराको संवाद सुनेपछि क्लिन्टनले चराबाट महारानीको सपना सुन्ने निश्चय गरे र भने- 'सुनाऊ, म सुन्छु । सुनिसकेर मात्र यहाँबाट उठ्छु ।'

'हुन्छ मै सुनाउँछु पहिले ।' पावन पद्मावतीले, महारानीले देखेको स्वप्नकथा भन्न शुरू गऱ्यो :

महारानीको दरबारमा राजा एडवर्ड (छैटौं) सातघोडे बग्गीमा सवार भएर आउँथे र महारानीलाई औपचारिक ढंगले सलामी अर्पण गर्थे ।

सलामी धूनको मर्यादा राखेर उनी मौन स्वीकृतिबाट कदरभाव देखाउँथिन् ।

यताबाट पनि महाराजको स्वागत-सम्मानमा राष्ट्रिय गीतको धून अर्पण गरिन्थ्यो । त्यस वेलाको त्यो परिवेश साँच्चै नै दर्शनीय हुन्थ्यो ।

अनि संवाद चल्थ्यो ।

निश्चित दूरीमा पुगेर राजा एडवर्डले भने- 'महारानी अजरा !'

'महारानी' भन्ने संबोधनले उनको अनुहारको छविमा बादल लागेको स्पष्ट देखियो । फेरि उनले तुरुन्तै सच्याएर भने- 'छोरी, तिमीले महारानीको हैसियतले गर्नुपर्ने कार्य शेष रहेको देखेर म आफ्ना तर्फबाट विनति-प्रस्ताव लिएर उपस्थित भएको छु ।'

आफ्ना दायाँ-बायाँ र पछाडि पङ्क्तिबद्ध रहेर चखानो-सतर्क देखिने सशस्त्र सैन्यबल र भिक्टोरिया क्रसबाट सम्मानित रहेका वीर गोर्खाली सेनातर्फ संकेत गरेर भने- 'छोरी महारानी !'

यस संबोधनले महारानीको कान्ति अकल्पनीय ढंगले उद्भासित भयो, मानौं चन्द्रमाका सबै कलाहरू एकै साथ उदाएका हुन् ।

एडवर्डले भने- 'यिनको सेवा र समर्पणले हामी सुरक्षित छौं, त्यसैले जीवित छौं । इतिहास साक्षी छ, यदि यो कुरा हामीले बिर्स्यौं भने इतिहासले हामीलाई माफ गर्ने छैन ।' एकछिन रोकिएर फेरि थपे- 'हाम्रा लागि, हाम्रो अस्तित्वका लागि, यस जातिले गरेको बलिदानको हामी ऋणी छौं । ब्रिटेनले चाहेमा पनि यिनको ऋण चुकाउन सक्तैन ।'

एडवर्ड भन्दै गए- 'यिनको कुनै माग छैन । माग्नुपर्ने थियो, मागेका छैनन्, अब माग्लान् । यो अधिकार यिनले आफैंसँग सुरक्षित राखेका छन् ।' उनले फेरि थपे- 'छोरी महारानी, यिनले केही नमागे पनि, नभने पनि अब हामीले आँखा खोल्नुपर्ने स्थिति आएको छ ।'

महारानीका आँखा चम्किला भए । उनका आँखामा अपूर्व उत्सुकता भरिएर आयो ।

एकछिन शून्यता फैलियो ।

पावन पद्मावतीले संवादबाट विश्राम लिएपछि सगुन इन्द्रावतीले स्वप्नकथा अगाडि बढाउँदै भन्योः

एडवर्डले भने- 'हाम्रो शासन-कालमा यिनका देशको निकै ठूलो भू-भाग हामीले लिएर भोग गरेका हौं । त्यो भूमि उनीहरूलाई फिर्ता दिएर मात्र हामी फर्कनु पर्थ्यो, त्यहीं गल्ती भयो । यिनले आफ्नो धरती फिर्ता पाउनुपर्छ र हामीले फिर्ता दिलाउनैपर्छ, त्यो फिर्ता हुनैपर्छ । यसमा अब हाम्रो भूमिका कस्तो हुनुपर्छ- त्यो कुरा तिमी नै निर्णय गर र टुंगो लगाऊ । गल्ती सच्याऊ, छोरी महारानी !'

'अर्को कुरा, हामीले जसलाई लच्छिनको शुभचरी परेवा पन्छी ठानेर मुक्त गरिदिएका थियौं, त्यो त भयंकर आक्रामक बाज पो भएर निस्क्यो । त्यस

भेगमा यसले बडो पिरोलेको छ, आतंक मच्चाएको छ । यदि अब आफ्नो पखेटा समेटेर आफ्नो ठाउँमा बसेन भने वा आफ्नो साइज बिर्स्यो भने संझ, यसका पखेटा छिमल्ने वेला आयो ।'

महारानी एकाग्रभावले सुन्दै थिइन् ।

'त्यतिले नपुगे टाउको पनि किच्नुपर्छ ।' यसपटक अलिक उत्तेजित भएर उनले थपे- 'साबिकको अन्तर्राष्ट्रिय सीमा र मर्यादाबाट विचलित भएर हेपाइ-मिचाइ गर्न पाइन्छ र ? मिल्दैन, छाडा भएर जथाभाबी गर्न मिल्दैन । छूट कसले दिन्छ ?'

एडवर्डले आफ्नो शिरबाट मुकुट झिके र बायाँतर्फ च्यापे । अनि दुई पाइला अघि सरेर विनयको भावमा थपे- 'छोरी महारानी, बोलेन, विरोध गरेन वा प्रतिक्रिया जनाएन भन्दैमा अशक्तप्रति अन्याय भएको कसरी सहनु ? यिनीहरू आपत्तिमा घेरिदैजानुको पछाडि हाम्रो पनि हात छ । अझ भन्नुपर्छ, पहिलो हात हाम्रै छ ।'

'महारानी, यिनको भूमि अर्कालाई दिएर हामीले यस जातिमाथि बडो अनर्थ गरेका छौं । भोलि विश्व-समुदायले यो प्रश्न हामीलाई गऱ्यो भने हामीले अपमानित भएर आत्महत्या गर्नुपर्ने स्थिति आउन सक्छ । एउटाको धरती अर्कालाई दिएर हिंड्ने अधिकार हामीसँग थिएन, अब पनि छैन ।'

अझ ग्लानि मिसिएको शैलीमा उनले थपे- 'त्यस्तै अकर्म गरेर होला, त्यत्रो ब्रिटिश साम्राज्यबाट खुम्चिएर हामी फेरि सानो भू-भागमा साँगुरिन र सीमित हुन पुगेका छौं । अपराध र अविवेक गरेको प्रतिफल त हामीले भोगेका होइनौं ?'

'पतन भएर विचलित अवस्थामा पुग्ने र संसारबाट अपमानित, घृणित भएर बाँच्नुपर्ने स्थिति रोक महारानी, रोक । त्यो स्थिति हामीले नै ल्याएका हौं, रोक !'

अनि सतर्क, सचेष्ट रहेर आफ्ना छेउमा र पृष्ठभागमा उभिएका तिनै सैन्यबलका जवानहरूतिर संकेत गरेर उनले भने- 'अब त हामीले आँखा खोल्नैपर्छ ।' अनि आज्ञार्थक भावले थपे- 'यिनीहरूमाथि अत्याचार हुँदैछ । यिनीहरूको भूमि खस्कँदै छ, रोक । यी हाम्रा महान मित्र हुन्, हितैषी हुन्, आत्मीय हुन् । हाम्रो सेवा र सुरक्षामा लाग्दा, हाम्रो अनुशासनभित्र बस्ता यिनको भूमि घट्छ भने, यिनको संसारमा अर्काले चलखेल गर्न थाल्छ भने त्यसको जवाफदेही हामीले लिनुपर्छ महारानी ! अब हामीले प्रतिकार गर्नुपर्छ । नदेखेको नसुनेको जस्तो गर्न पाइँदैन, हुँदैन !'

'निर्णय सच्याएनौ भने संयुक्त अधिराज्य कर्तव्यच्युत देखिने छ । हाम्रो उँचाइ अझ घट्ने छ । त्यसैले मलाई वचन देऊ छोरी ! यिनको हितमा अब हाम्रा पाइला चल्नुपर्छ ! अनि मात्र हामी बाँचेको सुहाउँछ । गौरवपूर्ण इतिहास कायम रहन्छ ।' उनी अश्रुपूरित भैं देखिए ।

महारानीको आत्मामा गुँज्यो- 'अर्कालाई अशक्त बनाएकै कारणले हामी पनि क्षीण दुर्बल हुँदै गएका हौं कि ?'

महारानीको आत्मा एडवर्डले पढिसकेका थिए । त्यसैले उत्साहित भएर भने- 'छोरी महारानी, ठीक भन्यौ ।' अनि एकपटक लामो सास ताने र मुकुट थापेर भने- 'म भिक्षा माग्छु पुत्री, मुकुट थापेर भिक्षा माग्छु । मलाई वचन देऊ, अब प्रायश्चित्त गर्ने वेला आएको छ । म प्रायश्चित्त गर्न चाहन्छु, अब म उऋण हुन चाहन्छु । यिनको भूमि फिर्ता गरिदेऊ !'

भित्रैदेखि पीडा र क्षोभ उगेलेर भने- 'महारानी, भन, जसले सेवा र सुरक्षा दियो त्यसलाई पुरस्कार दण्ड ? योभन्दा अमानवीय कर्म के हुन सक्छ ! हाम्रो सेवा गर्दा उसको देश लुटिनु, अर्काले चलखेल गर्नु दण्ड भएन ? त्यसका दोषी त हामी हौं । दण्ड त मैले पाउनु पर्ने !'

थप पीडा र चीत्कार मिसाएर चर्को स्वरले एडवर्डले भने- 'छोरी महारानी, म गलत इतिहासमा बाँच्न चाहन्नँ । कालो इतिहासमा मैले बाँच्नु छैन । देखावटीपन र मुखुण्डो भित्र बाँच्न चाहन्नँ म ।'

अझ चर्को स्वरले बोले- 'बजाऊ, शोक धून बजाऊ । अब म मरेको हुनुपर्छ । बजाऊ, शोक धून बजाऊ ।'

शोकधूनको पीडाले महारानी कान थुनेर उठ्थिन् र चिच्याउँथिन्- 'धून रोक !' सपना यसैगरी टुंगिन्थ्यो । त्यसपछि उनी थिल्थिलो भएर गलेको मुद्रामा सुस्केरा भरेर त्यसै पल्टिन्थिन्, अचेत जस्तै भएर !

सगुन इन्द्रावतीले स्वप्नकथा टुँग्यायो ।

एकछिन शून्यता छायो ।

क्लिन्टनले लामो सास ताने ।

यसपटक पावन पद्मावतीले भन्यो- 'महामहिम ! महारानीले पीडाको भावले मुछेर सुनाएको स्वप्न पीडाको कथा यही हो । र यी स्वप्न दृश्यहरू बारम्बार दोहोरिएर आउन थालेपछि महारानी झन्नै-झन्नै विक्षिप्त अवस्थामा देखिन्थिन् ।'

लामो सास तानेर क्लिन्टनले भने- 'संदर्भ गंभीर छ । शोचनीय छ ।'

'हो शोचनीय छ दुवैतर्फ ।'

क्लिन्टनले जिज्ञासाको भावले हेरे ।

सगुन इन्द्रावतीले थप्यो- 'महारानीको स्वास्थ्यप्रति पनि र एडवर्डले औल्याएको सुरक्षासेनाको हितप्रति पनि ! संदर्भ दुवैतर्फ गाँसिएको छ परस्पर पूरक भएर ।'

क्लिन्टनले यस पटक आत्मबल संचित गरे, गुने र सकारात्मक भावले शिर हल्लाए । लाग्थ्यो, यस संदर्भबाट क्लिन्टनले कुनै बाटो देखे, उनलाई कुनै दृष्टि मिल्यो अनि ऊर्जामय चिन्तनको बार खुल्यो । साँच्चै अहिले उनी प्रदीप्त, उदात्त र ओजस्वी देखिए । लाग्थ्यो, सिंह जटा फट्फटाएर उठ्तै छ वीरगर्जन गरेर । लाग्थ्यो, उनको संकल्प गोल्डेन ईगल भएर उड्दैछ- दूरदृष्टि राखेर !

❖❖

१४

एउटा सानो कार्यक्रम थियो जलपानको ।

प्रशिक्षण-तालिम पूरा गरेका प्रशिक्षार्थीहरूको सम्मानमा आयोजित थियो यो कार्यक्रम । अलिकति औपचारिक पनि थियो र अलिकति अनौपचारिक पनि ।

सानै अवधिको थियो तालिम-प्रशिक्षण, फेरि पनि महत्त्वपूर्ण थियो । ऐजन मौकामा खाँचो पर्थ्यो, भाग लिएर देखाउनु पर्थ्यो- परेका वेला । त्यसैले पनि प्रशिक्षण अनिवार्य थियो, ऐच्छिक होइन ।

यहाँ उपस्थित प्रशिक्षार्थीहरू सबै किसिमका धूनका ज्ञाता भए । धूनले इंगित गरेको संदर्भ बुझ्न अब उनीहरूलाई असजिलो थिएन । सलामीका विधि र प्रक्रियाहरूमा अब यिनलाई भ्रम हुने छैन । स्वागत र बिदाइका शैलीहरूमा शालीनता देखाउन पछि पर्ने छैनन् । जंगी र औपचारिक यात्राको पद-निक्षेपण वा औपचारिक र स्वतन्त्र गतिमा विषम स्थिति सिर्जना हुने छैन । कतै पनि जाति, वर्ग, लिंग, संस्कृति र भूगोलको पीठिका बुझेर प्रस्तुत हुनुपर्ने हुन्छ - संयुक्त राज्य अमेरिकाको शिर उच्च राखेर । लाग्थ्यो ऋतु, घडी र कार्यक्रम हेरी आभूषण, प्रसाधन र परिधानको स्वयं उपयोग गर्न सक्थे । दीक्षा आवश्यक थिएन; शायद मन्त्रणा पर्याप्त हुन्थ्यो संकेतमा ।

राष्ट्रपतिलाई कार्यक्रमको जानकारी रहन्छ र निमन्त्रणा पनि हुन्छ । यद्यपि यस्ता साना-तिना कार्यक्रममा राष्ट्रपतिको उपस्थिति, समयको अभावले, हुने गर्दैन । किन्तु उपस्थितिको अपेक्षा सधैं रहन्छ, शायद यो अघोषित विधान हो क्या र !

परराष्ट्र नीति र कार्यक्रमको छाताभित्र रहेर अमेरिकाको सैनिक विश्वविद्यालयको तालिम शाखाले आयोजना गरेको यस कार्यक्रममा राष्ट्रपति क्लिन्टन (तृतीय) सजिलै पुगे ।

परराष्ट्र नीति तथा कार्यक्रम महाशाखाका निर्देशकले स्वागत भाषण गरेपछि उद्घोषकको संकेत अनुसार वाद्यधून बज्दै गए । धून अनुसार सलामी,

परेड र पद-निक्षेप देखाएर ग्राजुएट प्रशिक्षार्थीहरूले महामहिम राष्ट्रपतिको सम्मानमा टुक्रा-टुक्रा सलामी नमूना प्रदर्शन गरे । राष्ट्रपतिले पनि सबै किसिमका धून र सलामीको विधिवत् स्वीकार प्रदर्शन गरेर वातावरणलाई रोमांचित गराए ।

राष्ट्रपतिले आफ्नो भाषणमा यति मात्र भने- 'तपाईंहरूले आफ्नो पदको दायित्व पूरा गर्नु हुनेछ । मेरा तर्फबाट यही शुभेच्छा छ ।' उनले अनुच्छेद पारेर थपे- 'तपाईंका प्रत्येक निर्णयले, प्रत्येक कदमले संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व गर्नेछ । मैले यस्तै विश्वास लिएको छु ।' एकछिन रोकिएर सबैलाई हेरे अनि मुस्कान लिएर भने- 'सफलताको शुभकामना, धन्यवाद !'

जलपानको क्रममा सबै सरह केकाले पनि राष्ट्रपति क्लिन्टनसँग हात मिलाई र एक मिनेट संवाद गर्ने अवसर पाई ।

राष्ट्रपतिसँगै सबै निस्के । केका आफ्नो फाइल च्यापेर शून्य मनोदशामा उभिई रही । म्याटले उसलाई त्यहाँबाट लिएर गयो । अनि ऊ आफ्नो वर्तमानमा फर्की । त्यहाँबाट निस्केर उनीहरू कफी शपमा धेरैबेर बसे ।

o o

आज केका नेपथ्यतिर पुगी ।

शरण-बस्तीका केटाकेटीहरू छेउ-छेउका गाउँ-क्षेत्रमा पसेर श्रम विनिमय गर्ने गर्थे । यो उनीहरूको विवशता थियो । केही दिनभरि काम गरेर साँझ फर्कन्थे, केही काम दिनेकै घरमा वास बस्ने गर्थे र कतिपय महिनौंसम्म बस्ती बाहिरै हुन्थे । कसैको कृपा या विवेकमा श्रम साटेर बाँच्न जान्नु पनि यस बस्तीका केटाकेटीको नियति भएको थियो । कस्तो मिल्दो-जुल्दो नियति धेरैको । श्रमबाट कमाउनु अनि त्यसबाट पालिनु, फेरि शरीरको रक्षा गर्न र लाज जोगाउन मात्र लगाउन पाउनु, यो दैवको समान न्यायको सिद्धान्तभित्र नपर्ने कुरा पक्कै होइन कि ?

भिन्न-भिन्न बनोट, रूचि र संस्कृतिका शरणार्थी थिए बस्तीमा । एउटै समस्याबाट ग्रसित भए तापनि चेतना, शिक्षा र आयुविशेषका आधारमा सजिलै वर्गीकृत रहन्थे । बस्तै जाँदा त्यस्ता स्थूल र टड्कारा रेखाहरू धूमिल हुँदै गए पनि चेतनाको रेखा अझ स्पष्टतर हुँदै थियो ।

जब राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरबाट सहयोगका कुरा हुन्थे तब सुविधा लिने पङ्क्तिमा मिसिएर सबै एकाकार देखिन्थे । त्यस्तो क्षणलाई बस्तीले पर्वकै रूपमा लिने गर्थ्यो ।

अनिवार्य कुनै कुरा थिएन बस्तीमा । स्कूल जानु, निरोगी रहने यत्न गर्नु, सफा-सुग्घर भएर बस्नु, स्वस्थ खाना खानु, कुनै नीति वा मर्यादामा रहनु यी सबै कुरा ऐच्छिक मात्र भए- अनिवार्य भएनन् । अनिवार्य एउटै कुरा थियो- पेट भर्नु र पेट भर्नका निमित्त श्रम साट्नु या तुष्ट पार्नु ।

हो, धन्य, केटाकेटीले आत्महत्या गरेनन् । त्यो ठूलैमा सीमित रह्यो । सुन्न त सुने होला केटाकेटीले, शायद महत्त्व दिएनन् । छोपे पनि होलान् धेरैले त्यस्तो कुरा, केटाकेटीले थाह नपाउन् भनेर ।

भोकको अग्निज्वाला पेटमा दन्किन थालेपछि उर्लंदो खोलामा हाम्फालेर निभाउन खोज्नु भनेको मृत्युवरण गर्नु हो । यस बस्तीमा त्यस्ता दृष्टान्त जन्मन थाले । यद्यपि यो एक समयको एक झिल्का घटना हो, फेरि पनि यसले अन्तर्राष्ट्रिय बजार प्रशस्त पायो । परिणाम सकारात्मक हुँदै गयो- सुन्दर भविष्यको संकेत दिएर ।

नेपथ्य यस्तो पनि थियो-

आज उसले नेपथ्यका पात्र र वृत्ति संभी । निकट अतीतमा पुगेर केकाले चरा र शुरूंगालाई, पीयूष र आफूलाई, पानबारी र गुरूदेवलाई संभी :

सुरूङगा डोरी र नाम्लो च्यापेर फेरि जंगलतिर लागी । दिनभरि बाख्राका पछि कुदेको जीउ, तैपनि उसले थकाइ मार्न भ्याइन । काम सधैं भ्याइ-नभ्याइ हुन्थ्यो उसलाई । बिहानको मिर्मिरेदेखि बेलुकाको झमक्कसम्म शीतल सास लिने फुर्सद भएन उसलाई । आधा घान भुटेका मकै चपाई नसक्तै ऊ जंगल पुगी ।

रूखका फेदमा डोरी र नाम्लो राखी र पर्तिर पुगेर सूःमा टुसुक्क बसी । चराका बच्चा देखेर खुशी भई । आफ्नो काम बिर्सी । चराका बच्चा बोकेर फर्की । साँझमा घरपट्टीको बार्दली कुर्लियो :

'अर्काको छोराछोरी ल्याइछ । पु-याइदे उहीं । आमा-बाबु रूँदै होलान् ।'

'खै नि दाउराको भारी ? यिनै चरा पोलेर भात पकाउनु ?'

'यी चराका बच्चा जहाँबाट ल्याएकी थिइस्, उहीं लगेर राखिदे । आमा बाबु आएर लान्छन् ।'

'अबेर नगर्, यिनलाई जंगलमै छोडिदे र दाउराको भारी लिएर आइज । गैहाल् ।'

घरपट्टीका पति-पत्नीले पालै-पालो शुरूङ्गालाई निचोरे ।

चराका बच्चा च्यापेको च्यापेकै ऊ ठाडै खुट्टा आँगनबाट फर्किई ।

जंगलका शिरमा राता घाम । ती रूखका टुप्पाबाट रातो घाम हराउने बित्तिकै अँध्यारोले छोप्छ इ्याप्पै ! उसको मन काम्यो । ऊ डराई । बिस्तारै पाइला सारी । अनि मन दरो पारी र बाटो बदली । गन्तव्य उसको अर्कै भयो ।

'केका !'

'केका !'

'ए, को हँ ?' उज्यालोसँग केका बाहिर आँगनमा निस्की । अनि भनी- 'यो त चराका बच्चा पो लिएर आइछ । कहाँबाट ल्याइस् शुरूङ्गा ?'

उसले संक्षेपमा चराका बच्चा जंगलदेखि केकाका आँगनसम्म पुगेको इतिवृत्त सुनाएपछि केकाले सजिलै भनी- 'मैनाका बच्चा हुन् भनिस्, मलाई दे, भित्र देखाएर ल्याउँछु । यदि यी मैनाकै बच्चा रहेछन् भने मै राख्छु, म पाल्छु । तैले जंगल जानै पर्दैन । अँध्यारो खसिसक्यो, जाने कुरा पनि आउँदैन ।'

बच्चा मैनाकै रहेछन् । केकाले राखी । शुरूङ्गाले बोक्न सक्ने डोला दाउराको भारी कसिदिई र केका आफैं उसलाई पुऱ्याएर फर्की ।

अर्को दिन केकाले मैनाका बच्चा भेटिएको कुरा स्कूलमा गरी । उसका साथीले भने-

'मैना सबैभन्दा मीठो बोल्छ रे ।'

'फोहोर खाएको छैन भने बोली खुल्छ रे ।'

'हो, सुगाभन्दा मैना टड्कारो बोल्छ भन्छन् ।'

'हुर्काउन चाहि कठिन हुन्छ क्यार !'

अर्को दिन मैनाको पिंजरा बोकेर केका बिहानको मिर्मिरेमा निस्की ।

सप्तकोशीको पूर्वी फाँटमा पञ्चकन्या क्षेत्रभित्र बाबा बूढासुब्बाको प्रसिद्ध धाम थियो । बूढासुब्बालाई मनमा राखेर उसले यात्रा थाली र झुल्के घाममा ऊ पानबारी पुगी । पानबारी बाबा बूढासुब्बाकै आँगन थियो । केका आफ्नो गन्तव्यमा पुगेर ढुक्क भई । अनि बोलाई :

'पीयूष !'

'पीयूष !'

अर्कातिरबाट पानीको गाग्री कम्मरमा च्यापेर पीयूषकी आमा टुप्लुक्क आँगनमा पुगिन् । अनि भनिन्- 'यी केका पो रहिछन्, म त को बोलाउँछ पीयूषलाई भन्छु नि !' सासको गति फेरेर थपिन्- 'ल, शुभ साइत भो, पानीले

भरिएको गाग्री देख्यौ । तिम्रा मनका कामना पूरा हुन्छन् अब । के भाव लिएर आएकी छौ मनमा ?'

पीयूषकी आमा निश्छल प्रकृतिकी थिइन् । पवित्रता र उदात्तता उनका सहज गुण थिए । उनलाई छरछिमेकी यस युगकी सीता भन्थे रे, सपनामा देखेको कुरा पनि मिल्छ रे ।

'आऊ, माथि नै आऊ ।' पीयूषकी आमा भरी तामाको गाग्री च्यापेर तलामा उक्लिन् । केका पनि सँगै उक्ली । अनि सुहाउने ठाउँमा पिंजरा राखी ।

'आज यति बिहानै ! पीयूषसँग कतै जाने सल्लाह छ कि तिमीहरूको ?' पीयूषकी आमाले प्रश्नका लागि प्रश्न राखिन् । न उत्तर अपेक्षित थियो, न अनुहार संदेहजनक । त्यसैले केका आमाका कुरा सुन्दै रही, बोल्नु आवश्यक ठानिन ।

पानीको गाग्री बिसाएर लामो सास लिइन् र भनिन्- 'तिमीले त मैनाको पिंजरा पनि सँगै लिएर हिंडिछौ । हजुरबाले थाह पाउनुभयो भने अर्काका संतानलाई पराधीन गराउने भनेर रिसाउनु होला नि !' पीयूषकी आमा आफ्ना घरको संस्कृति बोध गराउँदै बोलिन् । तर केकाले कुनै प्रतिक्रिया देखाइन ।

पीयूष भित्रबाट निस्की र देख्ने बित्तिकै भनी- 'आज गुरूपूर्णिमाको दिन पनि के मैना च्यापेर हिंडेकी यो केका ।' फेरि शैली फेरेर भनी- 'म आज तिम्रैमा आउन लागेकी थिएँ, तिमी नै आइपुग्यौ । मलाई भन्दा तिमीलाई हतार लागेछ भेट्न । इच्छाशक्ति भनेको यस्तै हो क्यार ! बा यसै भन्ने गर्नुहुन्छ ।'

'हो, आज मलाई असाध्य हतार लागेको छ । तल जाऊँ, तिमीसँग विशेष कुरा गर्नु छ ।'

'कहाँ जानु ?'

'तल बारीमा । मैनालाई केरा, अम्बा, लिची, मेवा, आँप, जामुन, फडीर, कुसुम, चिउरी आदि मौसम अनुसारका फलफूल र राम्रो अन्न, सफा पानी र दूध मात्र दिने हो क्या !'

पीयूष सुन्दै रही ।

'पीयूष, म तिम्रो सहयोग चाहन्छु, त्यसैले यति बिहानै यी चराका बच्चा च्यापेर यहाँ आएकी हुँ ।' केकाले उद्देश्य खोली ।

'कस्तो ?'

'यी मैनाका बच्चा यस घरको संस्कारमा हुर्किए भने यी विशेष कोटिका हुनेछन् । तिम्रै रेखदेखमा हुर्काऊ यिनलाई, पवित्र शाकाहारी बनाएर । सकौली ?' आदेश भावले तर दृढतासाथ केकाले भनी ।

पीयूष सुन्दै रही ।

'मेरो कुरा सकिएकै छैन । मुख्य कुरा त बाँकी नै छ ।'

'भन न ।'

'म हतारिनुको कारण मुहूर्त न उम्कोस् भनेर पनि हो । आज गुरूपूर्णिमाको दिन हो । तिम्रा हजुरबाले यिनलाई आजैदेखि शिष्यभावले हेर्नुपर्छ र उचित शिक्षा दिनुपर्छ । यस्तो शुभकार्य आज थालिनुपर्छ ।' निर्णयात्मक शैलीमा केकाले भनी ।

पीयूष आश्चर्यमा परी । यो प्रस्ताव कति संगतिपूर्ण छ र कति संभव छ, उसले केलाउने मौका पाइन ।

'अँ, म आउँदै गर्छु वेलावेला । नत्र यिनले मैलाई बिर्सन बेर छैन । यी सुशिक्षित भएपछि लिएर जानेछु ।'

पीयूष सुनेको सुनेकै रही ।

केकाले जोड दिएर थपी- 'एउटा नयाँ जगत खोल्ने महान योजनाका निमित्त यो कार्य सानो, सूक्ष्म भएर पनि अत्यन्त मूल्यवान सिद्ध हुनसक्ने छ र यसका लागि तिम्रो घर-परिवेश नै अन्यतम पीठिका भएर रहनेछ ।' उसले थपी- 'यो काम सामान्य देखिए तापनि यो विश्वजनीन र युगीन देखिनेछ । मलाई तिम्रो सहयोग र हिम्मतको ऊर्जा चाहियो ।'

उपसंहार गर्दै उसले थपी- 'तिमी पहिले मेरो कुरामाथि चिन्तन गर, आत्मसंवाद गर र हजुरबाको मनोदशा बुझेर, हेरेर उहाँसँग अनुरोध गर । मलाई यस्तो लाग्छ, यदि तिमीले परिवेश बाँधेर आफ्नो कुरा उहाँसमक्ष राख्यौ भने उहाँले हुँदैन भन्नुहुनेछैन । तिम्रो प्रस्ताव स्वीकार गर्नुहुनेछ, हामी उद्देश्यमा सफल हुनेछौं ।'

पीयूषका हजुरबा ख्यातिप्राप्त शास्त्रीय विद्वान थिए । प्राचीन उपजीव्य ग्रन्थका मर्मज्ञ थिए । स्मृति र नीतिका पालक थिए । नैष्ठिक आचार्य थिए । उनको आचार्यत्व अभिनन्दनीय थियो । उनी एक समयका एक ठाउँका कुलपति नै थिए । 'छात्रसंसदि लब्धकीर्ति' भन्ने वाक्यार्थ उनमा चरितार्थ देखिन्थ्यो ।

आडम्बर, देखावटीपन र अन्धमार्गका विरोधी थिए । दर्शन शास्त्रलाई उनी पथ्यका रूपमा सेवन गर्थे, आत्मसात् गर्थे । भन्न संकोच मान्नु पर्दैन- एक अर्थमा उनी नास्तिक ज्ञानी थिए र साँच्चैमा गृहस्थ योगी ।

हो, उनको ज्ञान र व्यक्तित्वसँग परिचित व्यक्तिहरू उनलाई वेदपुरूष भन्थे, ज्ञानीहरू उपनिषद् पुरूष भन्थे र सर्वसाधारणहरू गुरूदेव भनेर संबोधन गर्थे । पीयूषका हजुरबा भए तापनि ऊ 'बा' भन्ने गर्थी ।

संदर्भ मिल्ने गरी पीयूषले हजुरबालाई भनी- 'बा, के भो त, आखिर कुनै काका र बडीबाहरू बाको बाटोमा हिंड्नु भएन । म त भन्छु, अब हजुरले यिनै मैनालाई आफ्नै सन्तान ठानेर शिष्यभावले स्वीकार गरेर यिनको उपकार गर्दा बेस होला कि ?' उसले श्वासको गतिमा परिवर्तन ल्याएर फेरि थपी- 'मौकाले आज गुरूपूर्णिमा पनि हो । हजुरलाई शिष्य मिले, उनीहरूलाई गुरू । मलाई त यो विचित्र संयोग लाग्छ र यसको प्रतिफल पनि राम्रै होला कि !'

गुरूदेवकी असाध्य मनपरेकी नातिनी थिई पीयूष । उसले भनेका कुरा उनी निश्छलभावले स्वीकार गर्थे । त्यसैले होला, आफ्नो निर्णय सुनाउँदै भने- 'तिमीलाई पनि यी चरा ज्ञानी बनून्, शिक्षित बनून्, नीति र शास्त्रका पारखी र सर्वदर्शी होऊन् भन्ने छ भने ठीक छ, राख । मेरो पनि कामना छ- यी सत्यपथका प्रवक्ता बन्न सकून्, नीति-निदेशक मानिन सकून् । अरूको भलो गर्न सकून् ।'

पीयूष सधैं सत्य, सामाजिक र संगतिपूर्ण कुरा गर्छे भन्ने उनलाई विश्वास थियो । त्यसैले पनि उदात्तभावले उनले थपे- 'यस घरमा यिनको संस्कार निर्माण भयो भने, आउँदो वसन्त पंचमीका दिन विधिवत् शास्त्रको शिक्षा आरम्भ गराउने छु ।'

अनि मनमनै गुने- 'के थाह कुनै सत्पुरूष, कुनै असल आत्मा, यिनका रूपमा आएका हुन् कि ! विना कारण यी भेटिएका पनि होइनन्, विना कारण पिंजराबद्ध भएका पनि होइनन्, विना कारण केकाले यस घरमा ल्याएकी पनि नहोलिन् र विना कारण पीयूष र केकाको भगिनी सम्बन्ध बनेको पनि नहोला कि ? के थाह पीयूषको उत्प्रेक्षणमा यी चराहरू लोक कल्याणका लागि विश्वदूत भएर घुमून् ! के थाह धेरै कुरा भविष्यको गर्भमै होस् ।'

अलिकति चिन्तनमा अवकाश ल्याएर फेरि मनमनै गुने- 'यो घरलाई शिक्षाको स्रोत ठान्नु र मैले यिनलाई शिष्यभावले हेर्नु, यिनले पनि मलाई गुरूभावले स्वीकार गर्नुका पछि पक्कै असल कारण छ ।' उनी पुच्छारमा पुगे- 'यो संयोग मात्र होइन, सुयोग पनि हो । असंगतिमा संगति आउन सक्यो भने त्योभन्दा प्रेय र श्रेय अर्को के होला र !'

'पीयूष, तिम्रो घरको उच्च संस्कार र पवित्र खान्कीबाट यी पक्षीहरू सुसंस्कृत हुनेछन् र हजुरबाको आशीर्वादले निष्णात मनीषी हुनेछन् । मलाई विश्वास छ, यिनको मनीषा युगीन हुनुका साथै अभिनन्दनीय मानिनेछ ।' केकाले फर्कने हतारमा यति मात्र थपी- 'मैले थाह पाएँ र भ्याएँ भने म यिनको दीक्षान्त समारोहमा आउने छु ।' उसले पिंजरा टिपी र पीयूषलाई दिंदै भनी- 'ल, आजदेखि तिमी नै आमा, बाबु, साथी, आली सबै थोक भयौ ।' ऊ यसभन्दा बढी बोल्न सकिन । अनि अश्रुसिक्त आँखाले पिंजराका मैनालाई हेरेर ऊ त्यहाँबाट निस्की ।

रूनरून खोजेर पीयूष पनि रोकिई । उचित ठाउँमा लगेर उसले पिंजरा भुन्ड्याई ।

'अलिक अघचिलो ठाउँमा राख है नानी ! मैनालाई । बिरालाले दुःख देला ।' पीयूषकी आमाले सुरक्षाको भावले भनिन् ।

पीयूषका घरको सोच र संस्कारभित्र यी चरा सुरक्षित भएर चिनिने छन् भन्ने विश्वास लिएर केका फर्की ।

यति लामो नेपथ्यकथा संभेर केका आज आनन्द र सन्तोषको सास लिएर निदाई ।

❖❖

१५

राष्ट्रपति निवासको परिसरभित्र सुन्दर फूलबारी थियो । क्लिन्टन प्रातःकालीन भ्रमण त्यहीं गर्थे । भ्रमणको समय सकिने वेला पारेर म्याट र केका क्लिन्टन सम्मुख देखा परे ।

'गुड मर्निङ् !'

'गुड मर्निङ् !'

'आजको वाकिङ् यति नै हो । जाऊँ, आउनुहोस् ।' - क्लिन्टनले दुवैजनालाई आफूसँग निवासमा लिएर गए ।

सामूहिक ब्रेकफास्टपछि क्लिन्टनले भने- 'तिमी चरासँग कुरा गर । म म्याटसँग एकछिन अलमलिन्छु ।'

केका चरा भएतर्फ लम्की ।

'आली, नमस्कार !' एउटाले केकालाई लक्ष्य गरेर भन्यो ।

'आली, स्वागतम् !' अर्काले आउँदै देखेर परैबाट भन्यो ।

'नमन छ दुवैलाई, मेरो पनि सादर अभिवादन छ ! तिमीहरू चिन्छौ मलाई ?'

'ल, तिमी हाम्री आली, किन नचिन्नु तिमीलाई !' दुवै एकसाथ बोले ।

'अँ, तिमी नै त हौ नि हामीलाई पीयूषकहाँ पुऱ्याउने र गुरूकुलमा प्रवेश गराउने ! तिमी नै त हौ नि हामीलाई बेलायत पठाउने ! अनि कसरी बिर्सनु तिमीलाई भन त !' एउटा मैनाले भन्यो ।

'उपहारमाथि उपहार भएर ठाउँठाउँमा पुऱ्याउने तिमी नै होइनौ र आली ? भन त, तिम्रो योग र योजना विना हामी राष्ट्रपतिको निवासमा प्रवेश भएका होउँला त ?' अर्को मैना बोल्यो ।

'मेरो अविवेक र अज्ञानप्रति क्षमा रहोस् । म जुन कुरा सोध्न खोज्दैछु यो धृष्टतालाई पनि क्षमा गर्नुहोला ।' केकाले दुवै हात जोरेर विनय भावले भनी ।

'सोध आली, के सोध्नु छ ?' एउटा मैनाले मौका दियो ।

'संझना छ मेरो नाम ?' केकाले प्रश्न राखी ।

'आली ।'

'हो, आली, गुरूदेव पनि तिम्री आली भन्नुहुन्थ्यो, पीयूष पनि तिमीलाई आली नै भन्थिन् । मलाई त यही नाम हो भन्ने लाग्छ ।'

'होला अर्को पनि, तिमीहरूको बीचमा भन्ने, तर हामीसँग आलीकै नामले चिनिन्थ्यौ ।'

'तिमीहरू शुरूङ्गालाई संझन्छौ ?' - केकाले सोधी ।

'को शुरूङ्गा ? खै, मैले त यो नाम सुनेकै छैन ।' एउटाले भन्यो ।

'हो, मलाई पनि संझना छैन ।' अर्काले थप्यो ।

केकाले सार निकाली- 'यसको अर्थ हो, पीयूषको घरमा पुगेयताका कुरा मात्र यिनलाई थाह रहेछ । म त यिनलाई पीयूषकहाँ पुऱ्याएर फर्की हालें । अरूले भनेको सुनेर मेरो नाम आली हो भन्ने ठानेछन् । गल्ती वा अज्ञान पनि होइन ।' उसले आत्मकथन गरी ।

एकछिन रोकिएर फेरि उसले आफ्नो अज्ञानता प्रकट गर्दै भनी- 'मलाई पनि तिमीहरूको नाम थाह छैन, के भनौं ।'

'हेर, ऊ मलाई मैना भन्छे ।' एउटा बोल्यो ।

'ऊ मलाई सारिका भन्छे ।' अर्काले थप्यो ।

'तर यो त तिमीहरूको जातीय नाम हो । मलाई व्यक्ति नाम भन, छ भने ।' केकाले जिज्ञासा राखी ।

'म पावन पद्मावती हुँ । गुरूदेवले दिनुभएको नाम हो मेरो । मलाई उहाँ यसै नामले संबोधन गर्नु हुन्थ्यो ।'

'सगुन इन्द्रावती हुँ म । मेरो नाम पनि गुरूदेवले नै जुराउनु भएको हो ।'

केकाले आत्मकथन गरी- पीयूषले त यिनको नाम मलाई भनेजस्तो लाग्दैन । भनेकी थिई र शायद मैले बिर्सेकी हुँ कि ! अनि स्पष्ट रूपले भनी- 'यस्तो नाम पनि हुन्छ र चरा जातिको ?'

'खै त्यो त हामीले के जान्नु, गुरूदेव नै जान्नु होला ।' पावन पद्मावतीले भन्यो ।

सगुन इन्द्रावतीले थप्यो- 'नाम अर्थपूर्ण हुन्छ भन्नुहुन्थ्यो गुरूदेव । मलाई त्यति नै थाह छ ।' एकछिन रोकिएर उसले प्रश्न राख्यो- 'त्यसो भए तिम्रो नाम आली होइन त ?'

'हुँ, म आली नै हुँ । तिम्रै आली हुँ । तर मेरो वास्तविक नाम चाहिं केका हो ।'

यसपटक पद्मावती र इन्द्रावती दुवै रमाए र परस्पर मुखामुख गरेर हेरे । अनि एउटाले भन्यो- 'तिम्रो नाम पनि चरा वर्गकै गुणसँग सम्बन्धित रहेछ नि !'

'हो नि मीठो, मधुरो बोली मयूरको !' अर्काले अर्थान्तरन्यासमा थप्यो ।

'चरालाई मान्छेको जस्तो नाम थर किन दिएको बा ?' भनेर पीयूषले एकदिन गुरूदेवलाई सोधेकी थिई । त्यसवेला उहाँले औचित्य उद्घाटन गरेर भन्नुभएको थियो- 'पद्मावती मेरी आमाको नाम हो, इन्द्रावती मेरी बहिनीको नाम हो । दुवै जना मानवीय सद्गुणले भरिएका नारी रत्न थिए । सधैं नै सहिष्णु, विवेकशील तथा स्नेहमयी-ममतामयी देखिने हुनाले यिनको स्मरण गर्न मैले चरालाई यी नाम दिएँ । अब उप्रान्त यी पावन पद्मावती र सगुन इन्द्रावती भनेर चिनिने छन् ।'

यस्तै अनेक सूचना र संकेत संचित गरेपछि ऊ चराहरूसँग गहिरो संवादमा केन्द्रित भई । निकट भविष्यमा आफूले गर्दै जाने योजनाहरूको संकेत गरी । महामहिम राष्ट्रपतिले कुनै जिज्ञासा राखे वा विमर्श गर्न चाहेका खण्डमा चराहरूलाई योग्य सचिव र सुन्दर दृष्टि भइदिन अनुरोध गरी । चराहरूबाट ब्रिटेनकी महारानीको सदिच्छा पनि बुझी अनि राष्ट्रपति क्लिन्टन (तृतीय) मार्फत उनका इच्छाहरू फलीभूत हुनसक्ने अनुमान गरेर एकान्त संवाद टुग्याई । फर्कने उपक्रम देखाउँदै उसले भनी- 'हुन्छ, संवादहरू कुनै पनि माध्यममा रूपान्तरित वा प्रतिबिम्बित हुने छैनन् । त्यस्ता संदर्भमा दौत्य-कार्य वा संवाद-वाहकको माध्यम उपयोग गरिनेछ ।'

हात जोरेर नमनको भावले केकाले चराहरूसँग विदा मागी ।

पावन पद्मावतीले आशीर्वचन बोल्यो- 'पूर्णाः सन्तु मनोरथाः ।'

सगुन इन्द्रावतीले भन्यो- 'अहिंसा परमो धर्मः ।'

केकाले मनमनै भनी- 'कार्यं वा साधयेयं देहं वा पातयेयम् ।'

(अर्थात् कि गरी छाड्यो, कि मरी छाड्यो)

केका फर्केर क्लिन्टन समक्ष पुगी । उनी पत्रपत्रिकामा आँखा घुमाउँदै उसैलाई पर्खिरहेका थिए ।

उसले भनी- 'बेलायतकी महारानीका तर्फबाट उपहारमा आएका यी बन्दी पक्षीहरू असामान्य सत्वरत्न हुन् । यी महारानीका सन्देशवाहक-दूत भएर यहाँ पुगेका हुन् । यो एउटा गजबको संयोग हो । महामहिमलाई जानकारी होला नै ।'

क्लिन्टनले प्रश्नभावले हेरे । म्याटले आँखीभौं उचाल्यो ।

उसले थपी- 'महामहिम, यी चराहरू यहाँका निमित्त सचिव र असल मित्र हुनेछन् तर यिनलाई चिन्न सक्नुपर्छ । यी उच्च गुरूकुलीय शिक्षा स्नातक हुन् । अर्काको हित र सेवाका निमित्त जीवन उत्सर्ग गर्ने संकल्पमा यी स्थिर छन् ।'

क्लिन्टन र म्याट केकाका कुरा सुन्दै रहे ।

उसले भनी- 'विश्वकल्याणको सन्देश फैलाउने संकल्पले यी अग्रसर छन् ।' एकपटक क्लिन्टनका आँखामा हेरेर उसले थपी- 'यी दुवै पक्षी ऋषिकल्प छन् । यी वर्तमानको पीठिकामा बसेर हिजोलाई पनि सम्झन्छन् र भोलिलाई पनि देख्छन् । त्यसैले हाम्रो दृष्टि, शक्ति र कार्ययोजनाका लागि यिनको सुस्वास्थ्य र दीर्घजीवन औधी मूल्यवान छ ।'

'ठीक छ, हप्तामा एक पटक म यीसँग हुन्छु र यिनको कुरा सुन्छु, विमर्श गर्छु । मीमांसा गर्छु ।' क्लिन्टनले दृढता व्यक्त गरे ।

'तर तिथिबार हेरेर वार्ताको समय उनीहरू आफैं निश्चित गरून् किनभने आफूले समय तोक्नुभन्दा तिनले जुराएको मुहूर्तमा विचार-विनिमयको कार्य सम्पादन गर्नु वाञ्छनीय हुन जाला कि !' चराको सांस्कृतिक पृष्ठभूमिमाथि सिंहावलोकन गरेर केकाले संदर्भको बीट मार्न खोजी ।

म्याट केही संझेजस्तो गरेर झट्ट त्यहाँबाट निस्क्यो ।

क्लिन्टनले केकाको दृष्टि पढे र भने- 'ऊ कारमा बसेर आफ्नो काम गर्ने छ । अब तिमी आफ्नो विचार र योजना खुलस्त गरेर भन, म जान्न चाहन्छु । यो सही समय हो ।'

'ग्रेट ब्रिटेनकी महारानीले महामहिमबाट ठूलो अपेक्षा राख्नुभएको रहेछ- सहयोगको अपेक्षा अर्थात् रक्षकहरूको भूमि फिर्ता गरिदिने काम पूर्ण हुन्छ भन्ने आशा । म अनुमान पनि गर्थें, आशा पनि गर्थें, कुरा सत्य रहेछ । चराको संवादबाट मैले पुष्टि पाएँ ।'

'कुन बाटो जाने, कसरी हिंड्ने, कहाँ पुग्ने त्यो योजना तिमीसँग छ त ?' क्लिन्टनले जिज्ञासा राखे ।

'मसँग योजना तयार छ । महामहिम समक्ष म संक्षेपमा पेश गर्न चाहन्छु । धेरै समय लिन्छु ।'

क्लिन्टन र केकाबीच झन्नै चालीस मिनेट एकान्त संवाद चल्यो ।

वस्तुगत, औचित्यपूर्ण, संभव योजना र त्यसतर्फको गन्तव्य अवरोधशून्य नै देखिन्थ्यो, किन्तु दुर्जेय अर्थात् कठिन । त्यसैले उनले सोधे- 'यो नागबेली बाटो किन ?'

केकाले स्पष्ट पार्दै भनी- 'बाटो अऋजु त छँदैछ, दुर्गम पनि छ । त्यसैले लक्ष्य-भेदनका लागि यो पद्धति अमोघ सिद्ध हुन्छ ।' उसले दृढतासाथ थपी- 'यात्रा एक, सिद्धि अनेकको अपूर्व दृष्टान्त देखिने छ । यो कदम मलाई यस्तै लाग्छ ।' उसले आत्मविश्वास देखाएर कथन टुंग्याई ।

'ठीक छ । गुडलक ।' भनेर क्लिन्टन उठे ।

मुरी-मुरी सद्भाव बोकेर हिँडी ऊ । म्याट पर्खिरहेको थियो । उसले संकेत गरिहाली- 'तिमी मसँगै हुन्छौ है म्याट ।'

म्याटले प्रश्नभावले हेऱ्यो । ऊ चकित भयो ।

केकाले थपी- 'तिमी मेरो लागि सिंगै संयुक्त राज्य अमेरिका, सिंगै परराष्ट्र, सिंगै रक्षा र सिंगै संचार हुनेछौ । महामहिमले यो कुरा स्वीकार गर्नुभएको छ । मैले नै प्रस्ताव गरेकी हुँ । सबै ठाउँमा तिम्रो ज्ञान र कौशलको खाँचो छ । तिम्रो उत्साह र चेतनाको उपयोग हाम्रो योजनामा केन्द्रित होस् भन्ने सदिच्छा राखेकी छु है म्याट ।'

म्याट अकमक्क पऱ्यो । न उसको सोचाइ थियो न कामना । त्यसैले ऊ मौन रह्यो ।

आफूले चाहेजस्तो सैनिक गण संयुक्त राज्य अमेरिकाको सैन्य संगठनभित्र छ कि छैन, या निर्माण गर्न सकिन्छ कि सकिँदैन भन्ने म्याटसँग जानकारी लिन वा खास विमर्श गर्न चाहन्थी ऊ । तर उसलाई अन्यमनस्क जस्तो ठानेर उसले तत्काल त्यो संदर्भ कोट्याउन अनुकूल ठानिन । संदर्भ मुल्तवी गरी ।

o o

अर्को दिन केका ब्रेकफास्टमा म्याटसँग सरिक भई ।

म्याट अनुभवी अफिसर थियो । दूरदर्शी र संयमी थियो । केका भविष्यदर्शी र योजनाविद् थिई । भर्खरै विद्यार्थी जीवन सकेर कर्म-क्षेत्रमा पाइला टेक्तै गरेकी उत्साही युवती थिई ऊ । दृढता र आत्मविश्वासले ऊ बाँच्ने गर्थी ।

यो ब्रेकफास्टको भेटघाट अलिकति सद्भाव, अलिकति सहयोग, अलिकति खुला परिवेशको निर्माण र अलिकति आत्मीयपनको ज्ञापन वा साटासाटको अभिनय मंच पनि थियो ।

म्याट हृदयदेखि नै चाहन्थ्यो, केका कुनै पनि असजिला संदर्भहरूलाई खुलेर भनोस् अनि ऊ सहयोग पुऱ्याउन सकोस् । ब्रेकफास्टको यो मौका सकारात्मक सोच र कार्य-योजनामा पूर्ण सहयोगी बनोस् भन्ने धारणामा थियो ऊ । त्यसैले परिवेश सजिलो पारेर उसले भन्यो- 'यदि तिम्रो कुनै प्रश्न भए

सोध, म समाधान गर्न, बल पुऱ्याउन वा सहयोग र सल्लाह दिन तत्पर छु । तर, तिमीले चाहनुपर्छ ।'

यात्रा पुरानो वा साबिकको बाटोबाट थाल्ने, त्यहीबाट नयाँ मार्ग निर्माण गर्दै हिँड्ने र नयाँ गन्तव्यमा पुग्ने आफ्नो अन्तःसंकल्पलाई मनमा दोहोऱ्याएपछि उसले प्रकटमा भनी- 'म्याट म तिम्रो सहयोगको संमान गर्दछु । मप्रति देखाएको सद्भावको कदर गर्दछु । मलाई यहाँसम्म पुग्ने जुन परिवेश दियौ यसमा म तिम्रो ऋणी छु ।'

म्याट भन्न चाहन्थ्यो- 'धेरै मध्ये तिमी एक हौ चुनिएकी । आफ्नै क्षमताले तिमीलाई हाम्रो सूचीमा पुऱ्याएको हो । त्यसैले यूएसएको खोजीमा तिमी फेला पऱ्यौ । यसमा यूएसएले गर्व गर्नुपर्छ, ऊ आफ्नो लक्ष्यमा सफल छ ।' तर मनमै कुरा राख्यो ।

एकछिन सोचेर केकाले भनी- 'एक पटक मैले महामहिम राष्ट्रपतिलाई भेट्नु छ । धन्यवाद ज्ञापन गर्नु छ, आभार प्रकट गर्नु छ ।'

गणित लगाएर म्याटले भन्यो- 'अब तिमीसँग केही साता बाँकी छ । र काम पनि दुइटा बाँकी छन् । एउटामा म सहयोग पुऱ्याउन सक्छु, तिमीसँगै हुन्छु । एउटा तिमीले स्वयं गर्नुपर्छ- आफ्नो आवश्यकता अनुसार ।'

नबुझेजस्तो गरेर केकाले प्रश्नभावले म्याटलाई हेरी ।

म्याटले थोरैमा भन्यो- 'कार्यालयबाट कागजपत्र (डकुमेन्ट्स) बुझ्ने र निर्देशन लिने । सानो ओरिएन्टेशन पनि होला । र अर्को चाहिँ तिमीले आफ्नो लगेज तयार पार्ने । बस् ।'

'कागजपत्र बुझ्न र निर्देशन लिनका लागि दुई दिन छुट्याऊ । बाँकी दिन तिम्रै हुन् । बीचमा मौका हेरेर महामहिमज्यूलाई पनि भेट्ने यत्न गरौंला । कुनै समस्या नहोला ।' म्याटको यो विचार केकालाई उपयुक्त लाग्यो ।

❖❖

१६

छाया संसारका विषयमा संशय पनि होला अनि भ्रम पनि । सत्य वा यथार्थभन्दा परका कथा, कल्पना, किंवदन्ती, फेरि स्वप्न जगत र आरोपित कुराहरू रूचिकर नभएका होइनन् । पुरातन मान्यतामा छाया र मायाका चर्चाले न कहिले विश्राम पायो न किनारा ।

तर पनि मनलाई एउटा आधार चाहिन्छ- चौतारी । प्रकाशको सार्थकता वस्तु देखिनुमा छ । वस्तु गोचर नभएसम्म प्रकाशको सत्ता र औचित्य सिद्ध हुँदैन । वर्तमानको छाया संसार पूर्वीय जगतको पुरातन भू-खण्ड र त्यहाँ व्याप्त असंस्कृत चलनको धूमिल छवि हो जो अप्ठ्यारोबाट उम्किन चाहन्छ । अनि त्यस भू-धरातलको नकारात्मक सोच र रूग्ण मनोदशाबाट जोगिन खोज्दछ ।

त्यसैले छाया संसारभित्रका कैयौं नयाँ मुलुकहरूमा अझै राजदूतावास खुलिसकेका थिएनन् । खुल्दै थिए । खोल्ने र आर्थिक योजनाहरू कार्यान्वयन गरेर परस्पर हित र सहयोग पुऱ्याउने सोचमा गृहकार्य हुन थालेका थिए ।

छाया संसारका सबै द्वीपमा सीमा, शान्ति, शिक्षा, स्थायित्व कायम गरेर नयाँ कुरा देखाउने संकल्पले विकासका गतिविधिहरू अघि सारिएका थिए । दौत्यकर्मलाई प्राथमिकता मिल्न थालेको थियो । पहिलो चरणमा पानद्वीप, भूद्वीप, सुमेरूद्वीप, लिंगद्वीप, र ड्राद्वीपमा योग पुऱ्याउने र नवद्वीप निर्माण गर्ने योजनाले दृष्टि र शक्ति भएका राजदूतहरू उत्साहका साथ संबन्धित द्वीपमा पुग्न थालेका थिए ।

० ०

केका राजदूत भएर पानद्वीप पुगी । ऊ पानद्वीपका लागि अमेरिकाकी प्रथम राजदूत थिई । दौत्य सम्बन्ध स्थापित भएको लगत्तैपछि उसले त्यहाँ पुगेर दूतावासको उद्घाटन गरी । उक्त अवसरमा आयोजित रात्रिभोजमा पानद्वीपका उच्च ओहदाका राजनीतिक तथा कूटनीतिक क्षेत्रका व्यक्ति र अन्य विशिष्ट अधिकारीजन तथा प्रोफेसरहरूको उपस्थिति थियो ।

ऐजन मौकामा राजदूत केकाले अमेरिका र पानद्वीप बीच प्रगाढ मैत्री, परस्पर सहयोग, पारदर्शी व्यवहार तथा दूरगामी वित्तविकास आयोजनाहरू

अँगाल्ने नीतिलाई प्राथमिकता दिने विश्वास व्यक्त गरी । छाया संसारभित्रका मुलुकहरूमा अमेरिकाले दूतावास खोलेको तेस्रो मुलुक थियो पानद्वीप । यस अघि सुमेरूद्वीप र ड्राद्वीपमा दूतावास खोलिसकेको थियो ।

'जुवान' दैनिकले छाया संसार महादेशका भाषाहरूमा राजदूत केका सुराको असाधारण अधिकार रहेको जानकारी प्रकाशमा ल्यायो ।

'वीथि' पाक्षिकले केकाको, शरण-बस्तीदेखि दौत्य कार्यसम्मको आरोहण र सफलतालाई उसकै विलक्षण प्रतिभा र लगनको प्रतिफल हो भन्ने सत्य उजागर गऱ्यो ।

'जमाना' दैनिकले भौतिक विकास र दिगो आर्थिक उन्नतिका लागि शिक्षा, शान्ति र न्यायलाई उच्च प्राथमिकता दिएको खण्डमा मुलुकलाई काँचुली फेर्न १० वर्षको अवधि पर्याप्त हुने राजदूत केकाको मान्यता अगि सार्‌यो ।

दैनिक 'होशियार' ले अन्तर्वार्तापछि राजदूतको व्यक्तिगत रूचि पर्यटन, पठन, पेन्टिङ र फोटोग्राफीमा रहेको उल्लेख गऱ्यो ।

एक राजनीतिक पत्रकारको युद्ध सम्बन्धी प्रश्नको उत्तरमा राजदूत केकाले भनी- 'यो मेरो व्यक्तिगत धारणा हो, त्यसैले तपाईंका प्रश्नको उत्तरमा संयुक्त राज्य अमेरिकाको विचार गाँसिएको छैन । म स्वतन्त्र भएर आफ्नो विचार भन्दै छु ।'

एकछिन थामिएर फेरि भनी- 'युद्ध भइरहन्छ, आज त्यो अपरिहार्य जस्तै भएको छ । त्यसैले युद्ध हुन्छ, तर रक्तपात विना पनि युद्ध हुन्छ भन्ने मेरो मान्यता छ । यसरी गरिने युद्धबाट पनि देश हराउने, देश घट्ने र नयाँ देश जन्मने घटना हुन सक्छन् । संभव छ । यो मेरो स्वप्न हो, किन्तु स्वप्न साकार हुन्छ भन्ने छैन ।'

पत्रकार चूप भयो ।

उसले थपी- 'यी अनौपचारिक कुरा हुन् । तपाईंले बुझ्नुभयो होला । ओहदाको पत्र बुझाएपछि औपचारिक वार्ता गरौंला नि ! हुन्न ?'

के ठान्यो कुन्नि, अन्तै पुगेर सोध्यो- 'धर्म सम्बन्धी तपाईंको धारणा ?'

'के राजनीतिक धर्मको कुरा गर्नुभएको हो ?'

'हैन, दुनियाँले मान्ने गरेको धर्म या रिलिजन बारे ।'

'अरू के गर्छन्, के भन्छन्, म त्यता जान्नँ, तर म आफ्नो कुरा भन्छु । मसँग कुनै धर्म छैन जस्तो अरूहरू मान्छन्, थाम्छन् र बोक्छन् । त्यसमा मेरो टिप्पणी छैन । म आलोचना पनि गर्दिनँ । तर धर्म चाहिं रिलिजन हैन । रिलिजनले धर्मको उदात्तता, गरिमा र व्याप्तिलाई थाम्न र बोध गराउन

सक्तैन । जसरी हिमालय भन्छौं त्यसैगरी धर्म भन्नैपर्छ । व्याख्या हुन सक्छ, अनुवाद होइन, हुँदैन । यत्ति चाहि ध्यान रहोस् ।'

'अनि ?' को भावले उसले हेऱ्यो ।

केकाले भनी- 'हेर्नुहोस्, समग्रतामा म नारी हुँ, मसँग नारी धर्म हुन्छ ।'

पत्रकार प्रश्न गर्न नहुने कि जस्तो ठानेर मौन रह्यो- अत्यासलाग्दो अनुहार ल्याएर ।

संवादमा निरन्तरता दिँदै उसले थपी- 'म छोरी हुँ- पुत्री धर्मको पालना गर्छु, त्यो मेरो आमाबाबुप्रति गरिने धर्म हुन्छ । फेरि प्रेयसी वा प्रेमिका हुन्छु- प्रेमिकाको धर्म पूरा गर्छु । फेरि विवाह होला- त्यस वेला पत्नी धर्म पालना गर्छु । छोराछोरी होलान्- आमाको अर्थात् मातृधर्म पूरा गर्छु । त्यो आमा हुनुको दायित्व हो ।'

पत्रकार एकोहोरो सुन्दै रह्यो ।

'धर्ममुक्त समाज कतै छैन, धर्महीन जीवन भेटिँदैन ।' ऊ भन्दै गई- 'हेर्नुहोस्, धर्म त त्यो हो जो बदलिँदैन वा छुट्दैन ।'

पत्रकार प्रश्नभावले सुन्दै रह्यो ।

उसले थपी- 'सूर्यसँग प्रकाश र ताप दिने धर्म छ, अग्निसँग तिनै धर्म छन्, सूर्य र अग्निबाट ती छुट्तैनन्, हराउँदैनन् ।'

एकछिन रोकिएर फेरि थपी- 'आकाशसँग शून्यता र शब्द संचार गर्ने धर्म छ, हावासँग सुकाउने र गतिमान रहने धर्म छ, पानीसँग भिजाउने, गलाउने, थाम्ने धर्म छ, अनि पृथिवीसँग सुवास छर्ने र जन्माउने-उमार्ने धर्म छ, पचाउने वा विलीन गर्ने, सहने धर्म छ । यिनको धर्ममा विचलन र न्यूनता कहिल्यै आउँदैन । अब तपाईंलाई कस्तो धर्म चाहिन्छ ?' उसले उल्टै प्रश्न राखी ।

पत्रकारले प्रश्न साँघुऱ्यायो- 'हैन, संसारका मान्छेले मान्ने गरेका धर्म, अनेक धार्मिक स्कूल र ईश्वर-देवताका विषयमा लिइने धार्मिक...!'

'हैन हैन, त्यति पर नजाऊँ, त्यस्ता कुरा टुंगिने पनि हुँदैनन् । पूर्ण पनि हुँदैनन् । आधिकारिक पनि हुँदैनन् । काम नहुँदा फुर्सतमा गरिने कुरा हुन् यी । अझ आफैंले केलाउने र चिन्तन गर्ने विषय हुन् । यस्ता कुरा सबैलाई प्रिय पनि लाग्दैनन् ।' उसले अलिकति अदब लिएर थपी- 'तपाईं पनि यस बाटाको यात्री होइन क्यार ! प्रश्नका लागि प्रश्न किन फ्याँक्नु हुन्छ ? प्रश्न त त्यो हो, जसलाई सटीक र सन्तोषजनक उत्तर मिलोस् । अथवा त्यस्तै वजनदार अक्षर-उत्तरको अपेक्षा रहोस् । 'हेरौं के हुँदोरहेछ' भनेर गरिने प्रश्न त प्रश्नै होइन । हैन र ?'

'अब विना प्रश्न तपाईं सुनेर जानुहोस् । ईश्वरको सत्ता हामीले कायम गरेका हौं, हामी लेखकले । ईश्वरको स्वरूप (व्यक्तित्व), शक्ति, कार्य, परिणाम, स्थान र समय सबै कुरा लेखकले निर्दिष्ट गरेको छ । त्यसैले ईश्वर लेखकको रचना हो, मान्छेको सिर्जना हो, आस्थाको उपज हो । हामीले नै स्थापित गरेका हौं । हरेक जातिका धार्मिक ग्रन्थहरू यसका प्रमाण हुन् । त्यसैले कलम समाउने मान्छेको सामर्थ्यलाई, खूबीलाई पो महत्त्व दिनुपर्छ कि ! पुस्तक नभए ईश्वरीय सत्ता र स्वीकृति वहन गर्न सकिएला र !'

पत्रकारले बीचमा लामो सास तान्यो । केही बोलेन ।

उपसंहारतिर पुगेर उसले थपी- 'तपाईं के गर्नुहुन्छ त्यो जान्दिनँ, म त मात्र मनोरंजन र ज्ञानका लागि, ईश्वरीय सत्ता भन्नुहोस् वा धार्मिक व्यवहार भन्नुहोस्, त्यस पथको छेउबाट हिंड्छु । जुन अर्थमा अरूहरू धर्म वा ईश्वरको कुरा गर्छन्, म त्यस अर्थमा लिन्नँ । बरू मनको चौतारी ठान्छु ।'

एकछिन रोकिएर उसले थपी- 'म त धरतीको अर्थात् पृथ्वीको पूजा र संमान गर्नु भन्छु । माटोबाट निस्केका वस्तुबाट नै हामी आजसम्म बाँचेका छैनौ र ! पृथ्वीले मात्रै पनि हामीलाई एक्लै दिन सक्तैन । प्रकाश (सूर्य ताप) पानी, हावा, आकाश, अग्निबाट पृथ्वी उपकृत छ, अनि सजिलै प्रसव दिन्छ । यिनै तत्व हुन् हाम्रा लागि ईश्वर र देवता । व्यापक छ मिथक जगत एवम् ऊर्जाशील र प्रभावकारी पनि ।'

'होला ।' पत्रकार यति भनेर चूप रह्यो ।

'अब म ईश्वर वा धर्ममाथि तपाईंका कुरा सुन्छु । अर्को दिन ।' अनि ठटेउलो पाराले थपी- 'तर याद रहोस्, ईश्वरबारे जानकारी दिने स्रोत त प्रकाशित ग्रन्थ, अभिलेख र अवशेष हुन् । समाजले पनि ईश्वरबारे पढाउँछ । शिक्षकले पनि ईश्वरको चिनारी दिन्छन् । अभिभावक वा आमाबाबुले पनि ईश्वरको सत्ता सिकाउँछन् । अनि हामी आफ्नै ज्ञान र अनुभवले पनि ईश्वर बुझेको हठ गर्छौं, हैन र ?'

उसले निष्कर्षतिर पुगेर भनी- 'ईश्वरको स्वरूप (व्यक्तित्व) बारे सबै कुरा लेखकले औंल्याइसकेको छ । उसले आफ्नो सिर्जनालाई कतै अपूर्ण छोडेको छैन । यसबारे अर्को दिन गफ गरौंला नि !'

एक राउण्ड कफी थपे । धन्यवाद ज्ञापन गरेर ११ जना पत्रकार निस्के ।

❖❖

१७

पानद्वीपमा केकाको कार्यकाल त्यति लामो रहेन । छोटै अवधिमा पनि प्राज्ञिक समुदायसँग उसले आत्मीय भावना गाँसी । विभिन्न संकायका प्रोफेसर र आविष्कारकहरूसँग उसको प्रगाढ मैत्री कायम भयो । एउटा विश्वविद्यालयमा उसले 'नयाँ देशको जन्म र पुराना देशको विस्तार' शीर्षकमा व्याख्यान दिई । बौद्धिक जगतबाट स्याबासी पाई । 'विश्वमंच र नागरिक' शीर्षकमा उसले अर्को विश्वविद्यालयमा व्याख्यान दिई । घटना र संदर्भ प्रस्तुत गरेर दिएको व्याख्यान लाजबाब रहेको कुरा छापा र विद्युतीय पत्रिकाहरूमा चर्चित रह्यो ।

वरिष्ठ न्यायाधीश र वकीलहरूलाई भेटी । प्रसिद्ध लेखक र साहित्यकारसँग मित्रता जोडी । गायकहरूसँग स्वयं सान्निध्य देखाई । नर्तक-नर्तकीका सँगमा पुगेर रमाई ।

वेला-वेला साना क्लब र खेल मैदानमा हाजिर भई । अनि रक्तदान केन्द्रमा गएर रक्तदान पनि गरी । स्काउट दिवसमा भाग लिन पनि पुगी र समाजसेवीलाई पुरस्कार प्रदान गरी । र समाजसेवा गर्ने एकाइहरूलाई संस्कृति नष्ट नगर्न अनुरोध गरी ।

वेलावेला घोडा चढेर उच्च पर्वतीय क्षेत्रमा घुम्दै फोटोग्राफी र ट्रेकिङ गर्न समेत भ्याई । राजनीतिक क्षेत्रका हस्तीहरूको सम्मानमा दूतावासको तर्फबाट रात्रिभोजको आयोजना गर्न र तिनका लागि यथेष्ट मनोरंजनको सुविधा उपलब्ध गराउन कतै कंजूसी गरिन ।

जब केका पानद्वीपबाट हिँडी, आत्मीय साथी छुटेको पीडाबोध धेरैले गरे । एक किसिमले मनको छहारी लोप भएको ठाने । गोपालकहरू गाईलाई माया गरेर केरा र दाना ख्वाउने केटी अब आउन्न रे भन्ने सुनेर भित्रभित्र रोए । वास्तवमा असल साथी टाढा हुँदा पीडाबोध हुनु स्वाभाविक हो सहृदयीहरूलाई ।

पानद्वीपबाट हिँड्नुअघि, पत्रकारसँगको भेटघाटमा केकाले यति मात्रै भनी- 'सीमा विवाद, दुश्मनी र युद्ध टुंग्याउने मेरो अनुरोध तपाईंहरूले मान्नुभयो । यो मेरा लागि होइन, मानव जगतकै लागि सुन्दर उदाहरण र अमोघ उपहार

हो तपाईंहरूका तर्फबाट । उच्च राजनेताहरूबाट मैले वचनबद्धता पाएकी छु । ट्यूमरका रूपमा रहेको यो द्वेषभाव अब भाइ र बन्धुभावमा, मित्रतामा परिणत हुनेछ भन्ने विश्वास गरेकी छु ।'

'र अहिले यस क्षणमा म आफूलाई अत्यन्त समृद्ध र उच्च ठान्न पुगेकी छु । मेरो मनमा यस्ता भाव जन्मनुको कारण यहाँहरूको सकारात्मक सोच र मलाई दिनुभएको वचन-कवच हो । यहाँहरूले मलाई धन्य गराउनुभयो । यहाँहरूप्रति कृतज्ञ छु ।' उसले अनुच्छेद पार्न एकपटक लामो सास तानी र थपी- 'मेरो कार्यकाल छोटो रह्यो । थोरैमा पनि मैले धेरै र महत्त्वपूर्ण कुरा पाएँ भन्ने मनमा लिएर जाँदैछु ।'

अर्कातिर संकेत गरेर भनी- 'यो सान्ध्य कार्यक्रम यहाँहरूको सम्मानमा हाजिर छ । अब उता लागौं ।'

बाहिर बगैंचामा, पालभित्र पार्टीको व्यवस्था थियो । सान्ध्य भोज अथक रात्रिभोजमा परिणत हुँदैगयो ।

यसबीच म्याट दुई पटक अमेरिका पुगेर फर्किसकेको थियो । ऊ केकाको असल मित्र त थियो नै यसका अतिरिक्त सुझबुझ भएको कूटनीतिज्ञ, सच्चा देशभक्त, व्यावहारिक र स्थितिबोध गर्न सक्ने युवक पनि । त्यसैले केकाले सोधी- 'म्याट, मेरा लागि के परामर्श छ तिम्रो ? कार्यक्रमको रूपरेखा त तिमीलाई पनि दिएकी थिएँ नि !'

'जे जति गर्नुपर्ने थियो, जरूरी थियो, तिमीले गऱ्यौ । त्यसैले अब सुझाउ, सुधार र टिप्पणीको आवश्यकता छैन ।' शैली फेरेर म्याटले थप्यो- 'अब गर्नुपर्ने भए भन, अहिले म खाली छु ।'

केकाले आत्मकथन गरी- 'भन्छौ खाली छु, तर खाली छैनौ । तिमी खाली रहनै सक्तैनौ, किनभने खाली रहनु तिम्रो स्वभाव होइन । म यति चाहिं जान्दछु ।' अनि प्रकटमा उसले भनी- 'तिमीले भन्यौ, मैले मानें तर त्यो तिम्रो लागि, तिम्रो सरल स्वभाव र सङ्लोपनको संवादका लागि, बुझ्यौ ?' अनि उसले हातको चोर औंलाले म्याटका गालामा एक पटक हल्का छोएर भनी- 'पाएकै हो मित्र मैले ।' अनि प्रसंगमा परिवर्तन ल्याएर उसले थपी- 'आऊ बसौं, तिमीसँग नबसेको धेरै भो । आज तिम्रा लागि म पेग तयार पार्छु ।'

'मै तयार पार्छु ।' म्याटले मर्यादाको ख्याल राखेर भन्यो- 'तिमी केही भन्दै थियौ... ।'

'अँ, म भन्दै थिएँ- तिमी यतैबाट त्यहाँ पुग । म उता पुगेर तुरुन्तै त्यतै फर्किन्छु । समय लाग्दैन । हुन्न ?'

o o

एकै सातामा केका संयुक्त राज्य अमेरिका पुगेर ड्राद्वीप ओर्ली । मजाको तारतम्य के थियो भने पानद्वीपबाट अमेरिका फर्कने वेलामा पनि केकालाई विदा गर्न म्याट एयरपोर्ट गएको थियो र त्यहाँबाट फर्केर ऊ ड्राद्वीपमा ओर्लेदा पनि म्याट नै उसको स्वागत गर्न एयरपोर्ट पुगेको थियो । घटनाको तालमेल हेर्दा मिलाएर लेखेको कथा जस्तो पनि लाग्थ्यो ।

धेरै वर्षअघि, संयुक्त राज्य अमेरिकाले ड्राद्वीपसँग विशेष सम्बन्ध बनाउन र मधुर मैत्रीभाव स्थापित गर्न पहल गरेको थियो । किन्तु एउटा अप्रिय घटना घट्यो र राष्ट्रपति अपदस्थ हुनपुगे । त्यसैले संकल्प र योजनाहरू स्थगित भए । लामो अन्तरालपछि अरू नौलो सोच र संकल्पका साथ संयुक्त राज्य अमेरिका फेरि अग्रसर रहेको थियो । ड्राद्वीपले पनि यसको स्वागत गरेको थियो । परन्तु एशियाका कतिपय शक्तिशाली मुलुकहरूले अमेरिका-ड्राद्वीप सम्बन्धका नयाँ कदम र योजनाबारे त्यति स्वस्थ प्रतिक्रिया देखिएको थिएन । रहस्य ठानेर मौन रहेका थिए ।

o o

केका ड्राद्वीपमा राजदूत भएर पुगेपछि लिंगद्वीप बेचैनीले छटपटाउन थाल्यो । कहाँ त्यस्ता कच्चा केटीले दौत्य-कर्म संपादन गर्न सक्छन् ? अमेरिकाको बुद्धि बिग्रेर केटीको दशा बलियो भएको हो । झारलाई राजदूत जस्तो पद दिएर अमेरिका दुनियाँलाई उल्लु बनाउन खोज्छ । यस्ता भनाइ आलोचना र उपहासका दृष्टान्त हुँदै गए । साँच्चै नै लिंगद्वीपको लोकतन्त्र ऐजन मौकामा अग्निवाण वर्षाउन पछि पर्दैनथ्यो ।

लिंगद्वीप दिनानुदिनरूग्ण मनोदशा लिएर झोक्राउन थाल्यो । राज्यशक्तिका सबै इकाइहरूमा चिन्ता बढेर आयो । र राष्ट्रियस्तरबाट उपचारयज्ञ आरम्भ गर्ने निर्णय भयो । रोग के हो ? रोगको प्रकृति कस्तो छ, परिणाम कस्तो हुन्छ र यसको निदान के हो ? यसबारे विशद छलफल, गम्भीर चिन्तन, ऐतिहासिक अनुसन्धान, आलेख पठन र भौगोलिक स्थितिको पृष्ठभूमिमा प्रशस्त जनशक्ति जुट्तै गयो ।

ज्योतिषशास्त्र र यसका सबै सम्प्रदायका ग्रन्थहरू खोलिए अनि वर्तमान युगका प्रमुख आचार्यहरूले एकमतले भने- 'राज्यको पूर्वोत्तर र पश्चिमोत्तर सीमा चलायमान छ । त्यो स्थिर गर्नु आवश्यक छ । स्थिर हुनासाथ स्वतः रोगको निदान हुन्छ ।'

वास्तुशास्त्रका आचार्य भविष्यविदले ध्वन्यात्मक शैलीमा भने- 'हाम्रा घरमा अर्काको माटो पसेको छ । त्यो हाम्रा लागि अफाप हुन्छ । त्यो भाग छोड् नुपर्छ । उपचार यही हो । अन्यथा शनिग्रह आक्रामक हुन सक्छ ।'

लिंगद्वीप आलोचना र प्रतिस्पर्धामा मूर्त थियो । यो प्रवृत्ति उसभित्र स्थायी रोग भएर बसेको थियो । ड्राद्वीप र अमेरिकालाई हिलो छ्याप्न पाए छिमेकीले गरेको आक्रमण र उपेक्षाको चोटलाई समेत बिर्सिदिन्थ्यो, अर्थात् अर्काको निन्दा र अस्वस्थ देखासेखीमा पूर्णतः ईर्ष्याभावले आत्मरति लिने लिंगद्वीपको मनोरोगको उपचार थिएन । त्यसमा पनि आत्ममानी वा पण्डितमानीको सम्पुट लागेपछि सन्तुलन नबिग्रिने कुरै थिएन । हो, जनता एकातिर हुन्थ्यो, सरकार अर्कोतिर ।

अब जनतन्त्र चिरबिराउन थाल्यो । यो चिरबिर साँझको हो वा बिहानको, दुवै सम्भावना छन् । बिहानको भए आलोक फैलन पनि सक्छ जीवनमा र ढुस्सिएर समय बित्न पनि सक्छ खुम्च्याइमा । बेलुकाको भए पूर्ण संकेत हो महारात्रिको । हो, आउँदै छ, प्रकाशको व्यवस्था संचित गर्नु समयको माग हो ।

केकाको उपस्थितिले ड्राद्वीपमा नयाँ लहर जन्मायो । सुखद संभावना औल्यायो र नौलो अध्याय खोलिदियो । स्थानीय र राष्ट्रिय स्तरका प्रकाशन-प्रसारणहरूमा ऊ निकै चर्चित देखिई । तर केकाको नामले छिमेकी लिंगद्वीपलाई असामयिक गर्भाधान र आसन्न मृत्युपूर्वको असफल प्रसव पीडा दिन थाल्यो । किन यस्तो हुँदैछ, लिंगद्वीप नै जान्दो हो । कारण, रहस्य, क्रिया र परिणाम पनि लिंगद्वीपलाई नै थाह होला । दुनियाँ यसबारे न जान्न चाहन्थ्यो न मतलब राख्थ्यो । मौसम यस्तै रह्यो ।

ड्राद्वीपमा पुगेर केकाले अमेरिका र ड्राद्वीपबीच विज्ञान प्रविधि, व्यापार प्रवर्द्धन, पर्यटन र दृढ मैत्रीमा बल पुऱ्याउने पाठ खेली । यस प्रसंगले एशियाका देशहरूमा बडो उल्लास भरिएर आयो । छाया संसारका मुलुकले आफू पनि प्रष्ट र ढुक्क भएको अनुभव गरे, किन्तु लिंगद्वीपले आफ्नो तेजोबध हुने ठानेर तीतो अनुभव गऱ्यो ।

केका ड्राद्वीपको राष्ट्रभाषा पनि बोल्थी र चित्रलिपि पनि पढ्थी । त्यसैले स्थानीय भाषामा संवाद गर्न उसलाई असजिलो थिएन । त्यहाँका अधिकारीजन र सर्वसाधारणसँग ऊ उनीहरूकै भाषामा बोलिदिन्थी ।

त्यहाँको कार्यकालमा केकाले ड्राद्वीप र भूद्वीपबीच परस्पर सहयोगको क्षेत्रमा मुख्य भूमिका देखाई जसमा भूद्वीपको आर्थिक विकास र सीमा सुरक्षाका निमित्त ड्राद्वीपले सहयोग गर्ने तथा सुगमताले सुरूङमार्गको व्यवस्था मिलाइदिने

विषय थिए । यसको सट्टामा भूद्वीपले वन्य तथा कृषि उत्पादनको परिपूर्तिका लागि ड्राद्वीपलाई सुविधा-सहुलियत उपलब्ध गराउने र जनशक्ति परिचालन गर्ने सहमति जनायो ।

वास्तवमा यसै सम्झौताले भूद्वीपको विकासमा ड्राद्वीप तीव्रगतिले लाग्यो- जसरी नेपालको भौतिक विकासमा चीन सडकमार्गबाट लागेको थियो र इंडियाका लागि सधैं टाउको दुखाइको विषय भएको थियो ।

सहयोग संझौता अन्तर्गत ड्राद्वीप र भूद्वीपबीच दुई लेन जाने र दुई लेन आउने अर्थात् चार लेनको सुरूङमार्ग र उन्नत पहाडहरू छिचोल्दै आउने नागवेली रेलमार्ग चाँडै पूरा हुने निश्चित भयो ।

सुरूङमार्गको मध्य दूरीमा एउटा गोलपोर्ट र त्यसमाथिको भूमिमा विश्वबजार निर्माण हुने भो जसमा अत्याधुनिक प्रविधिको उपयोग हुनेछ । पर्यटकहरू आफ्नो रूचिअनुसार बजारको भोग उपभोग गर्न सक्नेछन् ।

संझौतापत्र आदानप्रदान भइसकेपछि केकाले लामो सास तानेर छोडी ।

अमेरिकाका तर्फबाट राजदूतको मध्यस्थता जस्तै-जस्तै थियो संझौता । त्यसैले केकाको मध्यस्थताप्रति दुवै देशका अधिकारी-प्रतिनिधिले प्रसन्नता व्यक्त गरे ।

'अब यो खुशीको अवसरमा एउटा अर्को झिल्का खुशी म हामीबीच बाँड्न चाहन्छु ।' केकाले राजदूती शैलीमा थोरै हास्य र विस्मयको छोप हालेर भनी- 'सुरूङमार्ग र विश्वबजारको निर्माणमा शीघ्रता र पूर्णताका लागि आफैं दूतावास लिएर मैले भूद्वीप आउनु पर्दैन कि ? नत्र दूतले बस्ने कहाँ ?' यस पटक केकाले प्रश्नसूचक भावको संप्रेषण भूद्वीपका टोलीतर्फ गरी ।

केकाको कुरा सुनेर दुवै देशका प्रतिनिधिहरू रहस्यमय आनन्दको अनुभूति लिएर उत्फुल्ल देखिए ।

फेरि राजकीय स्तरको पार्टी चल्यो ।

सबैका आँखामा केकाप्रति कृतज्ञ भाव छल्किएको देखिन्थ्यो । ऐजन मौकामा स्मिति संचार गरेर केकाले भूद्वीपको टोली प्रमुखतर्फ लक्ष्य गर्दै भनी- 'निर्माण क्षेत्रमा एउटा घर बनाउने मौका हामीलाई पनि मिलोस् है । यो अमेरिकी नीति पनि हो- यो संसार बुझ्ने ।' फेरि ऊ खुलेर हाँसी ।

o o

एक घण्टापछि जब सुरूङमार्ग निर्माण हुने समाचारले विश्व संचारमा पहिलो प्राथमिकता पायो, बस् आलोचना, प्रत्यालोचना, समर्थन, सहमति सम्बन्धी विस्तृत र बहुपक्षीय मीमांसा हुनथाल्यो ।

लिंगद्वीपको राजदूत ड्राद्वीपमा निदाउन सकेन । ऊ रातभर यही रटना लगाएर सुतेन- 'अब मेरो देश हार्छ, मेरो देशले धेरै ठूलो कुरा गुमाउँछ । यो सुरूङमार्ग मेरो राष्ट्रमा आउने विप्लवको बीज र सेतु हुने भो । मेरो छिमेकमा यत्रो सन्धि हुनु मलाई हेप्नु होइन ? मलाई अनदेखा गरेको होइन ? मेरो बेवास्ता होइन ? अब यसले भूकम्प ल्याउँछ र राष्ट्र चिरिन्छ । देख्नै नहुने दुःस्वप्न म देख्तै छु किन ? किन यत्रो पीडा ?' घाम झुल्केपछि ऊ एक निद्रा सुत्यो बल्ल ।

ब्युँझेपछि तर्कना गर्न थाल्यो । 'सुरूङमार्गको निर्माणसन्धि उसले सपनामा देखेको कि ? तर्कबुद्धिको उपज हो कि अथवा सत्याभास पो हो कि ? मात्र कल्पना कसरी होला त ? सपना, तर्क, सत्याभास र कल्पनाका लागि आंशिक रूपमा भए पनि आधार त चाहिन्छ नि ।' आफ्नो श्वास प्रणालीमा परिवर्तन गरेर उसले मनमनै भन्यो- 'मुटु अमिलो भएर आयो, कतै अमंगल सूचक समाचार आउला कि ? किन अस्थिर छ मनोवृत्ति ? किन कम्पायमान छ शरीर ? गन्तव्य अल्मलिएको पथिक जस्तो छु यतिखेर किन ?' ड्राद्वीपका लागि लिंगद्वीपको राजदूत आफ्नो दूतावासभित्रै मानसिक रोगले ग्रस्त हुँदै गयो ।

सैनिक पोशाकमा एउटा सिंहपुरूष विना सूचना आवासभित्र पस्यो र अदबसाथ भन्यो- 'महामहिमलाई भन, म आएको छु ।' उभिएरै बस्यो पर्खाइमा ।

राजदूत लिंगेले स्नानागारमा पुगेर एकपटक ऐना हेऱ्यो । एकै रातमा एघार वर्ष बुढ्याईं थपिएको अनुहारमा आफूलाई देख्यो । अनि शिरको कपाल नब्बे प्रतिशत झरेको र सबै दूध-रंगमा परिवर्तन भएको देखेर अरू विरक्ति बोक्यो; अनि हतार-हतार सैनिक जवानका अगाडि पुग्यो ।

मर्यादामा रहेर सलामी ठोक्यो उसले र भन्यो- 'महामहिम, माथिबाट आदेश आएको छ तपाईंले तुरुन्तै देश फर्कनु पऱ्यो । टिकट पनि बुक भइसकेको छ र एयरपोर्टका लागि गाडी पनि तयार छ । साढे सात घण्टा बाँकी छ, तपाईंसँग ।' फेरि वापसीको सलामी हान्यो र फर्कियो । सिंहपुरूष दूतावासभित्रको सैनिक टुकडीको प्रमुख थियो- कर्णेल ।

राजदूत लिंगेले मनमनै गुन्यो- 'मैले ती दुई देशबीचको सहयोग-सन्धिमा व्यवधान पुऱ्याउन सकिनँ । म असफल रहें । त्यसैले मैले फर्कनुपऱ्यो ।'

'नेपालका विकास योजनालाई असफल बनाउन या सुमेरूद्वीपको अविकास गर्न इंडिया सफल भएभैं लिंगद्वीपले भूद्वीपमा व्यवधान पुऱ्याउन किन सकेन ? मेरो दौत्यकर्म निष्क्रिय भएछ क्यार !' उसले आत्मकथन गऱ्यो ।

❖❖

१८

लिंगद्वीपमा पहिलो पटक सुमेरूद्वीपमाथि समीक्षा बैठक बस्यो । विश्वमा भाषा, संस्कृति र भू-बनोटका आधारबाट कैयौं देश फुटे र अलग-अलग देश उभिंदै थिए । सार्क मुलुकमा पनि यो अभियान इंडियाले चलाइसकेको थियो । उपनिवेश पनि बन्दै थिए, यो कदम पनि इंडियाले नै चलाइसकेको थियो । फेरि अर्को देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेर नौलो-नौलो अप्ठ्यारो पार्ने संकल्पमा इंडिया नै अग्रसर थियो । त्यसैले विश्व राजनीतिक मञ्चमा इंडिया यति बढी दुर्नाम थियो कि उसले आत्म-समीक्षा गर्नु आवश्यक थियो । तर गरेन ।

इंडिया आफैंमा गौरवशाली र सम्पन्न भू-भाग हो । यसको हरेक उत्पादन आफ्नै छ र वैदेशिक व्यापारमा पनि अब्बल छ किन्तु छिमेकीसँगको रूग्ण र हिंसात्मक व्यवहारले साह्रै गन्हाएको थियो । बाह्य देशबाट इंडियालाई तहस-नहस पार्ने दीर्घकालीन योजनाहरू चलाइएका छन् । इंडियासँग भएको ज्ञानराशिलाई कुनै पनि हिसाबले नष्ट गर्ने अभियान अझै रोकिएको छैन । यदि सार्क मुलुकको कुनै एक ठाउँमा यो रोग पस्यो भने- सम्झ, समाप्त भो । संस्कृतिबाट थालिएको यो ध्वंसात्मक चिन्तन खरबारीमा आगो लागेझैं लाग्ने छ । किन्तु अझैसम्म रोकथामको उपाय सोचिएको छैन ।

इंडियाले जन्माएको र अर्काले हुलिदिएको बिमारीलाई पनि छाया संसारले लिंगद्वीपमार्फत सरूवा रोगको रूपमा लिएको थियो । यो रोग छाया संसारका अरू मुलुकमा पनि सार्ने र ध्वंस गर्ने सोचले अग्रसर हुँदै थियो लिंगद्वीप ।

बैठकको प्रारम्भमा उद्घोषकले छाया संसारका सबै देशको नाम लिएर स्वागत गऱ्यो किन्तु औचित्य नठानेर हो वा हेपेर हो या मूल्य नदिएर हो- नवद्वीपको नाम लिएन । त्यो थाह पाएर बैठककक्षमा उपस्थित रहेको एउटा युवाले उठेर विरोध बोल्यो- 'आपत्ति, तपाईंले नवद्वीपको नाम किन लिनुभएन ? के तपाईं अर्थात् यो बैठक नवद्वीपको अलग अस्तित्व स्वीकार गर्दैन ?'

'मैले प्रसंग बुझें । कृपया बस्नुहोस् । तपाईंको भनाइ सत्य होला । यसबारे पनि छलफल हुनुपर्छ । मौका दिनुहोस् ।' उद्घोषकले आफ्नो धारणा खुलस्त राख्यो ।

नवद्वीपको तर्फबाट जोड दिएर युवकले थप्यो- 'म यो बैठकलाई जानकारी दिन चाहन्छु- हामी लिंगद्वीपको राजनीतिक घेराभित्र बस्तैनौं र त्यो घेराभित्र हामीलाई नपारियोस् । हामी स्वतन्त्र छौं । स्वतन्त्र रहन्छौं । सांस्कृतिक दृष्टिले हामी द्राद्वीपको सांस्कृतिक घेराभित्र पर्छौं । हाम्रा लागि आफ्नो विकल्प सोच्ने अधिकार छ । तपाईंले हाम्रो छुट्टै अस्तित्व स्वीकार गर्नैपर्छ । अर्काको विचार र शासन जबर्जस्ती लाद्न पाइँदैन । त्यो हामीलाई मन्जूर हुनेछैन ।'

एउटा नक्सा देखाएर उसले भन्यो- 'यो नक्सा यहाँ ब्रिटिश आउनुभन्दा पहिलेको हो ।'

दोस्रो नक्सा देखाएर भन्यो- 'यो नक्सा ब्रिटिश यहाँ हुँदाको हो ।'

र, तेस्रो नक्सा देखाएर भन्यो- 'यो नक्सा ब्रिटिशले छोडेपछिको हो र यो चाहिं आजको हो । त्यसैले हामी लिंगद्वीपभित्र बस्ने कुरै छैन । नवद्वीप स्वतन्त्र छ । स्वतन्त्र हुन्छ ।'

वक्ताले बोल्दाबोल्दै बैठकको ध्यान ढोकातिर गयो । बैठक संचालकले नागा बाबाहरूको प्रवेश देखेर भन्यो- 'उठेर स्वागत गरौं ।'

बाबाहरू बैठक कक्षमा प्रवेश गरे । सभाजनले उठेर स्वागतको औपचारिकता पूरा गरे । किन्तु यो आकस्मिक घटना देखेर सबै तैं चूप मै चूप भए र कुतूहल लिएर बसे । हतप्रभ पनि भए र उदासीन पनि ।

अञ्जलिबद्ध नमनको भावमा सभाले आदरणीय सन्तजनप्रति अभिवादन अर्पण गऱ्यो । बाबाहरूले हत्केला उठाएर कल्याणको कामना गरे । कतिपय सभासदले भय र आकुलताको स्थितिबाट आफूलाई मुक्त पार्न सकेनन् । त्यस्तै केही उद्विग्न पनि देखिए र केहीले आनन्दको अनुभव पनि गरे ।

नागा सिद्धहरूको स्वरूप र भावमुद्रा देखेर नारी सभासद असजिलो अनुभव गर्दैरहे । यो ऐंठनको स्थितिबाट उनीहरू मोचनको कामनामा जुट्दै गए ।

बाबाहरूलाई स्थान ग्रहण गर्न अनुरोध गरियो । तर बाबाहरू ठिंगापुरबाट आएका थिए- खडेबाबाको शैलीमा उभिंदै रहे ।

बैठकको गति थामिएको थियो । त्यसैले शून्य स्थितिलाई गति प्रदान गर्दै उद्घोषकले भन्यो- 'बाबा, केही आशीर्वचन, केही निर्देशन लिन चाहन्छौं । यो सभा बाबाहरूको आगमनप्रति कृतज्ञता प्रकट गर्दछ ।'

अम्ऽऽऽ गरेर एकजना सिद्ध बाबाले गला सफा गरे । बोल्न तत्पर देखिए अनि बींडतर्फबाट त्रिशूलले जोडसँग भुइँ ठोके र भने- 'बालिके, सुमेरूद्वीपको चर्चा हुने थाह पाएर म यहाँ आएँ । सुमेरूद्वीप हाम्रो साधनाभूमि हो । हाम्रो घर हो, क्रीडा क्षेत्र हो । त्यहाँ कुनै कुदृष्टि पर्नुहुँदैन ।'

नारी सभासदहरू विनयशील रहेर करबद्ध भावले दृष्टि झुकाएर अचल रहे । हो न हो तिनका सामु पराशर या दुर्वासा उभिएको हो र कुनै कुरा घटित हुनेवाला हो ।

अब अर्का बाबा तत्पर देखिए । उनले पनि त्रिशूल ठोके र जटा टक्टक्याएर भने- 'न त्यहाँ जाल फैलाउन मिल्छ न हस्तक्षेप गर्न । खबरदार, कम्पन आउला ! आफ्ना चर फर्काओस् । अन्यथा... ।'

'अन्यथा ?' सभासदले एकैचोटि मनमनै प्रश्न गरे ।

'अन्यथा परेवामाथि जाइलाग्ने बाजलाई कसैले जोगाउन सक्ने छैन ।'

फेरि अर्का सिद्ध बोले- 'दुर्नियत र दुर्भाव बदलेन भने त्यसको टाउको पनि किचिन्छ, पखेटा पनि चुँडिन्छ ।'

सिद्धहरूले पालैपालो आफ्ना कुराले दबाबको सिर्जना गरेर अलख जगाए र त्रिशूल ठोक्तै त्यहाँबाट निस्किए ।

लिंगद्वीपको यो बैठकमा नागा सिद्धहरूको आगमन आश्चर्यजनक ढंगले भयो र उनीहरूले दिएको निर्देशन अपरिहार्य जस्तै थियो । कदाचित् निर्देशन अनुगमन नगरे लिंगद्वीप खण्डित हुनसक्ने संकेत पनि थियो । हुन सक्छ विपत-विप्लव आइजाओस् । सभाजन भय-कम्पित थिए । झन् गर्भवती सभासदहरू गर्भपात हुनसक्ने संभावना बोकेर आकुल हुँदै गए ।

त्यसपछि लिंगद्वीपको यो सभाले न सुमेरूद्वीप सम्बन्धी कुनै छलफल गर्न सक्यो न नवद्वीपको प्रसंग फेरि शक्तिशाली भएर त्यहाँ चर्चामा आउन सक्यो ।

o o

अर्को एउटा चमत्कारपूर्ण प्रसंग जोडिएर आयो । अवधूत सिद्धहरूले लिंगप्रमुखको विवेक र शक्ति निग्रह गरेका छन्, तीन दिनदेखि निवास खाली छ, स्वयं लिंगप्रमुख गुमनाम रहेका छन् भन्ने खालका समाचार छाया संसारका समाचार माध्यमबाट फैलिए ।

आंशिक सत्य यति मात्रै थियो- लिंगद्वीपको प्रमुख अवधूत-ग्राम पुगेको थियो । निद्रामा पुग्यो, अचेतन अवस्थामा पुग्यो, सम्मोहित भएर पुग्यो या कुनै शक्तिले उसलाई तानेर त्यहाँ पु-यायो, कोही जान्दैन । निमन्त्रणा आएको

थियो र त्यहाँ पुग्यो भन्नु चाहिं घटना नसुहाउने भए पनि मान्य हुनै पर्थ्यो, जसरी बलियाहरू विना खबर, विना निम्ता, विना स्वीकृति र विना स्वागत हेपेर अर्काको क्षेत्रमा पुग्ने गर्थे । यस्तो चरित्र इंडियाबाट लिंगद्वीपले पनि सिकेको हो कि ? तर घटनाको प्रकृति अलिक फरक थियो- राष्ट्रपतिलाई अघोरी सिद्धको त्राटन शक्तिले तानेर अघोरी ग्रामको नदी किनारमा पुऱ्याएको थियो, जसरी अज्ञात शक्तिले तानेर त्राटनपूर्वक रक्तकमललाई बाल्टीमोरतर्फ मुन्ट्याएको थियो ।

अवधूतहरूको स्थल-परिवेश, श्मशान-संस्कृति र शिष्टाचार-व्यवहारसँग लिंगप्रमुख अनभिज्ञ जस्तै थियो । त्यसैले अत्यन्त कातरभावले भरिएर ऊ बिस्तारै-बिस्तारै निकट दूरीमा पुगेर उभियो । बुझ्नेका लागि यो भावदशा यस्तो लाग्थ्यो, मानौं वनराज सिंहका अगाडि एक्लै बाख्रो आत्मसमर्पण गरेर निरीहभावले अचेतन उभिएको हो ।

एकजना सिद्ध अवधूत लिंगप्रमुख समक्ष पुगे । दुईजनाका बीचमा झन्नै सात हातको दूरी हुँदो हो ।

लिंगप्रमुख करबद्ध थियो । नमनको भावमा थियो । ऊ डराएजस्तो थियो । कुनै हिसाबले ऊ आत्मकम्पन सहेर उभिएको थियो । आँखा उठाएर सिद्ध अवधूतको अनुहार र व्यक्तित्व हेर्न सक्ने स्थितिमा थिएन । विनयभावले ऊ नतमस्तक नै थियो । भय, आशंका, वज्रपात वा अमंगलको संकेत पर्खेजस्तो गरेर ऊ उभिइरह्यो ।

अरु छजना सिद्ध अवधूत आएर त्यसैगरी उभिए । त्यस्तै दूरीमा उभिए । बाबा-बाबाको बीचको दूरीमा एक समानता थियो भने प्रत्येक बाबा र राष्ट्रपतिबीचको दूरीमा अर्को भिन्न समानता थियो ।

'लिंगपति, श्रेष्ठ मानव ! स्वागतम् ! स्वागत छ यहाँलाई श्मशान भूमिमा ।'

एकछिन स्तब्धता आयो । भन्नुपर्ने कुरा बाबाहरूले अब भन्छन् भन्ने अनुमान गरेर लिंगप्रमुख सतर्कता र उत्सुकताका साथ उभियो । सिद्ध अवधूत बोलेनन्, किन्तु ऊ सुन्दै रह्यो :

'परपीडनबाट आत्मरति ?'

'अर्काको अधिकारभित्रको कुरा आफ्नो हुने ?'

'सानो र कमजोरप्रति दुर्भाव र हस्तक्षेप ?'

'सीमा र मर्यादाको उल्लंघन ?'

'अर्काको घरमा प्रवेश र दमन ? किन ?'

'अरुको पनि सम्मान गर, आफ्नो पनि सुरक्षा गर, नतर्स ।'

फेरि अर्को वाणी सुनियो- 'नागा सिद्धहरूको कथन घटित हुन सक्छ, जे देखे त्यो सत्य हुन सक्छ, शिर र हात नहुन सक्छ । हेतु प्राकृतिक प्रकोपभन्दा राजनीतिक अभ्यासको गलत प्रदर्शन हुन सक्छ ।'

'किन गुरिल्ला आततायीलाई तालिम दिएर छिमेकमा हाम्रो साधना-भूमिमा विप्लव मचाउन पठाउने ? किन ? लिंगद्वीपले पनि इंडियाको अनुकरण गर्नुपर्छ र ?' विना संवादको अन्तरङ्ग श्रवण थियो लिंगप्रमुखको लागि ।

फेरि शून्यता छायो ।

लिंगप्रमुख आँखा बन्द गरेर नतमस्तक नै थियो । श्मशान भूमिको बालुवा बोल्दैनथ्यो । कुन वेला बाबाहरू त्यहाँबाट फर्किए, उसले आभाससम्म पाउन सकेन ।

आँखा खोल्यो, मिर्मिर उज्यालो थियो । ठान्यो, साँझ परेछ ।

बिहानको रक्तिम सूर्यकिरणमा प्रदीप्त मुखमण्डलबाट आभा संप्रेषण गर्दै एक-अर्का सिद्ध निश्चित दूरीमा आएर उभिए अनि गम्भीर स्वरमा मित शब्द बोले- 'महामहिम, स्नानादिबाट निवृत्त हुनुहोस् र जलपान ग्रहण गर्नुहोस् । यहाँका लागि जलपानको व्यवस्था गरिएको छ । समय भए पुस्तकालयमा पसेर ग्रन्थहरू हेर्न सक्नुहुन्छ । यो गुरूदेवको आज्ञा हो ।'

तरूण सिद्धका कुरा सुनेर राष्ट्रपति स्तब्ध भयो । आश्चर्यलाग्दो कुरा थियो, अर्को दिन भएछ ! ऊ अपरान्ह पूर्वसन्ध्यामा यहाँ आएको थियो- श्मशानघाटमा । उसलाई राम्ररी थाह छ- त्यतिवेलासम्म सूर्यले आफ्नो शक्ति अग्निलाई दिएको थिएन, समय थियो अझै । र ऊ पनि सिद्धहरूलाई एकैछिन भेटेर फर्किहाल्ने मनोदशामा थियो । एकैछिन जस्तो लाग्छ, कसरी रात बितेर सूर्योदय भइसकेछ ! के अद्भुत कुरा हो यो ? उसलाई आश्चर्य लाग्यो ।

तरूण सिद्ध फेरि बोले- 'महामहिम, आतिथ्य ग्रहण गरेर जानुहोला ।'

लिंगप्रमुख अवधूत सिद्धहरूको समाज, गृहस्थहरूको समाज, साम्य-वैषम्य, निकटता र दूरी, सद्भाव, सहयोग र तटस्थता, भय, आशीर्वाद र चमत्कार अनि संभव-असंभव तथा किंवदन्ती, जनश्रुति र लोकविश्वासका कैयौं कुरा केलाउँदै रह्यो । समय कसरी बित्यो, उसले थाह पाउनै सकेन । अर्को साँझ आयो । तर ऊ निवासमा पुग्दा प्रभात थियो ।

❖❖

१९

संयुक्त राज्य अमेरिकाले भूद्वीपमा दूतावास खोल्ने घोषणा सार्वजनिक गरेपछि यस कुराले संचार माध्यममा विशेष महत्त्व पायो । दक्षिण एशियाका अधिकांश मुलुकहरू प्रसन्न भए भने केहीले यस कुरालाई अदृश्य चोटको रूपमा लिए अनि मैत्रीभाव राख्नेहरूले सहमति र प्रसन्नता व्यक्त गर्ने सुयोग ठाने ।

छाया संसारका मुलुकले पनि यो कदमलाई सकारात्मक भावले लिए । पानद्वीप आफूलाई अझ सबल संझन थाल्यो । ड्राद्वीपले दुई देशबीच विशेष गठबन्धन हुनसक्ने आत्मविश्वास लियो । सुमेरूद्वीप मौन रहेर भविष्यदर्शन गर्न थाल्यो- सुमेरू नै भएर । श्रृंगद्वीप सपना र बिपनाको दोसाँधमा परेर उदेक मान्दै बस्यो । तर लिंगद्वीपको स्थिति बिल्कुल भिन्न थियो किनभने नवद्वीप खण्डमा आपातस्थिति आउन सक्ने अनुमान गरेर ऊ तर्सियो अनि कम्पन र भू-स्खलनको आशंकाले आत्मदाह लिन थाल्यो भने बालद्वीप चाहिं ढुक्क देखियो ।

घोषणापछि, धेरै समय बित्न नपाउँदै भूद्वीपमा संयुक्त राज्य अमेरिकाको दूतावासको स्थापना भयो र केका सुरा राजदूत भएर त्यहाँ पुगी । अनि उसैले दूतावासको उद्घाटन गरी । यस अवसरमा छाया संसारका अमेरिकाली दूतावास र दक्षिण एशियाका (सार्क) अमेरिकाली मिशनहरूको प्रतिनिधित्व गर्ने पाहुनाहरूको उपस्थिति रहरलाग्दो थियो ।

काकताली थियो, या पारिएको थियो, जे भने पनि हुने भएको थियो । दूतावासको उद्घाटन बुद्ध पूर्णिमाकै दिन भएको थियो ।

भूद्वीपका लागि एउटा सुयोग पनि थियो- मेलाको आयोजना, त्यो उम्कन पाएन । मेलाको सोच र व्यवस्था अत्यन्त सामयिक र संगतिपूर्ण थियो । यसलाई भूद्वीपको दूरदर्शिता र विश्व राजनीतिप्रतिको सचेत सहयात्राको रूपमा लिइएको थियो । वास्तवमा यो मेला-भेला एउटा नौलो प्रांगण र लक्षित संकल्पको प्रस्थान बिन्दु पनि मान्न सकिन्थ्यो ।

आगन्तुकहरूका लागि चाहिने सम्पूर्ण व्ययभार आयोजकका तर्फबाट राज्यले नै वहन गरेको थियो । छिमेकी मुलुकका पाहुनाहरूका लागि परिचय-पत्र मात्र भए पुग्थ्यो र दूरदेशबाट आउनेहरूका लागि अतिरिक्त सहुलियतमा प्रवेश मिल्दथ्यो । विशेषतः बुद्धमार्गी-भिक्षु, गृहस्थ र लेखक, पत्रकार तथा विद्वान र स्थापित व्यक्तित्वलाई महत्त्वका साथ स्वागत गरिन्थ्यो । आयुभेद, लिंगभेद र वर्गभेदको संकेत त्यहाँ थिएन । स्वयंसेवकहरू वर्गीकृत ढंगले आगन्तुकहरूको सेवा र सुविधाको निमित्त सतर्कताका साथ समर्पित थिए । भूद्वीपको तीन दिनव्यापी यो मेला अपूर्व र नितान्त मौलिक झल्किन्थ्यो ।

उता दूतावासको समीक्षा बैठकमा भूद्वीपका लागि वित्तविकास, शैक्षिक उन्नति, स्वास्थ्य सेवा र कानूनी उपचार बारे स्वस्थ र पारदर्शी नीति लिइने निष्कर्ष आयो । अतिथिहरूलाई पनि मेला घुमाउ-कार्यक्रम बन्यो ।

बुद्ध पूर्णिमाको अवसरमा आयोजित यो मेला आफैंमा एउटा दृष्टान्त थियो । घट्न र छुट्न थाल्नुपूर्व मेला पूर्ण जवानीमा थियो- मध्यान्हमा । यस्तो लाग्थ्यो, सूर्य कताबाट चढ्यो र कता ओर्लिदै छ भनेर तत्काल भन्न सकिने अवस्था थिएन । छिनपछि स्थितिबोध अवश्य हुन सक्थ्यो ।

राजदूत केकाको अग्रसरतामा बैठकका पाहुना सहभागीहरू मेलातर्फ लागे । बैठक सकिएको हुनाले भ्रमणको शैली निर्बन्ध वा भन्नै मुक्त थियो । लाग्थ्यो, सम्पूर्ण राजधानी परिसर र समग्र भूद्वीप नै शान्ति र स्वच्छताको उदाहरण हुनपुगेको हो । मेला-भेला कैयौं एकाइमा विभक्त थियो । वस्तुगत थियो, वैज्ञानिक ढाँचामा संमूर्त थियो । त्यसैले अल्मलिने र दिक्क लाग्ने स्थिति त्यहाँ थिएन । पाहुनाहरू आफ्नै ढंगले अग्रसर हुँदै गए ।

अलिक पर कार्डबोर्ड बोकेको जनसमुदाय देखा पऱ्यो । पाहुनाहरू त्यतै लागे । छेउमा पुगेर उनीहरूले कार्डबोर्डमा लेखिएका कुरा पढे-

'नवद्वीप जिंदावाद !'

'मुक्ति चाहन्छौं !'

'स्वतन्त्र हुन्छौं, पराधीनता स्वीकार छैन !'

'हामीमाथि दबाब नहोस् !'

'हाम्रो भाषा र संस्कृति फरक छ- हामी भिन्न हौं !'

'हाम्रो पहिचान फरक छ, हामी लिंगद्वीपका नागरिक हैनौं !'

'गल्ती गर्ने अंग्रेज, दण्ड भोग्ने हामी ?'

'हाम्रो स्वाधीनता अपहरण नहोस् !'

'लिंगद्वीपको यातनाबाट हामी मुक्ति चाहन्छौं !'

'लिंगद्वीपको शासनबाट हामी हट्न चाहन्छौं !'

'लिंगद्वीपबाट छुट्टिन चाहन्छौं !'

'लिंगद्वीप मुर्दावाद !'

'नवद्वीप जिन्दावाद !'

'हामीमाथि अन्याय नहोस् !'

'राष्ट्रसंघ जिन्दावाद !'

'हामीमाथि न्याय होस् !'

'नवद्वीप एकता जिन्दावाद !'

'हाम्रो माग पूरा होस् !'

नारामा पनि यिनै पङ्क्ति दोहोरिन्थे ।

पाहुनाहरूले मुक्तिकामी विद्रोही समूहसँग संवाद गरे । उनीहरूको भावना बुझे, विचार सुने । दोहोरो प्रश्नोत्तर चल्यो । मुक्तिकामीहरूमा अदम्य उत्साह र स्व-स्फूर्त एकता शक्ति देखेर राम्रो प्रभाव लिए । सद्भावना बाँडे । फोटा लिए । भिडियो-क्यामेरा भरे । पर्यवेक्षक र पत्रकारले सामग्री बटुले । सूर्य ढल्कँदै गए । मेलामा भेला हुनेहरू घट्दै गए । बुद्धपूर्णिमाको यो भेला सार्थक भएको मानियो ।

संचार जगतले मन्थन ल्यायो ।

नवद्वीपको मुक्तिकामी स्वरलाई ड्राद्वीपले सकारात्मक ऊर्जाको रूपले लिएर व्याख्या गऱ्यो भने लिंगद्वीपले त्यो भू-भाग छुट्टिएर ड्राद्वीपमा जाने ढंगले बुझ्न थाल्यो । उसको बुझाइ सत्यको निकट थियो ।

नवद्वीपको विद्रोही स्वर सानो होला किन्तु शक्तिहीन थिएन । यो कुरा लिंगद्वीपका दूत र गुप्तचरहरू पनि बुझ्दथे । यसबाट लिंगद्वीपको छटपटी र बेचैनी अझ चढ्दै गयो ।

राजदूत केका स्थितिबोध गर्दै थिई ।

❖❖

२०

अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन समितिको पहिलो बैठक भूद्वीपमा हुने भयो । बैठक भूद्वीपको आयोजनामा हुने भन्ने देखिए तापनि अमेरिकाली राजदूतावासको रूचि र सक्रियतामा हुँदैछ भन्ने कुरा पारदर्शीजस्तै थियो । सामान्य तहका चिन्तनधारीहरूले भूद्वीप आफूलाई चर्चित गराउन हरेक किसिमका प्रदर्शनकारी अभ्यासहरू गर्न थालेको छ भन्ने गुने र आत्ममानी बोध लिए, किन्तु तटस्थ हुनेहरूले सकारात्मक परिणामको अपेक्षा राखे ।

बैठकमा छाया संसारका सबै राष्ट्रका प्रतिनिधिहरूको उपस्थिति थियो । दक्षिण एशिया (सार्क) का सबै मुलुकका अन्तर्राष्ट्रिय सीमा विशेषज्ञहरूको सघन उपस्थिति रह्यो ।

सानो देश र ठूलो चर्चाजस्तो देखिए तापनि बैठकको शक्ति र सीमा अत्यन्त प्रभावकारी रहने अनुमान थियो र पर्यवेक्षकहरूको मीमांसा पनि यस्तै थियो किनभने संयुक्त राष्ट्रसंघको महासचिव उपस्थित रहने यस बैठकमा एशिया महाशाखाका क्षेत्रीय निर्देशक उपस्थित नहुने कुरै थिएन ।

अझ अर्को गहकिलो कुरा के थियो भने ब्रिटिश/ग्रेट ब्रिटेनका तर्फबाट परराष्ट्र मामिला संबन्धी प्रथम सचिव, अन्तर्राष्ट्रिय सीमा विशेषज्ञ, भूगोलविद् तथा इतिहास विशेषज्ञहरूको उपस्थिति थियो । यसका अतिरिक्त ग्रेट ब्रिटेनकी महारानीका तर्फबाट सुश्री केके (कैली कामुकी) को मानार्थ उपस्थिति थियो । यसबाट पनि बैठक गरिमापूर्ण, ऊर्जावान र शक्तिशाली रहने अनुमान गरिन्थ्यो ।

सहभागी हुनेहरूमा चीनको टोली प्राविधिक र ऐतिहासिक सामग्रीका साथ उपस्थित भएकोले टोलीको आकार ठूलो लाग्नु स्वाभाविक थियो ।

प्राचीन विश्वभूगोलको चित्र र आजको कम्प्युटर युगको रोचक प्रस्तुतिले आधिकारिक विश्वसनीयतालाई पुष्टि गर्छ र कुनै पनि देशको सीमा र भूभागको उसवेलादेखि अहिलेसम्मको रूपरेखा र यथार्थ वस्तुस्थितिलाई पुष्टि गर्छ भन्ने विश्वास सबैमा बढेको थियो । फेरि पनि दक्षिणपूर्व एशियामा इंडिया र छाया संसारमा लिंगद्वीप शंका र भयले आकुल थिए । अर्का देशको अनधिकृत

भूमि आफ्नो भोगमा आएको वा ल्याएको यथार्थ उनीहरू जान्दथे । त्यसैले त्यस्तो भूमि आफ्नो भोग र अधिकारबाट छुट्टिएर जाने हुँदा उनीहरू कातर र निरूत्साहित हुनु स्वाभाविक थियो । उनीहरूको अनुहारबाट यो कुरा पढ्न सकिन्थ्यो ।

बैठक ब्रिटिश गोर्खा सेनाको सुरक्षा कवचमा हुने व्यवस्था थियो । लिंगद्वीप र इंडियाका लागि यो मुद्दा पनि आश्चर्यपूर्ण तथा रहस्यमय भएको थियो । फेरि पनि ब्रिटिश गोर्खा सेनाको संरक्षणमा बैठक संचालित हुने कुरामा न कसैले प्रश्न उठायो, न विमति जनायो । मनका कुरा मनैमा रहे, प्रकट हुन सकेनन् । यो सन्दर्भ पनि कुतूहलपूर्ण भएरै रह्यो ।

बिहानको जलपानपछि 'अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन समिति'को बैठक उद्घाटनको कार्यक्रम थियो । सहभागी पाहुनाहरू बौद्धिक र मानसिक रूपबाट उत्साहित र सचेष्ट थिए । परस्पर सद्भाव र प्रसन्नता बाँड्दै थिए । त्यसैले पनि त्यहाँको वातावरण अत्यन्त सन्तुलित र सारगर्भितझैं देखिन्थ्यो । विकासमूलक इतिहासमा यो एउटा नौलो अध्यायको थालनी हुँदै थियो । यस्तो चाँजो मिल्न सक्नु या चाँजो मिलाउनु सामान्य बौद्धिक कसरतको कुरा थिएन । बैठक निर्दोष वा त्रुटिहीन रहेर सम्पन्न हुने लक्षणबाट अलङ्कृत थियो ।

उद्घाटन अर्को दिन हुने सूचना आयो । यस्तो मौका जुर्नु सामान्य घटना थिएन, तर ग्रहण लागिदियो । मकर संक्रान्तिको सूर्यमा ग्रहण लाग्यो, शरद पूर्णिमाको चन्द्रमामा ग्रहण लाग्यो । ढकमक्क फुलेको पूर्ण वयस्क, सुवासित फूलबारीमा आँधी पस्यो । परिवेशले सन्तुलन हरायो । सहभागीहरूको मनोजगत चलायमान भयो ।

हेतु ? प्रच्छन्न थिएन, सामान्य कुराको असामान्य रूप देखियो, बस्, अरू केही होइन । अर्थात् पानद्वीपका राष्ट्राध्यक्ष यात्राकै क्रममा थिए र समय लाग्नु स्वाभाविक थियो । त्यसैले बैठक एक दिन पर सर्‍यो, आजको कार्यक्रम स्थगित भयो । यही कुरा असामान्य भइदियो ।

घारोबाट मौरी बिच्किएजस्तै सहभागी पाहुनाहरू छटपटाउन थाले । कर्ण-परम्पराबाट आश्चर्य, प्रश्न र आलोचनाका सन्दर्भहरू घटबढ हुँदै गए । देख्नेहरूलाई लाग्थ्यो, पाहुनाहरू आघात र अपेक्षाबाट एकैपटक आहत भएका हुन्, हो न हो हाई बोल्टको विद्युत तरंगले तानेर अनायास एकै झट्कामा मिल्किएका हुन् ।

वास्तवमा त्यहाँ उपस्थित अतिथिजन पुत्रशोकमा डुबेकी आमाको छविमा अनुवाद भए । हो पनि, एकैसाथ ग्लानि र क्षोभको भाव-मुद्रामा देखिने यी सहभागीहरू यसवेला साँच्चै नै करूणाको स्थितिमा पुगेका थिए ।

'ऐजन मौका हेरेर लिंगद्वीपले पानद्वीपलाई जुन ढंगले अभद्र र अमानवीय व्यवहार देखाएर बैठकको उपेक्षा गऱ्यो र महत्त्वहीन तुल्याउन खोज्यो, अनि अन्तर्राष्ट्रिय स्तरबाट सहभागी हुन आउने विद्वान मित्रहरूलाई तेजोवध गर्ने शैलीमा जस्तो खेल खेल्यो, त्यसको प्रतिफल उसले पनि भोग्नै पर्छ ।' सहभागी विद्वानहरूको अन्तरङ्ग घन्कियो- 'जनबल, धनबल र कला-कौशल पनि पर्याप्त हुँदैन जबसम्म बुद्धिमा विवेकको नियन्त्रण रहँदैन अनि भविष्यबोधको दृष्टि खुल्दैन ।'

'वास्तवमा यस घटनाले निकट अतीतमा घटेको त्यो इतिहासको झिल्का संझायो जुन छोप्न खोज्दा र बिर्सन चाहँदा पनि हुँदैन । सार्क सम्मेलनमा भाग लिन आउन लाग्दा पाकिस्तानका राष्ट्रप्रमुखलाई इंडियाले आफ्नो आकाशमार्गबाट जान पूर्ण प्रतिबन्ध लगाएको थियो, जसका कारण उनी चीनको बाटो गरेर अर्को दिन मात्र काठमाडौं पुगेका थिए र त्यसै कारण सम्मेलन एक दिनपछि मात्र थालिएको थियो । इतिहास दोहोरिन्छ भन्छन्, त्यस्तै हो कि ?'

'थाह छैन, लिंगद्वीपले आफ्नै अक्कलले यसो गरेको हो या इंडियाको सिको गरेको हो ? आफै जान्ला । तर अबको यात्रा सुगम, अकंटक नै हुन्छ भन्न सकिन्न, सन्देह कहाँ छैन ?'

केका अन्तर्राष्ट्रिय सीमा निरूपण बैठकको सूत्रधार त थिई नै, सुरूङमार्ग उद्घाटन योजनाको पनि नियामक जस्ती देखिन्थी । किन्तु राजदूत पदको गरिमा र मर्यादाको परिधिमा रहेर ऊ व्यवहारमा कतै प्रत्यक्ष र कतै अप्रत्यक्ष प्रकट हुन्थी । अतिथि सहभागीहरू पनि अंशतः यो कुरा अनुमान गर्थे ।

सहभागी पाहुनाहरूमा अनुरोध :

'पानद्वीपका राष्ट्राध्यक्ष घुमाउरो बाटो गरेर आउनु पर्ने बाध्यताका कारण बैठकको उद्घाटन उहाँको उपस्थितिमा भोलि हुनेछ र अहिले उहाँ यात्रामा हुनुहुन्छ । आजको रिक्त समयमा हामी अतिथि सहभागी महानुभावलाई सुरूङमार्ग र विश्वबजारतर्फ घुमाउन लैजाने छौं । लंचको व्यवस्था उतै हुनेछ । यो सम्राट् शून्यश्री च्याब्रुङको अनुरोध हो ।' यो सूचनाले विषाद भरिएको मनमा राहत दियो ।

एउटा गह्रामा जमेर बसेको पानीले समहाबाट झरेर अर्को गह्रामा विस्तार पाए झैं अतिथिहरू बैठक भवनबाट निस्केर पर्यटक र पर्यवेक्षकका रूपमा सुरूङमार्गतर्फ लागे । उनीहरूका बीचमा लघुसंवाद पनि चल्दै गए :

'किन यस्ता अप्रिय घटना जोडिन आउँछन् यता ?'

'यो बिल्कुल सुनियोजित ढंगको तेजोवध हो ।'

'हो, यस्ता अमंगल सूचक घटनाको चोट न सजिलै छोपिन्छ, न यो निको नै हुन्छ ।'

'यी कुरा आफ्ना ठाउँमा सही होलान् तर लिंगद्वीपले पानद्वीपलाई भूद्वीपतर्फ आउने-जाने आकाशमार्ग नदिएको कारण बैठक सारिएको भनेर मात्र हुँदैन त्यसको सकारात्मक पक्ष पनि हेरिनुपर्छ ।'

'कसरी ?'

'एकातिर आकाशमार्ग रोकियो भने अर्कातिर सुरूङमार्ग खोलियो । यो सकारात्मक पक्ष भएन र ?' यसरी व्यंग्य विनोद चल्दै रह्यो ।

भूद्वीपका सम्राट् शून्यश्री च्याब्रुङले गोलपोर्टबाटै सुरूङमार्गको उद्घाटन गरे- ग्रीन सिग्नल देखाएर । यस मौकामा भूद्वीपका लागि ड्राद्वीपका राजदूत र वाणिज्य सहायकको पनि उपस्थिति थियो ।

❖❖

२१

भूद्वीप र ड्राद्वीप बीच निर्माण भएको सुरूङमार्ग परस्पर सहयोग र सम्मानको उदाहरण थियो । भविष्यमा यसले ऐतिहासिक महत्त्व लिने संभावना पनि उत्तिकै थियो । व्यापार र मैत्रीको वस्तुगत आदर्श यसको अन्यतम उँचाइ थियो किनभने सुरूङमार्गसँग सम्बन्धित अर्को निर्माण कार्य अर्थात् विश्वबजार पनि उत्तिकै वैज्ञानिक, सुरक्षापूर्ण, विश्वसनीय र आनन्दप्रद थियो । त्यसैले अतिथिहरूको टोली सुरूङमार्गको यात्रा गरेर फेरि गोलपोर्टमा जम्मा भयो । उनीहरूको सहयोगका लागि एउटी बालिका त्यहाँ अग्रसर भई ।

'गुड मर्निङ् ! नमस्कार ! म यहाँहरूको सेवामा आएकी छु । म निमा हुँ, निमा भोटिया । पर्यटन विभागले खटाएर पठाएको हो मलाई । र पहिलो पटक पर्यटकहरूको टोलीलाई हामी विश्वबजारमा स्वागत गर्न पाउँदै छौं । स्वागत छ यहाँहरूलाई ।'

ऊ भन्दैगई- 'अहिले हामी सुरूङमार्गको गोलपोर्टमा जम्मा भएका छौं । यहाँबाट हामी माथि उक्लन्छौं- यथार्थ भूगोलमा । त्यहाँ विश्वबजारको भौतिक स्वरूपको जानकारी पाउनेछौं ।'

उसले घडी हेरेर थपी- 'समय पुग्दैन क्यार, हामी हेलिटावर पुग्न भ्याउँदैनौं । आज विश्वबजार हेर्न भ्याइयो भने त्यही नै पर्याप्त होला । आउनुहोस्, यहाँहरूलाई यो रोडम्यापबाट सहयोग पु-याऊँ ।'

'तपाईंहरूको कुनै प्रश्न ?' उसले मौका दिएर सोधी ।

'अप्सरालोक छैन र विश्वबजारमा ?'

'छैन । यही महत्त्वको कुरा हो । किन्तु तपाईंलाई यहाँ त्यस्तो साथी बनाउन छूट छ । र राजी-खुशी भए पुलिस चौकी या हेल्थ सेन्टरलाई सूचित गर्दा हुन्छ । टीन-एजर भए पनि कानून लाग्दैन- सुरतकेलिमा । आफैं जोडा भएर आउनुभएको छ भने समस्या नै भएन । अँ, यदि साटासाट गर्ने रहर भयो भने त्यो पनि चल्छ ।' यस पटक आफ्नो भनाइ सकेर हाँस्ता-हाँस्तै उसले मुख छोपी ।

अतिथिहरू पनि हाँसे ।

'एउटा अर्को असुविधा पनि सुनिहाल्नुहोस्- यहाँबाट अन्तर्राष्ट्रिय कलको सुविधा छैन । यहीं भित्रैका लागि फोन कल उपलब्ध हुन्छ- निःशुल्क । अनि जति घुम्नुहोस्, कुनै शटलमा भाडा लाग्दैन ।'

उसले विद्युतबोर्डमा छडीले छोएर भनी- 'यहाँ चिडियाखाना छ, मात्र चराहरू छन्, पशुखाना यहाँ छैन ।'

'किन होला ?' - कसैले प्रश्न गऱ्यो ।

'मान्छे जस्तो डरलाग्दो दुईखुट्टे पशु भएको ठाउँमा अर्को नमुना किन चाहियो र ?' उसले प्रतिप्रश्न गरी, अनि भनी- 'ठट्टा गरेको नि !'

'पानी कहाँबाट आउँछ यहाँ ?'

'हामी हिमालयको हेल्दी पानी वितरण गर्छौं- नेपालबाट आउँछ ।'

'अनि ट्वाइलेट पेपर ?'

'त्यो पनि नेपालबाटै आउँछ । साम्यवादीले शासन गरेपछि सबभन्दा पहिले चलाएको उद्योग नै ट्वाइलेट पेपरको हो । कमसेकम जनताबाट कर उठाएर त्यति त गरे । नत्र लाजैमर्दो थियो ।'

अतिथि पर्यटकसँग कुन शैलीले प्रस्तुत हुनुपर्छ, शायद उसलाई थाह भएन ।

भित्तामा विशाल विद्युत-नक्शा थियो । त्यसका छेउमा उभिएर छडीले देखाउँदै उसले भनी- 'यो समग्र छाया संसार हो र यसभित्रको एउटा मुलुक हो भूद्वीप । अब भूद्वीपलाई ठूलो चित्रमा हेरौं । हामीहरू यहाँ उभिएका छौं, गोल पोर्टमा ।' ऊ संझाउँदै औल्याउँदै गई- 'यो विश्वबजारको क्षेत्र हो । अब हामी यहाँबाट माथि गएपछि जनरल पार्किङ र शौचालय सबभन्दा पहिले भेटिने छ अनि सुरक्षा चौकी र क्याफे ।'

ऊ छडीले छोएर नम्बर अनुसार संझाउँदै गई- 'यी क्रमशः रेष्टुरेन्ट, शपिङ सेन्टर, मनोरंजन केन्द्र, बार, गेम हाउस, थिएटर/नाट्यशाला, सर्कस, बाल उद्यान र बाल जगत, संग्रहालय, पक्षीघर, स्विमिङ पुल । फेरि उतातर्फ बैंक, स्वास्थ्य चौकी, हुलाकघर, पुलिस चौकी, वारूण-यन्त्र । अर्कातर्फ होटल, मोटेल, गेस्ट हाउस र रात्रि क्लबहरू । अनि यो बाटो जानुभयो भने यस्तो बगैंचा देख्नुहुनेछ जुन छायाद्वीप भित्रकै देशहरूको स्वरूपमा मिलाएर एकत्र निर्माण गरिएको छ । प्रत्येक देशका विशेष फूलहरू यहाँ पाइन्छन् ।'

'यी त भौतिक कुरा भए, सजिलै बुझिन्छन् । अरू केही कुरा छन् जुन पर्यटकका निमित्त महत्त्वका मानिएलान् । जस्तो, यहाँ जुनसुकै मुद्रा चल्छ र डलर चाहिए छिमेकी देशको भन्दा सयकडा दश सस्तो मिल्छ । क्रेडिट र डेबिट दुवै चल्छ र आवश्यकता परे दूतावासको सिफारिसमा क्रेडिटमा लिन सकिन्छ ।'

'केही लिमिटेशन पनि छ । जस्तो, फूड एशियाकै पाउनुहुन्छ र ड्रिंक्स पनि एशियाकै । सबै कुरा ट्याक्स फ्री । लोकल एरियामा शिपिङ फ्री ।'

'एयरपोर्ट नि ? कति टाढा छ ?'

'ऐलेसम्म एयरपोर्ट बनाउने योजना छैन । तर हेलिप्याड छन् ठाउँ-ठाउँमा, हेलिकोप्टरका लागि । छाया संसार नै अतिरिक्त धरतीको नयाँ भाग हो, बिस्तारै व्यवस्था होला नि !'

'अर्को ठाउँ पनि छ भन्नुभएको थियो नि ! कुनै टावरजस्तो ?'

'ए, संझें, झन्नै बिर्सिएँछु । त्यो हेलिटावर हो । अर्को फाँटमा छ-यसैभित्र । तर आज भ्याइन्न । अब हामी विश्वबजार क्षेत्रमा जान्छौं । एकछिन घुम्छौं, हेर्छौं र लंचपछि फर्कन्छौं । आजको कार्यक्रम यति नै होला ।'

विश्वबजार घुमेर फर्कंदा एक अतिथिले सोधे, 'मिस निमा, मलाई उदेक लाग्यो, अधिकांश व्यापार सहायक भनौं कि कार्यालय सहायक भनौं अथवा निम्न वेतनभोगी कर्मचारी अपाङ्ग हुन् कि जस्तो लाग्यो । न मलाई मात्र त्यस्तो लागेको हो कि ?'

'बुझें मैले तपाईंको जिज्ञासा । म छोटोमा भनौं है- यी अपाङ्ग नै हुन् । हामी छोरालाई लामा र छोरीलाई आनी भन्ने गर्छौं । उनीहरूको वास्तविक नामसँग अब कुनै सरोकार छैन । यी सबै गुम्बाको संरक्षकत्वमा रहने गर्छन् र यहाँ विश्वबजारमा काम पनि गर्छन्, ट्रेनिङमा छन् । धेरै ठाउँमा, धेरैतिर छन् ।

'यी कहाँबाट आए ? संख्या त सानो छैन !'

'सत्य भन्नु भो । धेरै छन् ।'

'अनि ?' प्रश्नभावले अतिथिले हेऱ्यो ।

उसले नरम वाणीमा भनी- 'आततायीहरूले गुरिल्ला युद्ध छेडेर स्कूलबाट धेरै विद्यार्थी अपहरण गरे । अलिक जीउडाल भएकालाई बालसेना बनाएर राखे । अलिक कमजोर देखिनेलाई कसैको आँखा झिके, कसैको किड्नी झिके । कसैको एउटा हात काटे अनि कसैको एउटा खुट्टा काटे । माग्ने तालिम दिए र माग्न लगाए । भर्खर-भर्खर माग्नेहरूको रिक्रुटमा देखिएकालाई

उद्धार गर्न कसैले यहाँ हाम्रोमा खबर गरेछ । त्यो पनि बडो मुश्किलले माफिया शक्तिलाई छलेर यहाँ ल्याइपुऱ्याएका हुन् । यिनको स्थिति देखेर गुम्बाले आश्रय दिएको हो- यिनलाई । तिनैमध्ये कतिपय आनी र लामा भएर यहाँ काम गर्छन् । कतिपय अन्तै होलान् ।'

उसले प्रसंग जोडेर फेरि थपी- 'त्यस्तामध्ये केही कमजोर तर राम्रो पैसामा बिक्नेहरूलाई वेश्यालयमा पुऱ्याए । त्यस्तैमध्ये म पनि हुँ एक ।'

अतिथि श्रोताहरू छक्क परे ।

उसले लामो सास तानेर थपी- 'मैले देखेको र भोगेको कुरा लेख्नुपर्छ भन्ने लागेको छ । डिक्टेशन गराएर भए पनि लेखाउँछु । जनताले यस्तै आततायीलाई नायक मानेका छन् । मलाई त जनताको बुद्धि देखेर पनि झोंक चल्छ । कस्तो चिन्न नसकेको अझै पनि ।' निमा भोटियाको गला अवरूद्ध भयो ।

पर्यटक अतिथिहरू पनि अश्रुसिक्त आँखा पारेर हिडे ।

'यो ऐना भन्ने पुस्तिकामा त धार्मिक केन्द्र, दस्यु सम्राट् र आठौं आश्चर्यको सूची छ नि, हामी त्यता गएनौं क्यार !' पर्यटकले सोध्यो ।

'हो, हाम्रो समय लंचमा बढी बित्यो । नभए संसारका आठै आश्चर्य एकै ठाउँ हेर्न पाइन्थ्यो- सानो स्वरूपमा ।'

'आठ कसरी, सात पो त !'

'यो भेगमा ३६ हजार मान्छे मार्ने आततायी अर्थात् गुरिल्ला सर्दारको प्रतिमा पनि उभ्याएको छ नि ।'

'प्रतिमा पनि त सुनैको होला नि ?'

'ढुंगो जस्तो कठोर अमानुषको प्रतिमा ढुंगाकै हुनुपर्छ नि हैन र ? दस्यु सम्राट्ले यदि सुन दिए भने सुनैको बन्न सक्छ । अर्काको स्वार्थ पूरा गरिदिन आफ्नो जाति मार्ने र देशको झण्डा फेर्ने बाटोमा हिंडेको मान्छेलाई दुनियाँले चिनून् भनेर नै प्रतिमा उभ्याएको होला कि ! कतिको घर परिवार बर्बाद पाऱ्यो त्यसले । इतिहासले बिर्सन्छ र ! हेर्दै जानुहोला न, जसले धर्मनिरपेक्ष घुसायो त्यस पापीको पनि प्रतिमा बन्न सक्छ भोलि । मरेपछि पनि त मान्छेले भन्न, लेख्न छोड्दैन नि ! लुटेको संपत्ति र बेपत्ता पारेका मान्छेको खोजी पनि त होला नि !'

'कुरा त सत्य हो । गुरिल्ला युद्धले तपाईंको जीवनलाई पनि प्रभावित पारेको कुरा मैले बुझें । मेरो सहानुभूति छ तपाईंप्रति ।' एउटा पर्यटकले सद्भाव देखायो ।

'म यो मुलुकमा भएको हुनाले खुलेर भन्दै छु । उही भएको भए शायद चूँ गर्न सक्ने थिइनँ कि ? साम्यवादीको प्रभुत्व छ नि ! टीम मिलाएर, विधि पुऱ्याएर देश लुटेका छन् । जनता ब्युँझँदैन ।'

उसले अर्को प्रसंग टिपेर भनी- 'स्वयम्भूनाथदेखि लिएर गुरूद्वारा, जैन मन्दिर, सिया मस्जिद, क्याथोलिक चर्च आदि सबै भवनहरू प्यागोडा शैलीमा छन्- यो पनि अर्को आश्चर्य मान्नुहोला ।'

अतिथिलाई राम्रो जानकारी दिएकोमा उनीहरूले पनि आफ्नो तर्फबाट निमालाई धन्यवाद दिए । खामबन्द पारितोषिक पनि पाई अनि उसले अश्रुसिक्त रहेर अतिथि पर्यटकहरूलाई विदा गरी ।

❖❖

२२

नेपथ्यमा चराहरूबीच संवाद चल्यो ।

'थाह पायौ पद्मावती, महारानी आफ्नो उपचारका लागि यात्रा गर्दैछिन् नि !'

'थाह भो, किचुगुम्बा पुग्ने लक्ष्य छ । यो उनको इच्छित यात्रा हो, तर उनको यात्रा त्यतिमा टुँगिदैन । त्यहाँ मनको उपचार हुन्छ भन्ने विश्वास छ उनलाई ।'

'हो, महारानीको आत्म-जलनको प्रशमनका लागि किचुगुम्बाभन्दा उपयुक्त मनोचिकित्सा केन्द्र अर्को हुन सक्तैन ।'

'पिता महाराजले सपनामा आएर जुन माग राखे, त्यसले नै उनलाई गहिरो चिन्तामा पारेको हो भन्ने कुरा अनुमानसिद्ध छ । त्यसैको प्रभावले उनी मानसिक रूपबाट आहत हुन पुगेकी हुन्, द्विविधा छैन ।'

'यति नै हो, मनमा सल्केको अग्निज्वाला शमन गर्न बौद्धधाम पुग्छिन् र विना रक्तपात विजयको आशीर्वाद लिएर उनी त्यहाँबाट निस्कन्छिन् अनि आफ्नो संकल्प पूरा गर्ने अभियानमा केन्द्रित हुन्छिन् । नियतिले निर्देशन गरेको यात्रा र त्यसमा जोडिन आउने बिसौनी र पूरक सन्दर्भ नै भइदिन्छन् घटना र कर्महरू ।'

'यसको अर्थ मनको उपचारपछि आफ्ना अङ्गहरूको व्यवस्थाका लागि महारानी विजय पताका फहराइदिन्छिन् ।'

'हो, आरोग्य पनि पाउँछिन् र नयाँ मुकाम पनि उभ्याउँछिन्, जुन परार्थ हुनेछ । यस कार्यका लागि गुम्बाबाट उनलाई मनोऊर्जा मिल्ने छ ।'

कसैको पदचाप सुनियो । चरा सतर्क भए । शून्यता फैलियो ।

क्लिन्टन तृतीय झट्ट पुगे । नेपथ्य टुंगियो ।

दुवै चराले एकै स्वरमा भने- 'महामहिमलाई हाम्रो अभिवादन ।'

'यहाँहरूलाई पनि मेरो अभिवादन ।'

'यशस्वी भव ।' दुवैले एकैसाथ भने ।

'सपनामा म पनि उँचाइ चढेको देख्छु । मलाई पनि बौद्धधामले आकर्षित गरेको छ । मौका जुरेको छैन ।' अनि थपे- 'मैले यहाँहरूका आधा कुरा सुनें । ब्रिटेनकी महारानी किन युद्ध जित्ने रहर गर्दै हुनुहुन्छ ? यस उमेरमा पनि युद्ध गर्ने सोच गएन ?'

'महामहिम ! उही स्वप्न-संदर्भ । दायित्व र विवेककर्म दुवै कुरा संश्लिष्ट रहेका छन् । त्यसैले पनि होला, कुनै सुकर्म गरेर देखाउने रहरले क्रियाशील रहेर एउटा सार्थक यात्रा गर्दै हुनुहुन्छ महारानी । हामी यसै विषयमा संवाद गर्दै थियौं ।'

'हो, राजकीय यात्रा फलदायी र औचित्यपूर्ण नै होला । आशा गरौं । म महारानीको स्वास्थ्य सुखको कामना गर्छु । उहाँको यात्रा सफल होस् भन्ने चाहन्छु ।' क्लिन्टनले हिंड्ने तत्परता देखाएर थपे- 'फेरि भेटौंला नि !'

दुवै मैनाले मुखामुख गरे । अनि ढिलो नगरी एउटाले भन्यो- 'बिग्रिहाल्ने काम थाम्नु छ भने हामी महामहिमलाई रोकिनु भन्दैनौं ।'

क्लिन्टनको मनमा एउटै कुरा बारम्बार ओहोर-दोहोर गर्दै थियो- 'सुमेरूद्वीपमा एउटा पनि राजनीतिक व्यक्ति देशभक्त देखिएन, न त्यहाँका स्वघोषित बुद्धिजीवी नै राष्ट्रभक्त भए । देशका कर्णधारहरू अर्काले हालेको हरियो घाँस खाएर मोटाएका छन्, अनि अर्काले नचाएको कठपुतलीको नमुना भएर बाँचेका छन् । छेउमा गोहीले मुख बाउन थालेको छ । ऊ कहाँ छ, कुन युग हो, कसरी अडिनु पर्छ र स्थायित्व लिन सकिन्छ भन्ने चेतना उसमा अझै आउन सकेको छैन । कति दयनीय छ त्यस देशको स्थिति अनि कति निरीह छ जनता ! आखिर म बिचरा भन्न पनि त सक्तिनँ ! आफ्नो देशको शक्ति अर्कालाई सुम्पेर कठपुतलीको राजनीति भोग्नु ? यस्ता चरित्रले राजनीतिलाई मात्र दुर्नाम गर्दैन, व्यक्ति र देशलाई पनि विद्रूप गराउँछ, दुर्गन्धित पार्छ । के भएको हो सुमेरूद्वीपको राजनीति !'

चरा जान्दथे, महामहिम राष्ट्रपति आत्मसंवादमा अल्झिएका छन् । त्यसैले मौनता साधेर बसे ।

'अँ, के प्रसंग चल्दै थियो ?' झस्केजस्तो गरेर उनले प्रश्न गरे ।

'कुनै सन्देश आउने देख्दै छु । त्यो लिएपछि महामहिमलाई फुर्सद मिल्ला । मुहूर्तको कुरा छ, त्यसैले केहीबेर यही रोकिन मिल्छ कि ?'

'त्यस्तो केही होइन । एउटा 'टक' तैयार गर्नु थियो । त्यो दैनिक कार्य जस्तै हो ।' उनले संवादलाई सामान्य तहमा पुऱ्याए र आफैं अन्तर्मुखी भए-

'राजनीतिक दायित्व र राष्ट्रहितमाथि केन्द्रित रहनु पर्ला ।' अनि आफैंभित्र आश्चर्य प्रकट गरे- 'त्यत्रो पुरानो देश त्यसको आफ्नै गौरव, आफ्नै इतिहास छ । यति हुँदाहुँदै पनि उनान्सय प्रतिशत नेता वा सरकार प्रमुख देशप्रति चिन्तित नदेखिनु असामान्य कुरा होइन र ? जनताको उपेक्षा गरेर पनि कतै राजनीति बाँच्तछ र ! फेरि त्यो त हाम्रो पुरानो मित्र पनि हो त्यस भेगको । अरूसँग दाँज्न पनि मिल्दैन !' एक पटक लामो सास तानेर छोडे अनि थपे- 'खै कसरी राहत दिनु ती जनतालाई- अराजनीतिक राजनीतिको यन्त्रणाबाट ! उफ् ।' यस पटक क्लिन्टनले अन्तिम वाक्य प्रकटमा बोले- 'हेरौं कति बल पुऱ्याउन सकिन्छ सुमेरूद्वीपलाई ।'

दुवै चरा चनाखा देखिए ।

म्याट आइपुग्यो । क्लिन्टन हर्ष र उत्सुकताले भरिए ।

चरातिर कृतज्ञ भावले हेरेर भने- 'मलाई समयमा उचित परामर्श दिएकोमा धन्यवाद । अहिले संदर्भ बुझें ।'

क्लिन्टन र म्याट एकान्त संवादमा जुटे ।

चराहरूले आफ्नो कर्तव्य पूरा भएको ठानेर र परस्पर हेराहेर गरेर प्रफुल्ल हुँदै भने- 'महामहिम सुमेरूको गतिविधिसँग अनभिज्ञ छैनन् ।'

'पद्मावती, तिमीले समयलाई राम्रोसँग समायौ ।' इन्द्रावतीले भन्यो ।

'यो गुरूदेवको कृपा हो ।'

'तिम्रो प्रस्तावमा महामहिमको विश्वास पनि भो ।'

❖❖

२३

भन्छन्, भूद्वीपका सम्राट् शून्यश्री च्याब्रुङमा कहिलेकाहीं रहरका अनौठा-अनौठा लहर दौडन्छन् । होला, यस भनाइमा थोरै प्रतिशत मात्र असत्य होला । लहड पनि साँच्चै रहरै लाग्दो भएर साकार हुन्थ्यो वेलावेला । 'हेलिटावर' अहिले यसको उदाहरण देखिएको थियो ।

बुर्ज खलीफा विश्वको सबभन्दा अग्लो टावर थियो क्यार हिजोसम्म । त्योभन्दा अग्लो टावर बनाउने महत्त्वाकांक्षा पूरा हुँदै थियो भूद्वीपमा । त्यसको औपचारिक जानकारी दिन मात्र बाँकी थियो । र बाँकी थियो विद्युत प्रणालीको अविराम गति र सन्तुलनको सफल प्रयोग-परीक्षणलाई प्रमाणित सिद्ध गर्न । अनि पर्खाइ थियो विधिवत् उद्घाटन गर्ने मुहूर्तको ।

भूपाल शून्यश्री च्याब्रुङ एउटा न एउटा कीर्तिमान छोड्दै हिंड्ने रहर पाल्थे । मनमा लागेपछि गरिहाल्नु पर्थ्यो । वास्तवमा भूद्वीप र ड्राद्वीपबीचको मैत्रीलाई अमेरिका र ब्रिटेनको पूर्ण समर्थन र साक्ष्य मिलोस् भन्ने उनको सुषुप्त कामना अब पूरै ब्युँझिसकेको थियो । फलतः कामना प्रतिक्षण संकल्पतिर र संकल्प सफलतातिर गतिमान हुँदै थियो ।

वास्तवमा हेलिटावर पनि अनौठो थियो । मानव-स्वरूपमा उभिएको यो टावर आफ्ना दुइटा काँधमा एकैपटक दुइटा हेलिकोप्टर थाम्न सक्थ्यो अर्थात् एकैसाथ दुइटा हेलिकोप्टर बस्न सक्थे । फेरि त्यहाँबाट अतिथिलाई विद्युत सोपानले टावरको शिर भागतर्फ लिएर जान्थ्यो । आम पर्यटकहरूका लागि फेददेखि नै अलिभेटरको सुविधा थियो र दुई बिसौनीपछि माथिल्लो भागमा पुगेर दृश्यावलोकनको आनन्द लिन सकिन्थ्यो ।

सम्राट् शून्यश्री च्याब्रुङ अब कल्पनाचित्र बनाउँदै गए- 'ब्रिटेनकी महारानी अजरा हेलिकोप्टरबाट टावरमाथिको हेलिप्याडमा ओर्लने छन् । उनको स्वागतमा म त्यहीं हुनेछु । त्यहाँबाट विद्युत सोपान चढेर हामी टावरको शिरान भागमा जानेछौं । महारानीबाट टावरको उद्घाटन त्यही हुनेछ । यो कार्य लामा भिक्षुहरूको मंगलधुन बीच सम्पन्न हुनेछ ।'

'फेरि आफ्नै अग्रसरतामा महारानीलाई टावरको बार्दली र झ्यालबाट प्रत्यक्ष दृश्यावलोकन गराउनेछु । दूरवीक्षण यन्त्रको सहयोगबाट पनि धेरै कुरा साकार हुन जानेछन् । वाह ! संचारको युगमा यस सफलताको बिगुल बज्नेछ !'

उनी चित्र निर्माण गर्दै गए- 'विद्युत सोपानबाट ओर्लिएर तल गएपछि भिक्षुहरूद्वारा महारानीको स्वागत हुनेछ । अनि महारानीको यात्रा 'विश्वबजार' तर्फ हुनेछ । सलामी, स्वागत र नागरिक अभिनन्दन कार्यक्रमहरू सम्पन्न हुनेछन् र सो अवसरमा आठ जोडा सेता परेवा उडाइने छन् ।'

अलिकति संकोच, अलिकति कम्पन र अलिकति प्रश्नहरू मनमा राखरे शून्यश्री च्याब्रुङले मनमनै गुने- 'नवनिर्मित सुरूङमार्गबाटै महारानीको यात्रा चलाउन सके भन् सुनमा सुगन्ध थपिने थियो । यसो गर्दा स्वागत र आतिथ्यमा न्यूनता नदेखिएला नि ! एक पटक महामहिम केकासँग परामर्श गर्नुपर्ला !'

उनी आत्मालाप गर्दै रहे- 'संसारले मानेकी महारानी, औपचारिक कार्यक्रमपछि एकपटक अनौपचारिक भेटवार्ता गर्नैपर्छ नि मैले महारानीसँग । र यो भेटवार्ता महारानीको विश्राम भवनतिर एक दिन बिहानको जलपान कार्यक्रममा सम्पन्न गर्नुपर्ला ।'

उनी आत्मालापलाई निरन्तरता दिँदै गए- 'आवश्यक शिष्टाचार पूरा भएपछि महारानीलाई एक्लै नपार्न आफ्नी महारानीसँग अनुरोध गर्नुपर्ला । उनको परामर्श आवश्यक होला ।'

अकस्मात् नग्न मुण्ड, वयोवृद्ध लामा उनका अगाडि देखा परे । लामालाई देख्नासाथ सम्राट् च्याब्रुङको मनोभाव बदलियो । उनका छातीमा एउटा तरङ्गको झिल्काले फन्का मार्‍यो । उनी हतप्रभ जस्तै देखिए । अनि सजिलै एउटा वैकल्पिक सोच मनमा जन्माए- 'कदाचित् महारानीको आगमन हुन नसकेका खण्डमा... ! आखिर मुहूर्त मुहूर्त नै हो ! अलिकति समय पनि छ नि !'

आत्मरागको उपसंहार गरेर जब उनी सामान्य मनोदशामा फर्किए र लामातिर हेरे, लामा त्यहाँ थिएनन् ! लामालाई नदेखेपछि सम्राट् च्याब्रुङ विचलित भए । उनले केलाए, 'यी लामा मैले देखेका पनि हुन्, नदेखेका पनि हुन् । यी वृद्ध पनि हुन्, होइनन् पनि । मैले राम्रो ठम्याउन सकिनँ कि ! शायद कुनै सिद्ध हुन्, औतारी हुन् । मलाई कुनै संकेत दिन आएका थिए कि ? कहीं मैले आफैंलाई त पर्दा गरिनँ ? आफैंलाई त वञ्चित गरिनँ ?' आत्मग्लानि बोकेर उनी त्यहाँबाट सरे ।

o o

अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन समितिको बैठकको उद्घाटन एक दिन पहिले नै हुनुपर्ने थियो तर पानद्वीप र लिंगद्वीपबीचको टक्करको परिणामस्वरूप स्थगन भयो । आज त्यो कार्यक्रम सम्पन्न हुँदै थियो । यसैले अतिथि सहभागीहरू प्रफुल्ल देखिए ।

भूद्वीपका सम्राट् शून्यश्री च्याब्रुङले 'अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन' शीर्षकमा विधिवत् बैठकको उद्घाटन गरे । ताली बजे ।

भिक्षुहरूले सांस्कृतिक मंगलधुन बजाएर परिवेश अलंकृत पारे । कलेजी रंगको वस्त्रले परिवेष्ठित नवप्रवेशी बालभिक्षुहरू अनुशासनभित्र रहेर एकतर्फ लस्करबद्ध भए ।

भूद्वीपका प्रमुख बौद्धाचार्य आफ्ना शिष्य र अनुयायीहरूको टोलीबीच अर्कोतर्फ छेउमा विराजमान देखिए । त्यसैले पनि होला, बैठक भवन र उद्घाटन कार्यक्रमको वातावरण अत्यन्त शान्त र शालीन देखिन्थ्यो । परिवेश कस्तूरी र श्रीखण्डको सुवासले मगमग थियो ।

केका सुरा महामहिमको पद र दायित्वले त्यसै गम्भीर देखिन्थी । उसका आँखा ईषत् झुकेका हुन्थे, ऊ चाहन्नथी उसका आँखा कसैले पढून् ।

जलपान चल्यो ।

उद्घाटन सत्रपछि विशिष्ट अतिथिको हैसियतले संयुक्त राष्ट्रसंघका वरिष्ठ अधिकारीले आफू भूद्वीपमा पुगेको, उद्घाटन कार्यक्रममा उपस्थित हुन पाएको र यतिका मित्रहरूसँग भेटघाट गर्ने मौका मिलेकोमा प्रसन्नता व्यक्त गरे । अनि बैठकका निमित्त भूद्वीपले प्रांगण दिएकोमा तथा अमेरिकाकी महामहिम राजदूत केका सुरा र उसको रूचि र तत्परताप्रति विशेष धन्यवाद गरिसकेर स्पष्ट शब्दमा भने- 'यो बैठक कैयौं दशकपूर्व बस्नुपर्थ्यो, त्यो दिन आज आयो । विवेच्य सामग्री र संदर्भहरू जटिल स्थितिमा होलान्, किन्तु दुर्लभ छैनन्, निराधार छैनन् ।'

एकपटक सबैतिर दृष्टि पुऱ्याएर उनले थपे- 'यो बैठक स्वयं ऊर्जावान छ । त्यसैले शक्तिशाली छ र आफ्नो उद्देश्यमा पुग्नेछ । बैठकले पारित गरेका कुराहरूलाई संयुक्त राष्ट्रसंघ कार्यान्वयन भएको देख्न चाहन्छ । कदाचित् पारित प्रस्ताव कार्यान्वयन गर्न अप्ठ्यारो परे या त्यस्तो प्रतिकूल अवस्था आउने देखिए वैकल्पिक मार्ग अँगाल्नुपर्ने हुन्छ, किन्तु त्यो दण्डपूर्ण देखिने छ । त्यस्तो स्थिति नआउला । ऋजु र शीतल मार्गको यात्रा चलोस् भन्ने कामना गर्दछु ।'

उनले थपे- 'आज एक ठाउँको समस्या एकैछिनमा अन्तर्राष्ट्रिय स्तरको हुनपुग्छ । उदाहरण हेरौं- सार्क मुलुकबाट । भूटानले अर्काको कुरा सुनेर

जन्माएको शरणार्थी समस्या आज युरोप र अमेरिकाका अनेक मुलुकमा फैलिएको छ । समस्याको समाधान आफैं निकाल्नुपर्छ- संस्कृति, संविधान र कानूनको बाटोबाट । आफ्नो समस्याले अरूलाई पिरोल्न मिल्दैन । आफैं दुर्भाव र दुःस्वप्न निम्त्याउनु कसरी ? पर्खाल वा साँध-सीमा नाघेर अर्काको बारीमा पसेर निर्लज्ज नृत्य नाच्न मिल्छ र ?'

'म अर्को उदाहरण दिएर स्पष्ट पार्न चाहन्छु, त्यो अझ बढी सान्दर्भिक होला । यतातिर महादेवका घरमा सँगै बस्छन्- सिंह, साँढे, मयूर, सर्प र मूसो । कहिले सन्तुलन बिग्रेन त्यहाँ । बस्, यो संकेत हो । अब अन्यथा हुनुहुँदैन । भूल सुधार हुनुपर्छ । बल देखाउने समय अब रहेन । आफ्नो संसारमा आफैं अटाउनु राम्रो ।' र अन्त्यमा उनले जोडे- 'धन्यवाद कार्यक्रमको लागि, धन्यवाद सहभागिताको लागि र धन्यवाद सदाशयका लागि ।'

जर्मनी, बोन विश्वविद्यालयका प्रोफेसरले माइक अन गरे । उनी अन्तर्राष्ट्रिय सीमा निरूपण निकायका उप-प्रमुख थिए । उनले भने- 'सफलताका लागि तथ्य र आधार चाहिन्छ, त्यो हामीसँग छ । फेरि ब्रिटेनबाट प्रकाशित मेकालेको म्यापलाई ऐतिहासिक श्रृंखलामा हेरेर घटबढको स्वरूप औंल्याएका छौं । सहभागी मित्रहरूले लिनुभएको फाइल-ब्यागमा एजेन्डासँगै त्यो संबद्ध गरिएको छ । आवश्यकता परे विद्युत बोर्डमा पनि अध्ययन गर्न सकिनेछ, जसबाट अन्तर्राष्ट्रिय सीमा सरेको, भू-भाग घटबढ भएको र भोग-चलनमा आएको तथ्यलाई अझ स्पष्टताका साथ बुझ्न बल पुग्नेछ । त्यस्तै, समय-समयमा मिचिंदै, भत्काउँदै, उखेल्दै र सारिदै आएका निशान र सीमाको स्वरूपलाई ऐतिहासिक ढंगले बुझ्न आधार मिल्ने छ । हामीसँग डकुमेन्ट्री पनि छ, यी सामग्रीबाट हामीलाई आधिकारिक रूपले पुष्टि मिल्ने छ र दिशानिर्देशन पनि हुनेछ भन्ने विश्वास लिएको छु ।'

उनले विशेष महत्त्व दिंदै भने- 'यस भेगको कुनै पनि आधिकारिक लिखत, प्रमाण र ऐतिहासिक तथ्यको स्रोतमा मित्रराष्ट्र चीनको रेकर्ड या लिखतलाई मूल्य दिन हामी विवश छौं । स्वीकार्छौं र मान्यता पनि दिन्छौं । ऐतिहासिक टिपोटको ज्येष्ठतामा उनीहरूलाई उछिन्ने स्रोत अर्को उपलब्ध छैन । त्यसैले हाम्रो खोज अनुसन्धानमा ती सामग्रीहरू पनि अब्बल दर्जाका रहेका छन् र यो कुरा पारदर्शी छ ।'

उनले फेरि थपे- 'स्मरण रहोस्, प्राकृतिक प्रकोपबाट आएको विचलन वा स्वरूप र परिणामप्रति हामी उदासीन देखिने छैनौं । धन्यवाद मेरो विचार सुनिदिनुभएकोमा ।'

ब्रिटेनका परराष्ट्र मामिला सम्बन्धी उप-प्रमुखले उपनिवेशकालमा उनीहरूबाट भएका त्रुटिपूर्ण कुरा वा दोष र अविवेक झल्किने कतिपय निर्णयलाई संशोधन गर्ने, फेर्ने या कुनै पनि ढंगले संतुलन गर्ने दृढता व्यक्त गरे । उनले स्पष्ट शब्दमा भने- 'ब्रिटिशले भोगचलनमा ल्याएका स्वतन्त्र छिमेकी मुलुकको भू-भाग फिर्ता दिने, दिलाउने संकल्पमा प्रतिबद्ध छौं । चाहे जुन ढंगले, जुन शर्तमा र जुन उद्देश्यका लागि लिएका थियौं, त्यस्ता भू-भागहरू निःशर्त फिर्ता दिने प्रतिबद्धता जाहेर गर्दछौं । यो संयुक्त अधिराज्य अर्थात् युकेको निर्णय हो । त्यस्तो भूमि आज जहाँ छ, जुन अवस्थामा छ र जसको भोगमा छ, यो बैठकले त्यस्तो भूमि फिर्ता गराउने निर्णय गर्नेछ । निर्णयलाई कार्यान्वयन गर्न हामी दृढ छौं । हामी हिजो जस्तै आज पनि न्यायप्रति निष्ठावान छौं ।'

लिंगद्वीपको समूहतर्फ लक्ष्य गरेर उनले थपे- 'कसको भू-भाग कहाँबाट कति लिएका थियौं, यसको प्रमाण वा तथ्य पनि यहाँहरूसँग छ- फाइलमा । त्यसले समस्या समाधान गर्न पर्याप्त बल पुऱ्याउने छ भन्ने ठान्दछु ।'

'संभौं, एउटाले उपनिवेश बनाएर भोगेको भूमि स्वतन्त्र नहुँदै फेरि अर्कोले त्यसलाई औपनिवेशिक निरन्तरता दिन सक्तैन । किनकि उपनिवेश भित्र उपनिवेश हुन सक्तैन । फेरि उपनिवेश समाप्त गर्नुको औचित्य कहाँ ठहर्छ र ? यदि त्यस्तो देखियो भने- दोस्रो शक्तिले भोगेको दिनदेखि यो बैठकको अन्तिम दिनसम्मको वार्षिक करार मूल्य तोक्ने र द्रव्य बुझाउने, त्यसपछि १६ महिना समय दिएर धरती खाली गर्न लगाउने । यदि भाडा वा लीजको द्रव्य तिर्न सक्तैन भने उपनिवेश बनाएको भूमिको दुई प्रतिशत बराबर भूमि थप गरेर फिर्ता दिने । यसो गर्दा न उपनिवेशमा पर्नेलाई घाटा हुन्छ न उपनिवेश बनाउनेलाई । बैठकले यो अधिकार विधिवत् तुरुन्त लागू गर्न सक्नेछ । फाइलमा यो कुरा निर्दिष्ट छ । मलाई लाग्छ, सुमेरूद्वीप र लिंगद्वीपबीच मात्र होइन नेपाल र इंडियाबीच पनि यो स्थिति देखिन सक्छ । भूटान र भूद्वीपको स्थिति पनि आकर्षित होला कि ?'

एकपटक लामो सास छोडेर थपे- 'हामी शक्ति प्रयोग गर्न चाहँदैनौं । जुन फाइल ब्याग यहाँहरूसँग छ, त्यसैमा शक्ति छ र यहाँहरू त्यसको उपयोग गर्न सक्नुहुनेछ । धन्यवाद !'

केही प्रमुख व्यक्तिहरूले बैठकको सफलताको कामना गरे । भूद्वीपका सम्राट् शून्यश्री च्याब्रुङप्रति आभार व्यक्त गरे र केकाको भूमिका माथि पनि प्रकाश पारे ।

अतिथिलाई स्वागत गर्न पाएकोमा भूद्वीपले पनि कृतज्ञता व्यक्त गऱ्यो । अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन समितिको बैठक आफ्नो मुलुकमा आयोजना गर्ने अवसर पाएकोमा गौरवको अनुभव व्यक्त गऱ्यो ।

कफी टाइम शुरू भयो ।

महामहिम राजदूत केका सुरा र ब्रिटेनकी महारानीका तर्फबाट बैठकमा विशेष प्रतिनिधित्व गर्ने कैली कामुकीबीच सौहार्दपूर्ण वातावरणमा संवाद टुंगियो । संयुक्त राष्ट्रसंघका वरिष्ठ अधिकारी र एशिया महाशाखाका क्षेत्रीय निर्देशकका बीच पनि योजना संवाद टुंगियो । उनीहरू आफ्नो सोचमा सफल रहने मुद्रा देखाएर तुष्ट देखिए ।

केका संयुक्त राष्ट्रसंघका वरिष्ठ अधिकारी र क्षेत्रीय निर्देशकको टोलीमा सरिक भई । अनि कैली कामुकी ब्रिटेनका पररराष्ट्र मामिला सम्बन्धी प्रथम सचिवले नेतृत्व गरेको विशेषज्ञहरूको टोलीमा शामेल भई ।

सन्ध्याकालीन वारूणी बैठकको आयोजना आज विशेष देखिन्थ्यो । भूद्वीपका च्याब्रुङ दम्पतीको रूचि र सक्रियतामा निष्पन्न वारूणी सन्ध्या सीमा-बैठकमा आबद्ध अतिथि महानुभावका खातिर नै प्रस्तुत थियो । त्यसैले अनौपचारिक र मुक्त परिवेशमा अतिथिहरू वारूणी बैठकमा सहभागी हुँदै रहे ।

भूद्वीप प्रतिवर्ष सफलताका सोपान चढ्दै थियो । त्यसैले होला कुनै समस्याले पिरोलिएको थिएन । बरू आत्मगौरव गरेर शान्त गम्भीर देखिन्थ्यो । हो पनि, अमेरिकाको दूतावासको स्थापना, ड्राद्वीपसँग विशेष-मैत्री र सुरूङमार्गको निर्माण, अनि निकट भविष्यमा हेलिटावर र विश्व बजारको उद्घाटन हुने आत्मविश्वास नै गौरवबोध गर्ने आधार देखिएका थिए ।

यसका अतिरिक्त भूद्वीपको अनुहारमा एउटा अर्को सुनौला किरण पोतिएको थियो । त्यसैले पनि दीप्तिमान देखिन्थ्यो । किनभने बैठकको आयोजनाबाट अब छाया संसारभित्रका मुलुकहरू सीमा विवाद र भूमि हरणको पीडाबाट मुक्ति पाउँदै थिए । केही वेलापछि ब्रिटिश कालमा काटिएको आफ्नो भू-भाग फेरि जोडिने, फेरि फर्कने विश्वासले प्रफुल्ल थिए र सीमा बैठकको आयोजनाबाट जुन सुखद प्रतिफल बाँडिदै थियो त्यसको श्रेय पनि भूद्वीपलाई मिल्दै थियो । त्यसैले पनि भूद्वीप प्रफुल्ल थियो ।

❖❖

२४

उता लिंगद्वीपमा कंपन शुरू भयो । लिंगप्रमुख विकल हुँदैगयो । मुलुकमा अप्ठ्यारो स्थिति आउन सक्ने संभावना देखेर उसले आपतकालीन बैठक बोलायो र बहुपक्षीय कोणबाट मीमांसा गरेर निष्कर्षमा पुग्ने निर्देशन दियो ।

गोल बैठक शुरू भयो, किन्तु बैठक भनिए पनि बैठकको प्रकृतिको थिएन । एकालापजस्तो थियो- एउटा भाषण जस्तो, विश्वविद्यालयको कक्षाजस्तो ।

एक वयोवृद्ध, ज्ञानवृद्ध व्यक्तिले उठेर भने- 'लिंगद्वीप शान्तिले बाँच्न चाहन्छ, अखण्ड रहन चाहन्छ, दीर्घ जीवन लिन चाहन्छ र संमानले बाँच्न चाहन्छ । मैले आफ्ना विचार राखें ।' उनी आफ्नो ठाउँमा बसे । उनी थिए प्रोफेसर चन्द्रमौलि ।

अर्को व्यक्ति उठ्यो र प्रश्न भावले भन्यो- 'यहाँले चार कुरा भनिदिनु भयो । यतिले नै धेरै कुरा बुझिन्छ । फेरि पनि हामीले आत्मनिरीक्षण, आत्ममीमांसा र आत्मनियंत्रण गर्ने वा सम्हालिनु पर्ने भए निकास वा गन्तव्य पनि देखाइदिनुहोस् ।'

'हेर्नोस्, हामीले छिमेकी मित्रराष्ट्रहरूसँग जे जस्तो सम्बन्ध र व्यवहार देखायौं, त्यसबाट तपाईंले जे देख्नु, भोग्नु भो, म पनि त्यसबाहिर पर्दिनँ । एउटै युगको भोगाइ हो । तर आजको बैठकको उद्देश्य शायद मुलुकलाई कसरी निरोगी, अखण्ड, शान्त र संमानित राख्ने भन्ने विषयमा केन्द्रित रहेर निष्कर्षमा पुग्नु हो र यसैमाथि आफ्ना विचार राख्नु हो ।'

श्रोताहरू प्रोफेसर चन्द्रमौलिको मन्तव्य सुन्न एकाग्र थिए । उनले एक घुट्की पानी पिएर शीतल भावले फेरि थपे- 'हेर्नोस्, अर्काको धर्मलाई नहोच्याई आफ्नो धर्मको बखान गर्न पाइन्छ । अर्काको घरलाई नोक्सान नपुऱ्याई आफ्नो घरको उँचाइ थप्न सकिन्छ । अर्काको गतिमा व्यवधान नपुऱ्याई आफ्नो बाटोमा वेगले गति लिन सकिन्छ । र यो नीतिगत कुरा हो । यसो गर्दा न आलोच्य भइन्छ न असफल । होइन र !' वाक्य टुंग्याएर उनले एक पटक सबैलाई एकसरो हेरे ।

'राज्यका बुद्धिजीवीहरू, नीति निर्माताहरू, विधिज्ञहरू, संहिता पालकहरू गलत सल्लाह दिन्छन् या रोगी दाउपेच सिकाउँछन् र बदलाको भावले विरोध र अडचन उभ्याउँछन् भने समाज कसरी सभ्य र उन्नत होला र ! राज्य र समाजलाई गुमराह गराउने सोच मिल्काउनुपर्छ भन्ने मेरो प्रस्ताव हो ।'

एउटी वयस्क बालाले उठेर भनिन्- 'सर, अलंकार र व्यञ्जनाका कुरा सबैले बुझेजस्तो लाग्दैन । वस्तुगत र यथार्थ ढंगले सोझै औंल्याइदिनुभयो भने आत्मालोचना गर्न सकिन्थ्यो कि !'

प्रोफेसरले भने : तपाईं स्वयं परराष्ट्रनीति विशेषज्ञ हुनुका साथै अन्तर र्ाष्ट्रिय सीमा सर्वेक्षण युनिटकी केन्द्रीय सदस्य पनि हुनुहुन्छ । अरूको लागि यो प्रश्न राखिदिनु भो, धन्यवाद छ । तपाईंको भावनाको कदर गर्दै, अघि भनिसकेको कुरालाई पुष्टि गर्न सार्क मुलुकबाट उदाहरण टिप्न चाहन्छु । वर्गीय स्वाभिमानमा धक्का दिने र मित्रतामा उपेक्षा र दमन-वृत्ति अँगाल्ने इंडियाका आमा-छोरा प्रधानमन्त्रीहरू मारिएका होइनन् र ! देशभित्रको कुरा पनि तेरो र मेरोमा बाँडिन्छ र ! छिमेकीसँगको दुश्मनी फलदायी हुन सक्तैन । मधुर, नरम र सहज बनाउन नसक्ता वा नजान्दा नराम्रा परिणाम भोग्दै रहनुपर्छ । म यसका लागि इंडिया र पाकिस्तानको द्वन्द्व स्मरण गराउन चाहन्छु ।

तपाईंहरू मान्नुहुन्छ कि हुन्न म जान्दिनँ, संदर्भ विशेषमा शान्ति र सद्भाव बराबरीको प्रतिफल हो, थोर-धेरको होइन । शायद इंडिया र पाकिस्तानबीच सीमा-युद्धको निरन्तरता यस्तै असन्तुलन/घटी-बढीको असन्तुष्टिको प्रतिफल हो । किन्तु चाहँदा सधैंका निमित्त युद्धवर्जित वा शीतल क्षेत्र बनाउन सकिन्छ । बस्, चेतना, चाहना र दृष्टिको अपेक्षा रहन्छ । प्रसंग अर्को पनि छ- बंगलादेशको निर्माणमा इंडियाले जुन योग पुऱ्यायो न त्यो पाकिस्तानले बिर्सन सक्छ न बंगलादेशको दोहनमा इंडियाको दबावलाई बिर्सन सजिलो छ । तर छोटो बुद्धिको प्रतिफल दुवै देशको एउटै बिमारीलाई उपचार गर्ने बहानामा धरती रहेसम्म चिकित्सकलाई निरन्तर पाल्नुपर्ने भो । दुईबीच लडाइँ गराएर तेस्रो व्यक्ति वृत्ति आर्जन गर्दछ- बिरालोको रोटी तौल न्याय । काश्मीर स्वतन्त्र नभएसम्म उपचारको बहाना टुंगिने छैन । तर त्यो पनि टुंगिँदैछ, अति भो ।

बरू नेहरूले बुद्धि पुऱ्याएका थिए- चीनले तिब्बत लिंदा उनले एक शब्द बोलेनन् । विश्वेश्वर प्रसाद कोइरालाले घच्घच्याए, तर 'म सेना लिएर लड्न

जाऊँ ?' भनेर नेहरूले रूखोपन देखाए । चीनसँग उनी अघोरै डराउँथे । त्यो डर बुझेरै उनी निष्क्रिय रहेका हुन् । नेहरू डराउनु ठीक थियो भन्ने कुराको प्रमाण चीनसँगको युद्धमा नेहरूको हारलाई भन्न मिल्छ । नेहरूले चीनसँग जुन डर मानेका थिए, आजसम्म पनि त्यसको निरन्तरता शेष छ । किनकि रणक्षेत्रमा पुग्दै फर्कंदै गर्नु अब इंडियाको नियति भएको छ । फेरि पनि इंडियाले हुंकार वा गर्जना गर्न बिर्सेको छैन, चाहे निस्सार नाटक नै किन नहोस् ।

बैठक एकोहोरो प्रोफेसर चन्द्रमौलिको मन्तव्य सुन्दै रह्यो । उनी भन्दै गए- 'अब नेपालसँग इंडियाको सम्बन्ध हेर्नुहोस्- आज आएर नांगो रूपले प्रस्तुत भएको छ इंडिया । अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गरेर इंडियाले आफ्नो साइज बिगार्ने खेल खेल्दै छ । मित्रतामा आफैं खलल ल्याउँदैछ । चारो छरेर अनर्थ गर्दैछ । अब मात्र विस्फोट हुन बाँकी छ । गुरिल्ला र आतंककारीलाई जन्माएर तालिम दिने र परिचालन गर्ने इंडिया नै होइन र ! नेपालमाथि आतंकी कार्वाही मचाउन इंडियाले के गरेन ? युरोपियन युनियनसँग मिलेर गरेको सेवा आतंकको अध्याय पनि यही जोडिन आउँछ । त्यसैले आफू सुरक्षित रहन चाहनेले अर्कालाई चलाउन र हेप्न हुने थिएन कि ? त्यसो गरेका खण्डमा परिणाम भोग्न पनि तयार रहनुपर्छ ! अब गान्धीवादी आततायी चीनबाट परिचालित भएर नेपाल हुँदै इंडिया पस्ने बाटो खुलेन र !'

'प्रत्यक्ष हस्तक्षेप गरेर त नेपाललाई इंडियाले सतायो नै । बाह्य समस्या हुलिदिएर पनि अप्ठ्यारो पारिदियो । बर्माबाट उठाएर पनि नेपालमा समस्या ल्याइदियो, भूटानबाट ओसारेर पनि अप्ठ्यारै पारिदियो । अझ सीमाना मिचेर र नागरिक बनाएर पनि समस्यामा अल्झाइदियो । राजसंस्था ढलेपछि झन् सजिलो भएको छ मनमौजी खेल्न- इंडियालाई । किनकि कुनै राजनीतिक सरदार त्यस्तो छैन जो इंडियाले नकिनेको होस्, न पदाधिकारी न योजनाकार । अब कति दिन ओढ्ला त नेपालले माछापुच्छ्रे झण्डा ! तर चिन्ता कसैलाई छैन । किनभने सबै जोर्न-कमाउन व्यस्त छन् । राजनीतिक प्राणी बिग्रेपछि देश बिग्रन्छ भन्ने कथनको पुष्टि नेपालबाटै हुन्छ ।'

'तर भूटानलाई पूरै निचोर्न सकेको छैन- इंडियाले । सानो हुँदैमा कमजोर हुन्छ भन्ने पनि छैन । यो अर्को पक्ष हो । श्रीलंकासँग पनि सम्बन्ध मधुर बनाउन सकेन इंडियाले । न मालदिभ्ससँग मित्रता गर्न सक्यो । यस अर्थमा चीन धेरैको उपकारक र गतिलो आश्रय हुन पुगेको छ ।'

'त्यसैले इंडियाको स्थिति हेरेर लिंगद्वीपले पाठ सिक्नुपर्छ - छिमेकीसँग मिलेर बस्न सक्नुपर्छ । अँ, चीनसँग बराबरी नगरोस् इंडियाले । यही नै हितमार्ग हो । लिंगद्वीपले पनि ड्राद्वीपसँग कुम जोर्ने चेष्टा नगर्नु श्रेयस्कर हुन्छ । सकेसम्म दुर्घटनाबाट जोगिएर बस्नुपर्छ भन्ने मेरो अभिप्राय हो । किन्तु नेपालले जसरी कम्युनिष्टको छाता ओढाएर जनदमन गरेको छ त्यो गलत हो । जसले सत्तामा पुऱ्यायो उसैको गला दबाउने ?'

प्रोफेसर चन्द्रमौलिले विश्राम लिए ।

अब चमेना चल्यो ।

o o

लिंगप्रमुखलाई निद्रा परेन । मनमा कुरा खेले- 'यो अन्तर्राष्ट्रिय सीमा सर्वेक्षण तथा कार्यान्वयन समितिको बैठकमा भाग लिन नआएको भए पनि हुने थियो । कुनै बहानाले अनुपस्थित रहेको भए पनि हुने थियो अथवा एउटा अधिकारीलाई प्रतिनिधित्व गर्न पठाएको भए पनि हुन्थ्यो । आखिर जे हुनु थियो त्यो त हुन्थ्यो नै, अब रोकिने र छेकिनेवाला थिएन । एजेण्डामा हस्ताक्षर गर्नु नै गलत भएछ क्यार ! यो बैठक नै बहिष्कार गरेको भए पनि हुन्थ्यो । अलिकति बुद्धि छोटो भएकै हो, यहाँ आउनु नै गल्ती भएछ । फेरि बैठकको उद्घाटन सत्र सकिएपछि फर्केको भए हुन्थ्यो । नफर्कनु पनि गल्ती भएछ । हो, यसपटक नराम्रोसँग फसिएजस्तो छ । लिंगद्वीपको यत्रो शक्तिशाली सरकार आज चुकेकै हो त ?' ऊ छटपटायो ।

उसले एजेण्डा संझ्यो- 'ब्रिटिशले युद्ध गरेर लिएको भू-भाग, सुविधाका लागि मागेर वा सहयोग-समझदारीबाट लिएको, अथवा सट्टा-पट्टा गरेर लिएको भू-भाग जसको हो, जुन देशको हो उसैलाई फिर्ता गर्नेछ र धेरै फिर्ता पनि भएका छन् । जो फिर्ता भएका छैनन् र अर्काको स्वामित्वमा वा भोगमा छन् त्यस्ता भू-भाग पनि संबन्धित मुलुकलाई फिर्ता गराएर बैठकले आफ्नो उद्देश्य पूरा गर्नेछ । आवश्यकता अनुसार शक्ति प्रयोग गरेर भए पनि निष्पक्ष निर्णय गर्नेछ । यहाँ न्याय हुनेछ- पक्ष प्रतिपक्षको भाव नराखी सत्य र यथार्थमा अडिएर अन्तर्राष्ट्रिय सीमा सुनिश्चित र स्थिर गरिनेछ ।'

उसले आत्मकथन गऱ्यो- 'हो, ब्रिटिश फर्किएर गएपछि पनि उसले भोगे जति छिमेकी मुलुकको भू-भाग अझै म एक इंच नघटाई भोग्दै छु, अझ उताका कैयौं गाउँ र कैयौं एकड भूमि मिचेर लिएको छु । भूमिका कागजपत्र उतै उनीहरूसँग छन् तर बलको प्रयोग गरेर भोग म गर्दैछु । र अहिले आफैंलाई

प्रश्न गर्छु- अर्को देशले मेरो देशको भूमि मिच्यो भने म के गर्छु ? शायद एक अर्थमा- 'वीरभोग्या वसुन्धरा' नै हो, तर सत्यता स्वीकार गर्ने हो भने यत्रो विशाल धरती मलाई दिने त ब्रिटिश नै हो नि ! उसले यहाँ नभोगेको भए यत्रो मुलुक हुन्थ्यो र मेरो ? शायद कैयौं खण्डमा टुक्रिएकै हुन्थें ।'

'तर अर्को पक्ष पनि छ- मैले मेरो जति हो त्यो पाउनुपर्छ, त्यसमा कमी आउनु हुँदैन, त्यतिमा चित्त बुझाउनुपर्छ । न आफ्नो छोड्न सकिन्छ न अर्काको चाहिन्छ । शायद अन्तर्राष्ट्रिय सीमा बैठकको निर्णय अकाट्य हुन्छ र मैले त्यो स्वीकार गर्ने पर्ने हुन्छ ।'

फेरि अर्को तन्तु तानेर गुन्यो- 'यदि छिमेकी देशको त्यो भूमि मैले हठ गरेर फिर्ता गरिनँ भने हुन सक्छ भोलिका दिनमा त्यो भू-भागमा पुनः ब्रिटिशले शक्ति र अधिकार प्रयोग गरेर यहाँ अवतरण गरोस् र म सयौं टुक्रामा टुक्रिन पुगौं, के थाह ? फेरि त्यो शक्तिलाई प्रवेश गर्ने मौका दिनुभन्दा बरू छिमेकीको भू-भाग फिर्ता दिएर राष्ट्रलाई विप्लव हुनबाट पहिले नै जोगाउने हो कि ? ब्रिटिश फर्केपछि सबैले आ-आफ्नो देश र भू-भाग फिर्ता पाएका छन् भने म छिमेकीको भू-भाग कसरी रोक्न सकूँला त ? त्यसैले घुँडा टेकेर होइन, नटेक्तै दिनुपर्छ । अब दासभावले होइन स्वामीभावले चिनिनु पर्छ, दास थियौं भन्ने इतिहास बिर्सनुपर्छ । अर्काको भू-भाग फिर्ता दिएर पनि आफूलाई जोगाउनै पर्छ ।'

यसरी आत्मसंवाद गर्दागर्दै ऊ मूर्च्छाकै स्थितिमा आफ्नो कक्षबाट बाहिर पुग्यो । संपर्क कार्यालयकी परिचारिकाले उसको छेउमा पुगेर उपस्थिति जनाउँदै भनी- 'सर, केही चाहिन्छ कि ? कल गर्नुभएको भए हुन्थ्यो नि !'

'तिमी मेरा लागि आएकी हौ ?'

'जी, पाहुनाहरूकै लागि हामी यहाँ सचेष्ट रहन्छौं । बैठक चलुञ्जेल यहाँ हुन्छौं ।'

'मलाई निद्रा आएन । छटपटीमा छु । मनमा एक किसिमको औडाहा चलेको छ ।'

'निद्रा आउने उपाय गर्न सकिन्छ । पहिले म सरको रूचि जान्न चाहन्छु । अनि उपाय गर्न सजिलो हुन्छ ।'

'जस्तो ? मैले बुझिनँ । खुलेर संझाऊ । स्मरण रहोस्, म शाकाहारी हुँ ।'

उसले ठटेउलो भावले भनी- 'त्यस्ता त झन् थामिनसक्ना हुन्छन् भन्छन् ।' अब हत्केलाले मुख छोपेर ऊ किंचित् हाँसेको अभिनय गरेर अर्कातिर घुमी ।

'मैले तिम्रो भनाइ बुझिनँ । फेरि भन न !'

'सरलाई गर्मी लागेजस्तो छ । म गर्मी निकाल्ने उपाय गर्छु । फेरि निद्रा नपर्ने कुरै छैन । अब सर आफैं भन्नुहोस्- पेय, मालिश र सुवासको सेवन गरेपछि निद्रा नपर्ने र थकाइ नमेटिने होला र ! के चाहिं सेवन गर्ने ?'

लिंगप्रमुखले उत्तर दिन नभ्याउँदै उसले थपी- 'सर, दिव्यपेय छँदै छ । मालिश गर्ने केटी पनि तयार छन् । सुवासका लागि म आफैं श्रीखण्डको सुवासले भरिएर आउनुपर्ला कि !' युवतीले उसको हात समाएर डोऱ्याए झैं गरी र भनी 'के इच्छा छ ?'

'तीनै थोक चाहिन्छ ।'

'तपाईंसँग समय छैन । त्यसैले दुई थोक चाहिं हुन सक्छ- दिव्य पेय र दिव्य मसाज ।'

'सबै कुरा तिमी नै गछ्र्यौ भने हुन्छ त्यसै गरौं । तर यो कुरा अरू कसैले देख्न या थाह पाउन हुँदैन नि !'

'हामी पाहुनाको भावनाको कदर गर्छौं । सरले चिन्ता मान्नु पर्दैन । पाहुनाकै रूचि अनुसार हामी नाच्ने गर्छौं ।' अनि मनमन टिप्पणी गरी- 'यो त इंडियन मानसिकता हो । पर्दाभित्रको चोखो ।'

'ठीक छ' को भावमा उसले मौनता लियो ।

युवतीले उसलाई एउटा विशिष्ट कोटिको बार कक्षमा लिएर गई । बारमा अक्षत सौन्दर्यले अलंकृत देखिने युवतीहरू अतिथिको सेवामा समर्पित रहन तत्पर थिए । किन्तु शर्तअनुसार उसले एक्लै अतिथिसेवामा खटिनुपर्ने हुनाले उसको इशारामा अरू त्यहाँबाट सरे ।

युवतीको आतिथ्यमा उसले मनग्य दिव्य पेय लियो र युवतीलाई पनि पिउन आग्रह गऱ्यो । युवतीले पनि उसको मन राखिदिई । त्यो पेय उसले पनि आजसम्म चाखेकी थिइन । उसका लागि पनि यो अवसर अपूर्व र अविस्मरणीय थियो ।

त्यसपछि युवतीको सहयोगमा ऊ अर्द्धनिद्राको गतिले मसाज कक्षमा पुग्यो । युवतीले इयाल, ढोका, भित्ता र अन्य विशेष ठाउँमा एक पटक आँखा घुमाई र मसाज दिनका लागि ऊ तत्पर भई, किन्तु आशंका, उत्सुकता र कर्तव्य पनि ऊसँगै थिए ।

o o

युवती बेड टी लिएर उपस्थित भई । उसले बेड टी तयार गरेको आभास लिंगप्रमुखलाई हुँदै थियो ।

चियाको कपमा चम्मचको घुमाइको सांगीतिक तथा लयपूर्ण ध्वनिले लिंगद्वीपको प्रमुख उठ्यो र युवतीको हातबाट चियाको कप लियो ।

युवती उभिएकै थिई, लिंगप्रमुखले माथिदेखि तलसम्म र तलदेखि माथिसम्म उसलाई दोहोऱ्याएर हेऱ्यो । उसले सद्यस्नाता युवतीको स्वरूप र प्रकृतिमा उसलाई देख्यो । ऊ आफैं अन्यमनस्क हुन खोज्यो र यत्ति भन्यो- 'तिमी पनि चिया लेऊ ।'

युवती चिया बनाउन थाली । ऊ नववधूको स्वरूप र शीलमा प्रस्तुत देखिन्थी । फेरि सद्यस्नाताको महत्त्व र तत्क्षणको दुर्लभतालाई खेर जान नदिने सोच राखेर लिंगप्रमुखले भन्यो- 'म आज अत्यन्त प्रसन्न छु ।'

युवती प्रश्नभावले भरिएर उभिई । उसका हातमा चियाको कप थियो । उसका कपालबाट पानीका थोपा चुहिन खोज्दै थिए अनि नजिक आउँदा वेलावेला लिंगप्रमुख त्यसबाट अभिषेक पाउँदै थियो । शायद पुरूष मनोदशाको पोषण गर्न युवती जान्दथी । त्यसैले यस्तो शैलीमा ऊ प्रस्तुत थिई ।

हो, साहित्यिकहरूले देखेका भए त्यहाँ होटल परिचारिका वा आतिथ्यका लागि राज्यका तर्फबाट खटिएकी युवतीलाई देख्ने थिएनन्, देख्थे त नवोढा/नववधू र प्रथमरात्रि पछिकी लज्जानम्रमुखी कृशाङ्गी तथा समर्पित सुमुखीलाई नै देख्थे ।

'यहाँ आऊ, आज म तिमीलाई नै मेरो सपना सुनाउँछु ।'

युवती छेउमा पुगी र चियाको कप छेउमा राखेर बसी । बस्ता-बस्तै उसले आफ्नो केशराशि अगाडिबाट पन्साउन पछाडितिर हुत्याई । यसपटकको कपालको अभिषेकले लिंगप्रमुखलाई कुत्कुत्यायो । उसलाई भित्रैदेखि करेन्ट लाग्यो ।

'कस्तो सपना देख्नु भयो ?'

सद्यस्नाता युवतीको रोमांचपूर्ण शरीर र त्यसको सुवासमाथि गम्भीर र रहस्यपूर्ण, तर ललित भाव राखेर भन्यो- 'पहिले यो मुख्य र अन्तिम काम सकिहालौं, अनि स्नान गरेपछि म सपना सुनाउँछु । आऊ ।'

'खै, यहाँ त कुनै काम बाँकी छ जस्तो छैन ।'

'छ, बाँकी छ ।'

युवती उदेक मानेर उभिई ।

'सद्यस्नाता युवतीको उपस्थिति, त्यसको महत्त्व र सम्मान अनि सुवासित शरीरको भाउ बुझाउनु छ । त्यस्तो क्षणको मूल्य तिमीलाई थाहै छैन ।' उसले बुझायो ।

युवतीले अझै बुझिन । त्यसैले ऊ आफैं रहस्यमयी भएर उभिइरही ।

उसले युवतीलाई नववधूकै भावले हेऱ्यो, सद्यस्नाताकै रूपमा पायो र तत्क्षण सुरत क्रीडाको सामयिक चाहनामा उसलाई सरिक गरायो ।

सन्तोष र तृप्तिको उन्मादमा लट्ठिएर अघोरीहरूको शवासनसँगै थकाइ मार्दा कक्षमा बत्ती बले । लिंगप्रमुखले ठान्यो- 'मेरो चेतनाका सहस्र सूर्य उदित भए । म साध्याको संगतले सिद्ध भएँ क्यार ! अब सबैतिर मेरो कुरा माथि हुन्छ ।'

युवतीले गुनी- 'अचानक कसरी बत्ती बल्यो ! तर मलाई त क्यामेराको फ्ल्यास लाइट चलेजस्तो लाग्यो । कहीं कसैले कोठाको फोटो राजनीतिक उपयोगका लागि त लिएन ?'

यसपटक दुवैजना सँगै स्नानकुण्डमा डुबे । युवती मन मलिन पारेर बसी । लिंगप्रमुख आफूलाई सिद्ध भएको ठानेर मनमनै मस्कियो ।

o o

लिंगप्रमुख सपनाबाट ब्युँझ्यो । बितेको क्षणलाई समाउने यत्न गऱ्यो । कहाँबाट सपना शुरू भयो र कति चाहिं भाग यथार्थ थियो भन्ने प्रश्न उसका मनमा जन्म्यो । निकैबेर निधार खुच्याएर गहिरो ढंगले सोच्यो र अनुमान प्रमाणका आधारमा आत्मकथन गऱ्यो- 'आतिथ्य दिने रमणीको आगमन पनि सपना होइन, उसले प्रदान गरेको सेवा र उपचारमूलक उपस्थिति पनि सपना होइन, सद्यस्नाता युवतीको रागिलो अभिनय र संमोहनकारी कटाक्ष पनि सपना थिएन क्यार ! शायद त्यसपछि सपना शुरू भयो ।'

एक पटक कक्षमा सबैतिर दृष्टि घुमायो । त्यो तत्व अर्थात् रमणी तत्वसँग सम्बन्धित कुनै शेष-अवशेषको खोजीमा उसका आँखा घुमे, घुम्दै रहे, कुनै दसी देखा परेन ।

ऊ स्नानागारभित्र पस्यो । 'त्यो रमणी सद्यस्नाता युवतीको प्रकृत स्वरूपमा मेरा अगाडि पुगेकी थिई । उसले स्नान गरेको स्नानकक्ष यही हुनुपर्छ र नारी व्यक्तित्वसँग सम्बन्धित कुनै पनि तत्व यहीं भेटिनुपर्छ । एउटा रौं नै सही ।' ऊ मनमा कुरा खेलाउँदै रहयो ।

फेरि ऊ ओछ्यानमा पुग्यो र सूक्ष्म रूपले निरीक्षण गऱ्यो । रमणीको रौं, शरीरको कुनै पनि रौं यहाँ झरेकै हुनुपर्छ- यदि उसको उपस्थिति सत्य हो भने । कुनै पनि गोहो फेला पर्दैन भने शायद उसको उपस्थिति पनि सत्य होइन । यौवनकेलि पनि सत्य होइन र सुरत क्रीडा पनि सत्य

नहोला ! फेरि सत्य के हो त ? गुन्दै गयो । अलिकति झर्क्यो, अलिकति तात्यो आफैंसँग ।

उसले एक पटक आफैंलाई संझ्यो र रमणी समागमपछि देखिने चिन्हविशेषको खोजीमा उसले आफ्नै शरीरमा आँखा घुमायो । नख-क्षत, दन्त-क्षतका चिन्ह या प्रयासहरू साकार हुनुपर्ने विश्वास गऱ्यो र ऐनामा शरीर घुमाई-घुमाई हेऱ्यो । आत्म-मन्थन र सोचको अन्तिम उँचाइमा पुग्न उसले आफ्नै जननेन्द्रिय निरीक्षण गर्ने झिल्का सोच लियो । र खुई गर्दै थाकेको, हारेको अनुभूतिले थ्याच्च ओछ्यानमा बस्यो जीउ थचारेर । अनि एक पटक लामो खुईऽऽययऽऽ लियो ।

फेरि एक पटक लमतन्न भयो । अनि आँखा बन्द गरेर भन्नै शव-समाधिको स्वरूपमा तनक्क तन्कियो ।

रमणी संदर्भ छल थियो, सपना थियो या यथार्थ थियो ? त्यो दुष्पार संदर्भ देखिएपछि त्यसलाई बिर्सन वा छोप्न उसले सिद्ध-योगीजनको संझना गऱ्यो, किनभने यिनैले उसलाई असजिलो स्थितिबाट मोचन गरेका थिए । ऊ रमणीको मोहपाशबाट मुक्त भएको थियो ।

भन्न सजिलो थिएन ऊ किन थर्थर थियो, किन कम्पित थियो ? रमणीको सम्मोहनकारी बाहुपाशले कसिएर ऊ थर्थर थियो या त्यस अवस्थामा सिद्धयोगीको दृष्टिमा परेर थर्थर थियो । यो थर्थर काम-कम्पन पनि हुन सक्छ र भय-कम्पन पनि । हो, सिद्ध योगीहरूको उपस्थिति सांसारिकजनका लागि ऊर्जामय वा शक्तिमय पनि हुन सक्छ र विप्लवमय या राखमय पनि हुन सक्छ । हो, शक्ति भरिएर पनि कम्पन हुन सक्छ, शक्ति क्षीण भएर पनि कम्पन हुन सक्छ । तर लिंगद्वीपको प्रमुख अहिले साँच्चै कम्पायमान थियो । लाग्थ्यो, सन्तुलनमा पूरै विचलन आउन थालेको हो ।

'वत्स ! तिमी कहाँ छौ, के गर्दै छौ र के गर्नुपर्ने थियो अनि गन्तव्य कता हो ?'

'सगुन पक्षी थियौ तिमी- परेवा । बाज भएर अर्कालाई झम्टन थालेपछि तिम्रो पखेटा पनि काटियो, शिर पनि थिचियो । शिर थिचिएपछि शरीरको शक्ति काम लाग्दैन । यो कुरा सामान्य पशु-प्राणीलाई पनि थाह हुन्छ ।'

'हामीले सावधान गराउन पूर्वसंकेत दिएका थियौं- आफू सुरक्षित रहन चाहनेले अर्कोलाई चलाउनु हुँदैन । यो भाषा बुझ्नेनौ या उपेक्षा गऱ्यौ । हो,

बेलैमा दुष्परिणामको रोकथाम होस् भन्ने हाम्रो कामना थियो । न मदौरूले माड खायो न बिमार बिसेक भयो ।'

जब ऊ साँचो अर्थमा ब्युँझ्यो र सामान्य मनोदशामा आयो, तब त्यहाँ न कुनै युवती थिई, न अवधूत योगी थिए, न त समयको गति नै रोकिएको थियो । फेरि पनि सपनाको यो तह यथार्थको निकट थियो र अत्यन्त मधुर रहेर पनि भय र आशंकाले ऊ घेरिएको थियो ।

लिंगप्रमुखले गुन्यो- 'सपना र त्यसभित्रको रहस्यमय खेलको आयोजनामा के ऊ पात्र बनेर खेलेकै हो ? अनेक पीठिका र संदर्भहरूमा ऊ सामान्य सांसारिक मानवकै तहमा पुगेर नाचेकै हो त ? फेरि नचायो कसले ? र सूत्र कसको ?'

डर र आशंकाको मात्रा बढेको अनुभव हुँदैगयो उसलाई । उसले नकारात्मक भावले सोच्यो- 'नेपालका राजनीतिक प्राणी इंडियाको कारिन्दा भएर इंडियाकै लागि आफ्नो देशमा राजनीति गर्थे, त्यस्तै म पनि अर्काकै हितमा काम गर्ने नेपाली जस्तो त देखिन्न ?' अनि आफैलाई प्रश्न थप्यो- 'मैले बेलायतकी महारानीलाई नवद्वीप दिएर नयाँ राज्यको अनुमोदन गरेकै हो त ? छिमेकी देशलाई उसको भूभाग फिर्ता गर्ने भनेर किन हस्ताक्षर गरें ? नीति हो ? बाध्यता थियो ? के फिर्ता नदिए त्यो भू-भागमा अमेरिकी युद्धक विमान नओर्लने स्थिति बनिरहन्थ्यो त ? शायद मैले ठीक गरें भूमि फिर्ता दिएर । अब शेष रहेको मेरो देश अखण्ड नै रहला कि !'

अनि अर्को पक्षबाट गुन्यो- 'छिमेकी सुमेरूद्वीपको मैले मिचेको भूमि शुरूकै मितिदेखि लीज/करारमा स्वीकार गरेर भोग गर्नुपर्ने थियो कि ? समय-शर्त र भरण-व्यवस्था राखेर, भन् त्यसतर्फ त आँखै खुलेन !'

'अब त मान्ला नि सुमेरूद्वीप । यसो गर्न सकियो भने पच्छिमाहरू शायद यहाँ नपस्लान् । किन्तु सुमेरूद्वीपसँग मधुर सम्बन्ध नराखे, मैले उसलाई नछोड्नुको सट्टा उसले नै मलाई तर्साएर घुँडा टेकाउन बेर छैन । आखिर अन्तर्राष्ट्रिय राजनीतिक संगठनको नामावलिमा ऊभन्दा म कनिष्ठ नै हुँ । भाइ भुङ्ग्रे भए पनि लुरे दाजुको अस्तित्व स्वीकार नगर्न सकिन्न कि ?'

अनि सिंहद्वीप आफ्नो भू-भागबाट काटिएर संयुक्त राष्ट्रसंघको अधीनमा वा भोगमा पुगेको ठानेर लिंगप्रमुखले मनमनै भन्यो- 'ठिकै भो, सधैंको द्वन्द्व, सधैंको अशान्ति र विग्रह टुंगियो । गणित मिलाउने गुरूभेटी पनि भर्नु नपर्ने भो । छिमेकीसँगको कटुता पनि भेटिने भो । मेरो मात्र भूमि त गएन, अरूको

पनि गयो । किन्तु मेरै कुलवंशबाट भोग्न नसकिने त्यो भूभाग (श्रवणद्वीप) हाम्रै देश थिएन काटिएर गयो ।' उसले आफैंलाई संझाउने यत्न गऱ्यो ।

वास्तविक सत्य यति मात्र हो- सिंहद्वीप शिर थियो । शिर कुल्चिनु भनेको अस्तित्व समाप्त हुनु हो । नवद्वीप दरो पाखुरा थियो- त्यो पनि काटियो । सुमेरूद्वीपले फिर्ता लगेको धर्ती उदर भाग हो, त्यो पनि रहेन । अब तंग्रिन समय लाग्ला । शायद हठ, अभिमान र परपीडनको प्रतिफल हो यो । जहाँसम्म यसको गणितले भन्छ- यी तीनै ठाउँका घटनाहरूको श्रृंखला र त्यसको चुरो सुमेरू नै हो । सुमेरूमाथि लिंगद्वीपले गरेको अमानवीय दमन, उपेक्षा र हस्तक्षेपकै कारण आज लिंगद्वीप यसरी विकलांग हुनपुगेको हो भन्ने जोड हात लाग्छ ।

❖❖

२५

किचुगुम्बाबाट महारानीको सवारी चल्यो ।

किचुगुम्बालाई आफ्नो तर्फबाट उच्च मनोतीर्थ, पवित्र गुरूधाम तथा मुख्य चिकित्सा केन्द्र र आरोग्य भूमिको सम्मान दिएर ब्रिटेनकी महारानी विदा भइन् ।

उनको यात्रा समयमा भिक्षु र लामाहरूले मंगलवाणी उच्चारण गरे । शान्तिको कामना गरे । मनोरथ पूरा होस् भन्ने प्रार्थनामा जुटे ।

स्थानीयजन यसलाई 'सिद्धपीठ' मान्थे । बुद्धमार्गीहरू जीवनकालमा एकपटक जसरी भए पनि यस पीठमा पुग्न चाहन्छन् भन्ने लोकविश्वास थियो । त्यसैले पनि किचुगुम्बाको महिमा टाढाटाढासम्म गाइन्थ्यो ।

गुम्बाको तल्लो आँगनबाट महारानीका चारवटा हेलिकोप्टर उडे । हेलिकोप्टरको तल्लो भागमा ब्रिटेनका झन्डा फर्कराए । दर्शकका आँखा त्यो दृश्य हेर्दैरहे ।

यी चारवटा हेलिकोप्टर बादल र डाँडाको ओझेलमा पर्नासाथ यताबाट फेरि अरू थप आठवटा हेलिकोप्टर उडे र तिनको अनुगमन गरे । लाग्थ्यो, अगाडि गएकालाई यिनले पछ्याएका हुन् । यथार्थ झन्नै त्यस्तै थियो ।

'ती चारवटा कता गए र यी आठवटा कता पुग्न उडेका हुन् ? लामा नै जान्लान्, अरू कोही जान्दैन ।' जनभावना यसै भन्थ्यो ।

यताबाट जति हेलिकोप्टर उड्थे ती ब्रिटिश झंडा नै फहराउँथे ।

दुवै पटकका उडान र दृश्यहरू सार्वजनिक रूपबाट बोधगम्य भएर पनि रहस्यमय प्रश्न जन्माउने खालका थिए किनभने त्यस्तो घटना र दृश्य यसअघि यहाँ देखिएको थिएन । जन समुदाय र भिक्षुगणमा यस्तै मन्थन चल्यो ।

किन्तु लामा अल्मलिएका थिएनन् । यही कुरा सत्य थियो । उनी सबै कुरा स्पष्ट देख्थे । उनका लागि कुनै कुरा अगोचर थिएन, अर्थात् सबैतिर सबैवेला उनको दृष्टि पुग्थ्यो । यस कुराले लोकविश्वास जितेको थियो र यसैलाई सत्य र यथार्थ मानिन्थ्यो ।

हो पनि, जहाँ सांसारिक मानवको दृष्टि र चेतना टुंगिन्थ्यो त्यसपछि, त्यहींबाट लामा, सिद्ध-ज्ञानीहरूको दृष्टि शुरू हुन्थ्यो । नभन्दै दुवै उडानका हेलिकोप्टरहरू डाँडा र बादलमा छोपिएपछि सांसारिक जनका दृष्टि फर्किए तर लामाको अन्तर्दृष्टि सूक्ष्म, गम्भीर तथा व्यापक र आलोकमय ढंगले घटना र दृश्यमाथि केन्द्रित हुँदैरह्यो- हो न हो, संजयको दृष्टि लामालाई प्राप्त भएको हो ।

लामा शुभदर्शन अस्थिर देखिए । यो कुरा उनका निकटवर्ती अरू लामाहरूले थाह पाउँदै गए । उनको अस्थिरता लामा-समूहभित्र प्रश्न र रहस्यको विषय बन्दै गयो । बालभिक्षुको दृष्टि पनि शुभदर्शनको विग्रहमाथि केन्द्रित हुँदै गयो । किन्तु उनका आँखा र मनको चंचलता र आतुरीलाई कसैले बुझ्न सकेका थिएनन् भन्ने होइन ।

अलि परबाट उनका गुरूभाइ लामा सर्वदर्शन यस अवस्थाको अध्ययन गर्दै थिए । स्थितिको मनन गरेर उनी शुभदर्शन भएतिर लम्के । उनी जान्दथे, अहिले शुभदर्शनलाई सान्निध्य र संवादले यस छटपटीबाट निकास दिन्छ । उनी राहत पाउने छन् ।

लामा सर्वदर्शन प्रसन्न मुद्रामा थिए । लाग्थ्यो, उनी भएका ठाउँमा प्रकाशको खाँचो पर्दैन । उनको व्यक्तित्वसँग परिचित व्यक्तिहरूको मूल्यांकन यस्तै-यस्तै हुन्थ्यो । उनी शुभदर्शनका छेउमा पुगे ।

सर्वदर्शन शान्त, शीतल र परितुष्ट नै देखिन्थे । उनको छविमा अलिकति पनि न्यूनता नआएको देखेर किञ्चित् असन्तुष्टि साथ शुभदर्शनले भने- 'सर्व, महारानीको यात्रामा व्यवधान देखिन्छ, उनी आफ्नो लक्ष्यमा प्रुग्न सक्तिनन् कि ! त्यसैले...'

'उनी आज आफ्नो लक्ष्यमा प्रुग्न सक्तिनन्, र जहाँ प्रुग्नुपर्ने हो त्यहाँ पुग्छिन् । र, पऱ्यो भने विशेष व्यवस्था र सुरक्षाका निमित्त सम्बन्धित निकायसँग वार्ता हुनेछ ।' अनि शुभदर्शनप्रति लक्ष्य गरेर थपे- 'तपाईं आफ्नो छटपटी र पीडा मलाई दिनुहोस् अनि हामीप्रति कल्याणभावको सिंचन दिँदै रहनुहोस् ।'

केही बुझेको केही नबुझेको शैलीमा लामा शुभदर्शन उभिए र प्रश्नभावले सर्वदर्शनलाई हेरे ।

सर्वदर्शनले भने- 'महारानी जुन आत्मदाह लिएर हिँडेकी थिइन्, त्यसको उपचार त भयो । अब उनी मानसिक रूपबाट सर्वथा स्वस्थ भएकी छन् ।' एकछिन रोकिएर फेरि थपे- 'जुन संकल्प लिएर हिँडेकी छन्, त्यसैका लागि

उनको यात्रा छोटिँदै छ । शायद उनी पनि जान्दिनन्, निकट समयमा के हुन्छ ।'

लामा सर्वदर्शनका कुरा सुन्न सबै उत्सुक हुँदै गए । उनले टाढा आँखा पुऱ्याए । आँखैले गणित गरे, आँखैले समय तौले । उनका आँखालाई पछ्याउँदै त्यहाँ भएका अरूले पनि त्यतै हेरे । देखे :

एकै उडानमा
एकै समूहमा
निश्चित दूरी र क्षणमा
यसरी उडे हवाइ यानहरू
मानौं ब्रह्मपुत्रको मैदान ताकेर उडेका हुन्
मानसरोवरका राजहंसहरू
लक्ष्यभेदी संकल्प लिएर !

सर्वदर्शनले मनमन भने- 'नयाँ बस्ती विकास गर्ने संकल्पले डोरिएको होस् महारानीको यो यात्रा अभियान । शुभकामना छ हाम्रो, हामी सबैको ।'

महारानीको सवारी चल्दैरहेयो, दक्षिण-पश्चिमको लक्ष्य राखेर !

मूर्त-अमूर्त तत्वहरूका बीच संघर्ष शुरू भयो- आकाशमा । कालिदासले बादलको प्रशस्ति गाउँदै लेखे- 'धूमज्योतिःसलिलमरूतां सन्निपातः क्व मेघः, तर आकाशको प्रांगणमा बादलको पर्दाभित्र यी चारै तत्वले संग्राम मचाए । आकाश मार्ग अवरूद्ध भयो ।

महारानी चढेको हेलिकोप्टर अलमलमा पऱ्यो । यो चमत्कारपूर्ण प्राकृतिक मुद्रा भयावह भएर आयो । उडान मार्गमा गतिरोध उत्पन्न भएको संकेत चालकले बुझ्यो । फेरि मडारिएको कालो बादलभित्र बटारिएको खजुरोको आकारमा बिजुलीका कोर्रा चम्कन थाले । वज्रपातको संकेतले कान डराउन थाले । बादलको गर्जना यति भयावह भएर आयो कि महारानीको अनुहार विवर्ण देखियो । उनी कहालिएकी हुन् भन्ने अनुमान गर्न सकिन्थ्यो ।

लामाले उसैवेला यो संभावना देखिसकेका थिए- शायद । त्यसैले होला, महारानीको सुरक्षाका निमित्त सतर्कता लिँदै थप त्यतिका हेलिकोप्टरको उडान आवश्यक ठाने । हो पनि, संसारले मानेकी महारानीको सुरक्षा पहिलो र निर्विकल्प कर्म थियो ।

महारानी अब अधीर देखिन्छिन् । जति उडानमार्गको सम्मुख देखिने बादलको नजिक हेलिकोप्टर पुग्थ्यो, उति उनी विचलित, कातर देखिँदै गइन् ।

यस कुराको छनक महारानीकी परिचारिकाले बुझी र आँखाकै भावमा उसले अर्की परिचारिकालाई संकेत गरी ।

हेलिकोप्टर मडारिदै गरेको कालो अथाह दुष्पार बादलभित्र पस्यो ।

'माटो टेक्न चाहन्छु म । चाँडै धरतीमा ओराल ।' चिन्ता र भयको भाव मिसाएर महारानीले भनिन् ।

'क्याप्टेन, हेलिकोप्टर तुरुन्तै ओराल्नुहोस्, जहाँ सुविधा पर्छ । महारानीको यही इच्छा छ । उहाँ चाँडै धरती टेक्न चाहनुहुन्छ ।' परिचारिकाले महारानीको स्वास्थ्यलाई ध्यानमा राखेर भनी ।

टावरसँगको संपर्क विच्छेद भइसकेको थियो, फेरि पनि क्याप्टेनले बारम्बार भूद्वीप, सुमेरूद्वीप र लिंगद्वीपमा संपर्क गर्न खोज्यो, सफल भएन । महारानीको इच्छा र आदेशलाई उसले उडानको हितमा ठान्यो ।

इमर्जेन्सी लाइट बालेर क्याप्टेनले हेलिकोप्टर बिस्तारै बिस्तारै बादलको गर्भबाट तल-तल ल्यायो र सन्तुलन कायम गरेर धरतीमा अवतरण गरायो- नदी किनार परेछ ।

ल्हात्सू नदीको हरियो घाँसे मैदान यो, ल्हात्सूको पूर्वी तट-फाँट, जहाँ महारानीको हेलिकोप्टर बस्यो । सबै आश्वस्त देखिए किनभने सुरक्षित रहे, यद्यपि प्रकृति प्रसन्न थिएन ।

अनुसरण गरेर आइरहेका चारवटा हेलिकोप्टर जो ब्रिटिश झण्डा फहराउँथे, ती पनि महारानीको हेलिकोप्टरलाई केन्द्रमा पारेर चारै दिशामा बसे । आफ्नो देशको झण्डा फहराउने हेलिकोप्टर देखेर महारानीको टोली आश्वस्त भयो ।

हेलिकोप्टरबाट नग्न-मुण्ड भिक्षुहरू निस्किए । ती जवान र बलिष्ठ देखिन्थे । उनीहरूले महारानीको टोलीलाई सुरक्षा प्रदान गर्ने वचन दिए र किचुगुम्बाका लामाको निर्देशनमा नै उनीहरू त्यहाँ उपस्थित भएको जानकारी गराए ।

महारानी र उनको टोली निर्भय देखियो ।

ल्हात्सूको पारि जंगल, वारि रहरलाग्दो फाँट । अलिक पर पुरानो कुनै कुटी-छाप्रो जस्तो भान हुने घर । पछि थाह भो, त्यो कुनै पुरानो बुद्धधाम रहेछ । तिब्बती लिपिले पुष्ट गर्थ्यो ।

ल्हात्सूको घाँसे मैदानमा, त्यही पुरानो घरतर्फ अरू आठवटा हेलिकोप्टर ओर्लिए । आगमनको शैली र अनुशासित अवतरणले सैनिक संस्कृतिको झझल्को दिन्थ्यो । ती आठ हेलिकोप्टरबाट आएका भिक्षुहरूले पनि उनै

लामाको निर्देशनमा यहाँ आएको जानकारी महारानीलाई दिएर अझ ढुक्क भएर रहने परिवेश निर्माण गरे ।

एक जना अलिक परिपक्व लामा अघि सरे र महारानीलाई अभिवादन गरेर भने- 'महारानीको सपना अब सपना नै भएर रहने छैन, त्यो बिपनामा परिणत हुनेछ । म यही सत्य देख्दै छु । शुभकामना छ ।'

जीवन त सुरक्षित भयो, किंचित् शंका रहेन । भिक्षुहरूको सुरक्षा घेराभित्रको पालको जीवन निर्भय रहेरै बाँच्तथ्यो, किन्तु प्रकृतिको विकराल रूपमा अझै परिवर्तन आउने लक्षण थिएन ।

केही हेलिकोप्टर उड्दै गए र केही ओर्लदै रहे । प्रकृतिको विप्लवी मुद्राबीच पनि सुरक्षा व्यवस्था सबल बनाउने सोचमा न्यूनता आएन, फलतः ल्हात्सू नदीको पश्चिम किनार भिक्षुबलले भरियो- उत्तर दक्षिण । र पूर्वी किनारको विशाल मैदान जहाँ महारानीको अस्थायी शिविर उभियो, त्यसलाई पनि भिक्षुबलका दुई घेराले सुरक्षा दिए ।

प्रकृतिको भयावह मुद्रा अझ बढेर गयो । अविरल वर्षा र भयावह ढंगको भूक्षय, फेरि सप्त महावायुको एक एकाइको पनि एकांशको त्राटनपूर्ण अवतरणले नवद्वीपको सीमा-क्षेत्रलाई झन् आकुल बनाउँदै लाग्यो । जनजीवनको हृदय विदारक क्रन्दनले ल्हात्सू क्षेत्र झन् विरक्तलाग्दो हुँदै गयो ।...

विकराल प्राकृतिक प्रकोपको यस पृष्ठभूमिमा नग्न-मुण्ड लामा-भिक्षुहरूको उपस्थिति, नवद्वीपको त्यो सीमान्त क्षेत्रमा अर्थात् ल्हात्सू नदीको मैदानमा, केवल महारानीको शान्ति कामना र अभयसंचारका लागि थियो ! स्वास्थ्यलाभ र दीर्घजीवनको सदाशयका लागि थियो । अनि जीर्ण-जीर्ण अवस्थामा रहेको निर्जनप्राय देखिने बौद्धधामलाई पुनर्जीवन दिएर आगामी बुद्ध पूर्णिमामा नवद्वीपको यसै सीमान्त क्षेत्रमा बौद्ध सम्मेलन गराउन एउटा स्थिति बाँध्नु थियो । यतिसम्म त प्रकट हो, पारदर्शी हो ।

किन्तु प्रच्छन्न कुरा अर्को पनि थियो । शिविरका रिक्रुट भिक्षुलाई कर्म-क्षेत्रमा सक्रिय गराउने मुहूर्तको जुन प्रतीक्षा थियो त्यो निकट आएझैं थियो । फेरि पनि यही अँध्यारो, यही धुम्मे दिन, यही झंझावात र यही प्रलयंकर प्राकृतिक प्रकोप अर्थात् वर्षा, आँधी र भू-स्वखलनभित्रै धेरै कुरा व्यवस्थित गर्नु थियो । महारानीको स्वप्न-चिन्तन, भिक्षुको भविष्य दर्शन, केकाको योजना र त्यसमा क्लिन्टनको छहारी त पृष्ठभूमिमा थिए नै, मैना संवाद र तिनका ऊर्जामय वेदवचन पनि कूटचर्याका लागि पोषक थिए ।

अर्थात् ? अगोचर यथार्थ अर्कै थियो- रक्तपात विहीन, शुद्ध र सन्तुलित विजय । भनौ, आफ्ना गोर्खा सैनिकको लागि नयाँ भू-खण्डको व्यवस्था र सुरक्षा ।

o o

मैनाहरूमा संवाद चल्यो :

'थाह पायौ इन्द्रावती, प्रकृतिको त्यस्तो विकराल-विप्लवकारी मुद्राबीच महारानी सुरक्षित छन् । ईश्वरलाई धन्यवाद !' पद्मावतीले अन्तर्दृष्टि खोलेर भन्यो ।

'हो, एउटा मुलुकै ओर्लेर महारानीका सुरक्षामा खटेको छ । यो पनि आश्चर्य लाग्ने कुरा हो ।' इन्द्रावती उसैगरी बोल्यो ।

'अब स्थिति शान्त छ । किनकि यो खण्ड-वृष्टि जस्तो थियो । शान्त भो । संचार संजालमा व्यवधान आएको थियो, त्यो पनि हट्यो । पहिले जस्तै स्थिति सामान्य भएको छ अहिले ।'

'त्यसैले त ब्रिटिश सेनालाई त्यहाँ अवतरण गर्न सजिलो भयो नि ! महारानी अहिले ब्रिटिश सेनाको सुरक्षामा छन् ।'

'एउटा आश्चर्यलाग्दो कुरा भनौ ? महारानीको इच्छाशक्तिलाई उनको वार्द्धक्यले पनि बराबर साथ दिएको छ । गजब हैन ?'

'गजब त यो पनि हो- महारानीको सपनाले पनि अब साकार रूप लिने मुहूर्त आएजस्तै छ ।'

'फेरि त्यत्रो भिक्षुसेनाको तयारी !'

'हो, यो अलिक अर्कै शैलीको तयारी हो, छद्म कृतज्ञता ज्ञापन गर्नुपर्छ- ब्रिटिश सरकारले, ड्राद्वीपले र किचुगुम्बाले पनि लिंगशासित नवद्वीपलाई ।'

'अथाह भिक्षुसेनाको उपस्थिति देख्ता त यस्तो लाग्छ, पूरा नवद्वीप नै भिक्षुसेनाको हो ।'

'संझौं, महारानीकै खातिर भिक्षुसेनाको व्यवस्था जुटेको हो; र यसमा पनि, ईश्वर छ भने उसलाई धन्यवाद पुगोस् ।'

'अर्थात् ?'

'इतिहासका पृष्ठको संझना गराऊँ तिमीलाई । पहिलेकै कुरा हो, चीन र इंडियाको सीमा युद्धमा चीनले गोर्खा रेजिमेन्टका नेपालीहरूलाई समायो र निकै पछि नेपालतर्फ लागेर छोडिदियो । इंडियाले ताजूब मानेको थियो । नेपालले चीनप्रति आभार जनायो ।'

'हो, मैले संझें ।'

'यी भिक्षु चाहिं सेना होइनन्, यथार्थमा भिक्षु नै हुन् किन्तु तालिम प्राप्त भिक्षु । आवश्यकता परे सैन्यबलमा परिणत हुन सक्छन् । परिवेश वा स्थितिमा निर्भर रहन्छ ।'

'यिनको संगठन ?'

'अँ, प्रसंग अन्त गएछ, संझें । लिंगद्वीपले सांस्कृतिक आक्रमण गरेपछि जनजाति खालका देखिने मानव बस्तीमा नाकाबन्दी लगायो र त्यहाँ विशाल अभाव-अकाल फैलियो । गाँस, वास, वस्त्रका लागि मान्छे ज्यान फालेर ड्राद्वीपभित्र पसे, जोगिएर । यसरी उताबाट आउनेहरूलाई स्वागत गरेर ड्राद्वीपले भिक्षु सेना तयार पाऱ्यो - शिविरमा राखेर । अहिले तिनै पुगेका हुन्- महारानीको सुरक्षामा । र यी बहुभाषी जवान हुन् । धेरै कुरा सरल छ र सफल हुँदै छ ।'

'अनि ब्रिटिश गोर्खा सेना !'

'आफ्नी महारानीको सुरक्षामा यताबाट खटिएर गएको ब्रिटिश गोर्खा सेना पहिलो दुई घेरामा छ । यो भित्री घेरा हो । त्यसपछि भिक्षु सेनाको घेरा छ । दुवैका कमाण्डरको मिलोमतोमा त्यहाँको व्यवस्था परिचालन हुन्छ क्यार !'

'हो, भिक्षु सेना नै महारानीको मुकामको बाहिरी किल्ला भएर उभिएको छ । त्यसभित्र ब्रिटिश गोर्खा सेना छ । सबै कुरा हुने भो, अब चिन्ताको विषय नहोला ।'

o o

समाजले भने प्राकृतिक प्रकोप र त्यससँग उनिएर आएका घटनाक्रमलाई आफ्नै ढंगले पढ्यो । कुनै साधित शक्तिले प्रकृति तत्वमाथि नियन्त्रण गरेर आफ्नो लक्ष्य अनुकूल प्रयोग गरेको थियो कि ! हुन पनि सक्छ, प्रकृतिको पीडालाई त्राटन, वशीकरण पद्धतिद्वारा उद्देश्य परिपूर्तिको लागि परिचालित गरेको होस्, जसरी नदीको प्रवाहशील शक्तिलाई कृषकले आफ्नो सुविधाअनुसार कृषिबालीमा उपयोग गर्छ ।

संदर्भको विपठन चल्दै गयो- कतिपय लामा वा सिद्धाचार्यहरू शक्ति संप्रेषण गरेर यस्ता अनौठा, अद्भुत र अपत्यारिला काम निष्पन्न गर्न सक्छन् । फेरि यस्ता किंवदन्तीहरू स्थानीय मिथकका अंश भएर पनि चमत्कारपूर्ण कुरा भइदिन्छन् अनि बिस्तारै जनसंवादबाट फैलँदै र किनारा लाग्दै जान्छन् ।

'हो, तारा खसेजस्तै आकाशबाट एउटा चम्किलो विद्युत भऱ्याङ खस्यो- उत्तरदेखि दक्षिणसम्म । फेरि त्यस्तै गरी पूर्वदेखि पश्चिमसम्म उस्तै भऱ्याङ

ओछ्याएको देखियो । हैन कसरी भनूँ । नभेटे पनि र थाह नपाए पनि आकाशबाट तारा त खसेकै हुन्छन् नि !' यस्तो भन्ने र सुन्ने क्रम चलिरह्यो ।

'हो, लामाहरू यस्ता काम गर्न सक्छन् रे तन्त्र-मन्त्र गरेर भन्ने कुरा त मैले पनि सुनेको थिएँ- केटाकेटी हुँदा ।'

एकातिर झर्न आँटेको असिना लामा पढेर आफ्नो आँगनमा भकारी थाप्छन् अनि त्यसैमा झार्छन् भन्ने कुरा त पक्का हो रे, मैले पनि सुनेको हुँ ।'

'बिजुली भऱ्याङ त खसेकै हो, मलाई जंगलको लामाले भनेको ।'

'मलाई पनि लामाले नै भनेको हो- त्यो छुन, काट्न, सार्न र बाल्न हुँदैन रे । घात गर्छ रे । त्यसमा लेखेकै छ रे नबुझिने अक्षरमा ।'

'त्यसो भए त्यो जादू वा चमत्कार होइन, यथार्थ हो, हैन त ?'

'बिल्कुल यथार्थ ! त्यतिका हेलिकोप्टर र वायुयान उडे, यो आकाशमा के असंभव छ र !'

'हो, हुन पनि सक्छ, त्यो प्राकृतिक प्रकोप पनि लामाकै शक्तिद्वारा प्रायोजित होस् ।'

'विज्ञानको युग हो, जे पनि हुन सक्छ, जहाँ पनि र जहिले पनि घटित गराउन सकिन्छ नि घटनाहरू !'

'विचार गरौं न, यही घाटीमा बादल उठ्यो, गड्याङगुडुङ भो, बिजुली नाच्यो, धरती थर्कायो फेरि विकराल वर्षा र आँधी, डरलाग्दो बाढी र पैरो । परिणाम हवाइमार्ग पनि रोकियो र स्थलमार्ग पनि बन्द भो । हैन र ?'

'म पनि भनौं है, उत्तर-पूर्वबाट आउने हेलिकोप्टर आउँदै, बस्तै र उड्दै गए । हवाइजहाज पनि आउँदै गए र मान्छे झार्दै गए । कतै बाधा परेन । बाधा थियो- नवद्वीपको सीमा क्षेत्रको आकाशमा मात्र ! त्यो पनि पश्चिमतर्फ ।'

'हो, अजंगको बादलले त्यही विकराल रूप लिएर घाटीमा नै रोक्यो । चमत्कार होइन ?'

'हो, न पहिले यस्तो भएको थियो, न सुनेको । गजबै भो ।'

'मलाई त लाग्छ, अध्यात्म शक्ति र वैज्ञानिक शक्तिको मिलित उपद्रव हो यो ।'

'प्रकृतिले स्वयं विकराल मुद्रा देखाउँछ- वेलावेला र सिद्धमार्गी समर्थक वा साधकहरू त्यसमा अझै आफ्नो शक्तिको संयोजन गरेर निश्चित कार्य सिद्ध गर्न प्रतिबद्ध हुन्छन् । हामी जस्ता सांसारिक जीव त्यस्ता कुरा बुझ्न सक्तैनौं ।'

'तर मलाई आश्चर्य लागेको कुरा अर्कै छ ।'

'कस्तो कुरा ?'

'जति पनि उडानहरू आए, उत्तर-पूर्वको सीमा पारिबाटै आए र त्यतै फर्किए । के पश्चिमबाट आउने उडान त्यता पुगेर फर्किएका हुन् ? अर्को, जति पनि यान आए, तिनमा कि ब्रिटिश झण्डा कि लिंगद्वीपको झण्डा नै देखियो । प्रश्न छ- के लिंगद्वीपको चौरंगी झण्डा सीमापारिलाई पनि उपयोग गर्न दिएका हुन् ? यदि यसो हो भने अब यो पनि पक्का हुने भो- हामीले लिंगद्वीपको शासन सत्ता वा नियन्त्रणबाट मुक्ति पाउने छौं । लक्षण राम्रै हो । नवद्वीप मुक्त हुने भो लिंगद्वीपबाट ।'

'हो नि, सीमापारिबाट आउने जहाज हाम्रा थिएनन् भने सीमा रक्षाबल बीएसएफले किन झारेन ? अर्थात् अब लिंगद्वीपको शक्ति कमजोर भो, कुरा यो हो ।'

'म पनि भनौं है...'

भिक्षुहरूको हूल आयो । वक्ताहरूको टोली सतर्क भयो । ध्यान सबैको त्यतैतिर गयो ।

❖❖

२६

चराहरूमा संवाद चल्यो ।

'पद्मावती, महारानीलाई हिउँदे मुकाम बनाएर उतै रोकेछन् नि ! थाह पायौ ?'

'महारानी यस्ता कुरामा निष्पृह छन् । उनी अर्काको योजनाभित्र परेकी त नहोलिन् । उनी विधि र निषेधलाई महत्त्व दिने हुन् ।'

'महारानी त्यसरी त्यहाँ पुग्नु र त्यसरी बस्न थाल्नुको कारण स्वप्न-बन्धन थिएन र ?'

'ए अँ, होला, हुन सक्छ । प्रसंग त मैले बिर्सेछु ।'

'जे भए पनि यात्रा त राजनीतिमूलक नै हो नि, चाहे त्यो अनौपचारिक होस्, चिकित्सामूलक होस् या प्रदर्शनकारी भक्तिपथ नै किन नहोस् ।'

'सत्य हो, त्यसैले त लिंगद्वीपको मुखिया महारानीलाई भेट्न पुग्यो नि !'

'जब लिंगद्वीपको मुखिया त्यहाँ पुग्यो, त्यस वेला महारानी भिक्षुहरूबीच बसेर सिद्ध उपासनामा एकाग्र थिइन् । पर्ख्यो, भेटको औपचारिकता पुऱ्यायो र फर्क्यो ।'

'उसले संझ्यो होला, महारानी स्वास्थ्यलाभका लागि त्यहाँ पुगेकी हुन् । शिकार खेल्न भनौ भने आयुको आलोचना गरिएको ठहर्ला । बरा, के सोचोस् योभन्दा बढी ?'

'हो, प्राकृतिक प्रकोपले विद्रूप भएको धरती देखेर दुःखी भयो होला बिचरा लिंगप्रमुख ।'

'आयो, भेट्यो, गयो । विधि पूरा भयो । यो राम्रो भो । आखिर लिंगद्वीपले पनि मानेकी महारानी हुन् नि ! नजान, नभेट्न र थाह नपाएजस्तो गर्न मिल्थ्यो र !'

'हो नि !'

'अब त बाटो सोझिए जस्तो छ ।'

० ०

ल्हात्सू नदीको तटवर्ती क्षेत्र जहाँ महारानीको मुकाम जम्यो, त्यहाँ उनले आरोग्य अनुभव गरिन् । आफूले अमरता पाएको बोध लिइन् । लामाले आफ्नो शिरमा हत्केलाले स्पर्श गरेर सत्य, करूणा, अहिसाको उच्चभाव आफूमा सम्प्रेषण गरेको आभास पाइन् । अनि लामाले भनेको एउटै वाक्यमाथि केन्द्रित रहेर गुनिन्-

'राजकुलका लागि अपरिग्रह विधानसंमत वा युक्तिसंगत मानिदैन । सिंहिनी अर्को प्राणीको शिकार गरेर आफ्ना बालक सन्तानको भरण-पोषण गर्छे । महारानीका लागि अन्य द्वार बन्द भएका खण्डमा यो आकस्मिक द्वार खोलिन सक्छ ।'

अब महारानीको अन्तरंगमा अपूर्व सुख र आनन्दको लहर दौड्यो । राग र कामनाबाट मुक्त भएर उनी ध्यानमग्न हुँदै गइन् । प्रतिदिन विपश्यनाको समयावधि लम्बिंदै गयो । तापस-वृद्धाको भावमुद्रामा उनी साकार हुँदै रहिन् । उनको छेउमा पुग्ने र संवाद गर्ने समय जुराउन मुश्किल हुँदै गयो ।

सुरक्षा निकाय के गर्ने के नगर्ने भनेर छटपटीमा पुग्यो । किन्तु भिक्षुवृन्दमा कुनै छटपटी र कुनै द्विविधा थिएन ।

महारानीलाई पालभित्र राखिराख्नु शोभनीय थिएन । त्यसैले होला, ल्हात्सू नदीको पूर्वी तटमा जहाँ महारानीको हेलिकोप्टर ओर्लिएको थियो, त्यही शीघ्रताले पगोडा शैलीको एउटा घर तयार पारेर महारानीको बसाइलाई व्यवस्थित बनाइयो । घर काष्ठकलाको सुन्दर नमूना बन्यो, जो बाह्य स्वरूपले पेगोडा लागे पनि भित्री भाग ब्रिटिश मुद्राले साकार हुन्थ्यो ।

ल्हात्सू नदीको छेउमा जुन जीर्ण बुद्धस्थल थियो त्यसको जीर्णोद्धार भयो । त्यहाँ बडो भव्य विहार निर्माण भयो । फेरि बुद्धपूर्णिमाको संदर्भ पारेर त्यहाँ पहिलो पटक शताब्दी मेला लाग्ने भो । किचुगुम्बाका लामा जे देख्थे, जस्तो कल्पना गर्थे त्यो घटित हुने लक्षण देखिंदै थियो ।

महारानी त्यसै पनि बुद्धदर्शनप्रति झन्झन् श्रद्धानत हुँदै थिइन् । उनको सदिच्छा र आस्थाका कारण त्यो जीर्ण बुद्धस्थलको काँचुली फेरिएको थियो । पेगोडा शैलीमा पुनर्निर्मित त्यो गुम्बा अत्याधुनिक प्रविधिमा खडा गरिए तापनि त्यसले ऐतिहासिक गरिमाको छाया झल्काउँथ्यो ।

हुँदाहुँदा पार्किङ, शपिङ, यात्री निवास, सुरक्षा निकाय, चिकित्सा केन्द्र बैंक, हुलाकका साथै धार्मिक स्थलमा चाहिने अधिकतम सुविधाहरूलाई संयोजन गरिएको थियो । स्थानीय जन पनि प्रशस्त लाभ लिन सक्थे ।

बुद्ध पूर्णिमालाई केन्द्रमा पारेर सात दिन पहिले र सात दिन पछिसम्म लाग्ने मेलामा देश विदेशबाट समेत भिक्षु र लामाहरूको आगमनको घोषणासँगै भक्तजनको चाप बढ्दै गयो । बजार व्यवस्था वर्गीकृत ढंगले विस्तार गर्ने कार्य हुँदै रह्यो ।

सीमा पारिबाट असंख्य बुद्ध प्रतिमा, सज्जा-सामग्री, खाद्य वस्तुका प्याकेटहरू भित्रिंदै गए । कार, जीप, बस, टेलर र ट्रयाक्टरमा पनि आए ।

यस्तो लाग्थ्यो, मानौं बर्लिनको पर्खाल पन्सिएपछि चहलपहल चलेको हो, हो न हो शिखहरूका लागि पाकिस्तानको गुरूद्वारा खुलेको हो । यस्तै यस्तै थियो ।

महारानीको नयाँ दरबार क्षेत्र पनि भएको हुँदा, बुद्धमेलाको आयोजनाको अवसरमा, त्यहाँ हजारौं हजार नग्नमुण्ड बौद्धभिक्षुले सुरक्षाबलको चरित्र र संकल्प बोकेर प्रवेश गरे । फेरि स्वयम् लेखक र भक्त-अनुयायीका रूपमा पनि तिनै भरिए । यतिसम्म भयो कि ग्रामीण क्षेत्रसम्म भोजन पुऱ्याउने र आवश्यकता अनुसार त्यहीं खाना तयार गरेर वितरण गर्ने कार्यले पनि विस्तार लियो । वस्तुतः महारानीको उपस्थिति, भिक्षुजनको सेवाभाव र सहयोगलाई स्थानीय जनले अत्यन्त रूचाए, त्यतिकै सम्मान र आस्थाले हेरे ।

मेलाको अवधि बढ्दै गयो । बजार फैलँदै गयो । व्यापार र प्रदर्शनको गतिले लोकप्रियता लिंदै गयो । अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्यटकहरू आउने क्रम रोकिएन ।

महारानीको जन्मदिन पनि आयो । जन्मदिन बडो भव्यताले सम्पन्न गर्ने निर्णय भयो ।

लिंगद्वीपको मुखियालाई महारानीको जन्मदिनको अवसरमा उपस्थित हुन निमन्त्रणा गयो । तोकिएको मिति र समयमा ऊ उपस्थित भयो र महारानीलाई भेटेर आरोग्य र दीर्घजीवनको कामना अर्पण गऱ्यो ।

महारानीको इच्छा र उनको प्रस्तावलाई संबोधन गर्दै लिंगप्रमुखले भन्यो- महारानीको इच्छालाई म सफल पार्ने संकल्प लिन्छु र उहाँको प्रस्तावलाई अनुमोदन गर्दै भन्छु, महारानी आफ्नो सुविधा अनुसार आफ्नो सुरक्षा घेरामा निर्भय रहन सक्नुहुन्छ र आफूले चाहेको प्राङ्गण निर्माण गरेर चाहे जति समय बस्न सक्नुहुन्छ । यो मेरा तर्फबाट सहयोग हो ।

महारानीको सुरक्षामा खटेको ब्रिटिश गोर्खा सेनाद्वारा अर्पण गरिएको सलामी खाएर चौडा छाती पार्दै ऊ फर्कियो ।

मेला पातलिंदै गयो । भिक्षुहरू त्यहीं फैलिंदै गए । ब्रिटिश गोर्खा सेनाहरू थपिंदै गए ।

'बुबा महाराजको इच्छा महारानीमार्फत पूरा हुने योग आएको छ, निष्फल हुने छैन । नयाँ राजधानी र राज्यविस्तारको हेतु यही उपचार-यात्रा नै सिद्ध हुनेछ ।' किचुगुम्बाका लामाले उनलाई भनेको कुरा महारानीले एकान्तमा संझिन् ।

सेवा, उपचार र भिक्षाटनको माध्यमले भिक्षुबलले नवद्वीपमा सबैको मन जित्तै लगे । उनीहरू समाजका अभिन्न मित्र र सहयोगी मानिंदै गए ।

❖❖

२७

यस वर्ष ठूलो हिउँ पऱ्यो । धरतीका धेरै भागमा पऱ्यो । नपर्ने ठाउँमा पनि पऱ्यो । ७५ वर्ष अगिको विशाल हिमपातको मात्रै संझना गराएन किन्तु एउटा नयाँ दृश्य पनि साकार गरायो । र यही नै उपलब्धि रह्यो- नयाँ मुलुक जन्मियो ।

हो, प्रकृति-यात्रा कतै सहकाल भएर आउँछ कतै अकाल । कतै नौलो घटना भएर आउँछ, कतै दुर्घटना अनि कतै नव-विकासको अपूर्व सफलता पनि । समय र शक्तिको अव्यर्थ उपभोग र मानक सफलताको दृष्टान्त इतिहासबद्ध हुनपुग्छ यस्तै वेला ।

टाढा किन ? चीनको महाबाढी, जापानको समुद्री तूफान, भारतको वर्षा-विप्लव, नेपालको महाभूकम्प यस्तै कहालीलाग्दा दृश्य भएनन् र ! प्रकृति एक्लै-एकोहोरो युद्ध मचाउँदै रह्यो । प्रतिरोध गर्ने क्षमता कसैसँग भएन । फेरि पनि हावा र पानीको प्रवाहलाई साधेर एउटा चमत्कारपूर्ण काम सम्पादन गर्नसक्नु निश्चय नै महान उपलब्धि हो । त्यसैले त्यो अवसर दिने प्रकृति, उचित अभियान चलाउने चेतना र दृष्टिको तारिफ गर्नैपर्छ ।

प्रकृति र मानव-चेतनाको संयुक्त सहयोगमा एउटा धरती बाँडिन्छ, टुक्रिन्छ, भोगिन्छ र फेरि जोडिन्छ । हिजो एउटाको नाम एउटाको भोग, आज अर्काको नाम अर्कैको अधिकार । हो, 'वीरभोग्या वसुन्धरा' भनेको यस्तै होला ।

तीन मुलुकले भोगेको एउटा देश- सिंहद्वीप, अब सिंगो सुरद्वीप भएर चिनियो, संयुक्त राष्ट्रसंघको ध्वजा पहरायो ! सुरद्वीपको निर्माण वा उपस्थितिलाई प्रकृतिको प्रदान नभन्नु किन ?

हुने, खाने र सक्नेहरू मौसमको अनुमान गरेर त्यस क्षेत्रबाट पहिले नै सरे । जो आफ्नो घर, आफ्नो ठाउँ ठानेर बसे, जसको वैकल्पिक वास वा उपाय थिएन उनीहरू त्यहाँका स्थानीय र दीन दुःखी नै थिए । ठूलो संख्यामा रहेका कृषक, मजदूर र अल्प वेतनभोगीहरू पनि सबै हिउँको चपेटामा घेरिदै गए । निःसहाय गरीबहरू थुनिँदै र पुरिदै रहे ।

यस पटकको हिमवर्षा प्राकृतिक नै थियो, किन्तु हिउँको जात र वर्षने क्रम हेर्दा विज्ञानले वर्षाएको कृत्रिम हिउँ हो कि भन्ने लाग्थ्यो ।

पहिले कपास हिउँ पऱ्यो र घरका झ्याल ढोका थुनिए । फेरि चिनी हिउँ पऱ्यो, कनिका कि बालुवा छरेको ढंगले वर्षेर घरका भुइँतला पूरै ढाकिदियो । त्यसपछि चिप्ले हिउँ पऱ्यो । यहाँसम्म कि जंगली जनावर पनि कतै चहलपहल गर्नसक्ने स्थिति थिएन । फेरि घरेलु जनावरको रोदन र छटपटीले जीवन त्यसै पनि आतेस या विरक्त लाग्दो हुँदै गयो । तीन दिनसम्म परेको हिउँमा दुईतले घरको धुरी र अग्ला ठूला रूख मात्र देखिए । धेरै कुरा छोपिए ।

दुई दिन रोकिएर फेरि त्यही क्रमले हिमपात भयो त्यसैगरी । अझ यस पटक डरलाग्दो हावा पनि चल्यो र लगातार अरू तीन दिन हिउँ थपियो ।

मान्छे कहाँ छन् ? कहाँ छैनन् ? पशु-प्राणीको स्थिति के छ ? बुझ्न सक्ने उपाय थिएन । कुकुर र बिराला कुनै हिसाबले बाहिर निस्कन्थे र मैदान मारेर हतार-हतार भित्र पस्थे ।

सिंहद्वीपको यस धरतीमा कहाँ के छ र के थियो भन्न सकिने स्थिति रहेन । कपास हिउँ पर्दै थियो किन्तु आकाश उज्यालो बादलले ढकमक्क थियो ।

सिंहद्वीपको आकाशबाट हवाइ-ध्वनि संचार भयो । घरेलु पशुपक्षीले त्यसको संकेत जनाए । घरभित्र थुनिएर बसेका मानव प्राणीले पनि परस्पर आशा र प्रसन्नता संचार गरे । बाँचिएला कि भन्ने झिल्का भाव तिनका छातीमा संचारित भयो ।

आकाश र धर्ती थर्किदैरहृयो- हवाइयानको घुमाइले । लिंगद्वीपको सीमानामा गुरिल्ला सेना ओर्लिए । शिखसेना हेर्न अभ्यस्त आँखामा यी शिखसेना नै लाग्थे । फेरि मौसम र दूरीका कारण पूरै छुट्याउन र ठम्याउन पनि सजिलो थिएन । अनुमान प्रमाण नै पर्याप्त हुन्थ्यो स्वरूपले ।

ड्राद्वीपको सीमानातर्फ मंगोल अनुहारका सेना ओर्लिए । उताका स्थानीय जनताले तिनलाई आफ्नै देशका सेना ठाने । ती पनि सीमानामा डटेर बसे । पानद्वीपतर्फ पठान सेना ओर्लिए । स्थानीय जनता र अधिकारी वर्गले यिनलाई आफ्नै ठानेर प्रसन्नता देखाए ।

हिउँले सेताम्मे ढाकेको सिंहद्वीप सैनिक श्रृंखलाले यसरी तीनैतर्फ घेरियो । र यो बाहिरी घेरा थियो । फेरि भित्री भागमा ल्याटिन सेना-श्रृंखला उभियो । र त्यसभित्र समूह-समूहमा आबद्ध भएर ब्रिटिश-गोर्खा सेना ओर्लियो । र त्यसले सबैमाथि अभयदान दिएर सिंहभावले अवलोकन गर्दै रहृयो ।

हेलिकोप्टर आउँदै जाँदै रहने क्रम चल्दैरहृयो । तालिम प्राप्त कुकुरहरू सर्वाधिक सक्रिय र उपयोगी थिए ।

स्वयंसेवकको रूपमा नग्नमुण्ड भिक्षुजन ओर्लिए । प्राकृतिक प्रकोपले थुनिएर बसेका जनताका लागि यी औतारी देवता नै सिद्ध भए । खाने, पिउने, लुगा, स्वास्थ्य परीक्षा र औषधि उपचारको कमी हुन पाएन । आपत्तिले घेरिएका सेवाग्राहीले भिक्षुजनको सेवा, सहयोग र सद्भाव पाउन थालेपछि तिनले जीवन पूर्ण सुरक्षित हुने विश्वास लिए ।

उद्धार-सामग्री त ल्याइन्थे नै, त्यसमा कतै न्यूनता आएन । यस्ता सामग्री स्थानीय बासिन्दाकै निमित्त वर्गीकृत हुन्थे । वितरण गरिन्थे ।

अर्को दिशामा पनि हेलिकोप्टरको अवतरण र उडानमा निरन्तरता आउँदै रह्यो । आवासको व्यवस्थाका लागि हल्का र उपयोगी ढंगका भवन-निर्माण सामग्री झारिदै र थपिदै गए । आपतकालीन स्थितिमा जसरी र जुन शीघ्रताले सस्पेन्शन ब्रिज बनाइन्छ, ठीक त्यस्तै शीघ्रताले एक साथ, एकै अनुहारका हिमशालाहरू लस्करै उभिंदै गए । तीनै दिशामा खटिएका हिमसेनाका लागि उभ्याइएका थिए- यी हिमशालाहरू ।

केमिकलको उपयोग गरेपछि हिउँ पग्लियो र जमिनको स्वरूप साकार भयो । युद्धस्तरमा निर्माण कार्य चल्यो- रात र दिनमा भेद रहेन । बडो नौलो र मनोहर घर तयार भयो । लाग्थ्यो, हिमसेनाको मुख्यालय हो ।

ब्रिटिश सेनाको सुरक्षा र रेखदेखमा निर्मित यो मुख्यालय अब कसरी र कुन नामले निचिने हो, त्यो खुल्दुली र प्रतीक्षाको विषय भएर रह्यो ।

किन्तु न सैनिक तत्परतामा न्यूनता देखियो, न वायुयानको आवागमनमा । यस्तो लाग्थ्यो, हिउँ रहनु र नरहनुको अर्थ अब खासै रहेन । यदि थियो वा हुन्थ्यो भने प्रारम्भिक चरणमै हुँदो हो । शायद धेरै कुरा बितिसकेको थियो, अब आँखा खोल्नु वा निरीक्षण-परीक्षण र प्रलाप गर्नुको औचित्य थिएन । शायद सबै कुरा मिलेमतोमा भएको थियो या भय र मौनतामा नै आत्मरक्षा थियो ।

यो संदर्भ व्याख्येय रहेर पनि रहस्यपूर्ण नै थियो ।

ब्रिटिश र अमेरिकाका झण्डा फहराएका देखिन्थे टाढैबाट । सैन्यबलको परिचय मिल्थ्यो यसैबाट । किन्तु सेनाको मुख्यालय जस्तो भवनमा राष्ट्रसंघको लोगो राखिएको थियो, प्रवेशद्वारमा ।

यस स्थितिको संभावना, विश्वास र परिणतिसँग संचार जगत अद्यावधि अन्जान नै थियो । किन्तु न राष्ट्रपति भवनका चरा यो प्रगतिसँग अन्जान थिए, न किचुगुम्बाका लामा ।

o o

हिमपातको पूर्वक्षणमा, महारानीलाई जन्मदिनको अवसरमा आरोग्य र दीर्घजीवनको शुभकामना दिन नवद्वीप पुगेकी केकाको हिथ्रो मीटिङ हुँदै राष्ट्रपति निवास पुगेर फर्केको यात्रा-कथा र यसमा उनिएर आएका प्रयास, प्रयोग, प्रगति र प्राप्तिलाई अक्षरशः बुझ्ने म्याट नै थियो । ऊ केकाको मनोबल र आत्मविश्वासको सधैं पोषण र सम्मान गर्थ्यो । किनभने राजनीतिको ऊर्ध्वगति राष्ट्रको हित र पारदर्शी परिणामका लागि सहकाल वा ऊर्जा हुनेगर्छ र यही नै अघोषित नीति र अलिखित रीति भएर रहन्छ भन्ने मान्यतामा म्याट पनि केकासँग उभिएको हुन्थ्यो सहयोद्धा भएर ।

हो, दुस्साध्य काम पूरा गर्नका लागि ठाउँ, समय अर्थात् ऋतुप्रभाव र अनिष्फल लक्षणको गणित मिलाएर पात्र, परिवेश अनि माध्यम र उपयोगको विधिमा केका कदाचित् विफल देखिएकी होली, अन्यथा संकल्प र योजना अनि यत्न र सिद्धि उसको हातबाट चिप्लने कुरै रहेन । किनभने गुरूदेवको आशीर्वाद र पीयूषको मन्त्रणाले पनि उसलाई उच्च सफलताका सोपानहरू उक्लँदै जाने मार्ग प्रशस्त गर्दथे ।

उता मैनाहरू प्रत्येक क्षण प्रगतिको जोड-घटाउ गर्दै रहन्थे- अनिंदो रहेर, उपवास बसेर । अभिरूचि राखेर मीमांसा गर्थे, चमत्कारपूर्ण सफलता देखेर । प्रकृतिको विप्लवी अभिनयभित्र समय यति चाँडो सर्थ्यो र घटना यति छिटो थपिन्थे, सांसारिक जनलाई त्यसको अनुगमन गर्नु त्यति सरल पनि थिएन ।

o o

ब्रिटेनकी महारानीको सम्मानमा ऋतुराज वसन्त खुलेर अग्रसर भयो । प्रकृतिका अंग-अंगमा फूल मुस्कुराए । पुष्पप्रेमी कीटपतंगहरू स्वच्छ वातावरणमा रूचि परिवर्तनका साथ मुक्त विचरण गर्न थाले ।

क्रमशः फूल नव-पालुवामा परिणत भएका दृश्यहरू सर्दै गए । जाडो पूरै पन्सिइसकेको थियो । उष्णता आउने मुहूर्त परै थियो । त्यसैले धरती एक प्रकारले वातानुकूलित स्थिति सिर्जना गरेर महारानीप्रति आरोग्यको कामना गर्दैरहेथ्यो ।

सोचाइलाई निरन्तरता दिएर महारानीले गुनिन्- बुबा महाराजको कामना, लामाको आशीर्वाद र गोर्खामित्रहरूको अस्तित्व-रक्षामा अहिले हाम्रो निर्णायक भूमिका देखिनुपर्ने अवस्था आएको छ । अब केही गर्नैपर्छ र यहाँ स्थिति बाँधिदिएर बाटो लाग्नुपर्छ । समर्थ सन्तानलाई सत्ता सुम्पेर सर्नुपर्छ । यस्तै कुरा गन्दै-गुन्दै उनी बिहानको जलपानमा पुगिन्- टक् टक् टक् टक् ।

गोर्खा सैनिक अधिकारी लेफ्टिनेन्ट कर्नेल (LT COL) ले बूट बजाएर महारानीलाई सलोट ठोक्यो ।

'अफिसर, तिमी एक्लै आयौ ? हाम्रो सानो मीटिङ छ नि हैन र !'

'हजुर, मलाई जानकारी छ । म विज्ञका साथमा यहाँ उपस्थित छु ।'

'खै त उहाँहरू ?'

'उता मीटिङ कक्षमा हुनुहुन्छ ।'

'ए, ल, मेरो औषधि र चमेना उतै आओस् र उहाँहरूको लागि पनि चमेना उतै पुगोस् । आज म उहाँहरूसँगै चमेना गर्छु ।' महारानी औपचारिकता छोडेर सरल भावले प्रस्तुत भइन् ।

लेफ्टिनेन्ट कर्नेललाई सम्मानको भावले हेरेर महारानीले भनिन्- 'गोर्खा, आज अनौपचारिक ढंगले मसँग संवाद गर । बिल्कुल साथी र अभिभावकजस्तो भएर खुलेर संवाद हुनुपर्छ । म आज यही चाहन्छु ।'

'हजुर', अनि गोर्खा सैनिक अफिसरले अरू दुई जनाको परिचय गरायो ।

'उहाँ खगोलविद् हुनुहुन्छ- नक्षत्र विशेषज्ञ । अनि उहाँ चाहि लामा र संस्कृतिविद् । त्यसैले चैतेदशैं र नववर्षमाथि एकजनाले महत्त्वसाथ प्रकाश पार्नुहुने छ र अर्को जनाले बुद्धपूर्णिमाको महिमा र जनआस्थामाथि । इस्टरबारे स्वयं महारानीको धारणा स्वीकार्य हुनेछ । पर्व क्रम पनि यही हुनेछ ।'

'ठीक छ, चैते दशैंदेखि थालेर इस्टरमा टुंगिने गरी सालाखाला सात हप्ताव्यापी मेलाको व्यवस्था होस् । निश्चित पर्वमा निश्चित दिनहरूमा विशेष कार्यक्रम हुनेछन् । इस्टरमा विशेष अतिथि आमन्त्रित हुनेछन् । माहौल बुद्धमेलाकै हुनुपर्छ ।'

'हजुर, म विज्ञ महानुभावहरूसँग परामर्श लिनेछु ।' गोर्खा सैनिक अफिसरले महारानीलाई आश्वस्त गरायो ।

चैते दशैं, नयाँ वर्ष, बुद्ध पूर्णिमा र इस्टर यी चारै पर्व एकपछि अर्को गर्दै श्रृंखलाबद्ध तरिकाले आए र नवद्वीपको धरती र आकाशभरि आनन्द संचार गर्दैरहे । त्यसै पनि मधु-ऋतुको उल्लास जीवनका पत्र-पत्रमा फैलिंदै गयो । सुदूर पर्यन्त यसको संमोहनले लठ्याउँदै लग्यो ।

संचार माध्यमले नवद्वीपको महिमा र चारै पर्वको मिलित उत्सवबारे सितारा जडेर उद्भासित गरिदिए । साँच्चै धरतीको यो भाग आफ्नो वैशिष्ट्यका साथ दुनियाँका अगाडि प्रस्तुत थियो यो वेला ।

o o

'स्वप्न ?' हो, अब स्वप्न चल्यो :

हो, ऊ रातो कार्पेटमा हिंडेर मञ्चमा पुग्यो । स्वागत धुन बज्यो । नवद्वीपको राष्ट्रधुन बज्यो र झण्डा फहरायो । झण्डाको नर्तन यति तीव्र थियो, उसले त्यसको स्वरूप र आकारलाई ठम्याउन सकेन । संशय र द्विविधा बीच पनि उसले सलामी स्वीकार गऱ्यो । शायद नैतिक विवशता थियो ।

आमन्त्रित अतिथि लिंगप्रमुखको स्वागतमा केही शब्द बोलेर महारानीले बाँकी मन्तव्य पढ्न एउटी युवतीलाई अग्रसर गराइन् र उनी सोफामा बसिन् । महारानीको वार्धक्य र स्वास्थ्यले यो स्थिति सुहाउँदो थियो ।

महारानीको आज्ञाले युवतीले महारानीको भाषण पढी :

'महामहिम, हाम्रो नवद्वीपको संरक्षण र संभरणका लागि हामीले चार एकाइबाट स्थिति बाँधेका छौं, जसअनुसार रक्षादूत, न्यायदूत, शान्तिदूत र वाणिज्यदूत नियुक्त गरिएका छन् ।'

अर्को छेउमा उभिएर चार जनाले आफ्नो उपस्थिति जनाए र दायित्वबोधको अनुमोदन देखाए । उसले यो दृश्य पनि हेऱ्यो ।

'महामहिमले हाम्रो अर्थात् ब्रिटेनको यो कदमलाई निर्विकल्पभावले अनुमोदन गर्नु हुनेछ भन्ने विश्वास लिएकी छु ।'

महारानी सोफामा बसेकी छन् । तर उनको आज्ञाले उनको भाषण पढ्ने यी युवती को हुन् ? उसले गहिरो सोच्यो, पार लागेन ।

'महामहिम, तपाईंको कार्यकालसम्म ग्रेट ब्रिटेन तपाईंलाई मानार्थ महारथीको पदवीले अलंकृत गर्दछ ।'

'र आजै म यो मञ्चबाट घोषणा गर्दछु- हामीले उपनिवेश कालमा जितेको भोगेको धरती, जो फिर्ता हुन बाँकी थियो र एउटा देशको भू-भाग अर्कोले भोग्दै थियो, त्यो आजकै मितिदेखि फिर्ता गरिएको छ । संयुक्त राष्ट्रसंघले यस कार्यको अनुगमन गर्नेछ भन्ने अपील गर्दछु र यो खास गरी सुमेरूद्वीपको संदर्भ हो ।'

'जेनेभाले यसमा बल पुऱ्याउने छ ।'

'अन्त्यमा म महामहिम समक्ष एउटा नक्सा उपहार टक्र्याउँछु । यसमा मेरो नयाँ दरबारले चर्चेको भूभाग निर्दिष्ट छ । सम्पूर्ण नवद्वीप-क्षेत्र अब न्यू ब्रिटेन गोर्खा नामले चिनिने छ र व्यवहारमा आउने छ । यसको सुरक्षा जिम्मा हाम्रो गोर्खा ब्रिटिशले लिने छ । हाम्रो लेफ्टिनेन्ट कर्णेल (LT COL) गोर्खा अफिसरको अधीनमा यो क्षेत्र रहनेछ । गोर्खाली परिवारको भोग र संरक्षणमा स्वतन्त्र रहने छ ।'

'यो क्षेत्र द्वन्द्वहीन हुनेछ । यहाँ कदाचित् सैन्यबलको आवश्यकता परे ड्राद्वीपसँग सैन्य सन्धि गर्न सकिनेछ । ड्राद्वीपको सैन्यबल पूर्वी तटवर्ती क्षेत्रमा मुकाम गर्न सक्ने छ ।'

'र, आजसम्म लिंगद्वीपले लादेको राज्य-व्यवस्था नवद्वीपबाट फिर्ता गरेका छौं । लिंगद्वीपले नवद्वीपबाट राजनीतिक तथा प्रशासनिक शक्ति तथा आफ्नो सैन्यबल निग्रह गरेको घोषणा आज स्वयं महामहिमले गर्नु हुनेछ । विशाल नेपालको भू-भाग पनि इंडियाबाट फिर्ता गर्ने हाम्रो प्रतिबद्धता छ । कुनै भूमि उपनिवेशबाट उपनिवेशमा जान सक्तैन । हिजोको गलत कर्म सुधार्नु हाम्रो दायित्व हो, सुधार्छौं ।'

बल्ल उसले देख्यो- ब्रिटेनको झण्डामा जोर खुकुरी थपिएको रहेछ ।

उसका हातमा माइक आइपुग्यो । मिडिया त्यतै केन्द्रित थिए । लिंगप्रमुखले घोषणा गऱ्यो-

'ब्रिटिशले लिंगद्वीपमा शासन गर्दा सुमेरूद्वीपसँग मागेर र युद्ध गरेर लिएको भू-भाग फिर्ता नगरी गएको र त्यस्तो भूभाग अझै लिंगद्वीपमा रहेको प्रमाणित भएकोले म ती भूभागहरू शीघ्र सुमेरूद्वीपलाई फिर्ता दिने घोषणा गर्दछु । साथै नवद्वीपबाट म लिंगद्वीपको शासन-व्यवस्था निग्रह गरेर नवद्वीपलाई लिंगद्वीपको संविधानबाट मुक्त गर्दछु । र, नवद्वीपलाई 'न्यू ब्रिटेन गोर्खा' भन्ने स्वतन्त्र मुलुक रहेको अनुमोदन गर्दछु । त्यहाँबाट आफ्नो संविधान निग्रह गरेको घोषणा गर्दछु, मुक्त गर्दछु ।'

त्यहाँ उपस्थित जनताले नयाँ झण्डा हातहातै फहराए । लाग्थ्यो, आनन्दको सागर उर्लेको हो ।

लामाहरूले धौं धौं बजाए ।

खुशी र आनन्दको चर्को जन-ध्वनिले लिंगप्रमुख सपनाबाट ब्युँझ्यो । अनि दिक्दार मानेर मनमनै भन्यो- 'सपनामा सिंहद्वीप कुल्चिएको देखियो । शिर कुल्चिमाग्नु त असल होइन । यो कुरा म आफैंभित्र कति लुकाएर राखौं ? फेरि आज पखेटा काटिएको देखें- नवद्वीप पनि छुट्टिएछ । पेट पनि काटिएछ- ब्रिटिशको पालामा यता आएको सुमेरूद्वीपको धरती रोकेर भोग्न कति सकिन्थ्यो र ! अर्काको नासो ! विशाल नेपालको भूमि पनि इंडियाबाट छुट्टिएर फिर्ता जाने भो । हो, अब देशको साइज घट्ने छाँट छ । आफ्नै हठ र छुच्याइँका कारण आफ्नै क्षति हुने जस्तो छ ।' ऊ अन्तर्मुखी भएर गुन्दै गयो ।

❖❖

२८

राष्ट्रपति क्लिन्टन आज अलिक बढी ओजस्वी र प्रसन्न देखिन्थे । चराहरू परैबाट यो कुरा लक्ष्य गर्दै थिए । एउटा हातमा कफी-कप र अर्कोमा समाचारपत्रहरू लिएर चराका छेउमा पुगे ।

'महामहिम, सुप्रभात ।'

'महामहिमलाई सादर नमन ।'

'यहाँहरूलाई मेरो पनि नमन ।'

'महामहिम आज यति बढी ओजस्वी र प्रफुल्ल रहनुको कारण के होला ? विना हेतु यस्तो क्षणको उपस्थिति नहोला कि ?' एउटा चराले गूढ संकेत दिन खोज्यो ।

'ब्रिटेनकी महारानी आउँदै हुनुहुन्छ, त्यसैले उहाँको स्वागतमा महामहिम उत्साहित देखिनुहुन्छ । अरू के होला र ?' अर्को चरा बोल्यो ।

राष्ट्रपतिले च्यापेको पत्रिकालाई लक्ष्य गरेर फेरि चराले सोध्यो- 'महामहिम, महारानीले कुनै अपूर्व कार्य गरेको समाचार त छैन ती समाचारपत्रमा ?'

'पख । म मुख्य शीर्षकहरू हेरिहालौं' भनेर उनले समाचारपत्रका ठूला शीर्षकहरूमा दृष्टि घुमाए-

'सुरद्वीपमा संयुक्त राष्ट्रसंघ भवनको उद्घाटन' पहिलो शीर्षकमा फोटो सहित समाचार उनिएर आएको थियो, अनि दोस्रो शीर्षकले पूरै सम्पादकीय ढाकेको थियो । क्लिन्टनले समाचार र सम्पादकीयमा दृष्टि घुमाइसकेर चरातिर हेरेर गुने- 'महारानी यहाँ आउने कुरा यिनलाई कसरी थाह भो ?'

राष्ट्रपति क्लिन्टनलाई महारानीको किचुगुम्बाको भ्रमण, नवद्वीप क्षेत्रमा हेलिकोप्टरको आकस्मिक अवतरण, प्राकृतिक प्रकोप, सैन्य बलको उपस्थिति र सुरक्षा घेरा, सिंहद्वीपको हिमपात र हिमसेनाको अवतरण तथा भिक्षु स्वयम्सेवकको उपस्थिति र स्थानीय जन-धनको उद्धार, भूद्वीपमा सम्पन्न सीमा बैठकको निर्णयको कार्यान्वयन, लिंगद्वीपद्वारा सुमेरूद्वीपको भूमि फिर्ता र संविधान संहरण (निग्रह) एवं महारानीद्वारा त्यस क्षेत्रको सीमापथबाट

अवलोकन-यात्रा आदि घटनाको छिनछिनमा समग्र जानकारी हुने गर्थ्यो, भएकै थियो । अझ स-साना कुराहरूको त यथार्थ विवरण उनीकहाँ पुग्ने नै भो ।

हो, संयुक्त राज्य अमेरिका कतै नपुगेर पनि पुगिरहेको हुन्थ्यो, थाह नपाएजस्तो गरेर पनि थाहा पाइरहेको हुन्थ्यो । बस्, सपनाका कुरा चाहिं सुबोध रहन्नथ्यो । अझ रमाइलो कुरा त के थियो भने सुमेरूद्वीप र लिंगद्वीप बीचको पुरानो साँधबाट सुमेरूद्वीपतर्फको भू-मार्ग उपयोग गरेर महारानी सिंहद्वीप पुगिन् र संयुक्त राष्ट्रसंघको मुख्यालयको उद्घाटन गरिन् भन्ने यथार्थबोधबाट उनी चुकेका थिएनन् । त्यसै वेला सिंहद्वीपलाई सुरद्वीप भन्ने नयाँ नामले संबोधन गरियो । मिडियाले यही सत्य प्रसार गरे ।

तर चराहरूका अगाडि चुकेको अनुभव गरे र उनले गुने- रेडियो, टेलिभिजन, विद्युतीय संचार माध्यम आदि विविध सुविधाबाट यी पिंजराबद्ध प्राणी किंचित् टाढै छन् । फेरि संसारका विविध गतिविधिको उत्तिकै जानकारी राख्तछन्- आखिर यिनलाई प्राप्त हुने जानकारीको स्रोत के हो ? उनी प्रश्नमाथि प्रश्न गर्दैरहे- बन्दी छन् । फेरि बाह्य संपर्क पनि संभव छैन । पक्षी हुन् ! अनि संझे- 'यी सामान्य चरा होइनन्, गुरूकुलीय शिक्षा स्नातक हुन्, योग्य गुरूका शिष्य हुन्, असल मित्र र सचिव हुन सक्छन् । शायद केकाले मलाई संझाएकी थिई । हो, यी विशेष होलान् ।' उनले आफैंलाई संझाउन खोजे ।

'महामहिम, यदि महारानीले हामीलाई संझनुभयो भने एक पटक भेट गराइदिनुहोला, हामी त्यो अवसरको पर्खाइमा रहनेछौं- केही छिन ।' एउटा चराले भन्यो ।

'यी श्रृंखलाबद्ध घटनाको योजनाकार वा सफल अभियन्ता भनौं या सूत्रधार केका नै हो नि ! त्यसैले हामी त्यो वीरनारीलाई साधुवाद दिएर फेरि एकपटक उच्च सफलताको लागि शुभाशीः भन्न चाहन्छौं ।'

'महारानी र हाम्री आली केका सँगै आएको हुनुपर्छ । हामी उहाँहरूलाई भेट्न आतुर छौं, महारानीको स्वप्नपीडा र आरोग्यबारे सोध्न चाहन्छौं । हामी पनि महारानीको सपनासँग जोरिएका छौं ।' अर्काले थप्यो ।

'महामहिम, कुनै बन्देज र रहस्य शेष नरहे उहाँहरूले चाहेमा अवश्य भेटाइदिनु हुनेछ । दुवैलाई नजिकबाट भेट्ने रहर छ । हाम्रो इच्छा अपूर्ण नरहोस् । हामीले समय मागेका हौं । स्मरण रहोस्, उहाँहरूले हाम्रो संझना नगरे या हामीलाई भेट्न नचाहे या असजिलो भए हामी आफैं पन्सिने छौं । समस्या बन्ने छैनौं । संकेत अवश्य दिनुहोला ।'

'सबै कुरा खुला छ । एकदिन साँझ यहाँ म महारानीको उपस्थितिको व्यवस्था मिलाउँछु ।' क्लिन्टनले भने- 'हामी सबै यहीं हुनेछौं । त्यसैवेला सान्ध्यकालीन भोजमा भेट्न सकिएला नि ! कि छुट्टै व्यवस्था गर्नुपर्छ ?'

'भैहाल्छ, महामहिमले तत्परता देखाए पुगिगो नि ! तर उहाँहरूले संझनुभयो भने मात्र । एकतर्फी प्रयासको कुनै औचित्य छैन ।' चराहरूले भने ।

'ओके !' क्लिन्टनले दृढता व्यक्त गरे ।

o o

संयुक्त राज्य अमेरिकामा ब्रिटेनकी महारानीको स्वागत बडो अब्बल दर्जाले भयो । महारानीको यात्रा अनौपचारिक नै थियो, तैपनि आस्था र उमंगमा अमेरिका यसरी लहराएर उठ्यो मानौं पूर्णिमाको रातमा चन्द्रमालाई देखेर समुद्रमा सहस्र लहर उठेका हुन् ।

महामहिम राजदूत केका सुराले एकपटक यथार्थबोध गराउँदै राष्ट्रपति क्लिन्टनलाई सोधेकी थिई- महारानी स्वास्थ्य र वार्द्धक्यका कारण विना आश्रय हिंड्न सक्नुहुन्न । ऐजन मौकामा कि परिचारिकाले साथ दिएर डोऱ्याउनुपर्छ कि मैले बल पुऱ्याउनुपर्छ, के गरौं ? कि ह्वील चियर... ?'

'तिमीले साथ दिएर डोऱ्याए हुन्छ, तिमी त महारानीकी पुरानी परिचित हौ । मानवताको हिसाबले पनि अनि आफ्ना अतिथिको वास्ताको हिसाबले पनि, जसरी महारानीलाई सजिलो र सुहाउँदो हुन्छ, तिमी अग्रसर रहेर योग पुऱ्याऊ, तिमीलाई मेरो समर्थन छ । अहिले यस प्रसंगमा आदेश होइन, अनुरोध छ ।

'जी, महारानीको सुरक्षा टोलीसँग राय लिएर गर्छु ।'

राजदूत केका सुराको सक्रियतामा महारानी राष्ट्रपति निवासको रात्रि-भोजमा उपस्थित भइन् । त्यहाँ आयोजित रात्रिभोजको ठाँटबाँट र रौनक क्यामराले देखाउन जति सहज छ- शब्दले चित्रबद्ध गर्न त्यति नै जटिल ।

पिंजराबद्ध मैनाहरू महारानी र केकालाई राष्ट्रपति निवासको प्रवेशद्वारदेखि नै लक्ष्य गर्दै थिए- परैबाट । निर्निमेष हेर्दै थिए- उज्याला, स्वच्छ परिधानमा झन्नै उस्तै लाग्ने शरीरको बान्की र बनोटलाई अनि सजिलै छुट्टिने आयु र गतिक्रमलाई । हिजो, सौन्दर्यले जुन आभा सम्प्रेषित गरेको थियो, लाग्छ आज पनि त्यो यथावत् कायम छ । शायद सफलता र सन्तुष्टिबाटै त्यो परिपोषित संरक्षित रहेको हुनुपर्छ- मैनाहरूले अनुमानबाट संगतिपूर्ण अर्थ जोड्ने यत्न गरे अनि गुने- महारानीमा देखिने सुस्थिर प्रौढताको रहस्य ।

'पद्मावती, महारानीलाई भेट्ता तिमी के भन्छ्यौ ?' एउटा मैनाले प्रश्न गऱ्यो ।

'लक्ष्य एक सिद्धि अनेकको ज्वलन्त दृष्टान्त हो- महारानीको यो यात्रा । उनको यात्रामा अरू शक्तिले पनि योग पुऱ्याएका छन् । किचुगुम्बामा शिर थापेपछि उनको आँखाबाट बादल पनि हट्यो र आत्म विश्वास पनि बढेर आयो । म उनको संकल्पशक्ति, शौर्य र सफलताको मुक्तकण्ठले प्रशंसा गर्दछु । जीवनको उत्तरार्द्धमा उनले जे कर्म गरेर देखाइन् त्यसले उनको बाँच्नुलाई अर्थपूर्ण तुल्याएको छ । देख्तैछु- ब्रिटेनको इतिहास र महारानीको चरित्र सुनको मसीले लेखिने छ । अँ, यदि महारानीसँग भेट्ने मौका जुऱ्यो भने म चार वाक्यमा उनको प्रशस्ति गायन गर्नेछु । बस् ।' अर्काले भन्यो ।

'उनी महिमामयी नारी र सम्मानित महारानी मात्र होइनन्, अपितु न्याय र विवेकको साक्षात् अवतार हुन् भन्ने मेरो धारणा छ ।' एकछिन रोकिएर पद्मावतीले थप्यो- 'त्यसैले पनि महारानीलाई भेट्न उत्सुक छु ।'

'हो, इतिहासमा भएका गल्ती पनि सुधारिन् र नयाँ काम पनि गरेर देखाइन् । त्यसैले पनि उनको महिमा बढेको हो ।' इन्द्रावतीले समर्थन जनायो- 'नीति र दायित्वबाट समस्त ब्रिटेन र त्यहाँका जनताको शिर उठाइदिइन् । यो कर्म अरूबाट संभव पनि थिएन । त्यसैले पनि उनी सम्मान योग्य छन् । उनको इच्छाशक्ति सदैव आदरणीय छ ।'

स्वास्थ्यलाभका लागि महारानीको किचुगुम्बाको यात्रा र त्यसपछि क्रमशः उनले सम्पादन गरेका महत्त्वपूर्ण कार्यको मुरीमुरी प्रशंसापछि रात्रिभोजले औपचारिक गति लियो ।

यता पिजराभित्र मैनाहरू वेलावेला सिलोक भन्थे । वेला-वेला गाउँथे । वेला-वेला रोचक संवाद र आफैंमा विनोद गर्थे । उफ्रँदै थिए, नाच्दै थिए, रमाउँदै थिए ।

उता भोज चल्दै रह्यो, यता चराहरू प्रसन्नताले वैदिक मन्त्र गायन गर्दै थिए । किनभने महारानीको स्वप्न-पीडा नै उनको अमेरिका गमन, केकाको परामर्श, महारानीको गुम्बा-प्रवेश र लामाको शक्ति-प्रक्षेपण, नयाँ मुलुकको स्थापना, सुमेरूद्वीपको भूमि विस्तार र संयुक्त राष्ट्रसंघको मुख्यालय स्थापना तथा उद्घाटनको मुख्य हेतु भइदिएकाले प्रसन्न थिए ।

एकछिन पछि केकाको ध्यान चरामा गयो । नीरव-शून्यताले उसलाई पिरोल्यो । अज्ञात-असहजता र छटपटीले छोयो । उसले यति मात्रै गुनी- 'चरा एकछिन अगिसम्म संवाद गर्दै थिए । भर्खरै त वैदिक मन्त्रको सह-गायन मैले सुनेकी हुँ ।' उसले विकल्प गुनी 'शायद थाके होलान् । विश्राम गर्न थाले कि ?'

उसले समय जान्न खोजी ।

भोजमा आमन्त्रित पाहुनाहरू विदा भए । महारानीको टोली एक छेउमा प्रतीक्षारत थियो ।

महारानी, महामहिम राष्ट्रपति, राजदूत केका र अफिसर म्याट चरा भएतर्फ गए ।

चराहरूमा गति थिएन । पिंजराभित्रै पल्टेका थिए ।

क्लिन्टनले पिंजरा झिकेर टेबिलमा राखे ।

'पद्मावती, पावन पद्मावती !'

'सगुन, सगुन इन्द्रावती !'

केकाले मैनाहरूलाई बोलाई । दुवै मैनाले एक पटक पखेटा फटफटाए । शायद अन्तिम पटक थियो यो फटफट । इहलीला समाप्त !

'मैनाहरू प्रसन्नताले यति उफ्रे, यति उडे र यति ठोकिएर यति पछारिए कि छाती शुष्क भयो, हृदय फुट्यो, त्यसैले प्राण पखेरू उड्यो शायद !' केकाले स्थिति बाँधेर गुनी । अनि महारानी, क्लिन्टन र म्याटको भाव बुझेर उसले पिंजराबाट मैना झिकीहरू र कोमल भावले स्पर्श गरी । उसका आँखामा आँसु भरिएर आए ।

केकाकै हातमा महारानीले मैनाहरूको स्पर्श गरिन्, छिनभर कोमल सुस्सुम्याइन् र आँसु झार्न अर्कापट्टि घुमिन् ।

क्लिन्टनले पनि स्नेहभावले स्पर्श गरे र अर्कातिर फर्केर आँसु लुकाए ।

म्याट आँसु रोक्ने चेष्टा गर्दै रह्यो ।

चरा-चिकित्सक आएर मैनाहरू निष्प्राण भएको जानकारी गराएपछि राजकीय संमानका साथ मैनाहरूको मृत्युसंस्कार गर्ने निधो भयो । संयुक्त राज्य अमेरिका र ग्रेट ब्रिटेनका झण्डा ओढाइए ।

राष्ट्रपति निवासले शोक मनायो ।

ब्रिटेनले झण्डा आधा झुकायो ।

महारानीले एक दिन शोक मनाइन् ।

केकाले तीन दिन अवकाश लिई ।

म्याट जीवन र दर्शनको कन्दरातर्फ उन्मुख भयो ।

❖❖

२९

पिंजराको खल्तीमा सधैं एउटा खाम संलग्न रहने गर्थ्यो । केकाले निष्प्राण मैनाहरूलाई पिंजराबाट निकालेपछि क्लिन्टनले खाम झिकेका थिए । त्यसमा चराका लागि खानेकुरा र पथ्यको निर्देशन रहन्छ भन्ने केकालाई थाह थियो । त्यसैले होला उसले खासै उत्सुकता देखाइन ।

महारानी पनि जान्दथिन्, एउटा खाम निरन्तर पिंजराको गोजीमा हुने गर्थ्यो । त्यो हुनु एउटा संस्कृतिजस्तै अथवा रूढ चलन वा रीतिजस्तै भएको थियो ।

स्थितिमा परिवर्तन ल्याउन चाहेर होला, क्लिन्टनले खाम खोले । त्यहाँ दुइटा पत्र थिए । उनका लागि पत्रको लिखत सुबोध थिएन । त्यसैले केकालाई दिंदै भने- 'तिमी बुझ्छ्यौ कि ! पढेर सुनाऊ न !'

केकाले एउटा पत्र पढिसकेर भनी- 'यो चाहिं मैनाको चारो/खाने कुराको निर्देशन हो ।' अनि अर्को पत्रमा दुई पटक दृष्टि घुमाई र संयमित भएर भनी- 'यो जीवनको आदर्श हो, सत्पथ हो, नीति र सिद्धान्त हो, शिक्षा र निर्देशन हो । संस्कृत भाषामा छ । त्यसैले बिस्तारै वाचन गरेर सुनाउँछु ।' उसले उच्च स्वरमा स्पष्ट वाचन गरी -

यानि अनवद्यानि कर्माणि तानि सेवितव्यानि नो इतराणि ।

यानि अस्माकं सुचरितानि तानि त्वया उपास्यानि नो इतराणि ।

संदर्भ खुल्न सकेन, त्यसैले शून्यता फैलियो । यो सूत्र-दर्शनको महिमा थियो, यसमा जीवनको सार र सार्थकता थियो । हो पनि, पूर्वीय जगत यस्तै ऊर्ध्वगामी चिन्तन र आदर्शले अनुप्राणित थियो । त्यसैले पनि शीतल र शान्त थियो । द्विज वर्ग यसैभित्र आफूलाई पूर्ण र उन्नत ठान्दछ ।

मौनताबाट मुक्त हुन केकाले आँखिभौं उचालेर म्याटलाई ब्युँझाउन चाही । पूर्वीय अर्थात् भारतीय उप-महाद्वीपको वाङ्मय र ज्ञानमाथि म्याटको रूचि गम्भीर छ । विशद र अब्बल दर्जाको ज्ञान उसले संचित गरेको छ भन्ने कुरा केकालाई थाह थियो । त्यसैले यसबारे म्याटले केही प्रकाश पारोस् भन्ने कामना राखी ।

विषय र संदर्भलाई लक्ष्य गरेर क्लिन्टनले भने- 'मिस्टर म्याट, तिम्रो ज्ञान-संचयमाथि मैले प्रशस्तै सुनेको छु । फेरि यस पटक पूर्वीय जगतको, अझ छाया संसारको भ्रमणबाट पनि नूतन ज्ञान संचित गरेका हौला । यिनै आप्त वचनलाई आधार मानेर आफ्नो अनुभव सुनाऊ न !'

म्याटले अत्यन्त मृदुल भावले कोमल वाणीमा यति मात्रै भन्यो- 'यी महान सूत्र-दर्शन हुन् । यिनले नयाँ पुस्तालाई पुरानो पुस्ताका सत्कर्म र सद्गुणको मात्र अनुसरण गरेर अघि बढ्न अनुशासित गर्दछन् । यहाँ जीवनको लक्ष्य सारभूत रूपमा प्रकट छ । यहाँ व्यक्त भएका विचार सबैका लागि, सधैंका लागि र सबैतिरका लागि हुन् र सधैं आदरणीय रहेका छन् भन्ने ठानेको छु । यी वेदवचन हुन् ।'

क्लिन्टनले खुलेर भने- 'मिस्टर म्याट, आज खुलेर भन । हामीले बुझ्नैपर्ने, पछ्याउनै पर्ने कुरा भए निःसंकोच भन । फेरि मौका पर्छ कि पर्दैन, भन्न सकिन्न ।'

म्याटले भन्यो- 'महामहिम, पहिलो कुरा त के हो भने उता राजनीतिक पीठका व्यक्तिहरू सन्त, ज्ञानी, महात्मा, साधक, विद्वानभन्दा ठूला मानिएनन् । जहाँ महापुरूषहरूको उपेक्षा र तेजोवध हुन्छ त्यहीं राजनीतिक चरित्रको अधोगति शुरू हुन्छ । जब आस्थाकेन्द्रमाथि प्रहार हुन्छ तब दुर्गति थालिन्छ । नीति, संस्कृति, धर्म र समाजका अग्रदूत र धुरीहरू जहाँ तुच्छ ठानिंदैनन्, उच्च मानिन्छन् त्यहाँ पतन संभव छैन । पूर्वले आफै जोगिनुपर्छ ।'

ऊ भन्न चाहन्थ्यो- 'कुनै मुलुकको वा मानव समाजको कुनै एकाइले थामेको, हुर्काएको संपत्ति भनेको उसको संस्कृति हो, ज्ञान हो, चरित्र र सामाजिक संबन्ध हो अनि इतिहास र सह-अस्तित्व हो । त्यसको जगेर्ना सबैतिरबाट हुनुपर्छ, सबैबाट गरिनुपर्छ भन्ने पाठ बुझेको छु । जहाँसम्म पूर्वीय जीवन पद्धतिको उँचाइ छ त्यो आफ्नो परम्परामा अत्यन्त उदात्त र सभ्य-शालीन छ । जीवनमा अशान्ति छैन, त्यसैले रोगी प्रतिस्पर्धा पनि छैन । विश्वकल्याणको भावनाले त्यहाँको जीवन परिपोषित छ ।' तर प्रकटमा उसले भन्न सकेन । मात्र आत्मकथनमा सीमित रह्यो । शायद व्यक्ति र परिवेशको मर्यादाले उसलाई रोक्यो ।

क्लिन्टनको जिज्ञासालाई मूल्य दिएर उसले संकेतमा यति मात्रै भन्यो- 'भौतिक विकासको उँचाइले शक्ति र ख्याति अवश्य दिन्छ किन्तु पूर्णता र तृप्ति दिन सक्तैन । सुसंस्कृत, रसमय र करूणापूर्ण जीवनको उँचाइलाई भौतिक

वैज्ञानिक उन्नतिले टेवा अवश्य पुऱ्याउला, खँदिलो पार्न र उत्स भर्न सक्तैन । झन् शान्ति र सन्तोष त धेरै माथिका कुरा भए । यसतर्फ अहिले यति नै भनौं ।'

महारानी र केका उत्साहित देखिंदै गए । क्लिन्टन गम्भीर देखिए ।

'अब ज्ञानतर्फ फर्कौं । छाया संसारमा भनौं या भारतीय उपमहाद्वीपमा जुन ज्ञान-संपदा छ त्यो अन्यत्र छैन । त्यो ज्ञान जीवन सापेक्ष छ । मन्त्रौषधिको भावले त्यसको उपयोग गरिन्छ । त्यस्तो ज्ञानको संरक्षण, संवर्द्धन र अमल हुन आवश्यक छ । त्यहाँको ज्ञान सांस्कृतिक धरातलबाटै पोषित र पल्लवित छ र त्यो पनि भूगोल र ऋतु अनुकूल भएर जीवन्त छ ।' म्याटले वाक्य टुंग्याएर लामो सास तान्यो ।

म्याटको भनाइलाई समर्थन दिएर क्लिन्टनले भने- 'सत्य हो, कहींको होस् ज्ञान त ज्ञान हो । चाहे छाया संसारको होस् या भारतीय उपमहाद्वीपको । ज्ञान आखिर प्रकाश हो, चेतना हो, दृष्टि हो, विवेक हो, जुन सांस्कृतिक भावले पूर्वीय जगतमा व्याप्त छ । त्यसैले अब त्यो मानव संपदालाई जोगाउनु आवश्यक छ भन्ने निश्चयमा म पनि पुग्दैछु ।' अनि मनमनै भने- 'तर यूरोपेली मित्रहरूलाई संझाउनु पर्ने भएको छ, ताकि आक्रमण रोकियोस् ।'

शून्य समयमा म्याटले गुन्यो- 'अब ज्ञान र संस्कृतिको संरक्षणमा नलागे ठूलो क्षति हुनेछ । संस्कृतिमाथिको प्रहार रोकिनै पर्छ । अर्कालाई क्षति नपुऱ्याई आफ्नो उन्नति गर्न सकिन्न र ?' मनका कुरा भनिसकेर म्याटले यो पटक महारानीको अनुहार पढ्यो । निमेषभर आँखा जुधायो ।

भौतिक सम्पन्नता नै मानसिक उँचाइको आधार हुन्छ, त्यो सत्य होइन अथवा सभ्य-शालीन-सुसंस्कृत एवं शुरूचिसम्पन्न व्यक्तित्व नै उच्चतम द्योतक हुन्छ त्यो पनि भन्न सकिन्न । अर्काको श्रेष्ठता र गरिमालाई स्वीकार गर्न नसकेर बारम्बार धक्का दिएर नष्ट पार्न खोज्ने महाप्राणलाई अल्पप्राण वा असंस्कृत सत्व नभन्ने किन ? अर्काको भूगोल, जीवन र संस्कृतिमाथि धावा बोल्छन् र सभ्यहरू ? त्यसो गर्नु साँगुरो सोचको प्रदर्शन होइन र ? खराब नियत राखेर अर्काप्रति गरेको आक्रमण कालो इतिहासमा दरिदैन र !

क्लिन्टनले भने- 'आज मलाई हतार छैन । म तिम्रो पूर्वीय ज्ञान-मीमांसा सुनेरै जान्छु । भन म्याट, मलाई तिम्रो ज्ञानको आधिकारिकताप्रति विश्वास पनि छ । कृपया ।'

महारानीले पनि सकारात्मक भावले शिर थोरै हल्लाइन् । केकाले स्मिति संचार गरेर म्याटलाई ऊर्जा थपिदिई ।

म्याटले वर्तमानबाट उठेर मनमनै भन्यो- 'जहाँ बुद्ध, महावीर, लाओत्सू जन्मे, जहाँ नानक, विवेकानन्द, कृष्णमूर्ति, गान्धी, सर्वपल्ली, योगी नरहरि र रजनीश जन्मे अनि युग-युगमा हजारौं सन्त, योगी र शंकराचार्यहरू भए, रमे र तिनले साधना गरे- त्यो धरती, त्यो भूगोल, त्यो क्षेत्र दुर्बल हुन्थ्यो कसरी ? म त भन्छु- त्यो माटो, त्यो संस्कृति सदैव आदरणीय छ, वन्दनीय छ । यी महापुरूषहरू त मानवजातिकै गौरवपूर्ण इतिहास हुन् नि !'

अनि प्रकटमा उसले भन्यो- 'जो सुसंस्कृत छ, ऊ अर्काको संस्कृतिप्रति आक्रामक हुन सक्तैन । यदि आक्रामक हुन्छ भने त्यो अभाव र विकल मनोदशाको प्रतिविम्ब होइन र ! किन्तु सत्य कसले संझाउने र कसलाई संझाउने ?' यसपटक उदात्त भावले म्याटले आफ्ना कुरा भन्यो किन्तु युगीन परिस्थितिसँग ऊ दुःखी पनि थियो । केका अंशतः कुरा बुझ्दथी ।

महारानीले भनिन्- 'मिस्टर म्याट ठीक भन्नुहुन्छ । कसैको संस्कृति नष्ट गर्न पाइँदैन । मेरा पनि आँखा खुले । पूर्वीय सभ्यता र संस्कृतिबाट मानव जातिले धेरै कुरा सिक्नु छ । अब प्रहार रोकिनुपर्छ । म युनियनसँग संवाद गर्नुपर्छ भन्छु । विश्व कल्याणको भावना उनीहरूसँगै छ । किचुगुम्बा पुगेर निस्केपछि भएको अनुभव र पाएको सफलताले मलाई यस कुराको अभिज्ञान भएको छ । र अब शैतानी चरित्रको निग्रह हुनुपर्छ भन्ने मेरो धारणा छ । पूर्वीय ज्ञान र संस्कृतिप्रति म पनि अब आस्थावान छु । अर्काको घर भत्काएर आफ्नो जोगाउने सोच सभ्य समाजको हुन सक्तैन ।'

'सत्य हो, हीरा जहाँको होस्, त्यो हीरा नै रहनुपर्छ । बाघ जहाँको होस्, बाघ नै भनिन्छ, बिरालो भनिदिएर त्यो बिरालो हुँदैन । मन परेन भन्दैमा नष्ट गर्न, भाँड्न वा तुच्छ ठान्न मिल्छ र ! त्यसो गऱ्यो भने आफ्नै भाउ घट्छ र उँचाइ होचिन्छ ।' यसपटक क्लिन्टनले युरोपियनहरूले भारतीय उपमहाद्वीपको आन्तरिक उँचाइ र सम्पन्नताप्रति विद्वेष राख्नुको अभिप्राय बुझेजस्तो गरे, अनि थपे- 'दरिद्रले संपन्नतामाथि आक्रमण गरेको टडकारो उदाहरण यही त हो नि !'

राष्ट्रपतिको उँचाइ र महानता देखाएर क्लिन्टनले स्पष्ट शब्दमा भने- 'जहाँको होस्, जसको होस् र जस्तो होस्, संस्कृति र ज्ञान सधैं आदरणीय रहन्छ, रहनुपर्छ । हो पनि, ज्ञानको अमोघ भण्डार प्रमाणित भएकै कारणले पूर्वीय संस्कृति गरिमापूर्ण मानिएको हो । जुन कुरा संयुक्त राज्य अमेरिकासँग छैन त्यही कुरा भारतीय उपमहाद्वीप र छाया संसारमा छ । यदि कसैले त्यो

मानव संपदालाई मास्न खोज्छ भने अब हामीले त्यसको बचाउका लागि कदम चाल्नुपर्छ । हो, त्यहाँको ज्ञान र संस्कृति मानव जीवनका लागि ऊर्जामय, संजीवनीमय छ भन्ने बुझेको छु । त्यसको गरिमा, महत्ता र औचित्यलाई म पनि आदर गर्छु, नमन गर्छु ।'

फेरि म्याटतर्फ लक्ष्य गरेर उनले सोधे- 'तिमीलाई पूर्वीय संस्कृतिको अध्ययन गर्ने अवसर कसरी मिल्यो त ? म पनि उत्सुक छु, केही जान्न चाहन्छु । संभव छ ?'

'संभव छ । शंका र द्विविधाबाट टाढा हुनुपर्छ । विश्वास र समर्पणभावले अग्रसर हुनुपर्छ- असंभव केही छैन । बरू गुरूमुख हुनैपर्छ र मन जित्नुपर्छ ।'

'पुस्तक, डकुमेन्ट्री र वेबसाइट त बाहिरी माध्यम मात्र हुन्- प्रारम्भिक ज्ञान । त्यसको पूर्णता र सार्थकताका लागि त गुरू चाहिन्छ नै । आफूले पनि शिष्यभावले उपस्थित हुनैपर्छ । साधनले मात्र ज्ञान उपलब्ध हुने भए जो पनि विज्ञ-विशारद हुन सक्थ्यो, तर त्यस्तो हुँदैन । पूर्वीय परंपरामा गुरू-शिष्यभाव अत्यन्त उच्च र पवित्र मानिन्छ । त्यसैले उनीहरू हाम्रो दृष्टिमा अकिंचन देखिए पनि अत्यन्त समृद्ध छन् । तुलना गर्न मिल्दैन ।' उसले एकछिन रोकिएर भन्यो- 'जीवनलाई मर्यादित र समुन्नत राख्नका लागि शास्त्रहरूमा विधि र निषेधका सूत्रहरू विधान गरिएका छन् । गहन मन्थनपछि मात्र निष्पन्न गरिएका छन् । प्रत्येक कर्म वा व्यवहारको औचित्यलाई उदाहरणका रूपमा लिए पुग्छ भन्ने ठान्दछु ।'

'अर्थात् ?'

'अर्थात् त्यहाँको ज्ञान संस्कृतिमुखी छ, संस्कृति ज्ञानमुखी छ अनि दुवै जीवनमुखी छन् र पोषक छन् ।'

'किन त हामी त्यत्रो ज्ञान सागरलाई होच्याउँछौं, तुच्छ ठान्छौं ?'

'नबुझेर, ईष्याले, अर्काको भनेर, अनि असंस्कारवश, अज्ञानवश भूगोलबाट विपरीत दिशामा देखिने मात्र होइन, ज्ञानको दिशामा पनि विपरीत नै छौं ।' एकछिन रोकिएर म्याटले थप्यो- 'मेरो बुझाइ अनुसार पूर्वीय संस्कृतिको संरक्षण अब चीनले गर्दैछ । सार्क मुलुक र छाया संसारबाट यी कुरा अब त्यता सर्दैछन् । सर्नुको कारण युरोपेली आक्रमण हो । त्यहाँको संस्कृति ध्वंस पार्ने योजना-जाल नफैलाएका भए शायद त्यो अमूल्य ज्ञानराशि चीनतिर बसाइँ सर्ने थिएन । धन्य छ चीन, यत्रो ज्ञान संपदा र संस्कृतिलाई संरक्षण-प्रवर्द्धन गर्ने सुयोग मिल्यो उसलाई ।'

'यो कुरा सत्य हो । मैले पनि अनुभव गरें । मेरो किचुगुम्बा, नवद्वीप, सुमेरूद्वीप र सुरद्वीप (सिंहद्वीप) को यात्राबाट मैले यही सत्य पाएकी छु ।' महारानीले मन खोलेर भनिन् ।

म्याटले पानद्वीप, ड्राद्वीप, भूद्वीप, नवद्वीप तथा सुमेरूद्वीप र सिंहद्वीपको यात्रा र कार्य-सफलतालाई जम्मा गरेर भन्यो- 'हो, प्रत्येक सफलताका पछि केकाको चिन्तन, ऊर्जा र त्यसको विवेकपूर्ण उपयोगले अहिले हामीलाई यहाँ पुऱ्याएको हो भन्ने मैले ठानेको छु । किनभने केकाको मनोजगत, चराहरूको उत्साहपूर्ण निर्देशन, महारानीको यात्रा र राजनीतिक भूमिको सफल निर्माण तथा अधिकार व्यवस्थापनमा विना रक्तपात जुन सिद्धि मिल्यो त्यसको हेतु पूर्वीय चिन्तन र संस्कार होइन र ? दुर्गन्धपूर्ण विजयमा वैज्ञानिक आक्रमण, विस्फोट र अपरिमित क्षति नै देखिंदै आएको छ हैन र ? यस अघिका घटना-श्रृंखला दुराशयपूर्ण शीर्षकमा देखिएकै हुन् !'

संवादलाई टुंग्याउने सोच राखेर क्लिन्टनले हाँसोमा यति नै भने- 'यस पटकको नोबेल पुरस्कार केकाले पाउली भनेको, तिमीले पो उछिन्ने भयौ कि म्याट !'

ताच्छिल्यपूर्ण संवाद सुनेर महारानी असाध्य रमाइन् ।

'महारानी र महामहिम केका सुरालाई 'अहिंसा परमो धर्मः' र 'सत्यमेव जयते' भन्ने आदर्शले ऊर्जावान बनाएको बुझ्दैछु । अनि मिस्टर म्याट पनि यो लक्ष्मणरेखाबाट बाहिर छैनन् । वस्तुतः छाया संसारको यात्राको प्रतिफल उपयोगी र अर्थपूर्ण रहेको प्रतीत हुँदैछ ।' क्लिन्टनले उपसंहारतर्फ पुग्दै गुने ।

o o

महारानी अजरा आज लन्डन फर्कंदै थिइन् ।

शान्त, प्रसन्न वातावरणमा बिहानको जलपान चल्यो । पारिवारिक सद्भाव र आस्थाको आदर्श झल्काउने यो क्षण क्लिन्टन दम्पतीको सम्पादन थियो । एकातिर महारानी थिइन्, अर्कातिर केका र म्याट । न पहिले थियो न पछि होला, ठीक यसै वेला थियो जलपानको अपूर्व भेटघाटले जुराएको यो क्षण । यसको मनोचित्र अमूर्त भएर पनि मूर्त लाग्दथ्यो ।

चमेनाको अन्त्य भएजस्तै थियो । केकाका आँखामा चंचलता आयो । उसले मनमनै समयको गणित गरी र स्पष्ट वाणीमा 'महारानीको सामान नछुटोस्, एक पटक म हेर्छु' भनेर उठी र म्याटलाई पनि उठ्ने संकेत गरी ।

मन्द मुस्कुराएर उसले फेरि महारानीतर्फ लक्ष्य गर्दै भनी- 'महारानी त अहिले पनि सपनामा घोडा चढ्ने रहर पूरा गर्नुहुन्छ । आज समय रहेन, कारबाटै एयरपोर्ट पुग्नुपर्छ । हिंड म्याट ।' केका र म्याट हिंडे ।

महारानीले केकाको भनाइको लक्ष्य बुझिन् । संझाएकोमा उनले केकालाई धन्यवाद दिइन् । फेरि महारानी किंचित् अधीरझैं देखिइन् । क्लिन्टनले उनका आँखाको चंचलता पढेर बुझे- महारानी एकान्त चाहन्छिन् ।

अर्को कक्षमा बसेर महारानी र महामहिम क्लिन्टनबीच औपचारिक एकान्त संवाद भयो । महारानीले पृष्ठभूमि सहित औचित्य सिद्ध गरी आफ्ना कुरा अन्त्य गर्दै भनिन्- 'महामहिम, यो न्याय र नीतिसम्मत कार्य तपाईंले पूरा गर्नुपर्छ ।'

सबै कुरा बुझेर क्लिन्टनले गम्भीरतासाथ भने- 'महारानीको प्रस्ताव स्वीकार छ । हामी अमेरिकाका युद्धक विमानलाई चाहिने एयरपोर्ट अनि कार्गो र क्वाटरलाई चाहिने जति थोरै भूमि मात्र लिन्छौं । बाँकी भूमि सुमेरूद्वीपलाई फिर्ता गराइदिन्छौं । हामीले लिंगद्वीपमा पाइला टेक्नु आवश्यक छ । यो उचित अवसर हो ।'

श्वासगतिमा परिवर्तन गरेर उनले थपे- 'त्यसपछि ब्रिटिश इंडियामा पसेको नेपालको सबै भूमि अर्थात् मैदानी क्षेत्रको र पर्वतीय क्षेत्रको पनि भूमि नेपालले पूराका पूरा फिर्ता पाउनेछ । महारानी, यो मेरो वचन भो, अमेरिकाको प्रतिबद्धता भो ।'

महारानी ढुक्क भएर लन्डनतर्फ लागिन् ।

महामहिम क्लिन्टन केकासँग बसेर भोलिका लागि मार्गचित्र कोर्न थाले । म्याट ऊर्जापुञ्जको रूपमा सहयोगी रह्यो ।

o o

चराहरूको स्मृतिमा महारानी अजराले आफ्नो दरवारमा एउटा सुन्दर पिंजरा राखिन् । यता राष्ट्रपति भवनको फूलबारीमा क्लिन्टनले विद्युतीय पिंजरा सजाएर राखे जहाँ बोल्दै, गाउँदै, उफ्रँदै गरेका मैनाका जोडी देखिन्थे ।

पाहुना र पर्यटकहरू मैना र तीसँग जोडिएका कैयौं कुरा जोडघटाउ गर्दै भन्ने, सुन्ने गर्थे । यस दृश्यले निकट अतीतदेखि परवर्ती युगसम्म निरन्तरता पाउने लक्षण देखाउँथ्यो ।

❖❖

Kaakali

2022

केही प्रकाशित कृतिहरु

ISBN 978-9937-1-2893-3